# सुधारवादी मण्डली भनेको के हो?

## WHAT IS A REFORMED CHURCH?

माल्कम एच. वाट्स (Malcolm H. Watts)
जोएल आर. बीकीद्वारा भूमिका (Foreword by Joel R. Beeke)

**What Is a Reformed Church?**

© 2011 by Malcolm H. Watts
All rights reserved, no part of this book may be used or reproduced in any manner whatsoever without written permission except in the case of brief quotations embodied in critical article and reviews. Direct your request to the publisher at the following addresses.

**Reformation Heritage Books**
2965 Leonard St NE
Grand Rapids, MI 49525
616-977-0889 / Fax 616-285-3246
Orders@heritagebooks.org www.heritagebooks.org

Nepali Edition © 2026 by:

**Reformation Translation Fellowship (RTF-USA)**
3026 6th Ave.
Beaver Falls, PA 15010
www.rtf-usa.com

Contact Information: rtfdirector@gmail.com

FOR FREE DISTRIBUTION ONLY – NOT FOR SALE

# विषयसूची (Contents)


जोएल आर. बीकीद्वारा भूमिका (Foreword by Joel R. Beeke). v

कृतज्ञता (Acknowledgments)........................................ ix

१. सुधारवादी मण्डलीका भिन्नताहरू (The Distinctives of a Reformed Church)........................................ 1

२. सुधारवादी सिद्धान्तको प्रमुख जोड (The Great Emphasis of Reformed Doctrine)........................................ 29

३. आराधनाको सही दृष्टिकोण (A Right View of Worship)...... 49

४. मण्डलीको शासन व्यवस्था (The Government of the Church)........................................ 65

५. सुधारवादी मण्डली अनुशासन (Reformed Church Discipline)........................................ 91

६. सुधारवादी सुसमाचार प्रचार (Reformed Evangelism) ........ 117

७. सुधारवादी विश्वासलाई जोगाइराख्नु (Maintaining the Reformed Faith)........................................ 145

# भूमिका (Foreword)

अन्ततः सुधारवादी विश्वास, सुधारवादी मण्डलीशास्त्र, र सुधारवादी सुसमाचार-प्रचारका आधारभूत पक्षहरूलाई स्पष्ट, संक्षिप्त, तर गहन रूपमा प्रस्तुत गर्ने एउटा उत्कृष्ट पुस्तक उपलब्ध भएको छ । *सुधारवादी मण्डली भनेको के हो?* ले येशू ख्रीष्टको मण्डलीलाई धेरै प्रकारले सेवा पुऱ्याउँछ । तीमध्ये केही पक्षहरूको उल्लेख गर्न चाहन्छु ।

- यस पुस्तकले सुधारवादी विश्वासको अधिकारपूर्ण व्याख्या प्रस्तुत गर्दछ । यसको प्रत्येक अध्यायमा "परमप्रभु यसो भन्नुहुन्छ" भन्ने धर्मशास्त्रीय अधिकारको स्वर गुन्जिरहन्छ। यसले महत्त्वपूर्ण प्रश्नहरूको सारगर्भित उत्तर दिन्छ र प्रत्येक पृष्ठमा धर्मशास्त्रका पर्याप्त प्रमाणहरू प्रस्तुत गर्दै पवित्र आत्माले पवित्र धर्मशास्त्रमा प्रकट गर्नुभएको मनसायलाई स्पष्ट पार्दछ। मण्डलीको शासन, मण्डलीको अनुशासन, र मण्डलीको आराधना जस्ता विषयहरूमा जहाँ पतित मानव स्वभाव आफ्नै रुचि र चाहना अनुसार परिवर्तन वा सम्झौता गर्न आतुर हुन्छ त्यहाँ यस पुस्तकले मानिसको होइन, परमेश्वरको इच्छालाई नै अन्तिम अधिकारका रूपमा स्वीकार गर्दछ।

- यस पुस्तकले सुधारवादी विश्वासको सुदृढ र विश्वसनीय व्याख्या प्रस्तुत गर्दछ । उदाहरणका लागि, लेखकले सार्वजनिक आराधना सम्बन्धी धर्मशास्त्रको नियामक सिद्धान्तलाई कुनै सङ्कोच नगरी दृढतापूर्वक समर्थन गर्नुभएको छ । उहाँले आराधनाप्रतिको सुधारवादी दृष्टिकोणलाई तर्कपूर्ण र ऐतिहासिक रूपमा सुस्थापित ढङ्गले प्रस्तुत गर्दै, आराधनाको विषय, अवसर, स्वरूप तथा विषयवस्तु निर्धारण गर्ने अधिकार परमेश्वरकै भएको कुरा देखाउनु भएको छ । उहाँले

आराधनालाई अनुग्रहका साधनका रूपमा बुझ्नुपर्छ र त्यसले हामी जे हौँ र जे गर्छौँ, हाम्रो सम्पूर्ण जीवनमा गहिरो प्रभाव पार्नुपर्छ भन्ने कुरामा पाठकलाई विश्वस्त पार्नुहुन्छ । आफूलाई सुधारवादी भन्ने दाबी गर्नेहरूद्वारा लिखिएका आराधनासम्बन्धी धेरै समकालीन पुस्तकहरूभन्दा भिन्न रूपमा, लेखकले शारीरिक उपायहरू वा विषयवस्तुलाई मण्डलीको आराधनाभित्र प्रवेश गर्न वा त्यसको पवित्रतालाई सम्झौतामा पार्न कुनै पनि स्थान दिन अस्वीकार गर्नुहुन्छ ।

• यस पुस्तकले सुधारवादी विश्वासको व्यापक व्याख्या प्रस्तुत गर्दछ । यसले क्याल्भिनवादलाई केवल पाँच बुँदामा सीमित गर्ने त्रुटिमा पर्दैन । बरु, यसले परमेश्वरको राज्यको शासन, अनुग्रहको करार, अनुग्रहको अनुभव, सुसमाचारको घोषणा तथा परमेश्वरप्रति समर्पित जीवन जस्ता सुधारवादी विश्वासका महत्त्वपूर्ण पक्षहरूको पनि विवेचन गर्दछ ।

• यस पुस्तकले सुधारवादी विश्वासको सन्तुलित व्याख्या प्रस्तुत गर्दछ । यसले परमेश्वरको अतुलनीय महानता र सार्वभौमिक प्रभुत्वलाई मात्र होइन, मानिसको पूर्ण भ्रष्टता र उसको उत्तरदायित्वलाई पनि समान रूपमा जोड दिन्छ । मानिसको उद्धारमा परमेश्वरको सार्वभौमिक प्रभुत्व र पापीहरूलाई उहाँले गर्नुभएको अनुग्रहको सुसमाचारीय प्रस्ताव दुवैलाई तिनको उचित स्थान दिइएको छ । यहाँ सुधारवादी ईश्वरशास्त्रलाई स्पष्ट, यथार्थ र सरल शैलीमा प्रभावकारी ढङ्गले प्रस्तुत गरिएको छ ।

• यस पुस्तकले सुधारवादी विश्वासको अनुभवात्मक पक्षलाई पनि प्रभावकारी रूपमा प्रस्तुत गर्दछ । लेखकले विश्वासीको हृदय र जीवनमा पवित्र आत्माको कार्यको अपरिहार्य आवश्यकतालाई विशेष जोड दिनुहुन्छ । यस पुस्तकले क्याल्भिनवादलाई कठोर, निष्ठुर र भावनाविहीन प्रणालीका रूपमा चित्रण गर्ने गलत धारणालाई अस्वीकार गर्दछ । बरु,

यसले पवित्र आत्माको शिक्षण र अगुवाइमा हृदय, मन र जीवनलाई रूपान्तरण गर्ने साँचो, आकर्षक र जीवन्त क्याल्भिनवादलाई प्रस्तुत गर्दछ ।

• यस पुस्तकले व्यावहारिक अनुभवले प्रमाणित गरेको सुधारवादी विश्वासलाई प्रस्तुत गर्दछ । लेखकले यस विश्वासलाई केवल बौद्धिक रूपमा मात्र होइन तर व्यक्तिगत रूपमा पनि चिन्नुहुन्छ । उहाँले यी सत्यहरूको आफ्नै मण्डलीमा प्रचार गर्नुभएको छ र आफूले समर्थन गर्ने बाइबलीय तथा ईश्वरभक्तिपूर्ण आराधनाको अभ्यासलाई त्यहीँ कार्यान्वयन पनि गर्नुभएको छ । उहाँका आफ्नै मण्डलीका विश्वासीहरू माझ उहाँले धर्मशास्त्रप्रति निष्ठावान् र आत्मिक उन्नति गराउने ढङ्गले सुधारवादी आराधनाको अगुवाइ गर्नुभएको मैले प्रत्यक्ष देखेको छु । साथै, उहाँको प्रिय मण्डलीमा धेरै अवसरहरूमा परमेश्वरको वचन प्रचार गर्ने सौभाग्य पनि मैले पाएको छु । उहाँका विश्वासीहरू परमेश्वरको वचन ध्यानपूर्वक सुन्न र सम्पूर्ण हृदयले परमेश्वरको आराधना गर्नका लागि राम्रोसँग प्रशिक्षण प्राप्त गरेका छन् ।

• यस पुस्तकले सुधारवादी विश्वासलाई परमेश्वरको *महिमा*लाई केन्द्रमा राखेर प्रस्तुत गर्दछ । यसमा विस्मय जगाउने, सार्वभौमिक प्रभुत्व सम्पन्न र व्यक्तिगत सम्बन्ध राख्नुहुने परमेश्वरप्रतिको नम्र तथा पवित्र स्तुतिलाई विशेष महत्त्व दिइएको छ । उहाँ हाम्रो सम्पूर्ण मन, प्राण र शक्तिले आराधना गरिन योग्य हुनुहुन्छ ।

माल्कम वाट्सद्वारा लिखित *सुधारवादी मण्डली भनेको के हो?* सुधारवादी विश्वासलाई भर्खरै चिन्न थालेकाहरूका लागि मात्र होइन, त्यसमा परिपक्व भइसकेका तर यसको विशिष्ट भिन्नताहरू पुनः स्मरण गर्न आवश्यक भएकाहरूका लागि पनि एक उत्कृष्ट कृति हो । सेवकहरूले आफ्ना मण्डलीका अगुवाहरूलाई प्रत्येक विश्वासी वा प्रत्येक परिवारका लागि यस पुस्तकको एउटा प्रति उपलब्ध गराउन

प्रोत्साहित गर्नु उपयुक्त हुनेछ । यसको बाइबलीय विषयवस्तु, पवित्र आत्माद्वारा निर्देशित विद्वत्ता, गहन र चुनौतीपूर्ण अन्तर्दृष्टि तथा आत्मिक हेरचाहले भरिएका व्यावहारिक प्रयोगहरू आजको मण्डलीलाई अत्यन्त आवश्यक छन् । विश्वासीहरूका लागि आधारभूत सुधारवादी मार्गदर्शक पुस्तकको रूपमा यसभन्दा उत्कृष्ट अर्को पुस्तक मलाई थाहा छैन ।

यस पुस्तकलाई एकपटक मात्र होइन तर पटक–पटक पढ्नुहोस् । आफ्ना साथीहरूसँग यसबारे छलफल गर्नुहोस् । यसका सत्यहरूले तपाईंको मन र आत्माभित्र गहिरो प्रभाव पार्न दिनुहोस् । अनि यसले यति प्रभावकारी रूपमा प्रस्तुत गर्नुभएको सार्वभौमिक प्रभुत्व सम्पन्न परमेश्वरको सामु नतमस्तक भई उहाँको आराधना गर्नुहोस् ।

जोएल आर. बीकी, अध्यक्ष

प्युरिटन रिफर्म्ड थियोलोजिकल सेमिनरी

ग्रान्ड र्‍यापिड्स, मिशिगन

# कृतज्ञता (Acknowledgments)

यस पुस्तकको आधार अस्ट्रेलियामा आयोजित एउटा सम्मेलनमा प्रस्तुत गरिएका प्रवचनहरूको श्रृङ्खला हो । प्रकाशनका लागि ती प्रवचनहरूलाई सम्पादन र परिमार्जन गरिएको भए पनि, सन्देशलाई स्पष्ट र प्रभावकारी रूपमा सम्प्रेषण गर्ने उद्देश्यले तिनको प्रवचनात्मक शैलीलाई अधिकांश रूपमा यथावत् राखिएको छ । यस सामग्रीलाई प्रकाशनयोग्य बनाउन अत्यन्त मूल्यवान् सहयोग पुऱ्याउनुहुने यहाँ सालिस्बरीस्थित मण्डलीका सदस्य एलन फिन्च, रेचल फिन्च तथा एन्जेला म्यागीप्रति म हार्दिक कृतज्ञता व्यक्त गर्दछु । त्यसैगरी, रिफर्मेशन हेरिटेज बुक्सका सम्पूर्ण सहकर्मीहरूलाई उहाँहरूको धैर्य, सौहार्दपूर्ण सहयोग र उच्च दक्षताका लागि पनि हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

अन्त्यमा, मेरो अत्यन्त आदरणीय र प्रिय मित्र डा. जोएल आर. बीकीप्रति म विशेष रूपमा कृतज्ञ छु । उहाँले नै मलाई यस पुस्तकलाई प्रकाशनका लागि तयार पार्न पहिलो पटक प्रोत्साहन दिनुभयो र अत्यन्त उदारतापूर्वक यस पुस्तकका लागि यति प्रोत्साहनदायी र उदार भूमिका पनि लेखिदिनुभयो ।

माल्कम एच. वाट्स<br>
इम्मानुएल मण्डली<br>
सालिस्बरी, इङ्ग्ल्यान्ड

# अध्याय १

## सुधारवादी मण्डलीका भिन्नताहरू
## The Distinctives of a Reformed Church

*तर म ढिलो भएँ भने परमेश्वरको घरमा, जो जीवित परमेश्वरको मण्डली हो, सत्यताको खाँबो र जग हो, कसरी चल्नुपर्छ, सो तिमीले जान।*

— (१ तिमोथी ३:१५)

हाम्रो समयमा *सुधारवादी* भन्ने शब्दलाई प्रायः सहज रूपमा र गहिरो विचारबिना प्रयोग गरिन्छ । यस शीर्षकलाई दाबी गर्ने मण्डलीहरूमा ठूलो विविधता पाइन्छ । धेरैजसो अवस्थामा यो शब्दले केवल "क्याल्भिनवादका पाँच बुँदा"प्रति केही मात्रामा सहमति जनाउने अर्थ मात्र बोकेको हुन्छ । यसरी हेर्दा सुधार आन्दोलनका संघर्षहरू इतिहासमा टाढा हुँदै जाँदा यस शब्दको ऐतिहासिक समृद्धि र गहिराइ पनि हराउँदै गएको छ । सुधारवादीहरूले लिएको अडान लगभग बिर्सिइएको छ र धेरैले त्यसलाई आजको समयमा अप्रासंगिक ठान्छन् । तर यदि हामीसँग परमेश्वरको वचनप्रति साँचो र गम्भीर निष्ठा राख्ने इच्छा छ र हामी त्यसका विरोधीहरूसँग संघर्ष गर्न चाहन्छौं भने हामीले ती व्यक्तिहरूतर्फ फर्केर हेर्नु उपयुक्त हुन्छ जसले पवित्रशास्त्रलाई स्पष्ट रूपमा खोजी गरे र परमेश्वरको वचनका महान् सत्यताहरूमा दृढतापूर्वक खडा रहे । यस अध्यायले *सुधारवादी* शब्दको ऐतिहासिक जरा संक्षेपमा जाँच गर्नेछ र त्यसपछि सुधारवादी मण्डलीका विशेषताहरूलाई प्रस्तुत गर्नेछ अर्थात् बाइबलीय सिद्धान्त, सही आराधना, सही मण्डली प्रशासन, आत्मिक अनुशासन र विश्वासयोग्य सुसमाचार प्रचार ।

यदि कसैले "सुधारवादी मण्डली" भनेको के हो भनेर सोध्यो भने १ तिमोथी ३:१५ बाट छोटो बाइबलीय उत्तर दिन सकिन्छ: "जीवित परमेश्वरको मण्डली, जो सत्यको खम्बा र आधार हो।" परमेश्वरको वचन अनुसार सुधारवादी साँचो मण्डली परमेश्वरको वासस्थान हो जसले उहाँले प्रकट गर्न प्रसन्न हुनुभएको सत्यलाई कायम राख्छ र घोषणा गर्दछ । तर सोह्रौँ र सत्रौँ शताब्दीको अवधिमा *सुधारवादी* भन्ने शब्द कम्तीमा पनि तीनवटा विशेष अर्थमा बुझिन्थ्यो । त्यसैले यस शब्दको ऐतिहासिक प्रयोगलाई संक्षेपमा हेर्नु उपयोगी हुनेछ ।

१५०० को दशकमा, *सुधारवादी* भन्ने शब्द पहिलो पटक ती मण्डलीहरूलाई जनाउन प्रयोग गरिएको थियो, जसले प्रारम्भिक सुधारवादीहरूको शक्तिशाली प्रचारद्वारा प्रभावित भएर भ्रष्ट रोमी मण्डलीबाट अलग भएका थिए । सन् १५१७ मा मार्टिन लुथरले स्याक्सोनीको विटेनबर्ग स्थित क्यासल मण्डलीको ढोकामा आफ्ना पन्चानब्बे सिद्धान्तहरू टाँसे । त्यसको केही समयपछि, सन् १५१८ मा, लुथरले मण्डलीको सुधारको लागि आह्वान गरे । सन् १५२० मा पोपले एउटा आदेशपत्र  जारी गर्दै लुथर र उनका शिक्षाहरूको निन्दा गरे; तर त्यो आदेशपत्र प्राप्त गरेपछि लुथरले भने, "मेरो लागि निर्णय भइसकेको छ । म रोमीहरूको क्रोध र रोमीहरूको दया—दुवैलाई तुच्छ ठान्छु । म उनीहरूसँग न त मेलमिलाप गर्नेछु, न त संगती राख्नेछु।"[1] जब उनका शिक्षाहरू जर्मनीभरि फैलिन थाले, मण्डलीहरूले निजी रूपमा गरिने प्रभूभोज प्रथालाई हटाए, प्रभुभोजमा रोटी र दाखमद्य दुवै दिन थाले र परमेश्वरको सार्वजनिक आराधनाका लागि प्रयोग हुने भवनहरूबाट मूर्तिहरू हटाए । लुथरको शिक्षालाई अँगाल्ने यी मण्डलीहरू चाँडै नै सुधारवादी भनेर चिनिन थाले ।

सन् १५०० को मध्यतिर आइपुग्दा, सुधारवादी भन्ने शब्दले नयाँ जोड दिन थाल्यो । यो शब्द सुधार आन्दोलनको तथाकथित क्याल्भिनवादी पक्षलाई चिनाउन प्रयोग हुन थाल्यो । मार्टिन लुथरका उत्साही समर्थकहरू "लुथरन" भनेर चिनिन थाले, वा "अग्सबर्ग विश्वासको स्वीकारका अनुयायीहरू" भनेर पनि चिनिए (यो पहिलो

[1] रोल्यान्ड एच. बेन्टन, *हियर आई स्ट्यान्ड: ए लाइफ अफ मार्टिन लुथर* (अक्सफोर्ड: लायन पब्लिसिङ, १९७८), पृष्ठ १५१।

सुधारवादी विश्वासको स्वीकार थियो जुन फिलिप मेलान्क्थनद्वारा सन् १५३० मा तयार गरिएको थियो । तर जोन क्याल्भिन जस्ता व्यक्तिहरू जसले सन् १५३६ देखि सन् १५६४ सम्म जेनेभामा प्रचार गरे—आराधना, मण्डली प्रशासन र व्यवहारिक जीवनको क्षेत्रमा अझ धेरै गहिरो सुधारतर्फ अघि बढे । त्यसैले तिनीहरू "परमेश्वरको वचन अनुसार सुधारवादी मण्डली" भनेर चिनिन थाले । यो वाक्यांश पहिलो पटक वेस्टफालियाको शान्ति सन्धिको धारा ६ मा प्रयोग गरिएको थियो । यो सन्धि सन् १६४८ मा रोमी साम्राज्यको सीमाभित्र रहेका प्रोटेस्टेन्ट मण्डलीहरूलाई समान अधिकार सुरक्षित गर्नका लागि गरिएको थियो ।

*सुधारवादी* भन्ने शब्दको अर्थ अझ विकसित हुँदै गयो, यहाँसम्म कि यसले विश्वास र व्यवहार दुवैमा प्युरिटन विशेषता भएका मण्डलीहरूलाई जनाउन थाल्यो । प्युरिटन अभियानले जोन क्याल्भिनको ईश्वरशास्त्रीय सम्पदालाई ग्रहण गर्‍यो तर व्यवस्था, अनुग्रह र करारहरूको विषयमा उनका शिक्षालाई अझ विस्तार गर्‍यो । दृश्य मण्डली अझै पनि पोपतन्त्रका अवशेषहरूले भ्रष्ट भएको छ भन्ने विश्वास गर्दै प्युरिटनहरूले परमेश्वरको वचन अनुसार अझ पूर्ण सुधारको खोजी गरे । उनीहरूले देखाए कि युरोपका सुधारवादी मण्डलीहरूले पहिले नै अबाइबलीय रूपहरू, धार्मिक विधीहरू र पूजाहारी पोशाकहरू हटाइसकेका थिए । उनीहरूको विचारमा, अङ्ग्रेजी मण्डली "सुधारवादी" भन्ने उपाधिको योग्य नै थिएन; उनीहरू भन्थे, त्यो केवल "आधा-सुधार गरिएको" मण्डली मात्र थियो । प्युरिटनवादले एउटा उल्लेखनीय दस्तावेज जन्मायो, अर्थात् *सोलम्न लिग एन्ड कभनेन्ट* ।[2] सन् १६४३ मा वेस्टमिन्स्टर महासभा जुन इङ्ग्ल्यान्डको मण्डलीका विषयहरू मिलाउनका लागि लङ्ग पार्लियामेन्टले बोलाएको सामान्य धर्मसभा थियो जसले यसमा हस्ताक्षर गर्‍यो । यस करारले "इङ्ग्ल्यान्ड र आयरल्याण्डका राज्यहरूमा, सिद्धान्त, आराधना, अनुशासन र शासनको क्षेत्रमा, परमेश्वरको वचन तथा सर्वोत्तम

[2] यो सन् १६४३ मा गरिएको एक ऐतिहासिक धार्मिक–राजनीतिक सम्झौता थियो, जसमा सहभागी पक्षहरूले परमेश्वरसमक्ष गम्भीर रूपमा करार गरे कि उनीहरूले मण्डली र राज्यमा सुधार ल्याउनेछन् । यो एउटा "परमेश्वरसमक्ष गरिएको गम्भीर धार्मिक सुधारको साझा प्रतिज्ञा" थियो, जसले अङ्ग्रेजी र स्कटिश मण्डलीहरूलाई बाइबलीय सुधारतर्फ बाँध्ने उद्देश्य राख्थ्यो ।

सुधारवादी मण्डलीहरूको उदाहरण अनुसार धर्मको सुधार खोज्ने" प्रतिज्ञा गरेको थियो ।[3]

माथि विचार गरिएका सबै अवस्थाहरूमा सुधारवादी भनेर चिनिएका मण्डलीहरूबीच केही साझा विशेषताहरू देख्न सकिन्छ । ऐतिहासिक रूपमा अघि बढ्दै जाँदा, पछि आएका सुधारवादी मण्डलीहरूले यी सिद्धान्तहरूको अभ्यासमा अझ बढी निरन्तरता र स्थिरता देखाए तापनि, यी जोडहरू प्रत्येकमा उपस्थित थिए भन्ने कुरा स्पष्ट हुन्छ । आजको समयमा यो शब्द अत्यन्तै सहज तथा व्यापक रूपमा प्रयोग गरिँदै आएकोले, यी साझा विशेषताहरू के थिए भनेर विचार गर्नु महत्त्वपूर्ण छ र यो बुझ्नु पनि आवश्यक छ कि सुधारवादी मण्डलीका यी आधारभूत गुणहरू नै बाइबलीय मण्डलीलाई परिभाषित गर्ने तत्त्वहरू हुन् ।

## केवल पवित्रशास्त्र

एक सुधारवादी मण्डलीले परमेश्वरको लिखित वचन अर्थात् पवित्रशास्त्रलाई नै मण्डली जीवनका सबै पक्षहरूका लागि परमेश्वरको इच्छाको एकमात्र र अधिकारपूर्ण अभिव्यक्ति मान्नुपर्छ। मार्टिन लुथरले यो कुरा स्वीकार गरेका थिए तर यसलाई व्यवस्थित र स्पष्ट रूपमा व्याख्या गर्ने काम जोन क्याल्भिनले गरे । वेस्टमिन्स्टर धर्मसभाका ईश्वरशास्त्रीहरूले यस सिद्धान्तलाई निरन्तर रूपमा अघि बढाए । सन् १२२९ मा टुलुजको एक परिषद्मा रोमन क्याथोलिक मण्डलीले यस्तो आदेश जारी गऱ्यो: "हामीले व्यक्तिहरूलाई पुरानो र नयाँ करारका पुस्तकहरू राख्न अनुमति दिन पनि निषेध गर्छौं ।"[4] यस आदेशको एक भयानक परिणाम सोह्रौं शताब्दीमा यो भयो कि अङ्ग्रेजी भाषामा बाइबलहरू लगभग थिएनन्—केवल जोन विक्लिफका अनुवादका केही छरिएका प्रतिहरू मात्र भेटिन्थे । जब विलियम टिन्डेलले नयाँ करार अनुवाद गरी धेरै प्रतिहरू इङ्ग्ल्यान्ड पठाए, विशप कथबर्ट टनस्टलले

---

[3] वेस्टमिन्स्टर सभा, *द सोलेमन लिग एन्ड कोभेनन्ट, वेस्टमिन्स्टर विश्वास स्वीकारोक्ति* (ग्लास्गो: फ्रि प्रेस्बिटेरियन पब्लिकेशन्स, १९८१), पृष्ठ ३५९।

[4] विलियम क्याथकार्ट, *द पापल सिस्टम* (फिलाडेल्फिया: अमेरिकन ब्याप्टिस्ट पब्लिकेशन्स सोसाइटी, १८७२), पृष्ठ ४३५।

ती सकेसम्म धेरै प्रतिहरू सङ्कलन गरी सेन्ट पाउल्स क्याथेड्रलको मण्डली प्राङ्गणको उत्तर–पूर्व कुनामा सार्वजनिक रूपमा जलाए । परमेश्वरको वचनलाई यसरी सार्वजनिक रूपमा जलाएको दृश्य कति डरलाग्दो हुनुपर्छ! यसरी मण्डली र राष्ट्र बाइबलविहीन अवस्थामा थिए, जसको परिणामस्वरूप मानिसहरूमा मात्र होइन, अगुवाहरूमा पनि व्यापक अज्ञानता फैलियो । जब सन् १५५१ मा जोन हूपर ग्लोस्टरका बिशप बने, उनले आफ्नो क्षेत्रका ३११ मध्ये १६८ जना अगुवाहरूले दश आज्ञा समेत नजानेको पाए र ३१ जनालाई प्रभुको प्रार्थना कसले सिकायो भन्ने समेत थाहा थिएन ।[5] यसरी इङ्ल्याण्डको भूमि धार्मिक ज्ञान र समझबाट लगभग शून्य अवस्थामा थियो । अपरिहार्य रूपमा, मण्डली मानिसहरूको इच्छा र मनोमानीको अधीनमा पर्न गयो । बाइबलीय आधार बिना विभिन्न अभ्यासहरू भित्र्याइए र त्रुटि तथा भ्रष्टाचार नियन्त्रणबिनै फैलिन थाल्यो ।

सुधारवादीहरूले पवित्रशास्त्रलाई परमेश्वरको शुद्ध वचन मार्टिन लुथरले भनेझैँ, उनीहरूले "सम्पूर्ण पवित्रशास्त्रलाई पवित्र आत्मासँग सम्बन्धित ठाने ।"[6] प्रसिद्ध *डाइट अफ वर्म्स* (Diet of Worms)[7] सभामा उनले साहसपूर्वक घोषणा गरे: "जबसम्म मलाई पवित्रशास्त्र र स्पष्ट तर्कद्वारा विश्वस्त पारिँदैन—म पोपहरू र परिषद्हरूको अधिकार स्वीकार गर्दिनँ, किनकि तिनीहरूले एकअर्काको विरोध गरेका छन्—मेरो विवेक परमेश्वरको वचनको अधीनमा बाँधिएको छ । म कुनै कुरा फिर्ता लिन सक्दिनँ र लिनेछैनँ, किनकि विवेक विरुद्ध जानु न त सही हुन्छ न सुरक्षित । परमेश्वरले मलाई सहायता गर्नुभएकोहोस् ।"[8] जोन क्याल्भिनको विषयमा पनि यही सत्य लागू हुन्थ्यो । उनले पवित्रशास्त्रको पूर्ण सत्यतालाई दृढतापूर्वक

---

[5] जे. सी. राइल, *लाइट फ्रम ओल्ड टाइम्स* (लन्डन: थिन एन्ड जार्भिस, १९२४), पृष्ठ ७१।

[6] जोन वारविक मोन्टगोमेरी, *गड्स इनरन्ट वर्ड* (मिनियापोलिस: बेथानी फेलोशिप, १९७४), पृष्ठ ६८।

[7] डाइट अफ वर्म्स (Diet of Worms) सन् १५२१ मा जर्मनीको वर्म्स शहरमा सम्राटद्वारा बोलाइएको एक ऐतिहासिक राजसभा थियो, जहाँ मार्टिन लुथरलाई उनका शिक्षाहरू फिर्ता लिन आग्रह गरिएको थियो। यही सभामा उनले पवित्रशास्त्रप्रति आफ्नो अटल निष्ठा घोषणा गरेका थिए ।

[8] बेन्टन, *हियर आई स्ट्यान्ड*, पृष्ठ १८५।

स्वीकार गरे: "हामीले पवित्रशास्त्रलाई त्यही आदर दिनुपर्छ जुन हामी परमेश्वरलाई दिन्छौँ, किनकि यो केवल उहाँबाट आएको हो र यसमा मानिसको केही पनि मिश्रित छैन ।"[9] आफ्नो पुस्तक *इन्स्टिच्युट्स अफ द ख्रीष्टियन रिलिजन*मा उनले जोड दिए कि पवित्रशास्त्र "परमेश्वरको राजदण्ड" हो[10] र उनले स्पष्ट रूपमा देखाए कि परमेश्वरको वचनले उहाँको मण्डलीमा प्रत्येक कुरा व्यवस्थित गर्नुपर्छ भन्ने उनीहरूको विश्वास थियो ।

यसकारण सुधारवादीहरूका लागि र पछि आएका प्युरिटनहरूका लागि पनि, बाइबल अचूक र त्रुटिरहित थियो । उनीहरूले मण्डलीको जीवन र सेवाकार्यमाथि यसको अद्वितीय अधिकारलाई निरन्तर रूपमा कायम राखे । विलियम टिन्डेलको आग्रह यस्तो थियो: "परमेश्वरको वचनबिना केही नगर्नुहोस् । अनि उहाँको वचनमा केही नथप्नुहोस्; न त त्यसबाट केही हटाउनुहोस् । परमेश्वरले तपाईंलाई जसरी नियुक्त गर्नुभएको छ, त्यसरी नै उहाँको सेवा गर्नुहोस् ।"[11] प्युरिटनहरूले यस सिद्धान्तलाई निरन्तर रूपमा व्यवहारमा लागू गर्ने प्रयास गरे । जुनसुकै कुरा बाइबलीय अधिकारविहीन थियो, त्यसलाई उनीहरूले अभक्तिपूर्ण र अवैध घोषणा गरे र मानिसहरूले बनाएका आविष्कारहरू तथा परम्पराहरूलाई अस्वीकार गरे । यसरी परमेश्वरको वचन अनुसार साँचो रूपमा सुधार गरिएको मण्डली उदाउन थाल्यो ।

*इस्राएलको ढाँचा*

प्युरिटनहरूले मण्डलीलाई शुद्ध बनाउने कार्य निश्चय नै पवित्रशास्त्रद्वारा समर्थित थियो । पुरानो करारको यहूदी मण्डलीमा परमेश्वरको वचनलाई एकमात्र र सर्वोच्च नियमको रूपमा मानिन्थ्यो । उदाहरणका लागि, व्यवस्था ४:१–२ मा हामीले मोशाका यी शब्दहरू पढ्छौँ: "यसकारण अब हे इस्राएल, ती विधीहरू र नियमहरू सुन, जो

---

[9] मोन्टगोमेरी, *गड्स इनरन्ट वर्ड*, पृष्ठ १०२।

[10] जोन क्याल्भिन, फ्रान्सिस राजा प्रति प्रारम्भिक सम्बोधन, *इन्स्टिच्युट्स अफ द ख्रीष्टियन रिलिजन* (फिलाडेल्फिया: वेस्टमिन्स्टर प्रेस, १९६०), १:१२।

[11] विलियम टिन्डेल, *टिन्डेलका सिद्धान्त सम्बन्धी ग्रन्थहरू* (क्याम्ब्रिज: क्याम्ब्रिज विश्वविद्यालय प्रेस, १८४८), पृष्ठ ३३०।

म तिमीहरूलाई गर्न सिकाउँछु, जसले गर्दा तिमीहरूले बाँच्न पाओ, र भित्र पसेर परमप्रभु तिमीहरूका पितापुर्खाहरूका परमेश्वरले तिमीहरूलाई दिनुभएको देश कब्जा गर्न सक । मैले तिमीहरूलाई आज्ञा गरेको वचनमा न ता तिमीहरूले केही थप्नू, न ता त्यसबाट केही घटाउनू, र मैले तिमीहरूलाई आज्ञा गरेका परमप्रभु तिमीहरूका परमेश्वरका आज्ञाहरू तिमीहरूले पालन गर्न सक!"

यसको परिणाम स्वरूप, यहूदी मण्डलीको जीवन परमेश्वरको वचनद्वारा नियन्त्रित थियो । यही मापदण्डद्वारा विवादहरू समाधान गरिन्थे र नियमहरू स्थापित गरिन्थे । पवित्रशास्त्रको स्पष्ट नियमबाट कुनै पनि विचलन यस गम्भीर र भयावह दोषारोपणअन्तर्गत पर्थ्यो: "तिनीहरूको मप्रतिको भय मानिसहरूको आज्ञाद्वारा सिकाइएको हो" (यशैया २९:१३)। अगमवक्ताले यो सत्यलाई सुन्दर रूपमा संक्षेपमा यसरी व्यक्त गरे: "व्यवस्था र गवाहीतर्फ फर्क! यदि तिनीहरूले यस वचनअनुसार बोल्दैनन् भने, तिनीहरूमा कुनै ज्योति छैन" (यशैया ८:२०)। परमेश्वरको वचनले मात्र इस्राएलको विश्वास र आचरणलाई नियन्त्रित गर्थ्यो र लिखित वचनमा केही थप्ने कुनै पनि प्रयास विरूद्ध चेतावनी दिइएको थियो। "परमेश्वरको हरेक वचन शुद्ध छ" भनेर घोषणा गरेपछि आगूर ले गम्भीरतापूर्वक भने: "उहाँका वचनहरूमा केही नथप; नत्र उहाँले तिमीलाई हप्काउनुहुन्छ, र तिमी झूटा ठहरिनेछौ।" (हितोपदेश ३०:५–६)।

*ख्रीष्टको शासन*

प्रभु येशू ख्रीष्टले पवित्रशास्त्रको महान् अधिकारलाई स्वीकार गर्नुभयो । उहाँको परीक्षाको विवरणबाट यो कुरा स्पष्ट हुन्छ । शैतानद्वारा तीनपटक परीक्षा गरिँदा, उहाँले प्रत्येक कपटी सुझावको उत्तर "यो लेखिएको छ" (मत्ती ४:४, ७, १०) भन्ने वचनद्वारा दिनुभयो । पछि उहाँले यहूदी अगुवाहरूलाई परमेश्वरको वचनलाई बेवास्ता गरेको आरोप लगाउनुभयो किनकि उनीहरूले परम्परालाई महत्त्व दिएका थिए (त्यो मौखिक व्यवस्था, जसलाई यहूदीहरूले मोशाबाट हस्तान्तरण भएको दाबी गर्थे)। उहाँले तिनीहरूलाई स्पष्ट रूपमा सोध्नुभयो: "तिमीहरू पनि किन आफ्ना परम्पराद्वारा परमेश्वरको आज्ञा उल्लङ्घन गर्छौ?" (मत्ती

१५:३) । हाम्रा प्रभुले जान्नुहुन्थ्यो कि लिखित वचनको पवित्र नियम मानिसहरूका आदेश र अभ्यासभन्दा उच्च छ । मत्ती १५ को विशेष सन्दर्भमा, उहाँ विशेष गरी आराधना सम्बन्धी विषयहरूप्रति चिन्तित हुनुहुन्थ्यो । सारमा उहाँले भन्नुभयो कि यदि हामी आफ्नो आराधनामा मानिसहरूको शिक्षा र उदाहरण पछ्याउँछौँ भने हामी आफैँले परमेश्वरको वचनलाई रद्द वा प्रभावहीन बनाइरहेका हुन्छौँ । "यसरी तिमीहरूले आफ्ना परम्पराद्वारा परमेश्वरको आज्ञालाई प्रभावहीन बनाएका छौ" (मत्ती १५:६)। अनि त्यसले हामीलाई कहाँ पुऱ्याउँछ? त्यस्ता मानिसहरूका विषयमा ख्रीष्टले भन्नुभयो: "तिनीहरूले मानिसहरूका आज्ञाहरूलाई सिद्धान्त बनाएर सिकाउँछन्, त्यसैले तिनीहरूले गरेको मेरो आराधना व्यर्थ छ" (पद ९)। ख्रीष्टको बुझाइमा साँचो धर्म परमेश्वरको वचनमाथि स्थापित हुन्छ । आराधनामा एकमात्र अधिकार त्यही हो जसले "परमप्रभु यसो भन्नुहुन्छ" भनेर बोल्न सक्छ ।

प्रेरितहरूका पत्रहरूले देखाउँछन् कि प्रारम्भिक मण्डलीहरू सामान्यतः परमेश्वरको लिखित वचनको अधीनमा बस्न इच्छुक थिए । त्यसैले हामी देख्छौँ कि प्रेरित पावलले ख्रीष्टको ईश्वरीय अधिकार अन्तर्गत लेखिएका कुराहरूद्वारा कोरिन्थको मण्डलीका कार्यहरू व्यवस्थित गरे । कोरिन्थीहरू आफैँ आफ्ना लागि नियम बन्ने थिएनन्, मानौँ अधिकारपूर्ण वचन उनीहरूको आफ्नै मण्डलीबाट उत्पन्न भएको हो (१ कोरिन्थी १४:३६)। बरु उनीहरूले पावलको पत्रको शिक्षामा समर्पित हुनुपर्थ्यो, जसलाई "प्रभुका आज्ञाहरू" (पद ३७) भनेर संक्षेपमा वर्णन गरिएको छ । त्यसैगरी हामी पावलले "सत्यबाट फर्काउने मानिसहरूका आज्ञाहरू" विरुद्ध चेतावनी दिएको पाउँछौँ (तीतस १:१४) । साथै यस्तो विचलनको अपरिहार्य परिणाम "इच्छा अनुसारको आराधना" हो भनेर पनि उनले बताए (कलस्सी २:२३) । यस प्रकारको आराधना मानिसहरूको आफ्नै कल्पना र बुद्धिबाट उत्पन्न हुन्छ । यस विषयलाई अध्याय ३ मा अझ विस्तारमा चर्चा गरिनेछ ।

प्रेरितहरूको शिक्षामा परमेश्वरको वचन अधिकारपूर्ण मात्र होइन, पर्याप्त पनि छ। त्यसैले हामी २ तिमोथी ३:१६–१७ मा यो महान् घोषणा पाउँछौँ: "सबै पवित्रशास्त्र परमेश्वरको प्रेरणाद्वारा दिइएको हो, अनि शिक्षाका निम्ति, भूलदोष देखाउनका निम्ति, सुधारका निम्ति,

धार्मिकताको सम्बन्धमा तालिमका निम्ति लाभदायक हुन्छ, जसद्वारा परमेश्वरको जन हरेक असल कामका निम्ति पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस् ।"

*आजको मण्डली*

एक सुधारवादी मण्डलीले बाइबललाई आफ्ना सबै कार्यहरूको लागि पूर्ण अधिकार मान्दछ । यसले बिशप-शासन प्रणाली (उच्च पदाधिकारमा आधारित मण्डली शासन) लाई अधिकारको स्रोतको रूपमा स्वीकार गर्दैन; न त कुनै धर्मसभा वा परिषद्लाई विधी बनाउने अधिकार दिन्छ । यस्ता निकायहरूलाई परमेश्वरले आफ्नो पुस्तकमा प्रकट गर्नुभएको कुरालाई मात्र लागू गर्ने र पालन गर्ने अधिकार हुन्छ । यो अत्यन्तै महत्त्वपूर्ण कुरा हो । आजको सुसमाचारवादी अवस्थाले देखाउँछ कि प्रभुले आफ्नो वचनद्वारा शासन गर्नुहुन्छ भन्ने सत्यलाई पहिचान गर्न ठूलो आवश्यकता छ (भजनसंग्रह ११०:२; यशैया ११:४)। उहाँको राज्य अर्थात् मण्डलीमा आराधना, शासन र व्यवहार सबै उहाँको प्रकट इच्छा अनुसार हुनुपर्छ । ख्रीष्टभन्दा माथि कसैको अधिकार छैन र उहाँसँग बराबरीमा पनि कसैको अधिकार छैन । उहाँ मात्र आफ्नो मण्डलीमा के गरिनेछ भन्ने कुरा निर्धारण गर्ने एकमात्र अधिकार हुनुहुन्छ । एक सुधारवादी मण्डलीले यही सत्यलाई स्वीकार गर्छ । त्यो प्रभुको वचनभन्दा बाहिर जाँदैन ।

## परमेश्वरको सृष्टिभन्दा माथिको गौरव

एक सुधारवादी मण्डलीले परमेश्वरको सार्वभौमिकता, महिमा र गौरवलाई विशेष रूपमा जोड दिन्छ । त्यसैले परमेश्वर उहाँको सृष्टिभन्दा माथिको अवस्थामा हुनुहुन्छ र मानिस आफ्नो पाप र दुःखको अवस्थामा छ भन्ने बीचको महान् दूरीलाई पनि स्पष्ट रूपमा स्वीकार गर्छ ।

जोन क्याल्भिनका *इन्स्टिट्युट्स अफ द ख्रीष्टियन रिलिजन* को प्रारम्भिक वाक्य यसरी शूरू हुन्छ: "हामीसँग भएको लगभग सम्पूर्ण ज्ञान, अर्थात् साँचो र शुद्ध ज्ञान, दुई भागमा आधारित छ: परमेश्वरको ज्ञान र

आफ्नो ज्ञान ।"[12] त्यसपछि क्याल्भिनले परमेश्वरको अगम्य स्वभावलाई जोड दिन्छन्, जसले मानिसलाई उहाँलाई चिन्न असम्भव बनाउँछ जबसम्म परमेश्वर आफैँ कुनै तरिकाले आफूलाई प्रकट गर्न इच्छुक हुनुहुन्न । क्याल्भिनले आफ्नो सम्पूर्ण ईश्वरशास्त्र प्रणालीलाई यही दृष्टिकोणमा आधारित गरे कि परमेश्वर अनन्त रूपमा उच्च हुनुहुन्छ र मानिसको पहुँचभन्दा पूर्ण रूपमा पर हुनुहुन्छ । बेन्जामिन ब्रेकिनरिज वारफिल्डले क्याल्भिनको जन्मको चार सयौँ वार्षिकोत्सवको अवसरमा दिएको भाषणमा भने: "क्याल्भिनवादी विचारधाराको सम्पूर्ण आधार नै परमेश्वर र उहाँको महिमाको दर्शन हो । क्याल्भिनवादी त्यो व्यक्ति हो जसले परमेश्वरलाई देखेको हुन्छ र परमेश्वरको महिमा देखेपछि ऊ एकातर्फ आफ्नै अयोग्यता र पापी अवस्थाको गहिरो अनुभूतिले भरिन्छ र अर्कोतर्फ अचम्मित हुन्छ कि यही परमेश्वरले पापीहरूलाई स्वीकार गर्नुहुन्छ ।"[13]

यो नै सुधार आन्दोलनको विशिष्ट सिद्धान्त थियो । यो मार्टिन लुथरका शिक्षामा पनि उपस्थित थियो तर जोन क्याल्भिनमा यो अझ बढी प्रबल रूपमा देखिन्छ । पवित्रशास्त्रलाई परमेश्वरको सत्य ज्ञानको परम स्रोत मान्दै क्याल्भिनले पवित्रशास्त्रले के प्रकट गर्छ भन्ने कुरा ठीकसँग बुझ्ने प्रयास गरे । यसरी उनले मानौँ एउटा पर्दा हटाएर हामीलाई परमेश्वरलाई उहाँको सम्पूर्ण महिमामा देखाउने काम गरे । उनले लेखे: "निश्चय नै उहाँको अनन्तताले हामीलाई हाम्रा आफ्नै इन्द्रियहरूद्वारा उहाँलाई नाप्ने प्रयास गर्दा भयभीत बनाउनु पर्छ । वास्तवमा उहाँको आत्मिक स्वभावले हामीलाई उहाँबारे कुनै पनि भौतिक वा देहिक कल्पना गर्न निषेध गर्छ । यही कारणले उहाँले प्रायः आफूलाई स्वर्गमा बस्ने स्थान भएको रूपमा प्रस्तुत गर्नुहुन्छ ।"[14]

वेस्टमिन्स्टर धर्मसभाका ईश्वरशास्त्रीहरूले आश्चर्यजनक सूक्ष्मता र भाषिक स्पष्टताका साथ परमेश्वर वास्तवमै परमेश्वर हुनुहुन्छ भन्ने सत्यलाई व्यक्त गरे । यो महान् र भय–आश्चर्य उत्पन्न गराउने

---

12 क्याल्भिन, *इन्स्टिच्युट्स अफ द ख्रीष्टियन रिलिजन*, १.१.१।

13 बेनजामिन बी. वारफिल्ड, *क्याल्भिन अस अ थियोलोजियन एन्ड क्याल्भिनिज्म टुडे* (एडिनबर्ग: द होप ट्रस्ट, १९०९), पृष्ठ १५–१६।

14 क्याल्भिन, *इन्स्टिच्युट्स अफ द ख्रीष्टियन रिलिजन*, १.१३.१।

घोषणा यस प्रकार छ: "परमेश्वरमा आफैँबाटै जीवन, महिमा, भलाइ र आनन्द छ; र उहाँ आफैँमा पूर्ण रूपमा पर्याप्त हुनुहुन्छ, कुनै पनि सृष्टिमा निर्भर हुनुहुन्न जसलाई उहाँले बनाउनुभएको हो, न त तिनीहरूबाट कुनै महिमा ग्रहण गर्नुहुन्छ, बरु तिनीहरूमा, तिनीहरूद्वारा, तिनीहरूतर्फ र तिनीहरूमाथि आफ्नै महिमालाई मात्र प्रकट गर्नुहुन्छ । उहाँ अस्तित्वको एकमात्र आधार हुनुहुन्छ, जसबाट, जसद्वारा र जसका लागि सबै कुरा छन्; र उहाँसँग तिनीहरूमाथि सर्वोच्च प्रभुत्व छ, ताकि उहाँले तिनीहरूद्वारा, तिनीहरूका लागि वा तिनीहरूमाथि जे चाहनुहुन्छ त्यही गर्न सक्नुहुन्छ ।"[15]

*पवित्रशास्त्रमा परमेश्वरको प्रकटता*

पवित्रशास्त्रले परमेश्वरको महिमा, गौरव, र सार्वभौमिकतामा शक्तिशाली जोड दिन्छ । यसले हामीलाई यस्तो परमेश्वरसँग सामना गराउँछ, जो आफ्नो "अपरिचितता" मा मानव मनका सबै विचार र कल्पनाभन्दा असीम रूपमा उच्च हुनुहुन्छ । परमेश्वर सबैभन्दा उच्च हुनुहुन्छ, "परमप्रधान परमेश्वर" (उत्पत्ति १४:१९)। बाइबलले उहाँलाई "अनन्ततामा वास गर्ने उच्च र सर्वश्रेष्ठ व्यक्ति, जसको नाम पवित्र छ" (यशैया ५७:१५) भनेर वर्णन गर्छ । उहाँ आफैँमा सबै पूर्णता राख्नुहुन्छ, त्यसैले उहाँसँग सबै कुरा छ र उहाँलाई केहीको पनि आवश्यकता छैन । उहाँ पूर्ण रूपमा आत्मनिर्भर र सर्वपर्याप्त अस्तित्व हुनुहुन्छ । प्रेरित पावलको शब्दमा: "अथवा कसले पो उहाँलाई पहिले दिएको छ, र फेरि उसलाई फिर्ता दिइएला? किनभने सबै कुराहरू उहाँबाट, उहाँद्वारा र उहाँकै निम्ति हुन्; उहाँलाई नै सदासर्वदा महिमा होस्! आमेन!" (रोमी ११:३५–३६) । स्वर्गमाथि वा पृथ्वीमा उहाँसँग तुलना गर्न सकिने कोही पनि छैन । उहाँको न कुनै प्रतिद्वन्द्वी छ, न त कुनै प्रतिस्पर्धी । उहाँको महिमाको तुलनामा पुग्न सक्ने कोही पनि छैन; त्यस्तो व्यक्तिलाई खोज्ने प्रयास व्यर्थ हुन्छ । उहाँको अतुलनीय महानतामा, उहाँ आफैँ प्रश्न गर्नुहुन्छ: "तिमीहरू मलाई कससँग तुलना गर्छौ? वा म को बराबर हुनेछु?" (यशैया ४०:२५) । प्युरिटन जर्ज स्विनोकले सही रूपमा निष्कर्ष

[15] *वेस्टमिन्स्टर विश्वास स्वीकारोक्ति*, अध्याय २, खण्ड २।

निकाले: "परमेश्वरलाई कसैसँग तुलना गर्नु सबैभन्दा ठूलो मूर्तिपूजा हो र कसैलाई परमेश्वरसँग तुलना गर्नु सबैभन्दा ठूलो अहंकार हो ।"[16]

परमेश्वरको सार्वभौमिकता त्यसैले पूर्ण छ, जसले जीवन र इतिहासका हरेक सानो भन्दा सानो विवरणसम्म आफ्नो प्रभाव विस्तार गर्छ । "उहाँ स्वर्गका सेनाहरूमा र पृथ्वीका बासिन्दाहरूमाझ आफ्नै इच्छाअनुसार कार्य गर्नुहुन्छ; र उहाँको हात रोक्ने वा उहाँलाई 'तपाईं के गर्दै हुनुहुन्छ?' भनेर सोध्ने कोही छैन" (दानिएल ४:३५)। वास्तवमै, दाऊदले एक पटक स्वीकार गरेझैँ, "किनकि राज्य परमप्रभुको हो; र उहाँ नै जातिहरूमाथि शासक हुनुहुन्छ" (भजनसंग्रह २२:२८)। परमेश्वर मात्र महान् हुनुहुन्छ । उहाँ सर्वोच्च अधिकार र सर्वशक्तिमान् शक्तिको मुकुट धारण गर्नुहुन्छ । उहाँ सर्वोच्च गरिमाको सिंहासनमा विराजमान हुनुहुन्छ र यस संसार, अन्य संसारहरू, अनि अज्ञात संसारहरूमाथि शासन गर्नुहुन्छ । सबै अधिपतित्वहरू उहाँको सार्वभौमिक साम्राज्यभित्र पर्दछन् । उहाँको अपरिवर्तनीय र अचूक निर्णयबाहिर न त केही कहिल्यै भएको छ, न त कहिल्यै हुन सक्छ । हामीलाई भनिएको छ, उहाँको अनुमति र ज्ञानबिना एक भँगेरो समेत भुइँमा खस्न सक्दैन । उहाँ कस्तो परमेश्वर हुनुहुन्छ! उहाँका योजनाहरू कहिल्यै असफल हुँदैनन्; उहाँका कार्यहरू कहिल्यै रोक्न सकिँदैनन् । उहाँ निर्धक्क भएर, कुनै विरोधको डर बिना भन्नसक्नुहुन्छ: "मैले जसरी सोचेँ, त्यसरी नै हुनेछ; र मैले जे योजना बनाएँ, त्यही स्थिर रहनेछ" (यशैया १४:२४); र फेरि, "मेरो योजना स्थिर रहनेछ र म मेरो सारा इच्छा अनुसार गर्नेछु" (४६:१०)।

यो सत्य उहाँको उद्धार सम्बन्धी कार्यको क्षेत्रमा पनि लागू हुन्छ। "उद्धार परमप्रभुको हो" (भजनसंग्रह ३:८) । उहाँले को उद्धार पाउनेछ भनेर निर्धारण गर्नुहुन्छ र मानिसहरूलाई आत्मिक रूपमा जीवित बनाउने पनि उहाँ नै हुनुहुन्छ । उहाँले तिनीहरूको अज्ञानता र पूर्वाग्रह हटाइ दिनुहुन्छ, ख्रीष्टलाई उद्धारकर्ता र प्रभुको रूपमा प्रकट गरिदिनुहुन्छ, विश्वासको अमूल्य अनुग्रह प्रदान गर्नुहुन्छ र त्यसपछि तिनीहरूलाई आफूसँग पूर्ण अनुग्रह र संगतीमा स्वीकार गर्नुहुन्छ । प्रेरित पावलले लेखेझैं: "किनकि तिमीहरूले विश्वासद्वारा अनुग्रहले मुक्ति

---

[16] जर्ज स्विनक, *वर्क्स अफ जर्ज स्विनक* (एडिनबर्ग: जेम्स निकोल, १८६८), ४:४६८।

पाएका छौ; अनि यो तिमीहरू आफैबाटको होइन, यो परमेश्वरको दान हो; कामहरूबाट होइन, नत्र ता कसैले घमण्ड गर्नेछ।" (एफिसी २:८–९)। निश्चय नै हामी नम्र समर्पणमा, पश्चात्तापी र विनम्र हृदयसहित उहाँको सामु झुक्नुपर्छ । भजनकारले "स्वर्गमा को परमप्रभुसँग तुलना गर्न सकिन्छ? शक्तिशालीका सन्तानहरूमध्ये कसलाई परमप्रभुसँग बराबर गर्न सकिन्छ?" भनेर सोधेपछि, उहाँको अनन्त महिमालाई ध्यानमा राख्दै भन्छन्: "सन्तहरूको सभामा परमेश्वर अत्यन्त भययोग्य हुनुहुन्छ र उहाँका वरिपरि हुने सबैबाट उहाँको आदर गरिनुपर्छ" (भजनसंग्रह ८९:६–७)।

*हाम्रो आराधनामा पर्ने प्रभाव*

सुधारवादी मण्डलीहरूमा परमेश्वरको ईश्वरीय महिमा विश्वासको एउटा आधारभूत सत्य हो र यसले सामुहिक आराधनाका प्रत्येक कार्यमा भक्तिपूर्ण भय उत्पन्न गराउँछ । आराधनाका सेवाहरूमा सुव्यवस्था हुन्छ र आराधकहरू यस कुराको सचेत हुन्छन् कि उनीहरू अकल्पनीय महिमाका परमेश्वर यहोवाको उपस्थितिमा छन् । परमेश्वरबारे बाइबलीय धारणा, उहाँ आफैँमा के हुनुहुन्छ र उहाँ आफ्ना जनहरूका लागि के हुनुहुन्छ ले सबैभन्दा उच्च आराधना र महान् प्रशंसालाई प्रेरित गर्न सक्षम बनाउँछ । यसले निश्चय नै हल्का सोच, हल्का–फुल्का अभिव्यक्ति र सांसारिक प्रदर्शनहरूलाई हटाइदिन्छ ।

आजका धेरै मण्डलीहरूमा भने एकदमै फरक वातावरण पाइन्छ । सेवा शूरू हुनुभन्दा अगाडि नै सांसारिक र व्यर्थका कुराकानीहरू चलिरहेका हुन्छन् । सेवा सकिने बित्तिकै फेरि त्यही कुरा दोहोरिन्छ, जसले आराधनाको कुनै पनि राम्रो प्रभावलाई लगभग नष्ट गरिदिन्छ । हृदयहरू प्रशंसाको कार्यप्रति पूर्ण रूपमा समर्पित भएको देखिँदैन; पवित्रशास्त्रप्रति बेवास्ता र लापरवाहीपूर्ण ध्यानहीनता देखिन्छ र प्रार्थनाको समयमा भक्तिको गहिराइ पनि कम हुन्छ । वास्तवमै, केही मण्डलीहरूमा संगीत र समूहगत गायन यति हावी हुन्छ कि सम्पूर्ण सेवा नै एक प्रकारको कन्सर्ट जस्तो देखिन थाल्छ । दुर्भाग्यवश, यही आत्मा केही सुधारवादी मण्डलीहरूमा पनि प्रवेश गरेको छ । विश्रामदिनमा मण्डली भवनभित्र प्रवेश गर्दा, आधुनिक, अर्मिनियन र क्यारेस्मयाटिक

मण्डलीहरूसँग सामान्यतया सम्बन्धित आराधनाका शैली र सामग्रीहरू देखिन्छन् । तर सुधारवादी आराधना फरक हुनुपर्छ । हामी सार्वभौम परमेश्वरलाई स्वीकार गर्छौं । उहाँप्रति हाम्रो श्रद्धा उहाँसम्म पुग्ने हाम्रो तरिकामा प्रकट हुनुपर्छ । त्यो सधैँ गम्भीर शैलीमा र आदरपूर्ण भयसहित हुनुपर्छ ।

## उद्धारको मार्ग

एक सुधारवादी मण्डलीले परमेश्वरको उद्धारको योजना घोषणा गर्छ, जुन स्वतन्त्र, सार्वभौम र भिन्नता देखाउने अनुग्रहका सिद्धान्तहरूमा स्पष्ट रूपमा प्रस्तुत गरिएको छ । सोह्रौ शताब्दीको अन्त्यतिर र सत्रौँ शताब्दीको शूरूवाततिर नेदरल्यान्ड्सका सुधारवादी मण्डलीहरूमा एक महत्त्वपूर्ण विवाद उत्पन्न भयो। जेकब अर्मिनियस, (१५६०–१६०९), जसले जेनेभामा अध्ययन गरेका थिए, पवित्रशास्त्र र सुधारवादी विश्वाससँग असंगत विचारहरू व्यक्त गर्न थाले ।

लेडेन विश्वविद्यालयमा ईश्वरशास्त्रका प्राध्यापक हुँदा अर्मिनियसले पूर्वनियति सम्बन्धी व्याख्यानहरूको श्रृंखला प्रस्तुत गरे । उनका नयाँ र परम्परा भन्दा फरक विचारहरू ग्रहण गर्ने धेरै विद्यार्थीहरूले विश्वासको स्वीकार र धार्मिक प्रश्नोत्तरमा परिवर्तनको माग गर्न थाले । यी मानिसहरू "रिमोनस्ट्रान्ट्स"[17] भनेर चिनिन थाले । उनीहरूले तयार पारेको "रिमोनस्ट्रान्ट्स" नामक दस्तावेजमा आफ्ना विचारहरू पाँच बुँदामा प्रस्तुत गरे:

१. परमेश्वरले पुत्रमा विश्वास गर्नेहरूलाई उद्धारका लागि चुन्नुभएको हो ।
२. संसारका उद्धारकर्ता येशू ख्रीष्ट सबै मानिसहरूका लागि मर्नुभयो ।
३. मानिसलाई ख्रीष्टमा परमेश्वरद्वारा नयाँ जन्म पाउनु आवश्यक छ । यो, निश्चय नै, पर्याप्त रूपमा सत्य हो ।
४. ईश्वरीय अनुग्रहको कार्य अप्रतिरोध्य छैन ।

[17] सुधारवादी विश्वासको विरोध गर्दै अर्मिनियन सिद्धान्तलाई अघि बढाउने डच धार्मिक समूह ।

५. कतिपयका अनुसार, साँचो विश्वासद्वारा ख्रीष्टमा भएका मानिसहरू फेरि अनुग्रहबाट वञ्चित हुन सक्छन् ।

सन् १६१८–१६१९ मा डोर्ड्रेक्टमा एक महाधर्मसभा आयोजित गरियो, जसमा नेदरल्यान्ड्स, ग्रेट ब्रिटेन, जर्मनी र स्विट्जरल्याण्डबाट प्रतिनिधिहरू (जम्मा चौरासी जना) सहभागी भएका थिए । यस धर्मसभाले सन् १६१८ नोभेम्बर १३ मा आफ्नो अधिवेशन शूरू गर्‍यो र पवित्रशास्त्रको सावधानीपूर्वक अध्ययनपछि यसले रिमोनस्ट्रान्ट्सका पाँचवटा धाराहरूलाई विचार गर्दै परमेश्वरको वचनको साँचो शिक्षालाई पाँच शीर्षकअन्तर्गत प्रस्तुत गर्‍यो:

१. चुनाव पहिलेदेखि देखिएको विश्वासमा आधारित छैन तर परमेश्वरको असल इच्छामा आधारित छ ।
२. परमेश्वरले आफ्ना पुत्रको मृत्युबाट केवल तिनीहरूलाई प्रभावकारी रूपमा उद्धार गर्नुभयो, जो अनन्तकालदेखि उद्धारका लागि चुनिएका थिए ।
३. र ४. नयाँ जन्म दिने अनुग्रहबिना पापीहरू न त परमेश्वरतर्फ फर्कन सक्षम हुन्छन्, न त इच्छुक; तर जसमा परमेश्वरले यसरी कार्य गर्नुहुन्छ, तिनीहरू निश्चय नै नयाँ जन्म पाउँछन् र वास्तवमै विश्वास गर्छन् ।
५. अयोग्यहरूलाई दिइने दयाद्वारा, विश्वासीहरू विश्वास र अनुग्रहको पूर्ण हानिबाट सुरक्षित रहन्छन् र अन्ततः नाश हुने गरी पतनमा निरन्तर रहँदैनन् ।

यस धर्मसभाका यी पाँच मुख्य सिद्धान्तहरू पछि "क्याल्भिनवादका पाँच बुँदा" भनेर चिनिन थाले । सामान्यतया तिनीहरूलाई यसरी प्रस्तुत गरिन्छ ।

*पूर्ण भ्रष्टता*

पतनको परिणामस्वरूप मानिसहरू पूर्ण रूपमा परमेश्वरदेखि अलग भएका छन्, पापको भ्रष्ट पार्ने शक्तिको अधीनमा परेका छन्, र पूर्णतः

असहाय अवस्थामा रहेका छन्—“अपराधहरू र पापहरूमा मरेका” छन् (एफिसी २:१)। मानिसको अवस्था यस्तो भएकोले उसले कुनै पनि आत्मिक कुराको चाहना गर्न सक्दैन; उसले विश्वास गर्न वा पश्चात्ताप गर्न पनि सक्दैन । ख्रीष्टले भन्नुभयो, “पिताले, जसले मलाई पठाउनुभयो, तान्नुभएन भने कुनै मानिस मकहाँ आउन सक्दैन” (यूहन्ना ६:४४)। प्रारम्भिक यहूदी विश्वासीहरूले पनि स्वीकार गरे कि “परमेश्वरले अन्यजातिहरूलाई पनि जीवनतर्फको पश्चात्ताप प्रदान गर्नुभएको छ” (प्रेरित ११:१८)। यस सिद्धान्तको अर्थ मानिसहरू आफूले गर्न सक्ने सबैभन्दा खराब अवस्थामा छन् भन्ने होइन । बरु, यसको अर्थ यो हो कि हाम्रो सम्पूर्ण अस्तित्व पापद्वारा भ्रष्ट भएको छ, जसले गर्दा हाम्रो प्रत्येक क्षमता प्रभावित भएको छ । मन, हृदय र इच्छा सबै पापद्वारा गम्भीर र दुःखद रूपमा बिग्रिएका छन् । त्यसैले हामी स्पष्ट रूपमा “शक्तिहीन” (रोमी ५:६) छौँ । पावलले रोमी ९ मा स्पष्ट पारेझैँ, मुक्तिको विषयमा “यो कुरा न ता इच्छा गर्नेको, न ता दौडादौडी गर्नेको, तर कृपा देखाउनुहुने परमेश्वरको हो ।” (पद १६) ।

*बिनासर्त चुनाव*

परमेश्वरद्वारा एउटा जनसमूहको चुनाव गर्नु उहाँको कृपा र अनुग्रहको अनन्त अभिव्यक्ति हो । पतनलाई अनुमति दिन चाहनुहुने परमेश्वरले केही मानिसहरूलाई तिनीहरूको पाप र दयनीय अवस्थाबाट उद्धार गर्ने निर्धारण गर्नुभयो । यदि उहाँले त्यसो नगर्नुभएको भए, सम्पूर्ण मानवजाति सदोम र गमोराझैँ ईश्वरीय न्याय अन्तर्गत नष्ट हुनेथियो (रोमी ९:२९)। त्यसकारण यो मुक्तितर्फको चुनाव थियो । पावलले थेस्सलोनिकीहरूलाई लेखेको पत्रमा यही कुरा स्पष्ट रूपमा भनेका छन्: “तर भाइहरूहो, प्रभुका प्रियहरू हो, तिमीहरूका निम्ति सधैंभरि परमेश्वरलाई धन्यवाद चढ़ाउन हामीलाई कर लागेको छ; किनभने आत्माको पवित्रीकरण र सत्यताको विश्वासद्वारा परमेश्वरले शुरूदेखि नै तिमीहरूलाई मुक्तिका निम्ति चुन्नुभएको छ ।” (२ थेस्सलोनिकी २:१३)। यो परमेश्वरको आफ्नै असल इच्छा अनुसार भएको थियो, मानिसहरूमा पहिलेबाट देखिएको कुनै कुरा वा गुणको आधारमा होइन । पवित्रशास्त्रका एफिसी १:५ जस्ता खण्डहरूले यही शिक्षा दिन्छन् । यसका अतिरिक्त, प्रेरित पावलले परमेश्वरले मानिसहरूलाई पहिलेबाट

देखिएका कामहरूको आधारमा चुनाव गर्नुहुन्न भनेर स्पष्ट रूपमा इन्कार गरेका छन् । उदाहरणका लागि, रोमी ९ मा याकूब र एसावको विषयमा उनले भनेका छन् कि "बालकहरू जन्मनुभन्दा अघि र तिनीहरूले कुनै असल वा खराब काम गर्नुअघि नै," परमेश्वरले याकूबलाई आफ्नो सर्वोच्च इच्छा अनुसार रोज्नुभयो, ताकि "चुनाव अनुसारको परमेश्वरको उद्देश्य स्थिर रहोस्" (पद ११)।

चुनाव अनुग्रहपूर्ण हुन्छ । यो कहिल्यै पनि योग्यताद्वारा प्राप्त गरिने कुरा होइन । परमेश्वरले केही व्यक्तिहरूले पश्चात्ताप गर्नेछन् र विश्वास गर्नेछन् भनेर पहिलेबाट देख्नुभयो, अनि त्यसैको आधारमा तिनीहरूलाई अनन्त जीवनका निम्ति चुन्नुभयो भन्ने होइन । यदि त्यसो हुन्थ्यो भने उहाँको चुनाव मानिसको योग्यतामा निर्भर हुनेथियो, तर चुनाव त परमेश्वरको स्वतन्त्र अनुग्रहद्वारा हुन्छ: "यसरी अहिलेको समयमा पनि अनुग्रहको चुनाव अनुसार एउटा बाँकी समूह रहेको छ । अनि यदि अनुग्रहद्वारा हो भने, त्यो अब कामद्वारा होइन; नत्रता अनुग्रह फेरि अनुग्रह रहँदैन" (रोमी ११:५–६)। आफ्नो अनन्त आदेशमा परमेश्वरले मानवजातिलाई पतित र नष्ट भएको अवस्थामा देख्नुभयो । उहाँले आफ्नो इच्छा अनुसार धेरै मानिसहरूमाथि कृपा देखाउने, अनि अरूलाई पतनको उचित परिणाममा छोडिदिने निर्धारण गर्नुभयो । यस सिद्धान्तमाथि प्रश्न उठाउनुको सट्टा, हामीले प्रशंसा र धन्यवाद सहित सिंहासन अगाडि झुक्नुपर्छ, किनकि यदि परमेश्वरले केहीलाई चुनाव गर्नु नभएको भए, प्रत्येक आत्माले अन्धकारमय र भयावह अनन्तताको सामना गर्नुपर्नेथियो । तर अहिले, सर्वोच्च अनुग्रहको महिमाका लागि असंख्य मानिसहरू स्वर्गको राज्यमा हुनेछन् ।

### *सीमित प्रायश्चित*

यस बुँदालाई कहिलेकाहीँ विशेष प्रायश्चित पनि भनिन्छ । यस शिक्षा अनुसार पुत्रले पिताद्वारा चुनिएकाहरूलाई मात्र उद्धार गर्नुभयो । अर्को शब्दमा भन्नुपर्दा, ख्रीष्ट सबै मानिसहरूका लागि मर्नुभएन तर परमेश्वरका चुनिएका मानिसहरूका लागि मात्र मर्नुभयो । ख्रीष्टको आफ्नै भनाइ यस्तो छ: "असल गोठालोले भेडाहरूका निम्ति आफ्नो प्राण दिन्छ" (यूहन्ना १०:११; साथै पद १५ पनि हेर्नुहोस्)। उहाँले कहिल्यै पनि

बाख्राहरूका निम्ति आफ्नो प्राण दिन्छु भन्नुभएन । प्रेरित २०:२८ मा, पावलले एफिससका एल्डरहरूलाई परमेश्वरको मण्डलीको हेरचाह गर्न यसो भने: "जुन उहाँले आफ्नै रगतले किन्नुभएको छ ।" त्यसोभए, के किनिएको हो? अब प्रभुको विशेष सम्पत्ति के हो—सम्पूर्ण मानवजाति, कि त्यसको चुनिएको भाग ? यी सबै प्रश्नहरूको उत्तर एउटै हो—मण्डली !

हामीलाई भनिएको छ कि स्वर्गमा महिमित भएकाहरूले यो नयाँ गीत गाउँछन्: "अनि उनीहरूले यसो भन्दै एउटा नयाँ गीत गाए: "तपाईं यो पुस्तक लिन र यसका छापहरू खोल्न योग्य हुनुहुन्छ; किनकि तपाईं मारिनुभयो, र तपाईंले आफ्नै रगतद्वारा हरेक कुल, भाषा, मानिस र जातिबाट हामीलाई परमेश्वरका निम्ति किनेर छुटाउनुभएको छ, (प्रकाश ५:९"। म यहाँ एउटा स्पष्ट कुरा बताउन चाहन्छु । उनीहरूले उहाँले हरेक कुल, भाषा, जाति र राष्ट्रलाई उद्धार गर्नुभयो भनेर गाइरहेका छैनन्, तर हरेक कुल, भाषा, जाति, र राष्ट्रबाट हामीलाई उद्धार गर्नुभयो भनेर गाइरहेका छन् । ख्रीष्ट चुनिएकाहरूलाई बचाउन मर्नुभयो । उहाँको उद्धार विशेष उद्धार थियो ।

*प्रभावकारी बोलावट*

पापको कारणले हामीले कुनै पनि आत्मिक भलाइ चाहने र गर्ने क्षमता गुमाएका हुनाले, हामी सुसमाचारमा दिइएको कृपाको बोलावटलाई समेत उत्तर दिन सक्दैनौं । त्यसैले परमेश्वरले हामीलाई केवल आफ्नो वचनद्वारा मात्र होइन, तर आफ्नो आत्माद्वारा पनि बोलाउनुहुन्छ, जसले हामीलाई शक्तिशाली रूपमा ख्रीष्टतर्फ तान्नुहुन्छ ताकि हामी उद्धार पाउन सकौं । येशूले भन्नुभयो, "मलाई पठाउनुहुने पिताले उसलाई नखिँचेसम्म कोही पनि मानिस मकहाँ आउन सक्दैन; अनि म उसलाई अन्तिम दिनमा बौराएर उठाउनेछु।" (यूहन्ना ६:४४)। पावलले सावधानीपूर्वक यसरी स्पष्ट पारे: "एउटै शरीर छ, र एउटै आत्मा हुनुहुन्छ, जसरी तिमीहरू पनि तिमीहरूको बोलावटको एउटै आशामा बोलाइएका छौ" (एफिसी ४:४)।

के आत्माको कार्य सधैँ प्रभावकारी हुन्छ? हो, निश्चय नै हुन्छ । रोमीको पुस्तकमा एउटा महान् पद छ: "अनि जसलाई उहाँले पहिल्यै

ठहराउनुभयो, उनीहरूलाई उहाँले बोलाउनु पनि भयो; अनि जसलाई उहाँले बोलाउनुभयो, उनीहरूलाई उहाँले धर्मी पनि ठहराउनुभयो; अनि जसलाई उहाँले धर्मी ठहराउनुभयो, उनीहरूलाई उहाँले महिमा पनि दिनुभयो ।" (रोमी ८:३०)। त्यसोभए, "बोलाइएकाहरू" को हुन्? के तिनीहरू ख्रीष्टको सुसमाचार सुन्ने सबै मानिसहरू हुन् ? होइन! पछाडि फर्केर हेर्दा, तिनीहरू पहिलेबाट नियुक्त गरिएकाहरू हुन्; र अगाडि हेर्दा, तिनीहरू धर्मी ठहराइने र अन्ततः महिमित पारिनेहरू हुन् । चुनिएकाहरूका निम्ति विशेष भएको यो बोलावट नै परमेश्वरले मानिसहरूलाई समयभित्र र अनन्तताका लागि उद्धार गर्ने तरिका हो । त्यसकारण यस अर्थमा "बोलाइनु" भनेको "उद्धार पाउनु" नै हो । यी शब्दहरू एकअर्काको सट्टामा प्रयोग गरिएका छन् । उदाहरणका लागि, १ कोरिन्थी १ मा सुसमाचारलाई एकातिर "उद्धार पाइरहेकाहरूका निम्ति परमेश्वरको शक्ति" भनिएको छ र अर्कोतिर "बोलाइएकाहरूका निम्ति परमेश्वरको शक्ति" भनिएको छ (पद १८, २४)। यस बोलावटलाई उद्धारको अवस्थामा ल्याइने कार्यकै रूपमा हेरिएको छ । त्यसैले प्रेरितले अर्को ठाउँमा यसरी लेख्न सक्छन्: "[परमेश्वरले] हामीलाई उद्धार गर्नुभयो र पवित्र बोलावटद्वारा बोलाउनुभयो" (२ तिमोथी १:९) । यस सार्वभौम र अटल बोलावटप्रति हामी सबै कति ऋणी छौँ, जसले केवल निम्तो मात्र दिँदैन तर कृपापूर्वक हामीलाई ख्रीष्टकहाँ ल्याउँछ!

जोन बुन्यनको *द पिल्ग्रिम्स प्रोग्रेस* मा एक अत्यन्त उपयोगी सानो दृष्टान्त पाइन्छ । *इन्टरप्रिटर*को घर मा ख्रीष्टियाना एउटी पोथी र त्यसका चल्लाहरूसँग भेट्छिन् । तब *इन्टरप्रिटर*ले देखाउँछन् कि त्यस पोथीसँग "*एउटा साधारण* बोलावट थियो, र त्यो तिनीसँग दिनभरि रहन्थ्यो"; तर उनी अझै यसो भन्छन् कि त्यससँग "*एउटा विशेष बोलावट पनि थियो*, र त्यो तिनीसँग कहिलेकाहीँ मात्र हुन्थ्यो"। हामी सबैले देखेका छौँ—जब एउटी आमा पोथी विशेष प्रकारले कुर्लिन्छे, तब त्यसका चल्लाहरू दौडँदै ऊकहाँ आइपुग्छन् । यसले हामीलाई देखाउँछ कि प्रभु पुरुष र स्त्रीहरूसँग कसरी भिन्न-भिन्न रीति अपनाउनुहुन्छ । जब उहाँ सुसमाचारमा सामान्य रीतिले बोलाउनुहुन्छ, तब पापीहरू उहाँकहाँ आउँदैनन्; तर जब उहाँले आफ्ना आत्माद्वारा प्रभावकारी रीतिले तिनीहरूलाई बोलाउनुहुन्छ, तब तिनीहरू दौडँदै आउँछन्, ताकि

उहाँका पखेटाहरूको छायाँमुनि आफ्नो शरण पाऊन् । बुन्यनका इन्टरप्रिटरले भनेझैँ, "आफ्नो साधारण बोलावटद्वारा उहाँ केही पनि दिनुहुन्न," तर "आफ्नो विशेष बोलावटद्वारा उहाँसँग सधैँ दिनलाई केही न केही अवश्य हुन्छ ।"[18]

*सन्तहरूको दृढता*

साँचो विश्वास गर्नेहरू कहिल्यै पनि पूर्णरूपले वा अन्तिमरूपले पतन हुने छैनन् । तिनीहरू आफ्ना जीवनको अन्त्यसम्म विश्वास र पवित्रतामा स्थिर रहनेछन् । "धर्मी जनले आफ्नो मार्ग पक्रिरहनेछ; अनि जसका हातहरू शुद्ध छन्, ऊ झन्-झन् बलियो हुँदै जानेछ।" (अय्यूब १७:९)। यो तिनीहरूमा नै भएको कुनै कुराको कारणले होइन । बरु, परमेश्वरले अनुग्रहको कामलाई अन्त्यसम्म पूरा गर्नुहुनेछ, यसै कारणले हो: "तिमीहरूमा असल काम आरम्भ गर्नुहुनेले येशू ख्रीष्टको दिनसम्म त्यसलाई पूरा गर्नुहुनेछ" (फिलिप्पी १:६)। परमेश्वरको आफ्नो जनलाई त्याग्ने वा आफ्नै हातको कामलाई छोडिदिने कुनै अभिप्राय छैन । तिनीहरूको विश्वासका "आरम्भकर्ता" नै त्यसका "पूर्णकर्ता" पनि हुनुहुनेछ (हिब्रू १२:२)। किन? किनकि "परमेश्वरका वरदान र बोलावट अपरिवर्तनीय छन्" (रोमी ११:२९)। परमेश्वरले केही समयका निम्ति मात्र अनुग्रह प्रदान गर्नुहुन्न । उहाँले त्यसलाई कहिल्यै फिर्ता लिनुहुन्न र कुनै आत्मालाई नाश हुन छोड्नुहुन्न । यसकारण विश्वासीहरू अनन्तकालसम्म सुरक्षित र निश्चिन्त छन् । ख्रीष्टले भन्नुभयो, "अनि म तिनीहरूलाई अनन्त जीवन दिन्छु, र तिनीहरू कहिल्यै नष्ट हुनेछैनन्; न ता कसैले तिनीहरूलाई मेरो हातबाट खोसेर लैजान्छ ।" (यूहन्ना १०:२८)।

## परमेश्वरको अनुग्रहको करार

एक सुधारवादी मण्डलीले बुझ्दछ कि करार नै परमेश्वर र मानिसबीचको सम्बन्धको केन्द्रबिन्दु हो । यसकारण, सुधारवादी मण्डलीहरूले परमेश्वरको अनुग्रहको करार कसरी प्रकट हुँदै जान्छ र विकासित हुँदै जान्छ भन्ने कुरालाई विशेष जोड दिन्छन् । जोन मरेले

[18] जोन बन्यान, *द पिल्ग्रिम्स प्रोग्रेस, वर्क्स* (ग्लास्गो: ब्ल्याकी एन्ड सन, १८५४), ३:१८६।

करार-सम्बन्धी ईश्वरशास्त्रलाई "सुधारवादी परम्पराको एक विशिष्ट विशेषता" भनी बताएका छन् ।[19]

बाइबलीय अर्थमा भन्नुपर्दा, करार त्यो व्यवस्था हो, जसमा परमेश्वर पुरुष र स्त्रीहरूको हितका निम्ति प्रवेश गर्नुहुन्छ । सुधारवादीहरूले यस अवधारणाको महत्त्वलाई चिने र आफ्ना प्रवचन तथा लेखनहरूमा यसको प्रशस्त प्रयोग गरे । करारको सिद्धान्त क्याल्भिनको *इन्स्टिच्युट्स*मा प्रारम्भिक रूपमा पाइन्छ; तर उनी पछि आएकाहरूले त्यसलाई अझ विकसित गरे । सन् १५६१ मा हाइडलबर्गका प्राध्यापक जखरियास उर्सिनुसले पतनभन्दा अघि परमेश्वरले आदमसँग बाँध्नुभएको एउटा करारको उल्लेख गरे; अनि सन् १५७६ मा उर्सिनुसका सहकर्मी कास्पर ओलेभियानुसले परमेश्वरका चुनिएका जनको अनन्त उद्धारका निम्ति ख्रीष्टमा पूरा भएको अर्को करार पनि थियो भनी शिक्षा दिए ।

### *कामको करार र अनुग्रहको करार*

अनन्त जीवनसँग सम्बन्धित मुख्य रूपमा दुईवटा करार छन् । तिनलाई साधारणतया कामको करार र अनुग्रहको करार भनिन्छ । पहिलो, अर्थात् कामको करार, आदमसँग स्थापना गरिएको थियो, जो सम्पूर्ण मानवजातिका प्रतिनिधि थिए । दोस्रो, अर्थात् अनुग्रहको करार, अनन्तदेखि परमेश्वरका पुत्रसँग स्थापना गरिएको थियो, जो परमेश्वरका चुनिएका जनका प्रतिनिधि र उत्तरदायित्व वहन गर्नुहुने हुनुहुन्छ ।

परमेश्वरले आदमको सृष्टि गर्नुभएको केही समयपछि उसँग कामको करार बाँध्नुभयो (उत्पत्ति २:१६–१७; साथै होशे ६:७ पनि हेर्नुहोस्)। यस करारको सर्त आदमको व्यक्तिगत र पूर्ण आज्ञापालन थियो अर्थात् उसका कामहरूद्वारा देखिने आज्ञाकारिता । यस आज्ञाकारिताको परीक्षा असल र खराबको ज्ञान दिने रूखको फल नखानू भन्ने आज्ञाद्वारा गरियो । तर यस सर्तसँगै मृत्युको दण्ड पनि जोडिएको थियो, जसमा शारीरिक, आत्मिक र अनन्त मृत्यु समावेश थिए (रोमी ५:१२; ६:२३)। यसको विपरीत अर्थमा, त्यहाँ जीवनको प्रतिज्ञा पनि थियो र त्यो पनि यही तीनै रूपहरूमा, अन्ततः अनन्त जीवनमा पुग्ने गरी (मत्ती

---

[19] जोन मुरे, *कलेक्टेड राइटिङ्स अफ जोन मरे* (एडिनबर्गः ब्यानर अफ ट्रुथ, १९८२), ४:२१६।

१९:१६–१७; रोमी ७:१०) । हामी जान्दछौं कि आदमले पाप गरेर त्यो करार तोड्यो र त्यसरी उसले आफूलाई मात्र होइन तर आफ्ना सबै सन्तानलाई पनि विनाशमा पार्‍यो । यसकारण पवित्रशास्त्रले भन्छः "यसकारण जसरी एकजना मानिसद्वारा संसारमा पाप पस्यो, र पापद्वारा मृत्यु आयो, अनि त्यसरी नै मृत्यु सबै मानिसहरूमा फैलियो; किनकि सबैले पाप गरेका छन्।" (रोमी ५:१२)

आफ्नो महान दयामा, परमेश्वरले लगभग तुरुन्तै अर्को करारको अस्तित्व प्रकट गर्नुभयो, अर्थात् अनुग्रहको करार । उहाँले यो व्यवस्था अनन्तकालमै परमेश्वरका पुत्रसँग स्थापित गर्नुभएको थियो (गलाती ३:१७; एफिसी ३:११)। पछि उहाँलाई "अन्तिम आदम" वा "दोस्रो [प्रतिनिधि] मानिस" भनेर नियुक्त गरियो (१ कोरिन्थी १५:४५, ४७) । यस करारको सर्त पनि आज्ञापालन नै थियो । तर यो केवल जीवनमा देखिने सक्रिय आज्ञापालन मात्र हुनुहुँदैनथ्यो; यसमा दुःख भोगाइ र मृत्युमा आज्ञापालन पनि समावेश हुनुपर्थ्यो, ताकि भङ्ग भएको करारको पापको उत्तर दिन सकियोस् । त्यसैले पुत्रले "सबै धार्मिकता पूरा गर्न" आवश्यक थियो (मत्ती ३:१५) । उहाँ "मृत्युसम्म आज्ञाकारी" हुनुपर्थ्यो (फिलिप्पी २:८)। यस करारको सर्त अवश्य पूरा हुने थियो, त्यसमा कहिल्यै कुनै शंका थिएन । त्यसैले यस करारसँग कुनै दण्ड जोडिएको थिएन । परमेश्वरले घोषणा गर्नुभयो कि उहाँले आफ्नो प्रतिज्ञा पूरा गर्नुहुनेछ र आफ्ना देहधारी पुत्रलाई तथा उहाँका हरेक जनलाई अनन्त जीवनको वरदान दिनुहुनेछ (तीतस १:२; १ यूहन्ना ५:११)। समय पूरा हुँदा, नयाँ करारका मध्यस्थ ख्रीष्टले आदमले अत्यन्त दुःखद रूपमा असफल भएको ठाउँमा सफलता प्राप्त गर्नुभयो । त्यसैले उहाँ भन्न सक्नुहुन्थ्योः "मैले नलिएको कुरा पनि फिर्ता दिएँ ।" (भजनसंग्रह ६९:४)

जब पापीहरू विश्वासद्वारा ख्रीष्टसँग, जो तिनीहरूका शिर र प्रतिनिधि हुनुहुन्छ, एकताबद्ध हुन्छन्, तब तिनीहरू यस उद्धारदायी करार भित्र समावेश हुन्छन् र समय तथा अनन्तकालका लागि यसको आशिष् प्राप्त गर्छन् । "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्नो एक मात्र जन्माइएको पुत्रलाई दिनुभयो – उहाँमाथि विश्वास गर्ने कोही पनि नष्ट नहोस्, तर उसले अनन्त जीवन पाओस् ।" (यूहन्ना ३:१६)। हामीलाई पवित्रशास्त्र दिनुको परमेश्वरको

उद्देश्य यसै महिमामय अनुग्रहको करार प्रकट गर्नु हो, जुन विभिन्न प्रतीकात्मक कराहरूमा देखिन्छ (उदाहरणका लागि, उत्पत्ति ९:८–१७; १७:१–१४; प्रस्थान २४:१–८), र सबैभन्दा पूर्ण रूपमा ख्रीष्टको सुसमाचारमा प्रकट हुन्छ (यशैया ५५:३; लूका १:६८–७२; हिब्रू १०:१५–२५)। यस सिद्धान्तले परमेश्वरको अनुग्रहलाई कति महान बनाउँछ! परमेश्वर मानिससँग कुनै सम्बन्ध राख्न, वा उसलाई कुनै प्रकारले आशिष् दिन, कुनै पनि हिसाबले बाध्य हुनुहुन्नथ्यो । तैपनि, आफ्नो अचम्मको अनुग्रहमा उहाँले ख्रीष्टमा यस्तो व्यवस्था गर्नुभयो, जसको परिणाम अनन्त धन्यताको जीवन हो ।

अमेरिकी सुधारवादी मण्डली सेवक एडवर्ड पेसनले सन् १८१२ मा आफ्नी आमालाई पत्र लेखेका थिए । उनले निजी रूपमा परमेश्वरको अनुग्रहका आश्चर्यहरू बारे गहिरो चिन्तन गरिरहेका थिए र यही विशेष पत्रमा उनले त्यस विषयमा केही अत्यन्त गहन विचार व्यक्त गरे । उनले यसरी लेखे:

> “पहिले कहिल्यै पनि उद्धारको योजना र शरीरमा प्रकट हुनुभएको परमेश्वरको महान् रहस्य, मलाई यति महान् र महिमामय देखिएको थिएन । यस विषयमा मनन गरिरहँदा, आदमलाई पतन हुन परमेश्वरले किन अनुमति दिनुभयो भन्ने एउटा कारणले मलाई अचम्मसँग छोयो, जुन पहिले मेरो मनमा कहिल्यै आएको थिएन । यदि आदम स्थिर रहन्थे भने, उनका सबै सन्तान सुखी हुनेथिए । त्यसकारण, एक अर्थमा, उनी तिनीहरूका मुक्तिदाता हुनेथिए; र जब तिनीहरूले स्वर्गको आनन्द भोगिरहेका हुनेथिए, तिनीहरूले यसो भन्थे, ‘यस सबैका लागि हामी आफ्ना पहिलो पिताप्रति ऋणी छौं ।’ यो कुनै पनि सीमित प्राणीका लागि अत्यन्त ठूलो सम्मान हुनेथियो । यसले आदमलाई घमण्डतर्फ र हामीलाई मूर्तिपूजातर्फ प्रलोभित गर्नेथियो । त्यसैले, त्यो सम्मान परमेश्वरका आफ्नै पुत्र, दोस्रो आदमका लागि सुरक्षित राखियो । तर सायद यो कुरा तपाईंको

मनमा पहिले नै आएको हुन सक्छ; त्यसैले म यसलाई अझ विस्तार गर्दिनँ ।"[20]

करारको ईश्वरशास्त्रले मुक्तिदाताको महिमालाई उच्च पार्छ । यसले विश्वासको आवश्यकता सिकाउँछ—अर्थात् उहाँसँगको एकताको बारेमा सिकाउँछ । किनकि हामी आदमसँग स्वाभाविक रूपमा एकतामा छौँ, जसले हामीलाई विनाश र निराशातर्फ ल्यायो; त्यसैगरी, हामीलाई ख्रीष्टसँग आत्मिक एकता चाहिन्छ, जसले हामीलाई सदासर्वदाको जीवन दिन्छ । यदि विश्वासद्वारा हामी ख्रीष्टसँग एक हुन्छौँ भने, उहाँसँग भएको सबै कुरा हामीलाई प्रदान गरिन्छ । यसमा, निस्सन्देह, उहाँको महान् उद्धार पनि समावेश छ । यो कुरा जति अचम्मलाग्दो भए पनि, आत्मिक रूपमा दरिद्र र ऋणी भएका मानिसहरू अब समृद्ध, सित्तैको अनुग्रहका भागीदार बनाइएका छन् र स्वर्गीय तथा अनन्त राज्यका उत्तराधिकारीहरू भएका छन् ।

*अनुग्रहको अनुभव*

सुधारवादी मण्डलीले परमेश्वरको उद्धारकारी अनुग्रहको भित्री, आत्मिक अनुभवको आवश्यकतामाथि जोड दिन्छ, जसले विश्वासीहरूमा यस्तो कृतज्ञता उत्पन्न गर्छ कि उनीहरू जीवनको नियमको रूपमा व्यवस्थालाई सहजै पालन गर्छन् । लूथर आफ्नो सम्पूर्ण जीवनलाई नियमन गर्ने नियमहरू अन्तर्गत बाँच्ने दृढ निश्चयका साथ अगस्टिनियन गुम्बामा प्रवेश गरे । उनी किन भिक्षु बने? आफ्नै हृदयमा उनले शान्ति र आशाको आवश्यकता महसुस गरेका थिए । पछि उनले यसो भने, यदि कुनै भिक्षुले भिक्षु-जीवनद्वारा स्वर्ग जित्न सक्थ्यो भने, म पक्कै त्यहाँ पुगिसकेको हुन्थें ।"[21] अगस्टिनियनहरूको प्रमुख डा. स्ताउपिट्स ले हरेक भिक्षुले पवित्रशास्त्र पढ्नैपर्छ भनेर जोड दिए । त्यसपछि लूथरले रोमीहरूलाई लेखिएको पत्र अध्ययन गर्न थाले । पछि,

---

[20] एडवर्ड पेइसन, *ए मेम्वायर अफ द रेभ. एडवर्ड पेइसन* (लन्डन: सीली एन्ड बर्नसाइड, १८३०), पृष्ठ २३५–२३६।

[21] थोमस एम. लिन्डसे, *लुथर एन्ड द जर्मन रिफर्मेसन* (एडिनबर्ग: टी. एन्ड टी. क्लार्क, १९०८), पृष्ठ ३४।

उनले ख्रीष्टमा आफ्नो परिवर्तनको अनुभवबारे अत्यन्त मार्मिक रूपमा यसो बताए:

> "मैले पावलको अभिप्राय बुझ्न दिनरात प्रयत्न गरें र अन्ततः मैले यसरी बुझ्नपुगेँ: सुसमाचारद्वारा परमेश्वरको सामु मान्य हुने धार्मिकता प्रकट गरिन्छ—त्यो धार्मिकता, जसद्वारा परमेश्वरले आफ्नो कृपा र करुणामा हामीलाई धर्मी ठहराउनुहुन्छ; जसरी लेखिएको छ, 'धर्मी विश्वासद्वारा जिउनेछ' त्यसै क्षण मैले आफू नयाँ गरी जन्मिएको जस्तो महसुस गरें । यस्तो लाग्यो, मानौँ मैले स्वर्गलोकको ढोका पूरै खुला भएको पाएँ । अब मैले पवित्रशास्त्रलाई पूर्णतः नयाँ प्रकाशमा देख्न थालेँ । पहिले जसलाई म अत्यन्त घृणा गर्थें, त्यो 'परमेश्वरको धार्मिकता' भन्ने अभिव्यक्ति अब मेरो लागि प्रिय र अनमोल बन्यो—मेरो प्यारो र सान्त्वना दिने वचन बन्यो । पावलको त्यो खण्ड मेरो लागि साँच्चै स्वर्गलोकको साँचो ढोका बन्यो ।"[22]

यो सुधारवादी अनुभव हो । यो केवल बौद्धिक ज्ञान होइन, तर अनुभव गरेर जानिने र महसुस गरिने कुरा हो । आजको समयमा मलाई डर लाग्छ कि धेरैजसो मानिसहरूमा केवल बौद्धिक क्याल्भिनवाद मात्र पाइन्छ । धेरैसँग किताबबाट सिकिएको ज्ञान र केवल दिमागी समझ हुन्छ । तर सुधारवादी ख्रीष्टियन जीवनले भित्री रूपमा परमेश्वरद्वारा सिकाइनुपर्ने आवश्यकतालाई जोड दिन्छ । यसले हृदयका कुराहरूलाई महत्त्व दिन्छ । विश्वासको केवल नाम मात्र लिने व्यक्ति (नामधारी विश्वासी) ले पनि अनुग्रहका सिद्धान्तहरू जान्न सक्छ । तर मुख्य कुरा भनेको "सत्यमा परमेश्वरको अनुग्रहलाई जान्नु" हो (कलस्सी १:६; एफिसी १:१३ पनि हेर्नुहोस्) । साँचो विश्वासीहरूले ख्रीष्टको प्रेमका विशेष भेटहरू अनुभव गर्छन् (यूहन्ना १४:२३; १६:२२), जब उहाँ विशेष रूपमा नजिक हुनुहुन्छ जस्तो महसुस हुन्छ । त्यस समयमा उहाँको उपस्थितिले हाम्रो आत्मिक जीवनलाई जागृत बनाउँछ र उहाँको आवाज सुन्दा हाम्रो हृदय आनन्दले भरिन्छ । त्यस बेला हामी उहाँको पवित्र

---

[22] लिन्डसे, *लुथर एन्ड द रिफर्मेसन*, पृष्ठ ३६–३७ ।

आत्माको अनुग्रहपूर्ण प्रभावहरूलाई गहिरो रूपमा अनुभव गर्न थाल्छौं । ती अमूल्य क्षणहरूमा प्रेमका रहस्यहरू वास्तविक संगतीमा बाँडिन्छन् । यो पृथ्वीमै स्वर्ग जस्तै अनुभव हो ।

अब, अनुभूत गरिएको अनुग्रहले विश्वासीको व्यवस्था पालन गर्ने दायित्वलाई नष्ट गर्दैन; बरु, त्यसले त्यो दायित्वलाई अझ बलियो बनाउँछ र त्यसका लागि नयाँ उद्देश्यहरू, सामर्थ्यहरू र प्रोत्साहनहरू प्रदान गर्दछ । महान् अङ्ग्रेजी प्युरिटन रिचर्ड सिब्सले एकपटक भनेका थिए कि ख्रीष्टको प्रेममा यस्तो पवित्र बाध्यता र मधुर सामर्थ्य हुन्छ, जसले हामीलाई सबै कर्तव्यतर्फ, दुःख सहन, काम गर्न र कुनै पनि कुराको विरोध गर्न प्रवृत्त गराउँछ ।[23] पवित्र आत्माको आशिषमय सेवाकाईद्वारा, विश्वासीको हृदय परमेश्वरका पवित्र व्यवस्थाहरू पालन गर्नतर्फ झुकाइन्छ र तानिन्छ । प्रतिज्ञा यस्तो छ: "म मेरा व्यवस्थाहरू तिनीहरूको मनमा हालिदिनेछु र तिनलाई तिनीहरूका हृदयहरूमा लेखिदिनेछु; अनि म तिनीहरूको परमेश्वर हुनेछु र तिनीहरू मेरो प्रजा हुनेछन् । (हिब्रू ८:१०)", र यसको परिपूर्ति त्यस परिवर्तनमा देखिन्छ, जसले पापीलाई यसो भन्नसक्षम बनाउँछ: "भित्रको मानिस अनुसार परमेश्वरको व्यवस्थामा म आनन्दित हुन्छु । (रोमी ७:२२ )।

त्यसो भए, के व्यवस्था विश्वासीहरूका लागि जीवनको नियम हो? निःसन्देह, हो ! प्रेरितले आफ्नो विषयमा यसरी भन्न सके: "म परमेश्वरतर्फ व्यवस्थाविहीन होइनँ, तर ख्रीष्टतर्फ व्यवस्था अन्तर्गत छु" (१ कोरिन्थी ९:२१)। अर्को शब्दमा भन्नुपर्दा, ख्रीष्टद्वारा उद्धार पाएको पापी भएको नाताले, पावलले आफूलाई परमेश्वरको नैतिक व्यवस्थाप्रति अनिवार्य रूपमा बाँधिएको ठाने । सुधारवादी विश्वासीहरू व्यवस्थालाई धर्मी ठहरिने माध्यम को रूपमा पनि हेर्दैनन्, न त दण्ड आदेशको माध्यम को रूपमा हर्छन् । यो त केवल तिनीहरूको कर्तव्यको नियम हो ।

## सुसमाचारको घोषणा

एक सुधारवादी मण्डली अविश्वासी मानिसहरूलाई उद्धारको सुसमाचार पुऱ्याउने कार्यप्रति प्रतिबद्ध हुन्छ—केवल आफ्नै वरिपरि मात्र

[23] रिचर्ड सिब्स, *द वर्क्स अफ रिचर्ड सिब्स* (एडिनबर्ग: जेम्स निकोल, १८६२), २:७४।

होइन, तर देशका अन्य क्षेत्रहरूमा र संसारका अन्य भागहरूमा पनि । ऐतिहासिक रूपमा, सुधार आन्दोलन र सुसमाचार प्रचार सँग-सँगै अघि बढेका छन् ।

१५५९ मा, स्वीडेनका प्रोटेस्टेन्टहरूले लापल्यान्डका मानिसहरूसम्म सुसमाचार पुऱ्याए । त्यसपछि १५६२ मा, फ्रान्सेली प्रोटेस्टेन्टहरूले फ्लोरिडामा सुसमाचार प्रचार गरे र त्यसपछि क्यारोलाइनामा पनि गरे । १५६६ मा, जेनेभा स्थित मण्डलीले दक्षिण अमेरिकामा ख्रीष्टियन विश्वास फैलाउन चौध जना मिशनरीहरू पठायो । पछि, पिल्ग्रिम फादरहरू पनि मिशनरी कार्यमा संलग्न भए । उनीहरू १६२० मा न्यु प्लाइमाउथ, म्यासाचुसेट्समा आइपुगेपछि, उनीहरूले तुरुन्तै त्यहाँका आदिवासीहरू (इन्डियनहरू) को परिवर्तनलाई प्रोत्साहन गर्न मिशन शूरू गरे ।

सुसमाचार प्रचार गर्नु मण्डलीको कर्तव्य हो । आफ्ना चेलाहरूलाई ख्रीष्टले भन्नुभएको अन्तिम वचनहरूमध्ये केही मत्तीको सुसमाचारमा यसरी लेखिएका छन्: "यसकारण जाओ, सबै जातिहरूलाई चेला बनाओ" (मत्ती २८:१९; साथै पद २०; मर्कूस १६:१५–१६; लूका २४:४६–४९; यूहन्ना २०:२१–२२ पनि हेर्नुहोस्)। प्रेरितहरूको पुस्तकले उहाँको महान् आज्ञा कसरी पूरा भयो भन्ने वर्णन गर्दछ । उहाँका विश्वासी जनहरूले यरूशलेमबाट सुसमाचार लिएर यहूदियाका अन्य भागहरूमा पुगे, त्यसपछि सामरीहरू बसोबास गरेका क्षेत्रहरूमा गए र अन्ततः पृथ्वीका अन्तिम छेउहरूसम्म पुगे । यो कुनै गौण विषय होइन । उद्धारको महान् योजनामा प्रकट भएको परमेश्वरको महिमा संसारलाई सुनाउनु हाम्रो महान् कार्य हो । किन? किनकि यसरी मात्र परमेश्वरको उद्देश्य पूरा हुनेछ र "समुद्र पानीले भरिएझैँ पृथ्वी परमप्रभुको महिमाको ज्ञानले भरिनेछ" (हबक्कूक २:१४; साथै यशैया ११:९ पनि हेर्नुहोस्)।केवल मण्डली भवनभित्र प्रचार गरेर यो महान् दर्शन पूरा हुन सक्दैन । ख्रीष्टको मार्ग भनेको "कामदारहरूलाई पठाउनु" हो (मत्ती ९:३८; साथै यूहन्ना १५:१६ पनि हेर्नुहोस्)। प्रेरित पावलले भनेझैँ, "प्रभुको वचन" ले "स्वतन्त्र रूपमा फैलिने मार्ग" पाउनुपर्छ, ताकि त्यसका महिमामय सत्यहरूको प्रकाश र त्यसका महिमामय कार्यहरूको

प्रदर्शनद्वारा त्यो संसारभरि तीव्र गतिमा फैलियोस् र महिमित होस् (२ थेस्सलोनिकी ३:१)।

## जीवनको समर्पण

एक सुधारवादी मण्डलीले साँचो भक्तिको आत्मालाई प्रोत्साहन दिन्छ जसले आफ्नो सम्पूर्ण जीवन परमेश्वरप्रति पूर्ण रूपमा समर्पित भएका मानिसहरूको जीवनमा प्रकट हुन्छ । जोन क्याल्भिनले आफ्नो प्रतीकको रूपमा एउटा यस्तो चित्र प्रयोग गर्थे, जसमा एउटा हातले परमेश्वरतर्फ हृदय अर्पण गरिरहेको देखिन्थ्यो र उनको आदर्श वाक्य यस्तो थियो: "म मेरो हृदयलाई बलिदानस्वरूप परमेश्वरमा अर्पण गर्छु ।" ख्रीष्टियन जीवनको बारेमा लेख्दै क्याल्भिनले यसरी उल्लेख गरे: "हामी आफ्ना होइनौं, हामी प्रभुका हौं । हामी आफ्ना होइनौं । त्यसैले हाम्रो विचार र हाम्रो इच्छा, हाम्रो सोचाइ र कार्यमा कहिल्यै प्रधानता नहोस् । सकेसम्म हामीले आफैलाई बिर्सन सिकौं ।"[24]

यो नै सुधारवाद आन्दोलनको मर्म हो । जससँग यो मर्म हुन्छ, उनीहरू आफूलाई परमेश्वरको अधीनमा राख्न तयार हुन्छन्। नयाँ करारले के भन्छ? "किनकि यदि हामी जिउँछौं भने प्रभुको निम्ति जिउँछौं; र यदि हामी मर्छौं भने प्रभुको निम्ति मर्छौं । त्यसैले हामी जिउँछौं कि मर्छौं, हामी प्रभुका हौं" (रोमी १४:८)। अर्को पत्रमा हामी पढ्छौं: "तिमीहरू आफ्ना होइनौ; तिमीहरू मूल्य तिरेर किनिएका हौ । त्यसैले आफ्नो शरीर र आत्माद्वारा परमेश्वरको महिमा गर, किनकि ती परमेश्वरका हुन्" (१ कोरिन्थी ६:१९–२०)। यदि कुनै मण्डली साँच्चै बाइबलीय र सुधारवादी हो भने त्यसका सदस्यहरू पूर्ण रूपमा ख्रीष्टप्रति समर्पित हुनेछन् । अब आत्मपरीक्षण गर्ने समय आएको छ । के हामी साँच्चै प्रभुलाई प्रेम गर्छौं? हामी उहाँलाई कस्तो सेवा अर्पण गर्छौं? मेरा मित्रहरू, के हामी केवल नाममा मात्र सुधारवादी भएका त होइनौं?

---

[24] जोन कादिए, *द म्यान गड मास्टर्ड* (लण्डन: इन्टर-भर्सिटी फेलोशिप, १९६०), पृष्ठ १०५।

# अध्याय २

## सुधारवादी सिद्धान्तको प्रमुख जोड
## The Great Emphasis of Reformed Doctrine

*"जसलाई उहाँले आफ्नै समयहरूमा प्रकट गर्नुहुनेछ, जो परमधन्य, अद्वितीय अधिराज, राजाहरूका राजा, प्रभुहरूका प्रभु हुनुहुन्छ"*
— १ तिमोथी ६:१५

सबै अन्य सिद्धान्तहरू भन्दा बढी, परमेश्वरको सार्वभौमिकता सुधारवादी मण्डलीसँग अत्यन्त घनिष्ठ रूपमा सम्बन्धित सिद्धान्त हो । यो आश्चर्यजनक होइन, किनकि प्रमुख सुधारवादीहरूले परमेश्वरको सार्वभौमिकताको गहिरो र बाइबलीय समझ राख्थे । क्याल्भिनले आफ्नो *इन्स्टिट्युट्स* मा यस विषयलाई अत्यन्त सशक्त र व्यवस्थित रूपमा प्रस्तुत गरेका छन् । आज धेरैले परमेश्वरको सार्वभौमिकताको चर्चा गर्छन् तर क्याल्भिन र अन्य सुधारवादीहरूले जत्तिको बाइबलीय गहिराइमा यसलाई बुझ्नेहरू थोरै मात्र छन् र अझ कमले मात्र यसको आफ्ना ख्रीष्टियन जीवनमा पर्ने व्यवहारिक नतिजाहरूलाई स्पष्ट रूपमा देख्छन् ।

यस अध्यायमा हामी बाइबलले परमेश्वरको सार्वभौमिकताको स्वभावबारे के सिकाउँछ र त्यो विशेष गरी उद्धारमा कसरी प्रकट हुन्छ भन्ने कुराको अध्ययन गर्नेछौँ । त्यसपछि, यस महान् सुधारवादी सिद्धान्तप्रति ख्रीष्टियनहरूले कसरी प्रतिक्रिया जनाउनुपर्छ भन्ने कुरालाई पनि हामी विचार गर्नेछौँ ।

### असीमित शक्ति र सामर्थ्य

पवित्रशास्त्रले सिकाउँछ कि परमेश्वर नै परमेश्वर हुनुहुन्छ, अर्थात् सम्पूर्ण सृष्टिमाथि आफ्नो सर्वोच्च प्रभुत्व कायम राख्न उहाँसँग असीमित शक्ति र सामर्थ्य छ । व्यवस्था ४:३९ मा भनिएको छ, "परमप्रभु नै

परमेश्वर हुनुहुन्छ ।" कमजोर देवताको कल्पना नै हास्यास्पद कुरा हो । परमेश्वर बारे कुनै पनि उचित अवधारणामा शक्ति—त्यो पनि सर्वोच्च शक्ति—अनिवार्य रूपमा समावेश हुनुपर्छ । अब्राहामलाई परमेश्वरले भन्नुभएका आफ्नै वचन सम्झनुहोस्: "म सर्वशक्तिमान् परमेश्वर हुँ; मेरो सामुन्ने हिँड र निष्कलङ्क हो" (उत्पत्ति १७:१)। यो "सर्वशक्तिमानता" उहाँको अस्तित्वको स्वभावले नै माग गर्दछ । सिद्ध अस्तित्वमा कुनै कमी हुन सक्दैन; त्यसैले परमेश्वरको शक्ति अनन्त पूर्णतामा विद्यमान हुनुपर्छ । यसकारण पवित्रशास्त्रमा "उहाँको शक्तिको असीम महानता" को उल्लेख गरिएको छ र परमेश्वर "हामीले माग्न वा सोच्न सक्ने सबैभन्दा पनि अत्यन्त प्रशस्त रूपमा गर्न सक्नुहुन्छ" भनेर भनिएको छ (एफिसी १:१९; ३:२०)। यस ईश्वरीय शक्तिको प्रयोगलाई हामी सार्वभौमिकता भन्छौँ । परमेश्वरले आफ्नो सर्वशक्तिमानतालाई कसरी कार्यान्वयन गर्ने भन्ने कुरा सार्वभौमिक रूपमा निर्धारिण गर्नुहुन्छ । भजनकारले भनेझैँ, "हाम्रा परमेश्वर स्वर्गमा हुनुहुन्छ; उहाँले आफूलाई जे प्रसन्न लाग्यो, त्यही गर्नुभएको छ" (भजनसंग्रह ११५:३; हेर्नुहोस् १३५:६) ।

हामीले परमेश्वरको "निरपेक्ष" शक्ति र "वास्तविक" शक्ति बीचको भिन्नता स्पष्ट रूपमा छुट्याउनुपर्छ । पहिलोले त्यस्तो शक्तिलाई जनाउँछ, जसद्वारा उहाँले जे पनि गर्न सक्नुहुन्छ (अर्थात् उहाँको सिद्ध स्वभावसँग मेल खाने कुनै पनि कार्य)। दोस्रोले त्यस्तो शक्तिलाई जनाउँछ, जुन उहाँले आफ्नो इच्छाको निर्णय अनुसार यस संसारमा तथा अन्य सबै संसारहरूमा वास्तवमै प्रयोग गर्नुहुन्छ । परमेश्वरका लागि कुनै कुरा असम्भव छैन । उहाँ आफैले भन्नुहुन्छ, "हेर, म परमप्रभु, सबै प्राणीहरूको परमेश्वर हुँ; के मेरो लागि कुनै कुरा अत्यन्त कठिन छ?" (यर्मिया ३२:२७) । तर उहाँले आफ्नो शक्तिलाई निश्चित कार्यहरू सम्पन्न गरेर प्रकट गर्ने इच्छा गर्नुभएको छ । त्यसैले उहाँ भन्नुहुन्छ, "मेरो योजना स्थिर रहनेछ, र म मेरो सम्पूर्ण इच्छा पूरा गर्नेछु" (यशैया ४६:१०)।

बप्तिस्मा दिने यूहन्नाले भने, "परमेश्वर यी ढुङ्गाहरूबाट पनि अब्राहामका लागि सन्तान खडा गर्न समर्थ हुनुहुन्छ" (मत्ती ३:९)। तर यसो भन्नु र परमेश्वरले वास्तवमै त्यसो गर्ने इच्छा गर्नुभएको छ भन्नु एउटै कुरा होइन । त्यसैगरी, गेत्समनीको बगैँचामा हाम्रा प्रभुले भन्नुभयो,

"अथवा तिमी के ठान्दछौ, के म अहिले नै मेरा पितालाई पुकार्न सक्दिनँ र? अनि उहाँले बाह्र पल्टनभन्दा बढ़ी स्वर्गदूतहरू मेरा निम्ति जुटाउनुहुनेछैन र?" (मत्ती २६:५३) । निश्चय नै त्यो परमेश्वरको शक्तिभित्रको कुरा थियो तर त्यो उहाँले गर्न उचित ठान्नुभएको कार्य थिएन । परमेश्वरको सार्वभौमिकता भनेको उहाँले सबै कुरालाई आफ्नो पूर्वनिर्धारित र सर्वसमावेशी उद्देश्य अनुसार व्यवस्थित गर्नु हो । आफ्नो सार्वभौमिकता मार्फत नै परमेश्वरले सम्पूर्ण सृष्टिमाथि शासन गर्नुहुन्छ । यस सन्दर्भमा दाऊदका शब्दहरू स्मरणमा आउँछन्, यद्यपि यस विषयमा अरू धेरै धर्मशास्त्रीय पदहरू पनि उद्धृत गर्न सकिन्छ । दाऊदले भने, "हे परमप्रभु, महानता, सामर्थ्य, महिमा, विजय र प्रताप तपाईंकै हुन्; किनकि स्वर्गमा र पृथ्वीमा सबै कुराहरू तपाईंकै हुन् । हे परमप्रभु, राज्य तपाईंकै हो र तपाईं नै सबैमाथि शिर भईकन सबैभन्दा माथि उचालिनुभएको छ ।" (१ इतिहास २९:११)।

## असीम श्रेष्ठता

परमेश्वरको असीमित सार्वभौमिकता उहाँको स्वभावको असीम श्रेष्ठतामा आधारित छ । सृष्टि, परमेश्वरको प्रबन्धकारी कार्य र उद्धारमा प्रकट भएझैँ, उहाँ महानता र भलाइमा सबैभन्दा उत्कृष्ट हुनुहुन्छ । त्यसैले सम्पूर्ण सृष्टिमाथि शासन गर्ने अधिकार उहाँसँग वैध रूपमा छ । सत्रौँ शताब्दीमा बेलायती बप्तिस प्रचारक बेन्जामिन कीचले वेस्टमिन्स्टर छोटो धार्मिक प्रश्नोत्तरमा आधारित एउटा धार्मिक प्रश्नोत्तर प्रकाशित गरेका थिए । त्यसको पहिलो प्रश्नले मलाई सधैँ प्रभावित पारेको छः "अस्तित्वमा भएका सबै प्राणीहरूमध्ये पहिलो र सर्वोत्तम को हुनुहुन्छ ?" यसको उत्तर, निस्सन्देह, यही होः "परमेश्वर नै अस्तित्वमा भएका सबै प्राणीहरूमध्ये पहिलो र सर्वोत्तम हुनुहुन्छ ।"[25]

किनकि परमेश्वर नै प्रथम अस्तित्व हुनुहुन्छ—"अनादिदेखि अनन्तसम्म" (भजन ९०:२)—र सर्वोत्तम अस्तित्व हुनुहुन्छ, जसलाई पूर्ण रूपमा "सिद्ध" भनेर वर्णन गरिएको छ (मत्ती ५:४८), त्यसैले सम्पूर्ण सृष्टिमाथि शासन गर्ने उहाँको अधिकार अटल र चुनौती दिन नसकिने

[25] ब्याप्टिस्ट जनरल असेम्बली, "*द लन्डन ब्याप्टिस्ट कन्फेसन अफ फेथ अफ १६८९ एन्ड कीच्स क्याटेकिज्म*" (शोटो, मोन्ट.: गस्पेल मिशन, १९९०), १।

अधिकार छ । सृष्टिको कारण हुनुको नाताले उहाँसँग आफ्नो स्वामित्वमाथि आफूलाई मन लागे अनुसार कार्य गर्ने अधिकार छ । "के मलाई आफ्नो सम्पत्तिमाथि जे इच्छा लाग्छ, त्यही गर्ने अधिकार छैन र ?" (मत्ती २०:१५; साथै रोमी ९:२०–२१ हेर्नुहोस्) । र, सृष्टिको अन्तिम उद्देश्य हुनुको नाताले पनि, उहाँसँग वस्तुहरू र घटनाहरूलाई यस्तो तरिकाले व्यवस्थापन गर्ने अधिकार छ जसले उहाँको उत्कृष्टता प्रकट गरोस् र उहाँलाई महान् सम्मान र महिमा दिलाओस् । संसारहरूको सृष्टिको मूल उद्देश्य नै ईश्वरीय वैभव, महानता र भलाइ प्रकट गर्नु हो । यही कारणले परमेश्वरले सबै प्राणी र घटनाहरूलाई निर्देशित गर्नुहुन्छ—उहाँको अनन्त स्तुति सुनिश्चित गर्नका लागि । पवित्रशास्त्रले भन्छ: "किनभने सबै कुराहरू उहाँबाट, उहाँद्वारा र उहाँकै निम्ति हुन्; उहाँलाई नै सदासर्वदा महिमा होस्! आमेन !" (रोमी ११:३६)

## दायित्वबाट स्वतन्त्रता

आफ्नो सार्वभौमिकतामा परमेश्वर कुनै पनि बाह्य प्रभाव, नियन्त्रण वा बाध्यताद्वारा निर्देशित हुनुहुन्न । उहाँले जे चाहनुहुन्छ, त्यही गर्नुहुन्छ । पवित्रशास्त्रले के भन्छ? "अनि पृथ्वीका सबै बासिन्दाहरू शून्य सरह गनिएका हुन्; अनि उहाँले स्वर्गको सेनाको बीचमा र पृथ्वीका बासिन्दाहरूको बीचमा आफ्नै इच्छा अनुसार काम गर्नुहुन्छ; अनि कसैले उहाँको हात रोक्न सक्दैन, न ता उहाँलाई 'तपाईंले के गर्दै हुनुहुन्छ?' भन्नसक्दछ। " (दानिएल ४:३५)। फेरि भनिएको छ, "उहाँले आफ्नै इच्छाको सल्लाहअनुसार सबै कुरा कार्यान्वयन गर्नुहुन्छ" (एफिसी १:११)। परमेश्वरको इच्छा कहिल्यै असफल हुँदैन—न त शैतानको विरोधले, न त मानिसहरूको विद्रोहले । भजनसंग्रह ३३:११ भन्छ, "परमप्रभुको योजना सधैँ स्थिर रहन्छ, उहाँको हृदयका विचारहरू सबै पुस्तादेखि पुस्तासम्म कायम रहन्छ ।" परमेश्वरले सृष्टि, प्रबन्ध र उद्धारका सबै कार्यहरूमा आफ्नो उद्देश्य अनुसार काम गर्ने इच्छा राख्नुहुन्छ र त्यस इच्छालाई चुनौती दिनु व्यर्थ हो । अय्यूबले भनेझैँ, "उहाँको आत्माले जे इच्छा गर्छ, त्यही उहाँले गर्नुहुन्छ" (अय्यूब २३:१३) । यसलाई हितोपदेश २१:३० सँग तुलना गर्न सकिन्छ: "परमप्रभुको विरुद्धमा न त बुद्धि, न समझ, न सल्लाह नै टिक्न सक्छ ।"

तर यो कुरा स्मरण रहोस् कि परमेश्वरको अनन्त इच्छा रहस्यपूर्ण हुन्छ । सामान्यतया उहाँले आफ्ना कार्यहरूको कारण प्रकट गर्नुहुन्न वा त्यसको व्याख्या गर्नुहुन्न; "उहाँले आफ्ना कुनै पनि कार्यको हिसाब दिनुहुन्न" (अय्यूब ३३:१३) । कहिलेकाहीँ भने उहाँले आफ्ना उद्देश्यहरू अरूलाई प्रकट गर्नुहुन्छ, जस्तै अब्राहामको सन्दर्भमा परमेश्वरले भन्नुभयो, "म अब्राहामबाट मैले गर्ने कुरा लुकाउनेछु र?" (उत्पत्ति १८:१७; साथै आमोस ३:७ हेर्नुहोस्) । मानिसहरूलाई ईश्वरीय सल्लाहहरूको पूर्ण ज्ञान दिइएको छैन, त्यसैले उहाँका कामहरूको आलोचना गर्नु गलत हो । "उहाँलाई कसले भन्ला, तपाईं के गर्दै हुनुहुन्छ?" (अय्यूब ९:१२; साथै रोमी ९:२०–२१ हेर्नुहोस्) । यस सन्दर्भमा तीन कुरा स्मरण गर्नु उपयुक्त हुन्छः पहिलो, परमेश्वर सर्वज्ञानी हुनुहुन्छ; दोस्रो, उहाँका योजनाहरूको वरिपरि सधैँ रहस्य रहनेछ; र तेस्रो, मानव तर्कको अदालतमा सर्वशक्तिमान परमेश्वरलाई खडा गरेर उहाँमाथि प्रश्न उठाउनु घोर अहङ्कार हो ।

## कहिल्यै असफल नहुने इच्छा

परमेश्वरले अनन्तकालदेखि नै हुने सबै कुरालाई निर्धारण गर्नुभएको छ । हाम्रा योजनाहरूले कुनै कुरा सुनिश्चित गर्न सक्दैनन्, तर उहाँको योजना सधैँ पूरा हुन्छ । त्यो कहिल्यै डुब्दैन, कहिल्यै असफल हुँदैन । आफ्नो सर्वशक्तिमानताद्वारा उहाँले आफ्नो इच्छालाई कार्यान्वयन गर्नुहुन्छ । पवित्रशास्त्रले यही कुरा हामीलाई सिकाउँछ । उदाहरणका लागि, यशैया ४६:९–११ मा परमेश्वर भन्नुहुन्छ, "म बाहेक अरू कोही छैन; म नै परमेश्वर हुँ, म जस्तो अरू कोही छैन... भन्छु, मेरो सल्लाह स्थिर रहनेछ, र म मेरो सबै इच्छा पूरा गर्नेछु... हो, मैले बोलेको छु, म त्यसलाई पूरा पनि गर्नेछु; मैले योजना बनाएको छु, म त्यसलाई अवश्य गर्नेछु ।" स्पष्ट रूपमा, परमेश्वरको सल्लाह उहाँको कार्यभन्दा अगाडि हुन्छ: "मेरो सल्लाह स्थिर रहनेछ" भन्ने कुरा पछि "म मेरो सबै इच्छा पूरा गर्नेछु" भन्ने वचनसँग जोडिएको छ ।

त्यो सल्लाह वा उद्देश्यलाई अनन्त भनिएको छ । प्रेरित पावलले "अनन्त उद्देश्य" (एफिसी ३:११) को बारेमा लेखेका छन् । यसबाट के निष्कर्ष निस्कन्छ भने "संसारको प्रारम्भदेखि नै उहाँका सबै कामहरू

परमेश्वरलाई ज्ञात छन्" (प्रेरित १५:१८)। परमेश्वरले समयको प्रारम्भ हुनुभन्दा अघि नै अनन्तकालदेखि नै हुने सबै कुरालाई निर्धारण गर्नुभएको छ; त्यसैले उहाँलाई भविष्यका घटनाहरूको विस्तृत ज्ञान सधैँ रहिआएको छ । र परमेश्वर सधैँ अपरिवर्तनीय भएकाले, उहाँको इच्छालाई निरपेक्ष भन्नु आवश्यक हुन्छ—यो कुनै कुरामा निर्भर हुँदैन (भजन १३५:६) र अपरिवर्तनीय हुन्छ, जसमा कुनै पनि परिवर्तन सम्भव हुँदैन; हिब्रू ६:१७ ले यसलाई "उहाँको सल्लाहको अपरिवर्तनीयता" भन्छ । परमेश्वरको निर्णयभित्र मानिसका सबै कार्यहरू पनि समावेश छन् । हितोपदेश १६:९ मा भनिएको छ, "मानिसले आफ्नो बाटो योजना बनाउँछ, तर परमप्रभुले उसको पाइला निर्देशित गर्नुहुन्छ।" मानिसहरूको जीवनका समयहरू पनि उहाँद्वारा निर्धारण गरिएका छन् (भजन ३१:१५), साथै उनीहरूको बसोबास गर्ने सीमाहरू पनि (प्रेरित १७:२६) । "संयोग" भनेर भनिने घटनाहरू वास्तवमा जस्तो देखिन्छन् त्यस्ता होइनन्; ती सबै परमेश्वरको योजनालाई पूरा गर्नका लागि आवश्यक हुने गरी—उहाँको बुद्धिमत्तापूर्ण तर मानव दृष्टिले गहिरो रूपमा नबुझिने कारणहरूद्वारा—पहिल्यै निर्धारित गरिएका घटनाहरू हुन् । सोलोमनले भनेझैँ, "काखमा चिट्ठा हालिन्छ, तर त्यसको पूरा परिणाम परमप्रभुबाट आउँछ।" (हितोपदेश १६:३३) । यसैले हामी अब बुझ्नथाल्छौँ कि याकूबले किन हामीलाई यसो भन्नुहुन्नभन्छन्—"आज वा भोलि हामी फलानो सहर जानेछौँ..." आदि—तर बरु यसो भन्नुपर्छ: "यदि प्रभुको इच्छा भयो भने, हामी बाँच्नेछौँ र यो वा त्यो गर्नेछौँ" (याकूब ४:१३, १५) ।

## एक महिमामय र सिद्ध इच्छा

परमेश्वरको सार्वभौमिकता वास्तवमै पूर्ण छ तर यो सधैं उहाँका महिमामय गुणहरू र सिद्धतासँग पूर्ण मेलमा अभ्यास हुन्छ । यहाँ "पूर्ण" भन्नाले यो बुझिन्छ कि उहाँले जे निर्णय गर्नुभएको छ, त्यो अवश्य नै पूरा हुनेछ र कुनै पनि कुराले त्यसलाई रोक्न सक्दैन । तर यदि हामीले यो सत्यलाई मात्र अलग्गै हेरेर बुझ्यौं भने यसले परमेश्वरलाई कठोर र उहाँको इच्छा अत्यन्तै भारी तथा दमनकारी जस्तो देखाउन सक्छ । तर बाइबलले हामीलाई यस्तो डरबाट मुक्त गर्छ, किनकि यसले सिकाउँछ

कि परमेश्वरको सार्वभौमिकता निश्चित नैतिक र पवित्र गुणहरूले भरिएको छ । यसकारण हामी अब ती केही गुणहरूको संक्षेपमा व्याख्या गर्नेछौं ।

*असीम बुद्धि*

बुद्धिले परमेश्वरको इच्छा र उहाँका कार्य दुवैलाई प्रभावित गर्छ । यशैयाको भविष्यवाणीमा हामी पढ्छौं: परमप्रभु "परामर्शमा अद्‌भुत र कार्यमा उत्कृष्ट" हुनुहुन्छ (यशैया २८:२९) । परमेश्वरको बुद्धि, जुन मानव बुद्धिभन्दा अनन्त रूपमा उच्च छ, उहाँका सबै ईश्वरीय र अनन्त योजनाहरूको निर्माणमा प्रकट हुन्छ । यसैकारण पवित्रशास्त्रले भन्छ: "परमप्रभु न्यायको परमेश्वर हुनुहुन्छ" (अर्थात् सधैं ठीक र न्यायोचित काम गर्नुहुन्छ); "उहाँको प्रतीक्षा गर्नेहरू धन्य हुन्" (यशैया ३०:१८)।

*पूर्ण न्याय*

मानिसहरूले कहिलेकाहीँ परमेश्वरको न्यायमाथि प्रश्न उठाउन सक्छन्, तर परमेश्वरले सबै कुरा उहाँको न्याय र समताको कठोर नियमअनुसार नै ठहराउनुहुन्छ । यसैकारण अय्यूब ३४:१० मा भनिएको छ: "यसकारण, हे समझदार मानिसहरूहो, मेरो कुरा सुन्नुहोस्! परमेश्वरबाट दुष्टता, र सर्वशक्तिमान्‌बाट अधर्म टाढ़ा रहून्!" पूर्वनियतिको सिद्धान्तबारे कुरा गर्दै पावलले प्रश्न गर्छन्: "के परमेश्वरमा अन्याय छ?" (रोमी ९:१४) । अनि उनले तुरुन्तै आफ्नै प्रश्नको उत्तर दिन्छन्: "कदापि होइन!" परमेश्वरको सार्वभौमिकतामा, उहाँले पापलाई हुन दिनुहुन्छ भन्ने कुरा सत्य हो, तर यसको अर्थ उहाँले मानिसलाई पाप गर्न बाध्य पार्नुहुन्छ भन्ने होइन (प्रेरित १४:१६; रोमी १:२१–३२)। अझ, पापलाई हुन दिने उहाँको उद्देश्यले पापीहरूलाई उनीहरूको जिम्मेवारी र उत्तरदायित्वबाट मुक्त गर्दैन (मत्ती २६:२४; प्रेरित २:२३–२४)।

त्यसो भए, सर्वशक्तिमान परमेश्वरले किन पापलाई कहिल्यै हुन नदिएर रोक्नुहुन्न? यसको उत्तर यही हो कि परमेश्वरले पापलाई आफ्ना जनहरूको भलाइ र आफ्नै महिमाको निम्ति प्रयोग गर्न योजना गर्नुभएको छ । उत्पत्ति ५०:२० मा हामी पढ्छौं: "तिमीहरूले मेरो विरुद्धमा खराबी सोच्यौ, तर परमेश्वरले त्यसलाई भलाइको लागि योजना

गर्नुभयो ।" त्यस्तै, भजनसंग्रह ७६:१० मा भनिएको छ: "निश्चय नै मानिसको क्रोधले तपाईंको प्रशंसा गर्नेछ; बाँकी रहेको क्रोध तपाईंले थामिराख्नुहुनेछ।" अन्त्यमा, जब सबै कुरा प्रकट हुनेछ, हामी स्वर्गका सबै पवित्र जनहरूसँग आनन्द मनाउँदै यसो भन्नेछौं: "अनि उनीहरूले यसो भन्दै परमेश्वरका दास मोशाको गीत र थुमाको गीत गाउँछन्: हे प्रभु सर्वशक्तिमान् परमेश्वर, तपाईंका कामहरू ठूला र अचम्मका छन्; हे पवित्र जनहरूका राजा, तपाईंका बाटाहरू धर्ममय र सत्य छन्।" (प्रकाश १५:३)।

*महान् भलाइ*

भलाइ परमेश्वरको स्वभावको त्यो सिद्धता हो, जसबाट उहाँको कृपा, दया र उदारता प्रकट हुन्छ । भजनकारले परमप्रभुलाई यसरी भनेको छन्: "तपाईं भला हुनुहुन्छ, र भलाइ गर्नुहुन्छ; तपाईंका नियमहरू मलाई सिकाउनुहोस्!" (भजनसंग्रह ११९:६८) । यो भलाइ दुई प्रकारले प्रकट हुन्छ—सामान्य भलाइ जुन उहाँले सबै मानिसहरूमाथि देखाउनुहुन्छ, र विशेष भलाइ जुन उहाँले केवल केही जन, अर्थात् चुनिएकाहरू माथि प्रकट गर्नुहुन्छ (भजनसंग्रह १४५:९; विलाप ३:२५) । तर दुवै अवस्थामा यो परमेश्वरको वास्तविक भलाइ नै हो र यही भलाइले उहाँका अनन्त योजनाहरूको निर्माणमा पनि प्रभाव पार्छ । यसकारण, हामी निष्कर्ष निकाल्न सक्छौं कि परमेश्वरको सार्वभौमिकतालाई उहाँका ईश्वरीय सिद्धताहरूको सन्दर्भभित्र नै सबैभन्दा राम्रोसँग बुझ्नसकिन्छ ।

## परमेश्वरको सार्वभौमिकता प्रकट हुने माध्यमहरू

परमेश्वरको यो महान् गुण सबैले देख्न सकून् भनेर प्रकट गरिएको छ । बाइबलले परमेश्वरको सार्वभौमिकता तीन तरिकाले प्रकट भएको बताउँछ: सृष्टिमा, ईश्वरीय प्रबन्ध र उद्धारमा ।

*सृष्टि*

आफ्नो सार्वभौम इच्छाअनुसार परमेश्वरले आकाश र पृथ्वीको सृष्टि गर्नुभयो । बाइबलले "शुरूमा परमेश्वर" भन्ने शब्दहरूबाट शुरू हुन्छ । यो एक आधारभूत घोषणा हो, जसले स्पष्ट पार्दछ कि परमेश्वरलाई

सृष्टि गर्न कसैले सुझाव दिएको थिएन, न त कसैले उहाँमाथि दबाब दिएर यसरी कार्य गर्न बाध्य पारेको थियो। "शुरूमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो" (उत्पत्ति १:१)। उहाँले आफ्नै वचनद्वारा यस ब्रह्माण्डलाई अस्तित्वमा ल्याउनुभयो: "किनकि उहाँ बोल्नुभयो, र त्यो भइगयो; उहाँले आज्ञा गर्नुभयो, र त्यो खड़ा भयो।" (भजनसंग्रह ३३:९)। स्वर्गका स्तुतिहरूले पनि यही सत्यलाई स्वीकार गर्छन् । सृष्टि सार्वभौम परमेश्वरकै कार्य हो । ""हे प्रभु, तपाईं महिमा, आदर र सामर्थ्य पाउन योग्य हुनुहुन्छ; किनकि तपाईंले नै सबै कुराहरू सृष्टि गर्नुभएको हो, र तपाईंकै इच्छाको कारणले ती कुराहरू रहन्छन् र सृष्टि गरिए।" (प्रकाश ४:११)। यसरी सृष्टिले परमेश्वरको सार्वभौमिकतालाई प्रकट गर्दछ । सम्पूर्ण जगत् उहाँको स्वतन्त्र, सर्वोच्च र अपरिवर्तनीय इच्छाको परिणाम हो । उहाँले सबै कुरा आफ्नै महिमा र प्रसन्नताका लागि सृष्टि गर्नुभयो ।

*ईश्वरीय प्रबन्ध*

परमेश्वरको सार्वभौमिकता उहाँका ईश्वरीय प्रबन्धका कार्यहरूमा पनि स्पष्ट रूपमा देखिन्छ । यस संसारमा घट्ने सबै कुरालाई परमेश्वरले व्यवस्था गर्नुहुन्छ । उहाँ "आफ्नै इच्छाको परामर्शअनुसार सबै कुरा कार्यान्वियन गर्नुहुन्छ" (एफिसी १:११)। यसको अर्थ के हो भने परमेश्वरले सम्पूर्ण ब्रह्माण्डलाई नियन्त्रण गर्ने र मार्गदर्शन गर्ने निर्णय गर्नुभएको छ । पृथ्वीका शासकहरूले आफ्नो शक्तिमा घमण्ड गर्न सक्छन्, तर जे परमेश्वरले इच्छा गर्नुहुन्छ, त्यसलाई पूरा गराउनु उहाँकै अधिकार हो । "प्रभुले आज्ञा गर्नुभएन भने त्यो को हो, जसले बोल्छ, र त्यो पूरा हुन्छ?" (विलाप ३:३७) । हाम्रा उद्धारकर्ताले आफ्ना चेलाहरूलाई भन्नुभयो, "तिमीहरूको पिताको इच्छाबिना एउटा चरा पनि जमिनमा खस्दैन" (मत्ती १०:२९)। यसरी, सृष्टि मात्र होइन, संसारका सबै घटना र प्रक्रियाहरू पनि परमेश्वरकै सार्वभौम नियन्त्रण र बुद्धिमत्तापूर्ण योजनाअन्तर्गत घटित हुन्छन् ।

*उद्धार*

अन्तमा, परमेश्वरको सार्वभौमिकता उद्धारको कार्यमा पनि स्पष्ट रूपमा प्रकट हुन्छ । प्रेरित पावलले आफ्ना पत्रहरूमध्ये एकमा लेख्छन्: "अनि

सबै कुराहरू परमेश्वरबाटका हुन्, जसले येशू ख्रीष्टद्वारा आफूसँग हाम्रो मिलाप गराउनुभएको छ र हामीलाई मिलापको सेवा दिनुभएको छ ।" (२ कोरिन्थी ५:१८)। परमेश्वर आफैं घोषणा गर्नुहुन्छ: "जसलाई म कृपा गर्न चाहन्छु, उसलाई म कृपा गर्नेछु; जसलाई म दया देखाउन चाहन्छु, उसलाई म दया देखाउनेछु ।" (रोमी ९:१५)। यस अत्यन्त महत्त्वपूर्ण विषयलाई हामी तल अझ विस्तृत रूपमा व्याख्या गर्नेछौं ।

## मुक्तिमा परमेश्वरको सार्वभौमिकताको प्रकटता

परमेश्वरले विश्वासीहरूको मुक्तिको प्रत्येक पक्षमा आफ्नो सार्वभौम कार्यलाई प्रकट गर्नुहुन्छ । हामीले घमण्ड गर्ने कुनै आधार छैन । अनन्तकालको अतीतमा गरिएको परमेश्वरको निर्णयदेखि लिएर, पापीहरूको बोलावट र धर्मी ठहरिनु, साथै तिनीहरूको आश्वासन, स्थिरता र अन्ततः महिमामा प्रवेशसम्म—आरम्भदेखि अन्त्यसम्म सम्पूर्ण महिमा उहाँकै हुनुपर्छ । यस विषयमा परमेश्वरले प्रत्येक चरणमा कसरी कार्य गर्नुहुन्छ भन्ने बारेमा विस्तृत रूपमा लेख्न सकिन्छ । तर यहाँ हामी केवल केही मुख्य बुँदाहरूलाई मात्र उल्लेख गर्नेछौं ।

*अनन्तकालीन निर्णय*

हाम्रो मुक्तिको योजना अनन्तकालदेखि नै तयार गरिएको थियो । परमेश्वरको हृदयमा कल्पित यो योजना ईश्वरीय परामर्शको गहिराइमा लुकेको थियो । येशू ख्रीष्टको सुसमाचारले अहिले यस रहस्यमय योजनालाई यसको पूर्ण महिमामा प्रकट गर्दछ । पावलले लेखेझैं, "तर हामी परमेश्वरको बुद्धि रहस्यमा बताउँछौं; त्यो गुप्त राखिएको बुद्धि, जुन बुद्धिचाहिँ परमेश्वरले हाम्रो महिमाका निम्ति संसारको अघि नै ठहराउनुभयो" (१ कोरिन्थी २:७)। सम्पूर्ण मानवजातिको पतनलाई पहिले देखि नै थाहा पाउँदै, परमेश्वरले आफ्नै स्वतन्त्र अनुग्रहद्वारा मानवजातिबाट एक ठूलो समूहलाई चुन्नुभयो र तिनीहरूलाई पूर्ण तथा अनन्त मुक्तिको लागि पूर्वनिर्धारित गर्नुभयो । पवित्रशास्त्रले भन्छ: "परमेश्वरले शुरुदेखि नै तिमीहरूलाई मुक्तिको लागि चुन्नुभएको छ" (२ थेस्सलोनिकी २:१३; साथै हेर्नुहोस् एफिसी १:४; १ थेस्सलोनिकी ५:९)। यो परमेश्वरको हृदयको इच्छा थियो; यो उहाँलाई प्रसन्न लाग्ने कुरा थियो ।

यो सम्पूर्ण योजना उहाँले नै बनाउनुभयो; मानिसको यसमा कुनै योगदान थिएन । प्रभावशाली सार्वभौमिकतामा, परमेश्वरले पापीहरूलाई उद्धार गर्ने निर्णय गर्नुभयो । यो मुक्ति पूर्ण रूपमा अनुग्रहमय थियो र "उहाँकै इच्छाको असल अभिप्राय अनुसार" थियो (एफिसी १:५, ९)।

*विशेष प्रकाश*

विशेष प्रकाश भनेको परमेश्वरद्वारा गरिएको उद्धारसम्बन्धी आत्म-प्रकटता हो, जुन अहिले पवित्रशास्त्र नै स्थायी रूपमै स्थापित भएको छ । विशेषगरी, यो हाम्रा प्रभु येशू ख्रीष्टको सुसमाचार हो । परमेश्वरले सार्वभौम रूपमा मानिसहरूसँग यसरी संवाद गर्न चाहनुभएको हो । उहाँ यसो गर्न बाध्य हुनुहुन्नथ्यो; तर उहाँले आफ्नै अनुग्रह अनुसार आफूलाई प्रकट गर्न इच्छा गर्नुभयो । परमेश्वरले मौनतालाई तोड्नुभयो र "हामीसँग बोल्नुभयो" (हिब्रू १:२)। अब सुसमाचारलाई "परमेश्वरको सुसमाचार" भनिन्छ, किनकि यसलाई संसारमा पठाउने मात्र होइन, विशिष्ट मानिसहरूसम्म पुऱ्याउने जिम्मा पनि परमेश्वरकै हो । भजनकारले यो सत्यलाई बुझेर भनेका छन्: "उहाँले आफ्नो वचन पठाउनुभयो र तिनीहरूलाई निको पार्नुभयो" (भजनसंग्रह १०७:२०)। पावलले पिसिदियाको एन्टिओकका यहूदीहरूलाई स्पष्ट रूपमा भने: "यो उद्धारको वचन तिमीहरूकहाँ पठाइएको छ" (प्रेरित १३:२६)।

परमेश्वरको प्रबन्धमा यहाँ छुट्याउने अनुग्रह स्पष्ट रूपमा देखिन्छ। परमेश्वरको ईश्वरीय प्रबन्ध अनुसार, कतिलाई सुसमाचार अस्वीकार गरिन्छ भने कतिलाई दिइन्छ । प्रेरितहरूको कामको पुस्तकमा यसको एक विशिष्ट उदाहरण पाइन्छ । पावल र उनका सहकर्मीहरूलाई "पवित्र आत्माद्वारा एसियामा वचन प्रचार गर्न निषेध गरियो ।" त्यसैले उनीहरू उत्तरतर्फ मिसियाको क्षेत्रमा गए, बिथिनिया भन्ने काला सागरको दक्षिणी किनारको प्रान्तमा प्रवेश गर्ने सोचमा थिए, तर "येशूको आत्माले तिनीहरूलाई जान दिनुभएन ।" त्यसपछि, एक दर्शनमा पावलले एक म्यासेडोनियाली मानिसलाई देखे, जसले भन्यो, "म्यासेडोनिया आएर हामीलाई सहायता गर्नुहोस् ।" भोलिपल्ट पावलले यो कुरा अरूहरूलाई बताएपछि, तिनीहरू सबै एउटै निष्कर्षमा पुगे:

"प्रभुले हामीलाई म्यासेडोनियालीहरूलाई सुसमाचार प्रचार गर्न बोलाउनुभएको रहेछ" (प्रेरित १६:६–१०) ।

सुसमाचार केवल कुनै देश वा समुदायलाई मात्र पठाइँदैन; यो विशेष व्यक्तिहरूसम्म पनि पठाइन्छ । हाम्रा प्रभुले एलियाको समयलाई उल्लेख गर्दै भन्नुभयो कि इस्राएलमा "धेरै विधवाहरू" भए तापनि, त्यस भविष्यवक्तालाई सिडोनको सारफत भन्ने सहरमा एक विशेष "विधवा स्त्री"कहाँ पठाइयो ।

त्यसैगरी, एलीशाको समयमा इस्राएलमा "धेरै कुष्ठरोगीहरू" भए तापनि, एलीशाले परमप्रभुको अनुग्रह केवल एउटै व्यक्तिमाथि ल्याए— "सिरियाली नामान" (लूका ४:२५–२७) । यी उदाहरणहरूले हामीलाई परमेश्वरको सार्वभौम अधिकार सम्झाउँछन्, जसअनुसार उहाँले आफ्ना अनुग्रहका वरदानहरू आफूले चाहेको जसलाई चाहनुहुन्छ, उसैलाई प्रदान गर्नुहुन्छ ।

*प्रभावकारी आह्वान*

परमेश्वरको सार्वभौम आह्वान सुसमाचारद्वारा आउँछ, तर पवित्र आत्माको शक्तिद्वारा यो "आफ्नै उद्देश्य र अनुग्रह अनुसार" पनि हुन्छ (२ तिमोथी १:९; साथै रोमी ८:२८, ३० हेर्नुहोस्) । केही पापीहरूलाई तिनीहरूको अविश्वासमै छोडिन्छ, तर अरूहरू—अर्थात् चुनिएकाहरू—पवित्र आत्माद्वारा शक्तिशाली रूपमा प्रभावित गरिन्छन् । उनीहरू आफ्ना पाप र दयनीय अवस्थाप्रति विश्वस्त गराइन्छन्, ख्रीष्टको ज्ञानमा उज्यालो पारिन्छन् र त्यसपछि उद्धारको लागि प्रभुमाथि भरोसा गर्न प्रेरित गरिन्छन् । भजनकार भन्छन्, "तपाईंको पराक्रमको दिनमा तपाईंको प्रजा इच्छुक बन्नेछ; प्रभातको गर्भदेखि पवित्रताको सुन्दरतामा तपाईंसँग तपाईंको जवानीको शीत छ ।" (भजन ११०:३)। सुसमाचारको आह्वान कहिलेकाहीँ प्रभावहीन देखिए पनि, परमेश्वरको आत्माद्वारा गरिएको यो शक्तिशाली आह्वान सधैं सफल हुन्छ । प्रेरितीय शिक्षामा "आह्वान गरिएका" र "उद्धार पाएकाहरू" एकै मानिन्छन् (१ कोरिन्थी १:१८, २४) । चुनिएकाहरू "अन्धकारबाट उहाँको अद्भुत ज्योतिमा बोलाइएका" हुन्छन् (१ पत्रुस २:९) ।

प्रभावकारी आह्वान योग्यता अनुसार पाइने कुरा होइन; न त यो मानिसद्वारा उत्पन्न गरिन्छ । यो परमेश्वरको सार्वभौम कार्य हो । आफ्नै अनुभवबारे लेख्दै पावल भन्छन्, "तर जब परमेश्वरलाई – जसले मलाई मेरी आमाकै गर्भबाट अलग पार्नुभयो, र आफ्नो अनुग्रहद्वारा मलाई बोलाउनुभयो –आफ्नो पुत्रलाई ममा प्रकट गर्न असल लाग्यो - अन्यजातिहरूको बीचमा मैले उहाँलाई प्रचार गरूँ भनेर - तब तुरुन्तै मैले मासु र रगतसँग सल्लाह लिइनँ ।" (गलाती १:१५–१६)। यहाँ ध्यान दिनुहोस्, कुरा कहाँबाट शूरू हुन्छ: "उहाँलाई असल लाग्यो ।" पापीलाई असल लागेन; पापी त खुलेआम विद्रोहमा थियो, प्रत्येक ईश्वरीय निमन्त्रणाको प्रतिरोध गर्दै । "उहाँलाई असल लाग्यो।" यहाँ वास्तवमा दुई इच्छाहरू आपसमा संघर्षरत देखिन्छन्: पापीको इच्छा, जसले भन्छ, "म आउँदिन," र सर्वशक्तिमान् परमेश्वरको इच्छा, जसले भन्छ, "तर तिमी आउँछौ ।" र परमेश्वरको इच्छा विजयी हुन्छ । पापी आउँछ ।

मलाई एक सरल मानिसको बारेमा याद आउँछ, जसले स्कटल्याण्डको एक "मण्डली" अर्थात् मण्डलीको सदस्य बन्ने इच्छा व्यक्त गरेका थिए । जब उनलाई मण्डलीका एल्डरहरूले सोधे, "तपाईं उद्धारको अनुभवमा कसरी आउनुभयो?" ती गरिब युवाले जवाफ दिए, "ठीकै यसरी हो जस्तो लाग्छ: मेरो उद्धारमा मैले पनि एउटा भूमिका खेलेँ र परमेश्वरले पनि एउटा भूमिका खेल्नुभयो ।" तपाईंले अनुमान गर्न सक्नुहुन्छ, यो उत्तरले एल्डरहरूलाई खासै खुशी बनाएन र उनीहरू लगभग अन्तर्वार्ता समाप्त गर्न तयार थिए । तर ती युवाले कुरा जारी राख्दै भने, "महोदयहरू, मेरो भूमिका ख्रीष्टलाई अस्वीकार गर्न सक्ने सबै कुरा गर्नुसम्म थियो । परमेश्वरको भूमिका मलाई ख्रीष्टियन बनाउन आवश्यक सबै कुरा गर्नु थियो!" र वास्तवमा कुरा यस्तै नै हो । अप्रतिरोध्य अनुग्रहको अर्थ पापीले कहिल्यै प्रतिरोध गर्दैन भन्ने होइन । यसको अर्थ हो—ऊ प्रतिरोध गर्छ, तर परमेश्वरले उसको दुष्ट प्रतिरोधलाई पराजित गर्नुहुन्छ र यति शक्तिशाली रूपमा कार्य गर्नुहुन्छ कि अन्त्यमा एक कट्टर शत्रु हाम्रो प्रभु र मुक्तिदाता येशू ख्रीष्टको वफादार प्रजामा परिवर्तन हुन्छ ।

### *पवित्रीकरण*

पवित्रीकरण परमेश्वरलाई नै समर्पित गरिन्छ । पापले दूषित भएका

पापीहरूले आफैंलाई पवित्र बनाउन सक्दैनन् । त्यसैले हामी यस्तो पढ्छौं: "शान्तिको परमेश्वर आफैंले तिमीहरूलाई पूर्ण रूपमा पवित्र पारून्" (१ थेस्सलोनिकी ५:२३)। परमेश्वरको अनन्त उद्देश्यमा चुनिएकाहरूलाई "पवित्र" र "निर्दोष" बनाउने योजना समावेश थियो (एफिसी १:४)। परमेश्वरले आफ्नो उद्देश्यलाई पूरा गर्नुहुन्छ—पहिलो चरणको पवित्रीकरण (वा नयाँ जन्म) मा र त्यसपछि क्रमिक पवित्रीकरणमा । पवित्रशास्त्रले भन्छ, "किनकि परमेश्वर नै हुनुहुन्छ, जसले आफ्नै असल अभिप्राय अनुसार तिमीहरूमा इच्छा गर्ने र काम गर्ने शक्ति उत्पन्न गर्नुहुन्छ" (फिलिप्पी २:१३)। विश्वासीहरूका असल कामहरू मात्र पूर्वनियोजित होइनन् (एफिसी २:१०), ती परमेश्वरको सार्वभौम अनुग्रहद्वारा सम्पन्न पनि गरिन्छन् । भविष्यवक्ता यशैयाले भने, "हे प्रभु, तपाईंले हाम्रा सबै कामहरू हामीभित्रै गरिदिनुभएको छ" (यशैया २६:१२)। यसैले, यदि हामीले कुनै पनि स्तरको पवित्रता प्राप्त गरेका छौं भने, त्यो ईश्वरीय क्रियाकलापको परिणाम हो । हामी प्रत्येकले प्रेरित पावलसँगै भन्न बाध्य छौं: "तर म जे छु, परमेश्वरको अनुग्रहले नै हुँ" (१ कोरिन्थी १५:१०) ।

*महिमामा हाम्रो प्रवेश*

प्रेरित पावलले आफ्नो भविष्यका आशाहरूमा आनन्द मनाए । उनले भने, "प्रभुले मलाई हरेक खराब कामबाट छुटाउनुहुनेछ र आफ्नो स्वर्गीय राज्यका निम्ति बचाइराख्नुहुनेछ ।" (२ तिमोथी ४:१८)। प्रेरित पत्रुस पनि पूर्ण रूपमा विश्वस्त थिए कि हामीलाई "प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनन्त राज्यमा प्रवेश" प्रदान गरिनेछ (२ पत्रुस १:११) । जब हामी अन्ततः त्यो महिमामय राज्यमा पुग्छौं, हामी त्यहाँ हाम्रो उपस्थितिलाई सर्वशक्तिमान् परमेश्वरको सार्वभौम शक्तिको परिणाम भनेर स्वीकार गर्नेछौं । अनन्त सिंहासनको नजिक पुग्दा हामी यो जान्नमा आनन्दित हुनेछौं कि हामी स्वर्गमा आफ्नै स्वतन्त्र इच्छाले होइन, तर केवल स्वतन्त्र अनुग्रहले—र केवल अनुग्रहले मात्र—पुगेका हौं । सबै महिमित पुरुष र स्त्रीहरूसँग मिलेर हामी यसरी गाउनेछौं: "मुक्ति सिंहासनमाथि बस्नुहुने हाम्रा परमेश्वर र थुमाकै हो!" (प्रकाश ७:१०) ।

## उचित प्रतिक्रिया

अनिवार्य रूपमा, यो सिद्धान्तले हामी ख्रीष्टियन विश्वासीहरूमा गहिरो प्रभाव पार्छ । वास्तवमा, यसले हाम्रो जीवनका हरेक पक्षलाई परिवर्तन गर्नुपर्ने हो । परमेश्वरको वचनबाट यी सत्यहरूको खोजले अनिवार्य रूपमा हामी परमेश्वरतर्फ सार्वजनिक आराधनामा गर्ने दृष्टिकोणलाई असर गर्छ—अर्थात् मण्डलीको विशेष सभामा उहाँको नामको आदर र आराधना गर्ने समयलाई । यसले हाम्रो दैनिक जीवनको सम्पूर्ण शैली र दृष्टिकोण लाई पनि परिवर्तन गर्छ, ताकि हामी सधैं आफूले प्रतिनिधित्व गरिरहेको व्यक्तिप्रति सचेत रहन सकौं । आउनुहोस्, हामी आफ्ना हृदयहरू जाँचौं, कि के हामी पवित्रशास्त्रका यी गम्भीर र अद्‌भुत सत्यहरूमा सही रूपमा प्रतिक्रिया दिइरहेका छौं कि छैनौं ।

### *आदरसहितको आराधना*

जब हामीले परमेश्वरको सार्वभौमिकता बारे सही दृष्टिकोण राख्छौं, तब हामी उहाँको नजिक उचित आदर र श्रद्धासहित आउँछौं । भजन ५:७ ले पवित्र भयको आवश्यकता सिकाउँछ । दाऊद भन्छन्, "तर मचाहिँ तपाईंको असंख्य करुणा अनुसार तपाईंको भवनभित्र आउनेछु; अनि म तपाईंको डर राखेर तपाईंको पवित्र मन्दिरतर्फ दण्डवत् गर्नेछु।" त्यस्तै, भजन ८९:७ ले भन्छ, "पवित्र जनहरूको सभामा परमेश्वरको डर साह्रै मान्नुपर्छ; अनि उहाँको वरिपरि हुनेहरू सबैद्वारा उहाँको भक्ति हुनुपर्छ।" त्यसैले यदि कुनै मण्डलीले सार्वभौम परमेश्वरमा विश्वास गर्छ भने, त्यसको आराधना आजका धेरै समकालीन मण्डलीहरूमा पाइने आराधनाभन्दा स्पष्ट रूपमा भिन्न हुन्छ । त्यहाँ भक्तिपूर्ण नम्रता र पवित्र विस्मय मिसिएको हुन्छ । मानिसहरू "कम्पमान आनन्द" मा रमाउँछन् । साथै, यस्तो विश्वास भएको मण्डलीले आराधनाका सबै तत्वहरू पवित्रशास्त्र अनुसार नै हुनुपर्छ भन्ने कुरामा ध्यान दिन्छ, किनकि त्यसले परमेश्वरको अनुमोदन चाहन्छ, उहाँको अस्वीकार होइन ।

### *उहाँको अधिकारप्रति समर्पण*

सार्वभौम परमेश्वरको ज्ञानले हामीलाई उहाँको अधिकारमा समर्पित हुन र उहाँका आज्ञाहरू पालन गर्न प्रेरित गर्छ । अय्यूबको विषयमा पहिले

भनिएको थियो कि उनले "परमेश्वरको भय मान्थे" र त्यसपछि "दुष्टताबाट अलग रहन्थे" (अय्यूब १:१) । परमेश्वरको सार्वभौमिकताप्रतिको अय्यूबको गहिरो चेतनाले उनलाई पापदेखि डराउन र धार्मिकताको मार्ग रोज्न प्रेरित गऱ्यो । दाऊदले स्वीकार गरे, "मैले परमप्रभुलाई सधैं आफ्नो सामु राखेको छु" (भजन १६:८) । उनले निरन्तर यो कुरा स्मरणमा राख्थे कि परमेश्वरले उनलाई हेरिरहनुभएको छ र उनका प्रत्येक कार्यको साक्षी हुनुहुन्छ । यही सत्यले, अरू कुनै कुराभन्दा बढी, उनको जीवनयापनको शैलीलाई प्रभाव पाऱ्यो ।

*चुनिएकाहरूसम्म पुग्ने कार्य*

यस सिद्धान्तमा सुसमाचार प्रचार गर्ने महान् प्रेरणा निहित छ । परमेश्वरका चुनिएका जनहरू छन्, जसलाई उहाँले भेला पार्न र अनन्तकालीन उद्धारमा ल्याउन चाहनुहुन्छ । सम्झनुहोस्, जब पावल कोरिन्थमा थिए, आफ्नो प्रचारप्रतिको सामान्य प्रतिक्रियाले उनी अत्यन्त निरुत्साहित भएका थिए । त्यस बेला प्रभु उनीकहाँ प्रकट हुनुभयो र भन्नुभयो, "म तिमीसँग छु... किनकि यस शहरमा मेरा धेरै मानिसहरू छन्" (प्रेरित १८:१०) । ख्रीष्टले उनलाई परमेश्वरको सार्वभौमिकताको सम्झना गराउनुभयो, जुन चुनावमा प्रकट भएको थियो । त्यस शहरमा धेरै बहुमूल्य आत्माहरू थिए, जसले सत्य सुन्नु र प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नु आवश्यक थियो । उनीहरूले परमेश्वरको उद्धार अनुभव गर्नैपर्थ्यो । यो कुरा अनन्त आदेशमा लेखिएको थियो । यही मुख्य कारण थियो कि पावलले त्यहाँ रहिरहनुपर्थ्यो: उनको प्रचारद्वारा चुनिएकाहरू उद्धार पाउने थिए ।

दुःखको कुरा, आजका धेरै मण्डलीहरू यस सिद्धान्तप्रति अनभिज्ञ देखिन्छन् । तिनीहरूमध्ये धेरैजना यति निरुत्साहित भएका छन् कि उनीहरूले मिसनको कार्य नै छोडिदिएका छन् । अरूले त बाइबलीय विधीहरू अब उपयुक्त छैनन् भन्ने निष्कर्षसमेत निकालेका छन् । यी सबै आर्मिनियनवादका फलहरू हुन् जुन सत्रौँ शताब्दीको आरम्भमा विकसित भएको त्यो ईश्वरशास्त्रीय धारणा हो, जसले अन्य कुरासँगै चुनाव र पूर्वनियतिको सिद्धान्तको विरोध गऱ्यो । तर परमेश्वरको सार्वभौमिकतामा विश्वास गर्ने हामी प्रभु येशू ख्रीष्टलाई

पापीहरूको एकमात्र मुक्तिदाताको रूपमा प्रचार गरिरहन्छौँ। हामी दृढतापूर्वक विश्वास गर्छौं कि परमेश्वरले यस्तो प्रचारलाई आशीर्वाद दिनुहुनेछ र यो पहिलो शताब्दीमा जस्तै हुनेछ, जब "अनन्त जीवनको लागि नियुक्त गरिएकाहरूले विश्वास गरे" (प्रेरित १३:४८)।

*संगती र सन्तहरूप्रति प्रेम*

हामी जान्दछौँ कि परमेश्वरले आफ्ना जनहरूलाई अनन्त जीवनको लागि पूर्वनियुक्त गर्नुभएको छ र त्यसैले तिनीहरूले निश्चय नै त्यो जीवनको आनन्द भोग्नेछन्। फलस्वरूप, उहाँको उद्धारकारी अनुग्रहका पात्र भएका सबैसँग हामीले एक विशेष आत्मिक बन्धन महसुस गर्छौं। हाम्रो विचार यस्तो हुन्छ: यदि परमेश्वरले तिनीहरूलाई अनादिदेखिको प्रेमले प्रेम गर्नुभएको छ भने, हामीमध्ये कसैले पनि तिनीहरूसँग झगडा गर्नु वा तिनीहरूबाट टाढिनु उचित हुँदैन। सत्य हो, कहिलेकाहीँ हामीबीच असहमति हुन सक्छ; अझ कुनै अवस्थामा अलग हुनुपर्ने अवस्थासम्म पनि पुग्न सक्छौँ। तर अनावश्यक विभाजनबाट भने हामी अवश्य जोगिनुपर्छ। पिताद्वारा चुनिएका, पुत्रद्वारा उद्धार गरिएका र पवित्र आत्माद्वारा बोलाइएका परमेश्वरका जनहरूसँगको संगतीलाई अनावश्यक रूपमा तोड्नु कसरी उचित ठहरिन सक्छ र?

*परमेश्वरको प्रबन्धप्रति सन्तुष्टि*

परमेश्वरको सार्वभौमिकताको यो सिद्धान्तमा विश्वास गर्ने सबैलाई यसले ठूलो सान्त्वना र सामर्थ्य प्रदान गर्दछ। परमेश्वर सार्वभौम हुनुहुन्छ र सबै कुराहरू उहाँकै उद्देश्यअनुसार सम्पन्न हुन्छन् भन्ने तथ्यले गर्दा, उहाँको प्रबन्धकारी कार्यहरू तथा हाम्रो व्यक्तिगत परिस्थितिहरूको उहाँद्वारा गरिएको व्यवस्थाप्रति हामीले आफूलाई समर्पित गर्नु उचित हुन्छ। एक सार्वभौम परमेश्वरमाथि प्रश्न उठाउनु हुँदैन, न त उहाँको इच्छाको कुनै प्रकारले आलोचना नै गर्नुपर्छ। स्कटिश प्रेस्बिटेरियन ईश्वरशास्त्री शमूएल रदरफोर्ड ले आफ्ना पत्रहरू र प्रवचनहरू लेखेको करिब दुई सय वर्षपछि, एन रस कजिनले रदरफोर्डका शब्दहरूलाई एउटा सुन्दर कवितामा उतारिन्। त्यसको एउटा श्लोकले यस्तो भन्छः

*कृपा र न्याय दुवैद्वारा*
*उहाँले मेरो जीवनको जाल बुन्नुभयो;*
*र दुःखका शीतका थोपाहरू पनि*
*उहाँको प्रेमले झलमल्ल बनाइएका थिए ।*
*मार्गदर्शन गर्ने हातलाई म धन्य भन्नेछु,*
*योजना बनाउने हृदयलाई म धन्य भन्नेछु,*
*जब महिमाले भरिएको इम्मानुएलको देशमा*
*राजसिंहासनको सामु उपस्थित हुनेछु।*[26]

रदरफोर्डले बुझेका थिए कि उनका जीवनका सबै अनुभवहरू—यहाँसम्म कि उनका कष्टहरू र शोकहरू समेत—एक अनुग्रहकारी परमेश्वरकै हातबाट आएका थिए । त्यसैले उनले परमेश्वरको प्रबन्धप्रति गुनासो गरेनन्, बरु विश्वास, धैर्य र कृतज्ञतासाथ त्यसलाई स्वीकार गरे । उनका ती तीतो निराशाहरू पनि परमेश्वरका बुद्धिमानीपूर्ण प्रबन्धहरू नै थिए । अनुग्रहले उनलाई यो सत्य बुझ्नसहायता गऱ्यो, र त्यसैकारण उनी सन्तुष्ट रहन सके । बाइबलले "भक्तिसहितको सन्तोष" को बारेमा चर्चा गर्दछ । (१ तिमोथी ६:६)

ख्रीष्टियनहरूले "दुर्भाग्य" वा "संयोग" जस्ता शब्दहरू प्रयोग गरेर बोल्नु हुँदैन र निश्चय नै "भाग्य" को भाषामा पनि होइन । पवित्रशास्त्रले बताउँछ कि जब हारूनले आफ्ना दुई छोराहरू गुमाए, तब उनीले केवल "चुप लागेर बसे" (लेवी १०:३) । त्यसैगरी, जब एलिलाई उनका छोराहरूको मृत्यु र उनको परिवारबाट पुरोहित पद हटाइने खबर दिइयो, तब उनले भनेका थिए, "यो परमप्रभु हुनुहुन्छ; उहाँलाई जे उचित लाग्छ, त्यही गर्न दिनुहोस्" (१ शमूएल ३:१८)। अय्यूबले अत्यन्तै गम्भीर कष्ट र वियोग भोगे, तर उनका ओठबाट यी अद्भुत शब्दहरू निस्किए: "परमप्रभुले दिनुभयो, परमप्रभुले नै लिनुभयो; परमप्रभुको नाम धन्य होस्" (अय्यूब १:२१)। यहाँ नै क्याल्भिनवाद एक ठूलो सहारा बनेको देखिन्छ । आँधी जतिसुकै भयङ्कर भए पनि, क्याल्भिनवादीहरूले सधैँ जहाजको डेकमा पाइलटलाई देख्छन् । हामी तत्वहरूको कृपामा

---

[26] शमूएल रदरफोर्ड, *लेटर्स अफ स्यामुएल रदरफोर्ड* (एडिनबरा: ब्यानर अफ ट्रुथ, १९८४), ७४३।

छोडिएका छैनौँ भन्ने कुरा हामी जान्दछौँ। बरु, हामी हाम्रो परमेश्वरको हेरचाहमा छौँ। यदि उहाँले हामीलाई कठिनाइतर्फ डोऱ्याउनुहुन्छ भने त्यो केवल उहाँको प्रेमपूर्ण उद्देश्य पूरा गर्न र विशेष आशीर्वाद दिनकै लागि हो।

यर्मिया २९:११ का शब्दहरू कति अमूल्य छन्: "किनकि तिमीहरूको विषयमा मैले जुन विचारहरू गरेको छु, सो म जान्दछु: ती खराबीका होइनन्, तर तिमीहरूलाई भविष्य र आशा दिने शान्तिका विचारहरू हुन्, परमप्रभु भन्नुहुन्छ।" (वा, पद टिप्पणी अनुसार, "अन्त्य र आशा" दिनका लागि)। यो सार्वभौम परमेश्वरले हाम्रा सबै अनुभवहरू हाम्रो आत्मिक भलाइको लागि व्यवस्थापन गर्नुहुन्छ, ताकि हामी उहाँका प्रिय पुत्रको स्वरूपमा रूपान्तरित हुन सकौँ र चाँडै प्रवेश गर्ने महिमाको योग्य बनौं।

*मेरो जीवनभर भलाइ र करुणा*
*निश्चय नै मलाई पछ्याउनेछन्;*
*र परमेश्वरको घरमा सधैँभरि*
*मेरो वासस्थान रहनेछ।*[27]

*प्रतिज्ञाहरूमा आशा*

परमेश्वरको सार्वभौमिकताले हाम्रो आशामाथि गहिरो प्रभाव पार्दछ। शंका र अनिश्चितताका समयहरूमा, हामी उहाँका अनन्त प्रेमपूर्ण उद्देश्यहरूमा फेरि आश्रय लिन्छौँ। विश्वासीले आफ्नो हृदयमा यसरी विचार गर्दछ: "के परमेश्वरले मलाई सुसमाचारद्वारा बोलाउनुभएको होइन? के उहाँले मलाई धर्मी ठहराउनुभएन र पाप क्षमा भएको मीठो अनुभूति दिनुभएन?" यदि यी कुराहरू सत्य हुन् भने, रोमी ८ को सुनौलो शृङ्खला कहिल्यै टुट्नेछैन र म आफ्नो दृढ आशा व्यक्त गर्न यी शब्दहरू दोहोर्याउन सक्छु: "अनि जसलाई उहाँले पहिल्यै ठहराउनुभयो, उनीहरूलाई उहाँले बोलाउनु पनि भयो; अनि जसलाई उहाँले बोलाउनुभयो, उनीहरूलाई उहाँले धर्मी पनि ठहराउनुभयो; अनि जसलाई उहाँले धर्मी ठहराउनुभयो, उनीहरूलाई उहाँले महिमा पनि

[27] स्कटिस साल्टर, १६५०, *भजन २३*, पद ५।

दिनुभयो।" (रोमी ८:३०)। अनुग्रह र महिमाका परमेश्वरले आफ्ना जनहरूलाई स्वर्गसम्म अवश्यै पुऱ्याउनुहुनेछ, जहाँ तिनीहरूले उहाँका पुत्रको तेजस्वी महिमालाई देख्नेछन् र उहाँको विजयी मण्डलीसँगको धन्य संगतीमा आनन्द मनाउनेछन् ।

क्याल्भिनले विश्रामदिनको आराधना प्रारम्भ गर्दा भजनसंग्रह १२४ का यी शब्दहरू प्रयोग गर्थे: "हाम्रो सहायता परमप्रभुको नाममा छ, जसले आकाश र पृथ्वी बनाउनुभयो" (पद ८)। हाम्रो सहायता त्यही सार्वभौम परमप्रभुमा नै छ । यी शब्दहरूले हामीलाई अर्को भजनतर्फ डोऱ्याउँछन्, जहाँ हामी एक अद्‌भुत प्रतिज्ञा पढ्छौँ: "परमप्रभुले तिमीलाई सबै खराबीबाट रक्षा गर्नुहुनेछ; उहाँले तिम्रो प्राणको सुरक्षा गर्नुहुनेछ । परमप्रभुले तिम्रो जावत-आवत अहिलेदेखि सदा-सर्वदा रक्षा गर्नुहुनेछ ।" (भजनसंग्रह १२१:७–८)। परमेश्वरको सार्वभौमिकताको सिद्धान्त नै सुधारवादी  विश्वासको प्रमुख सिद्धान्त हो । जीवनमा, मृत्युमा, र सम्पूर्ण अनन्ततासम्म हामी आफ्ना स्वरहरू उचाल्दै यसो भन्नेछौँ: "हल्लेलूयाह: किनकि सर्वशक्तिमान् प्रभु परमेश्वरले राज्य गर्नुहुन्छ" (प्रकाश १९:६)।

परमेश्वरले यो अनुभव हाम्रो हृदयमा प्रदान गर्नुभएकोहोस्, जसद्वारा जीवनको मार्गमा हामीलाई उत्साह मिलोस् र अन्तिम घडीमा, जीवनको अन्त्य क्षणमा, यसले हामीलाई मृत्युको नदीमा समेत सम्हाल्ने शक्ति दिएको हामी अनुभव गर्न सकौं र सुरक्षित रूपमा प्रतिज्ञाको भूमिमा पुऱ्याओस् । आमेन!

# अध्याय ३

## आराधनाको सही दृष्टिकोण
## A Right View of Worship

*"जसले प्रशंसारूपी बलिदान चढ़ाउँछ, उसैले मेरो महिमा गर्छ।"*
—भजन ५०:२३

"आराधना भनेको के हो?" आज धेरै नामधारी ख्रीष्टियनहरूबीच देखिने भ्रमका बीच यो प्रश्न अत्यन्तै महत्त्वपूर्ण छ । वेस्टमिन्स्टर छोटो धार्मिक प्रश्नोत्तरले आफ्नो पहिलो वाक्यमा घोषणा गर्छ कि "मानवको मुख्य उद्देश्य परमेश्वरको महिमा गर्नु हो,"[28] र परमेश्वर आफैं भजनहरूमा हामीलाई भन्नुहुन्छ, "जसले प्रशंसारूपी बलिदान चढ़ाउँछ, उसैले मेरो महिमा गर्छ ।" (भजनसंग्रह ५०:२३)। त्यसैले, आराधनाको विषयलाई सही रूपमा बुझ्नु र परमेश्वरले हामीलाई बनाउनुभएको, जोगाउनुभएको र उद्धार गर्नुभएको उद्देश्यलाई ठीकसँग पूरा गर्नु हाम्रो लागि अत्यन्तै आवश्यक छ । पृथ्वीमा वा स्वर्गमा यो कुराभन्दा ठूलो काम अरू कुनै छैन ।

आराधना भन्नाले सर्वोच्च परमेश्वरप्रति हामीले देखाउने श्रद्धा र आदर हो, जुन स्तुति, प्रार्थना, पवित्रशास्त्रको पाठ र परमेश्वरको वचनको प्रचारजस्ता माध्यमहरूद्वारा व्यक्त गरिन्छ । "सुधावादी आराधना" भन्नाले परमेश्वरको लिखित वचनअनुसार कडाइका साथ गरिने आराधना हो, जुन "हामीले उहाँलाई कसरी महिमा दिनु र उहाँमा आनन्द लिनु भन्ने कुराको एक मात्र नियम" हो ।[29] यसमा पवित्रशास्त्रले अनुमोदन गरेका सबै कुराहरू समावेश हुन्छन् र पवित्रशास्त्रले अनुमोदन नगरेका सबै कुराहरूलाई बहिष्कार गरिन्छ। क्याल्भिनले आराधना बारे बाइबलीय र सुधारवादी दृष्टिकोण यसरी व्यक्त गरेका छन्:

---

[28] द शर्टर क्याटेकिजम, *वेस्टमिन्स्टर कन्फेसन अफ फेथ*मा, २८७ ।
[29] द शर्टर क्याटेकिजम, २८७ ।

"हामीले साँचो परमेश्वरको आराधनाको सिद्धान्त मानिसहरूबाट खोज्नु हुँदैन, किनकि प्रभुले हामीलाई उहाँको आराधना कसरी गर्नुपर्छ भन्ने कुरा पूर्ण र विश्वासयोग्य रूपमा सिकाउनुभएको छ ।"[30]

## आराधनाको विषयवस्तु

परमेश्वरको सिद्धताले उहाँलाई हाम्रो आराधनाको सम्मानका योग्य बनाउँछ । यशैया ६:१–३ मा हामीले यशैयाको त्यो दर्शन पढ्छौं, जहाँ परमप्रभु उहाँको मन्दिरमा उच्च सिंहासनमा विराजमान देखिनुहुन्छ । सेराफहरू आफ्ना अनुहार ढाकेर उपस्थित थिए र तिनीहरूले उहाँको त्यो महिमालाई आदर गर्दै थिए, जसले उहाँलाई सबै अन्य सृष्टिबाट अलग र विशिष्ट बनाउँछ । "पवित्र, पवित्र, पवित्र सेनाहरूका परमप्रभु हुनुहुन्छ; सारा पृथ्वी उहाँको महिमाले भरिएको छ।" मानवजातिले पनि यस्तै विचारहरू राख्छ, किनकि तिनीहरू पनि जान्दछन् कि यहोवासँग तुलना गर्न सकिने कोही छैन। "हे परमप्रभु, तपाईंजस्तो अरू कोही छैन; तपाईं महान् हुनुहुन्छ; अनि पराक्रममा तपाईंको नाम महान् छ । हे जाति-जातिका राजा, को तपाईंसँग डराउनेछैन; किनकि यो कुरा तपाईंलाई सुहाउँछ; किनकि जाति-जातिका सबै बुद्धिमान् मानिसहरूको बीचमा र तिनीहरूका सबै राज्यहरूमा तपाईंजस्तो अरू कोही छैन ।" (यर्मिया १०:६–७)। यस्तो अनन्त महिमाले हाम्रो भित्री श्रद्धाको बाहिरी अभिव्यक्ति पनि माग गर्दछ । आत्मा र शरीर दुवैले यस सेवामा एकसाथ भाग लिनुपर्छ, किनकि यदि आत्मा संलग्न छैन भने त्यो मानसिक नास्तिकता हो, र यदि शरीर संलग्न छैन भने त्यो व्यवहारिक नास्तिकता हो । प्रभु येशूले घोषणा गर्नुभयो: "तिमीले परमप्रभु तिम्रा परमेश्वरको आराधना गर, र उहाँको मात्र सेवा गर" (मत्ती ४:१०)। प्रेरित पावलले विश्वासीहरूलाई यस्तो आग्रह गरे: "तिमीहरूको शरीरमा र आत्मामा, जुन परमेश्वरकै हुन्, परमेश्वरलाई महिमा देओ" (१ कोरिन्थी ६:२०)।

आराधनामा हाम्रो उद्देश्य प्राप्त गर्नु होइन, बरु दिने हुनुपर्छ । भजनसंग्रहले सिकाउँछ कि "उहाँको नामको योग्य महिमा परमप्रभुलाई दिनु" र "पवित्रताको सुन्दरतामा परमप्रभुको आराधना गर्नु" एउटै कुरा हो (भजन २९:२) । यस विचारलाई अर्को भजनमा पनि विस्तार गरिएको

---

[30] क्याल्भिन, *इन्स्टिच्युट्स*, ४.१०.८ ।

छ, तर थप शब्दहरू सहित: "बलिदान लिएर उहाँका आँगनमा प्रवेश गर" (भजनसंग्रह ९६:८)। यो आत्मिक बलिदान प्रार्थना र स्तुतिको हो (१ पत्रुस २:५), जुन उहाँलाई कुनै आवश्यकताको कारणले होइन, तर हाम्रो "बुद्धिसंगत सेवा" (रोमी १२:१) को एक महत्त्वपूर्ण अंशको रूपमा अर्पण गरिन्छ । तर यस कर्तव्यको सही अभ्यासका लागि पवित्र आत्माको सहायता अनिवार्य छ । पवित्र आत्माले हाम्रा परमेश्वरको रहस्यमय र निष्कलङ्क महिमालाई प्रकट गर्नुहुन्छ । यहाँ फेरि भजनकारले हामीलाई यस्तो चित्रद्वारा सहायता गर्छन्: "किनकि जीवनको मूल तपाईंसँग छ; तपाईंको ज्योतिमा हामीले ज्योति देख्नेछौं ।" (भजनसंग्रह ३६:९)। विश्वासद्वारा परमेश्वरको महिमालाई देख्न सक्ने क्षमता हामीलाई केवल पवित्र आत्माको उज्यालो र प्रकाशनद्वारा मात्र प्राप्त हुन्छ । यस्तो आत्मिक दर्शनले हाम्रो हृदयमा साँचो आराधनाका लागि आवश्यक प्रतिक्रिया उत्पन्नगर्छ ।यसबाहेक, आराधकहरूको रूपमा हामीलाई हाम्रो आराधनाको तयारी र प्रस्तुतीकरणमा पनि पवित्र आत्माको सहायता आवश्यक छ । प्रेरित पावलका शब्दहरू स्मरण गरौं: "अनि दाखमद्यले नमात, जसमा चरित्रहीनता हुन्छ, तर आत्माले भरपूर होओ! आपसमा भजन, स्तुतिगान र आत्मिक गीतहरूद्वारा बात गर, प्रभुका निम्ति आ-आफ्नो हृदयमा गाओ र भजन गर!" (एफिसी ५:१८–१९) ।

हामी परमेश्वरको आराधनामा ठूलो आत्मिक लाभको अपेक्षा गर्न सक्छौँ । आखिर, आराधना भनेको वास्तवमा हाम्रो सर्वोच्च भलाइ हुनुहुने परमेश्वरको नजिक जानु नै हो । त्यो केवल त्यति मात्र होइन; यो उहाँको उपस्थितिमा आनन्द लिनु, उहाँको ज्ञानमा वृद्धि हुनु, र उहाँसँगको मीठो संगतीमा रमाउनु हो । "तर परमेश्वरको नजिक जानु नै मेरा निम्ति असल छ; तपाईंका सबै कामहरूको घोषणा गरूँ भनी मैले प्रभु यहोवामाथि आफ्नो भरोसा राखेको छु ।" (भजनसंग्रह ७३:२८)। जब मोशाले मरुभूमिको पछिल्लो भाग हुँदै यात्रा गर्दा जलिरहेको पोथ्रा देखे, उनी त्यसलाई अझ नजिकबाट हेर्न तर्फ मोडि र त्यही पवित्र भूमिमा परमेश्वरले आफूलाई मोशासामु प्रकट गर्नुभयो । यो एउटा शिक्षाप्रद खण्ड हो, जसले हामीलाई यो सिकाउँछ कि आराधनामा हामीले हाम्रो धन्य परमेश्वरलाई अझ बढी चिन्ने अवसर पाउँछौँ ।

## आराधनाको विधी

सुधारवादी ईश्वरशास्त्रले घोषणा गर्दछ कि साँचो र उचित आराधनाको विधी निर्धारण गर्ने अधिकार केवल परमेश्वरसँग मात्र छ । उहाँले आफ्नो वचनमा यसलाई स्पष्ट रूपमा निर्धारित गर्नुभएको छ । आराधना सम्बन्धी नियम यो हो कि पवित्रशास्त्रमा परमेश्वरले आदेश दिनुभएका कुराहरू मात्र उहाँको आराधनामा समावेश गर्न सकिन्छ । अर्को शब्दमा भन्नुपर्दा, पवित्रशास्त्रले जुन कुराको आदेश दिएको छैन, त्यसलाई निषेध गरेको ठान्नुपर्छ । यसकारण, आराधना मानव कल्पना, परम्परा वा व्यक्तिगत रुचि अनुसार सञ्चालन गरिने कुरा होइन । बरु, यो परमेश्वरको प्रकट गरिएको इच्छा अनुसार हुनुपर्छ । उहाँको आराधनामा के समावेश गर्ने र के नगर्ने भन्ने विषयमा अन्तिम अधिकार मानिसको होइन, परमेश्वरको वचनको हो ।

आज आराधना सम्बन्धी सोचाइमा ठूलो अन्योलता पाइन्छ । केही मानिसहरू यस्तो ठान्छन् कि परमेश्वरले आफ्नो वचनमा कुनै कुरा स्पष्ट रूपमा निषेध गर्नुभएको छैन भने, हामी आराधनाको कुनै पनि विधी अपनाउन सक्छौँ । व्यवहारमा यसले मानव-निर्मित धेरै भ्रष्टता र दुरुपयोगहरूलाई प्रवेश गर्ने अवसर दिन्छ । पवित्रशास्त्रमा हामीलाई विशेष धार्मिक पोशाकहरू प्रयोग गर्न निषेध गरिएको कहाँ छ? पूर्वतर्फ फर्केर निहुरिन निषेध गरिएको कहाँ छ? क्रूसको चिन्ह बनाउन निषेध गरिएको कहाँ छ? *अपोक्रिफा*[31]का पुस्तकहरूबाट पढ्न निषेध गरिएको कहाँ छ? प्रभुको भोजको टेबुलमा घुँडा टेक्न निषेध गरिएको कहाँ छ? स्पष्ट छ, यस्तो सिद्धान्त पूर्णतः असन्तोषजनक छ । यसले ईश्वरीय आराधनामा प्रायः जुनसुकै कुरा पनि प्रवेश गर्न अनुमति दिन्छ । तर आराधना सम्बन्धी पवित्रशास्त्रीय नियम यो होइन कि “निषेध नगरिएको सबै कुरा गर्न सकिन्छ”; बरु यो हो कि “स्पष्ट रूपमा आदेश गरिएका कुराहरू मात्र गर्न सकिन्छ ।” जब आराधनाको यो नियामक सिद्धान्त

---

[31] अपोक्रिफा (Apocrypha): पुरानो नियम र नयाँ नियमको बीचको अवधिमा लेखिएका पुस्तकहरूको संग्रह, जसलाई रोमन क्याथोलिक र केही अन्य मण्डलीहरूले धर्मशास्त्रको अंशका रूपमा स्वीकार गर्छन् । तर सुधारवादी धर्मशास्त्र अनुसार यी पुस्तकहरू परमेश्वरद्वारा प्रेरित वा धर्मशास्त्रको प्रमाणिक (क्यानोनिकल) भाग होइनन् । यद्यपि तिनीहरूमा केही ऐतिहासिक र नैतिक मूल्य भएका सामग्री पाइन्छन्, तिनीहरू विश्वास र जीवनको अन्तिम तथा सर्वोच्च अधिकारका रूपमा स्वीकार गरिँदैनन् ।

बाह्य रूपमा र आन्तरिक रूपमा विश्वासयोग्य ढङ्गले लागू गरिन्छ, तब यसको परिणाम शुद्ध र आत्मिक आराधनाको पुनर्स्थापना हुन्छ । परमेश्वरको वचनले आराधना सम्बन्धी यस सुधारित दृष्टिकोणलाई स्पष्ट रूपमा शिक्षा दिन्छ ।

## आराधना सम्बन्धी बाइबलीय शिक्षा: पुरानो करार

दश आज्ञाहरूमा संक्षेप गरिएको परमेश्वरको नैतिक व्यवस्थाले आराधनालाई नियमन गर्ने नियमलाई अधिकारपूर्वक प्रस्तुत गर्दछ । पहिलो आज्ञामा, परमेश्वरले आफू नै आराधनाको योग्य एकमात्र हुनुहुन्छ भनी घोषणा गर्नुहुन्छ । दोस्रो आज्ञामा, उहाँले विश्वासीहरूलाई आफूले ईश्वरीय रूपमा स्थापना गर्नुभएका विधिहरू मात्र पालन गर्न आदेश दिनुहुन्छ: "तैले आफ्नो निम्ति कुनै कुँदिएको मूर्ति नबनाउनू" (प्रस्थान २०:४) । सार्वभौम प्रभुको रूपमा आफ्नै आराधनाको व्यवस्था गर्ने अधिकार परमेश्वरकै हो र उहाँले मानिसका आविष्कारहरूका लागि त्यहाँ कुनै स्थान छैन भन्ने कुरा स्पष्ट पार्नुहुन्छ ("तैले आफ्नो निम्ति नबनाउनू") । हिब्रू भाषामा "नबनाउनू" भनी अनुवाद गरिएको शब्दको अर्थ "स्थापना गर्नु", "निर्धारण गर्नु" वा "नियुक्त गर्नु" पनि हुन्छ । त्यसैले दोस्रो आज्ञामा परमेश्वरले मानिसहरूलाई आफूले स्थापना नगरेका कुनै पनि कुरा आराधनामा आविष्कार गर्न वा पालन गर्न निषेध गर्नुभएको छ । मानौँ परमेश्वर यसो भन्दै हुनुहुन्छ: "म परमप्रभु परमेश्वर हुँ, र मेरो आराधनाको व्यवस्था म आफैँ गर्दछु । मेरो आज्ञाबिना मानिसहरूलाई आफ्ना आविष्कारहरू वा आफ्नै उपायहरू आराधनामा समावेश गर्ने स्वतन्त्रता छैन ।"

यस व्यवस्था अनुसार परमेश्वरले इस्राएलको आराधनाका विभिन्न पक्षहरूलाई अत्यन्त विस्तृत रूपमा निर्धारित गर्नुभयो । पवित्र वासस्थान (तम्बू) मा, र पछि मन्दिरमा पनि, परमेश्वरले सबै कुरा आफैँ नियुक्त गर्न जोड दिनुभयो ।

तपाईंलाई मोशालाई दिइएका र प्रस्थान २५:४० मा अभिलेखित यी शब्दहरू स्मरण हुन सक्छन्: "अनि त्यस पहाड़मा तिमीलाई तिनीहरूको जुन नमुना देखाइएको छ, सोहीमुताबिक तिमीले तिनलाई बनाउनुपर्छ भन्ने कुरामा ध्यान राख!" इस्राएलका व्यवस्थादाताले पवित्र

वासस्थान र त्यसको सेवासम्बन्धी प्रेरित र विशिष्ट निर्देशनहरू प्राप्त गरेका थिए । यी निर्देशनहरूले छाना, पाटाहरू, आधारहरू, पर्दा, करारको सन्दुक  आदि जस्ता विषयहरूलाई समेटेका थिए । मानव कल्पना वा आविष्कारको यसमा कुनै भूमिका थिएन; सम्पूर्ण वासस्थान-आराधना ईश्वरीय व्यवस्थाद्वारा नियन्त्रित थियो । मन्दिरको विषयमा पनि अवस्था उस्तै थियो । १ इतिहास २८:११–१२ मा हामी पढ्छौँ कि "दाऊदले आफ्ना छोरा सोलोमनलाई नमुना दिए"—अर्थात् मन्दिर र त्यसको आराधनाको नमुना । दाऊदले यी निर्देशनहरू ईश्वरीय प्रकाशद्वारा प्राप्त गरेका थिए, किनकि त्यो "आत्माद्वारा उहाँसँग भएको सबै कुराको नमुना" थियो । यसरी फेरि पनि परमेश्वरले आफ्नो आराधनालाई व्यवस्थित गर्ने अधिकार प्रयोग गर्नुभयो, र मानव आविष्कारका लागि कुनै स्थान छोड्नुभएन ।

पवित्रशास्त्रमा आफ्ना जनहरूको आराधनाको विधिसम्बन्धी विस्तृत लिखित निर्देशनहरू पाइन्छन् । यो कुरा विशेष गरी लेवीहरूको पुस्तकबाट स्पष्ट हुन्छ, किनकि यो पुस्तक मुख्यतः आराधनासँग सम्बन्धित विभिन्न विधी-विधानहरू र धार्मिक अनुष्ठानहरूको बारेमा हो । हामीलाई तुरुन्तै प्रभावित गर्ने कुरा यसको आश्चर्यजनक विस्तृतता हो । धेरै नियमहरू पूजाहारीहरूको कर्तव्य, बलिदान प्रणाली, शुद्ध र अशुद्ध जनावरहरूबीचको भिन्नता, शुद्धीकरणका विधीहरू, तथा पवित्र दिनहरू र चाडपर्वहरूको पालनासँग सम्बन्धित छन् । त्यहाँ परमेश्वरले निरन्तर यसो भनिरहनुभएको जस्तो देखिन्छ: "यो गर्नुपर्छ, र त्यो पनि गर्नुपर्छ!" उदाहरणका लागि, लेवी ६:९ यसरी शूरू हुन्छ: "हारून र उनका छोराहरूलाई आज्ञा दे, 'होमबलिको व्यवस्था यही हो।'" त्यसपछि पद १४ मा भनिएको छ, "अन्नबलिको व्यवस्था यही हो," र पद २५ मा, "पापबलिको व्यवस्था यही हो" भनिएको छ । यसरी परमेश्वरले ईश्वरीय आराधनाको सम्पूर्ण प्रणालीलाई सञ्चालन र नियमन गर्नका लागि व्यवस्थाहरू दिनुभयो ।

*मानिसका लागि परमेश्वरको आज्ञा*

व्यवस्था ४:२ मा यसो भनिएको छ: "मैले तिमीहरूलाई आज्ञा गरेका वचनमा तिमीहरूले केही थप्नु हुँदैन, न त त्यसबाट केही घटाउनु नै;

ताकि मैले तिमीहरूलाई आज्ञा गरेका परमप्रभु तिमीहरूका परमेश्वरका आज्ञाहरू पालन गर्न सक ।" यो पद, साथै पद १३ देखि १९ सम्म, आराधनासँग सम्बन्धित छन् । मोशामार्फत परमप्रभुले भन्नुभएको कुरा मूलतः यस्तो हो: "आराधनामा प्रेरित र लिखित वचनको कडाइका साथ पालन हुनुपर्छ; त्यसमा न केही थपिनु पर्छ, न केही घटाइनु पर्छ ।" क्याल्भिनले व्यवस्था १२:३२ माथि टिप्पणी गर्दै यसो भनेका छन्: "कुनै कुरा थप्न वा घटाउन निषेध गरेर, परमेश्वरले मानिसहरूले आफ्नै कल्पनाबाट आविष्कार गरेका सबै कुरालाई अवैध ठहराउनुभएको छ।"[32] आराधनाकै सन्दर्भमा यो गम्भीर प्रश्न सोधिएको थियो: "यो कुरा तिमीहरूका हातबाट कसले मागेको हो?" (यशैया १:१२) । यसको तत्कालीन सन्दर्भ मन्दिर वरिपरिका पवित्र प्राङ्गणहरूमा मानिसहरूले आफ्ना चौपायाहरू लिएर अनादरपूर्वक हिँडडुल गर्नु थियो । यस्तो व्यवहारलाई कुनै ईश्वरीय अनुमति दिइएको थिएन । त्यसकारण यसलाई पवित्र कुराको गम्भीर अपवित्रीकरण मानियो । परमेश्वर यस कार्यबाट अत्यन्त अप्रसन्न हुनुभयो, मुख्यतः यस कारणले कि उहाँले आफ्नो वचनमा त्यस्तो अभ्यासलाई अनुमति दिनुभएको थिएन ।

यसलाई यदि हामी समग्र सुसमाचारवादी मण्डलीको अवस्थामाथि लागू गर्‍यौं भने कस्तो हुन्छ? "यो तिमीहरूको हातबाट कसले मागेको हो?" आजको एउटा सामान्य आधुनिक मण्डलीभित्र प्रवेश गर्दा हामीलाई प्रायः एउटा अर्केस्ट्रा र धेरैजसो अवस्थामा ड्रमहरूको सेटले स्वागत गर्छ । "यो तिमीहरूको हातबाट कसले मागेको हो?" आराधना शूरू हुन्छ, र केही समयमै त्यहाँ कुनै न कुनै नाटकीय प्रस्तुति देखिन्छ—सायद कुनै दृष्टान्त वा चमत्कारलाई अभिनय गरेर देखाइन्छ । "यो तिमीहरूको हातबाट कसले मागेको हो?" त्यसपछि एक महिला उठेर आफूले लेखेको कविता पढ्छिन् । मानिसहरू प्रभावित हुन्छन्—तर फेरि प्रश्न उठ्छ, "यो तिमीहरूको हातबाट कसले मागेको हो ?" प्रवचन अन्ततः प्रोजेक्टरमा देखाइएका विभिन्न चित्रहरूको श्रृंखला मात्र बन्छ । "यो तिमीहरूको हातबाट कसले मागेको

---

[32] जोन क्याल्भिन, *"हार्मोनी अफ द लास्ट फोर बुक्स अफ मोसेस"*, इन *क्याल्भिन्स कमेन्टरीज* (ग्रान्ड र्‍यापिड्स: बेकर, १९९३), २:४५३।

हो?” यसरी हामी अघि बढ्न सक्छौं । तर मुख्य प्रश्न भने उही रहन्छ: “यो तिमीहरूको हातबाट कसले मागेको हो ?”

आराधनामा मानिसहरूले परमेश्वरको प्रकट इच्छालाई ध्यान नदिई आफ्नै तरिकाले काम गर्दा परमेश्वर त्यसलाई गहिरो रूपमा असन्तुष्ट हुनुहुन्छ । यर्मिया ७:३१ मा उहाँले उनीहरूको व्यवहारको निन्दा गर्नुहुन्छ: “उनीहरूले हिन्नोमको बेँसीमा रहेको तोपेथका उच्च स्थानहरू बनाएका छन्, ताकि आफ्ना छोराछोरीहरूलाई आगोमा बलि चढाउन सकून्—जुन कुरा मैले उनीहरूलाई कहिल्यै आज्ञा दिएको थिइनँ, न त यो मेरो हृदयमा कहिल्यै आएको थियो ।” यहाँ समस्या केवल यो थिएन कि उनीहरूले एउटा आपत्तिजनक भवन निर्माण गरेका थिए, वा केवल यो पनि थिएन कि उनीहरूले क्रूर धार्मिक विधीहरू अपनाएका थिए। मुख्य समस्या त यो थियो कि उनीहरूले आराधनामा त्यस्तो कुरा गरिरहेका थिए जुन परमेश्वरले “कहिल्यै आज्ञा दिनुभएको थिएन ।” यही प्रकारको आरोप परमेश्वरले यर्मिया १९:५ र ३२:३५ मा पनि लगाउनुहुन्छ । त्यसैले, भक्तजनहरूले परमेश्वरले निर्धारिण गर्नुभएको विधी पालन गर्न ठूलो सावधानी अपनाएका थिए । यसैकारण हामी २ इतिहास ८:१२–१३ मा पढ्छौं कि सोलोमनले “हरेक दिन निश्चित आवश्यकता अनुसार होमबलि चढाए, मोशाको आज्ञा अनुसार नै ।” यस्तै प्रकारको विवरण दाऊदको बारेमा पनि दिइएको छ । २ इतिहास २९:२५ मा भनिएको छ कि उनले “परमप्रभुको मन्दिरमा लेवीहरूलाई झ्याली, सारंगी र वीणा सहित खडा गरे... किनकि यो काम परमप्रभुको आज्ञा उहाँका अगमवक्ताहरूद्वारा दिइएको थियो ।”

आजका विश्वासीहरूले परमेश्वरले निर्धारित गर्नुभएको आराधनाको विधी पालन गर्नु बुद्धिमानी हुन्छ । निस्सन्देह, यदि हामीले त्यसो गर्‍यौं भने हामी अल्पसंख्यकमा पर्न सक्छौं । आजका धेरै सुसमाचारीय समकालीनहरू सार्वजनिक आराधनामा हुने सबै प्रकारका मनोरञ्जनात्मक नयाँ प्रयोगहरूलाई सहन गर्न तयार छन् । तर हाम्रो गम्भीर कर्तव्य परमेश्वरको आज्ञा पालन गर्नु हो । सबैभन्दा पहिले, हामी आफैँ दृढ रूपमा खडा हुनुपर्छ । त्यसपछि हामीले अरूलाई—नामधारी ख्रीष्टियनहरू र नामधारी मण्डलीहरूलाई—परमेश्वर, पवित्रशास्त्र र उहाँका पवित्र आज्ञाहरूतर्फ फर्कन बोलाउनुपर्छ । आधुनिक मण्डलीले

परमेश्वरलाई गहिरो रूपमा अपमान गरिरहेको छ । यसले उहाँलाई बेवास्ता गरिरहेको छ र आराधनाको कुनै नियम नै छैन जस्तो व्यवहार गरिरहेको छ ।

*आफ्नै तरिकाले आराधना गर्नु*

हामीलाई यो देख्दा अचम्म मान्नु पर्दैन कि परमेश्वरले बारम्बार र निरन्तर रूपमा त्यस्ता मानिसहरूको न्याय गर्नुभएको छ, जसले आफ्नै कल्पना वा तरिकाअनुसार उहाँको आराधना गरेका छन् । कैनको घटनालाई विचार गरौँ । पतनपछि तुरुन्तै परमेश्वरले कृपापूर्वक सुसमाचार प्रकट गर्नुभयो, र त्यसलाई बलिदानको माध्यमबाट चित्रात्मक रूपमा देखाउनुभयो (उत्पत्ति ३:१५, २१) । त्यसपछि हाबिलले ल्याएको भेटी त्यही प्रकारको थियो जुन परमेश्वरले माग गर्नुभएको थियो— "उसको बगालका पहिलो जन्मेका पशुहरू र तिनीहरूको बोसो" (उत्पत्ति ४:४) । तर कैनको भेटी निर्दिष्ट गरिएको रगतको बलिदान थिएन, बरु "भूमिको उब्जनी" मात्र थियो (उत्पत्ति ४:३) । बाइबलले भन्छ कि परमप्रभुले हाबिलको आराधना स्वीकार गर्नुभयो, तर कैनको आराधना अस्वीकार गर्नुभयो । वास्तवमा, कैनको बाटो अन्ततः परमेश्वरबाट अलग हुने अवस्थासम्म पुग्यो ।

लेवी १०:१–३ मा हारूनका दुई छोराहरू, नादाब र अबीहू, जो पुजारी थिए, तिनीहरूले परमप्रभुको अघि "अनौठो आगो" अर्पण गरेको घटना उल्लेख गरिएको छ । परमेश्वरले आज्ञा दिनुभएको थियो कि धूप बाल्नका लागि आगो काँसाको वेदी—अर्थात् बलिदानको वेदी—बाट लिइनुपर्छ (लेवी १६:१२; साथै प्रकाश ८:५ हेर्नुहोस्) । यो आज्ञा अत्यन्त महत्त्वपूर्ण र गहिरो अर्थपूर्ण थियो, किनकि यसले बलिदान र मध्यस्थताको सम्बन्धलाई जोड्थ्यो । तर कुनै कारणवश नादाब र अबीहूले आगो अर्को ठाउँबाट लिए । त्यसरी उनीहरूले धूप बाल्दा "अनौठो आगो" अर्पण गरे—अर्थात् त्यस्तो कुरा जो परमेश्वरले "तिनीहरूलाई आज्ञा गर्नुभएको थिएन।" यसको परिणामस्वरूप परमेश्वर तिनीहरूप्रति अत्यन्त क्रोधित हुनुभयो, र "परमप्रभुबाट आगो निस्केर तिनीहरूलाई भस्म गर्‍यो, र तिनीहरू परमप्रभुको अघि मरे ।" आराधनामा हामीले के अर्पण गर्छौं भन्ने विषयमा हामी कति सावधान

हुनुपर्छ ! हामीले सधैं प्रकटीकरण (परमेश्वरको प्रकट वचन) लाई तर्कभन्दा माथि राख्नुपर्छ । यदि हामी ईश्वरीय आज्ञाप्रति असावधान भयौं भने परमेश्वर हामीबाट प्रसन्न हुनुहुन्न, र उहाँले हामीसँग कठोर व्यवहार पनि गर्न सक्नुहुन्छ ।

## आराधनाबारे बाइबलीय शिक्षा: नयाँ करार

जब हामी नयाँ करारतर्फ आउँछौं, हामीले पहिलो कुरा ध्यान दिनुपर्छ कि जसरी मोशा इस्राएली मण्डलीको आराधनालाई व्यवस्थित गर्नमा विश्वासयोग्य थिए, त्यसैगरी ख्रीष्ट पनि ख्रीष्टियन मण्डलीको आराधनालाई व्यवस्थित गर्नमा विश्वासयोग्य हुनुहुन्छ । हाम्रा प्रभुको बारेमा लेखिएको छ कि उहाँ "उहाँलाई नियुक्त गर्नुहुनेप्रति विश्वासयोग्य हुनुहुन्थ्यो, जसरी मोशा पनि उहाँको सबै घरमा विश्वासयोग्य थिए" (हिब्रू ३:२)—अर्थात् उहाँको घरको प्रत्येक पक्षमा । यदि यी शब्दहरूको अर्थ केही छ भने, यसको अर्थ यो हो कि जसरी मोशाले पुरानो करारको औपचारिक र प्रतिरूपात्मक आराधनाका सबै विवरणहरू निर्धारित गरेका थिए, त्यसैगरी ख्रीष्टले नयाँ करारको आत्मिक आराधनाका प्रत्येक पक्षका बारेमा पनि स्पष्ट निर्देशन दिनुभएको छ । निश्चय नै, मोशाका संस्थाहरू "छायाँ" वा "आगामी असल कुराहरूका प्रतिरूप" थिए, र त्यसैले तिनलाई हटाएर नयाँ व्यवस्थासँग मिल्ने अझ उपयुक्त आराधनाका तत्वहरूले प्रतिस्थापित गर्न आवश्यक थियो । यसैले ख्रीष्टले सुसमाचार मण्डलीका लागि नयाँ व्यवस्था र विधीहरू दिनुभएको छ, र ख्रीष्टियन विश्वासीहरूलाई "उहाँलाई सुन" (मत्ती १७:५) भनेर आज्ञा दिइएको छ । यद्यपि परिवर्तन भएको छ, परमेश्वर अझै पनि आफ्नै आराधनाको व्यवस्था गर्ने अधिकार राख्नुहुन्छ र ख्रीष्टियनहरूले उहाँको वचनका निर्देशनहरूलाई अत्यन्त सावधानीपूर्वक पालन गर्नुपर्छ ।

*"आत्मा र सत्यमा"*

आफ्नो सेवाकालमा प्रभु येशू ख्रीष्टले स्पष्ट रूपमा सिकाउनुभयो कि आराधना "आत्मा र सत्यमा" हुनुपर्छ (यूहन्ना ४:२४) । अब यसको अर्थ के हो? यसको अर्थ यो हो कि ख्रीष्टियन युगमा हुने आराधना परमेश्वरको स्वभावसँग मेल खाने ("आत्मामा") हुनुपर्छ, र साथै उहाँको प्रकाशद्वारा

नियन्त्रित ("सत्यमा") हुनुपर्छ । "सत्यमा" हुने आराधनाबारे १७०० को दशकका ब्रिटिश बप्तिस डा. जोन गिलले भनेका थिए कि यो त्यस्तो आराधना हो जुन "सत्यको वचन अनुसार र उहाँको इच्छासँग मेल खाने" हुन्छ ।[33] यो विशेष मागले विशेष गरी सुसमाचारीय आराधनामा हुने सबै मानव आविष्कारहरूलाई बहिष्कार गर्छ । ख्रीष्टले स्पष्ट गर्नुभयो कि आराधनाको शैली र रूप परिवर्तन भएको छ । आराधनाको पूर्ण रूपमा नयाँ तरिका प्रस्तुत गरिएको छ, तर त्यो नयाँ तरिका पनि परमेश्वरको वचनद्वारा नै निर्धारित गरिएको हो । परमेश्वरको वचन अझै पनि त्यही नियम हो जसबाट कुनै पनि प्रकारको विचलन हुनु हुँदैन । यदि हामी परमेश्वरको वचनबाट टाढा जान्छौं, सायद अहिले "नयाँ स्वतन्त्रता" आएको छ भन्ने सोचेर, त ख्रीष्टको अधिकार अनुसार हाम्रो आराधना "व्यर्थ" वा "निष्फल" बन्छ । यस्तो आराधनाले परमेश्वरलाई होइन, मानिसहरूलाई नै सम्मान गरिरहेको हुन्छ । मत्तीको सुसमाचारमा हामी पढ्छौं कि ख्रीष्टले यहूदीहरूलाई सोध्नुभयो: "तिमीहरू किन आफ्ना परम्पराद्वारा परमेश्वरको आज्ञा उल्लङ्घन गर्छौ?" (मत्ती १५:३) । यहाँ "उल्लङ्घन" भन्ने क्रियाको शाब्दिक अर्थ "पार गर्नु" वा "सीमा नाघ्नु" हो—अर्थात् निर्धारित सीमाभन्दा बाहिर जानु । आज पनि ठीक यही भइरहेको छ । बाइबलीय आराधनाप्रति असन्तुष्ट भएर मानिसहरू आफ्ना "अगाडि बढ्ने" विचारहरूमा रमाउन चाहन्छन् । उनीहरू आफूलाई नयाँ बाटो खोल्ने व्यक्ति भन्छन् र आफ्नो आधुनिक आराधनामा गर्व गर्छन् । तर वास्तवमा यो सबै कुनै वास्तविक आत्मिक लाभको कुरा होइन । प्रभु येशू ख्रीष्टको अनुसार यस्तो आराधना "व्यर्थ" हुन्छ ।

यस सिद्धान्तलाई व्यवहारमा उतार्नु सजिलो छैन, साँच्चै धेरै कठिन छ, र यदि सेवक र मण्डली दुवैले यसलाई पालन गर्ने हो भने उनीहरूलाई परमेश्वरबाट धेरै अनुग्रहको आवश्यकता पर्छ । हामीलाई वर्षौंदेखि गर्दै आएका केही कुराहरू वास्तवमा शास्त्रीय अधिकारविना नै भएका रहेछन् भन्ने स्वीकार गर्न गाह्रो हुन्छ । साथै, हाम्रो वरिपरिका अन्य सुसमाचारीय मण्डलीहरूभन्दा फरक हुने गरी आफ्नो आराधना परिवर्तन गर्नु पनि हामीलाई कठिन लाग्छ । तर, शबाथको दिनमा भेला

---

[33] जोन गिल, *गिल्स कमेन्टरी* (ग्रान्ड र्‍यापिड्स: बेकर, १९८०), ५:६३३।

हुनुको उद्देश्य आफूलाई खुशी पार्नु होइन । हामी त्यस दिन सर्वशक्तिमान परमेश्वरलाई प्रसन्न पार्न भेला हुन्छौं । हामीले उहाँको सिंहासन अघि त्यही कुरा प्रस्तुत गर्न प्रयास गर्नुपर्छ, जुन उहाँले हामीबाट माग गर्नुभएको छ; अन्यथा हाम्रो आराधना पूर्ण रूपमा असफल हुनेछ । महान् आज्ञामा प्रभुले यस कुरालाई विशेष जोड दिनुभयो र उहाँले आफ्नो मण्डलीको आराधनाको प्रत्येक भाग उहाँ आफैले निर्धारण गर्नुहुनेछ भनेर सिकाउनुभयो ।

उहाँले भन्नुभयो: "अनि तिनीहरूकहाँ आएर येशू तिनीहरूसँग यसो भन्दै बोल्नुभयो: "स्वर्ग र पृथ्वीमा सारा अधिकार मलाई दिइएको छ। यसकारण तिमीहरू जाओ, र सबै जातिहरूलाई चेला बनाओ, तिनीहरूलाई पिताको, पुत्रको र पवित्र आत्माको नाममा बप्तिस्मा देओ, मैले तिमीहरूलाई जे-जे आज्ञा गरें, ती सबै तिनीहरूलाई पालन गर्न सिकाओ; अनि हेर, म सधैंभरि, अँ, संसारको अन्तसम्म नै तिमीहरूको साथमा छु।" आमेन!" (मत्ती २८:१८–२०) । यसैले उहाँका सेवकहरूको जिम्मेवारी हो कि उनीहरूले नामधारी विश्वासीहरूलाई केवल प्रभुले आज्ञा गर्नुभएको कुरामा मात्र आज्ञाकारी हुन सिकाऊन् । ख्रीष्टले केही आज्ञाहरू व्यक्तिगत रूपमा दिनुभयो र केही आफ्ना प्रेरितहरूद्वारा दिनुभयो (यूहन्ना १४:२५–२६; १६:१२–१३; २ कोरिन्थी १३:३) । जसरी भए पनि, हामी उहाँको वचनमा निर्धारित आराधना र विधीहरू मात्र अभ्यास गर्न बाध्य छौं । क्याल्भिनले यस खण्डबारे यसो भने: "उहाँले प्रेरितहरूलाई यो सर्तसहित पठाउनुहुन्छ कि उनीहरूले आफ्ना आविष्कारहरू प्रस्तुत गर्ने छैनन्, बरु उहाँले उनीहरूलाई सुम्पिएको कुरा शुद्ध र विश्वासयोग्य रूपमा हस्तान्तरण गर्नेछन् ।"[34]

ख्रीष्टले भन्नुभएको कुरासँग पूर्ण रूपमा मेल खाने गरी प्रेरितहरूले स्पष्ट पारे कि मण्डलीको आराधनामा के गरिने हो भन्ने कुरा केवल वचनद्वारा नै निर्धारण हुनुपर्छ । उदाहरणका लागि, पावलले प्रभुभोज सम्बन्धी विधीबारे सीधा निर्देशन दिए । उनले कोरिन्थीहरूलाई लेखे: "किनकि मैले प्रभुबाट जे प्राप्त गरेँ, त्यही मैले तिमीहरूलाई पनि सुम्पिदिएको छु ।" त्यसपछि उनले प्रभुभोज कसरी मनाउन र ग्रहण

---

[34] क्याल्भिन, *"कमेन्टरी अन अ हार्मोनी अफ द इभान्जेलिस्ट्स"*, इन *क्याल्भिन्स कमेन्टरीज,* १७:३९०।

गर्नुपर्छ भन्ने कुरा विस्तृत रूपमा बताउँछन् (१ कोरिन्थी ११:२३–३०) । त्यही पत्रमा पछि उनले उनीहरूको सार्वजनिक आराधना सभा उचित रूपमा सञ्चालन हुनुपर्छ भनेर जोड दिए र त्यसका विवरणहरू पनि स्पष्ट गरे । केवल नियुक्त गरिएका शिक्षकहरूले मात्र भाग लिनुपर्ने र दुई वा तीन जना "अगमवक्ताहरू" (अर्थात् प्रेरित आत्माद्वारा निर्देशित शिक्षकहरू) मात्र बोल्नुपर्ने, त्यो पनि "पालैपालो" भन्ने निर्देशन उनले दिए (१ कोरिन्थी १४:२९–३१) ।

पावलले जोड दिए कि परमेश्वरको वचनले नै मण्डलीको आराधनाको स्वरूप निर्धारिण गर्नुपर्छ । उनले मण्डली स्वयंले आफ्नै आराधनासम्बन्धी कुनै कुरा निर्धारण गर्न सक्छ भन्ने विचारलाई पूर्ण रूपमा अस्वीकार गरे । उनको अनुसार अधिकार मण्डलीबाट आउँदैन; बरु परमेश्वरद्वारा प्रेरित र अचूक वचनमार्फत मण्डलीमा आउँछ । उनले सोधे: "के परमेश्वरको वचन तिमीहरूबाट निस्किएको हो? वा केवल तिमीहरूकहाँ मात्र आएको हो?" (१ कोरिन्थी १४:३६) । पवित्रशास्त्र नै मण्डलीमाथि लागू हुने अन्तिम अधिकार हो । "यदि कोही आफूलाई अगमवक्ता वा आत्मिक व्यक्ति ठान्छ भने, उसले यो बुझोस् कि मैले तिमीहरूलाई लेखेका कुराहरू प्रभुका आज्ञा हुन्" (१ कोरिन्थी १४:३७) । यही नै उचित व्यवस्था हो । आराधना न त कुनै व्यक्तिको विचारद्वारा, न त कुनै मण्डलीको इच्छाद्वारा निर्देशित हुनुपर्छ । आराधना केवल पवित्रशास्त्रद्वारा नै, र पूर्ण रूपमा पवित्रशास्त्रद्वारा मात्र निर्देशित हुनुपर्छ ।

*"स्वइच्छित आराधना"*

हामीलाई परमेश्वरको वचनबाट बहकाइने खतराबारे गम्भीर रूपमा चेतावनी दिइएको छ । आधुनिक, नवीन शैलीका आराधनाहरू केहीलाई आत्मिक र आकर्षक देखिन सक्छन्, तर हामीले याद राख्नुपर्छ कि पवित्रशास्त्रले भन्छ—अन्तिम विश्लेषणमा, केही कुराहरू जसले "बुद्धिको रूप देखाउँछन्," ती वास्तवमा "स्वइच्छित आराधना" हुन् (कलस्सी २:२३) । "स्वइच्छित आराधना" भनेको के हो? यो त्यस्तो आराधना हो जुन हाम्रो आफ्नै कल्पना र सिर्जनशीलताबाट उत्पन्नहुन्छ । पावलले यसलाई झूटो शिक्षाको अभ्याससँग सम्बन्धित भनी आलोचना

गर्छन् । विलियम यङ्ले भनेझैं, "नयाँ करारको मण्डलीको आराधनाको नियम परमेश्वरको इच्छा हो, मानिसको इच्छा होइन ।"[35] केही आधुनिक मण्डलीहरूमा आराधना पहिलो नजरमा भव्य देखिन्छ—गायक दल, नर्तकहरू, अर्केस्ट्रा, र अन्य धेरै कुराहरू हुन्छन् । तर नयाँ करारमा यी कुराहरूका लागि कुनै अधिकार भेटिँदैन । त्यसैले प्रश्न उठ्छ: यो के हो त? यो "स्वइच्छित आराधना" हो ।

हाम्रा प्रभु येशू ख्रीष्टले सम्पूर्ण ख्रीष्टियन युगका लागि आराधना स्थापना गर्नुभयो । उहाँले यो कार्य आफ्नो सार्वजनिक सेवाकालमै प्रत्यक्ष रूपमा, र पछि आफ्ना प्रेरितहरूको शिक्षामार्फत अप्रत्यक्ष रूपमा गर्नुभयो । उहाँका जनहरू भएको नाताले हामी उहाँका निर्देशनहरू पालन गर्न बाध्य छौं र उहाँको प्रकट इच्छाको प्रकाशमा आफ्नो आराधनालाई सुधार्नुपर्छ । आराधनामा भजनहरूको गान, पुरानो र नयाँ करारबाट पवित्रशास्त्रको पाठ, धन्यवाद, विन्ती र मध्यस्थताको प्रार्थना, परमेश्वरको वचनको प्रचार, प्रभुको नाममा आशिष् तथा दुई विधीहरूको—बप्तिस्मा र प्रभुभोजको—पालना समावेश हुनुपर्छ । यस कुरामा सचेत रहनुहोस् । सार्वजनिक आराधनाका सबै विषयमा परमेश्वरको वचनलाई मात्र एकमात्र नियम बनाउनुहोस् । परमेश्वरले भन्नुभएको छ: "जसले मलाई आदर गर्छ, म उसलाई आदर गर्नेछु" (१ शमूएल २:३०)। सबै मण्डलीहरूमा परमेश्वरको योग्य रूपमा प्रशंसा होस् !

*तपाईंले सृष्टि गर्नुभएका सबै जातिहरू*
*तपाईंको सामु श्रद्धापूर्वक आएर आराधना गर्नेछन्,*
*हे प्रभु, तपाईंको नामको महिमा तिनीहरूले गर्नेछन्।*

*किनकि तपाईं अत्यन्त महान् हुनुहुन्छ,*
*र तपाईंले गरेका कामहरू आश्चर्यजनक छन्;*
*हे प्रभु, तपाईं मात्र परमेश्वर हुनुहुन्छ ।*

---

[35] विलियम यङ, *द बिब्लिकल डक्ट्रिन अफ वर्शिप* (पिट्सबर्ग: रिफर्म्ड प्रेस्बिटेरियन चर्च अफ नर्थ अमेरिका, १९७४), ३१४।

*तपाईंको मार्ग मलाई सिकाउनुहोस्,*
*र तपाईंको सत्यतामा म हिँड्नेछु, हे प्रभु;*
*मेरो हृदयलाई एक बनाउनुहोस्,*
*ताकि म निरन्तर तपईंको नाउँको भय मान्न सकूँ ।*[36]

[36] स्कटिस साल्टर, १६५०, *भजन ८६*, पदहरू ९–११।

# अध्याय ४

## मण्डलीको शासन व्यवस्था
## The Government of the Church

*राज्यका चाबीहरू।* — मत्ती १६:१९

सन् १६४३ मा इङ्ग्ल्याण्डमा, संसदका दुवै सदनहरू र वेस्टमिन्स्टर ईश्वरशास्त्रीहरूको महासभाले *सोलेमन लिग एन्ड कभनेन्ट*[37] नामक दस्तावेजलाई अनुमोदन दिए । मस्यौदा दस्तावेज महासभामा पढिँदा त्यहाँको वातावरणलाई एक प्रत्यक्षदर्शीले यसरी वर्णन गरेका छन्: "एकरूपताको निम्ति हाम्रो प्रज्वलित उत्कट इच्छा प्रचण्ड ज्वालामा परिणत भयो., र यसलाई यति हृदयदेखि स्वीकार गरियो तथा यति प्रगाढ स्नेहपूर्ण अभिव्यक्तिहरूसहित अङ्गालियो कि त्यसको वर्णन प्रत्यक्ष देख्ने र सुन्ने व्यक्तिले मात्र गर्न सक्छ ।"[38] यस करारले त्यसमा हस्ताक्षर गर्नेहरूलाई "परमेश्वरको वचन र उत्कृष्ट सुधारवादी मण्डलीहरूको उदाहरणअनुसार" धर्मलाई सिद्धान्त, आराधना, अनुशासन र मण्डलीको शासन व्यवस्थामा सुधार गर्न प्रयत्नशील रहने दायित्वमा बाँध्यो ।[39] यसले उनीहरूलाई "पोपवाद, प्रिलेसी अर्थात् आर्चबिशप, बिशप, तिनका चान्सलरहरू र आयुक्तहरू, डीनहरू, डीन तथा धर्मसभाका काउन्सिल

---

[37] सोलेमन लिग एण्ड कभेनन्ट, सन् १६४३ मा स्कटल्याण्ड र इङ्ग्ल्याण्डको संसदबीच भएको एक ऐतिहासिक धार्मिक तथा राजनीतिक करार हो, जसलाई "गम्भीर सन्धि र करार" भनिन्छ । यस करारद्वारा सहभागीहरूले सुधारवादी ख्रीष्टियन विश्वास को रक्षा गर्ने, बाइबलअनुसार मण्डलीहरूमा धार्मिक एकरूपता कायम गर्ने, र रोमन क्याथोलिक तथा अन्य बाइबलबिरोधी शिक्षाहरूको विरोध गर्ने प्रतिज्ञा गरेका थिए । यसले इङ्ग्ल्याण्ड, स्कटल्याण्ड र आयरल्याण्डमा साँचो धर्मको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्य बोकेको थियो, र परमेश्वरको सामु गरिएको गम्भीर शपथको रूपमा इतिहासमा महत्त्वपूर्ण स्थान ओगटेको छ ।

[38] थोमस म्याक्री, *द स्टोरी अफ द स्कटिस चर्च* (ग्लासगो: फ्री प्रेस्बिटेरियन पब्लिकेसन्स, १९८८), १९५–१९६।

[39] सोलेम्न लिग एन्ड कभेनेन्ट, इन *वेस्टमिन्स्टर कन्फेसन अफ फेथ* (इनभरनेस: एफ. पी. पब्लिकेसन्स, १९८१), ३५८।

सदस्यहरू, मण्डलीका वरिष्ठ निरीक्षकहरू र त्यस पदानुक्रममा निर्भर अन्य सबै धार्मिक अधिकारीहरूद्वारा सञ्चालित मण्डली शासन व्यवस्था—अन्धविश्वास, विधर्म, फूट, अधर्म, तथा शुद्ध सिद्धान्त र भक्तिमय जीवनको शक्तिको विरोधमा पाइने जुनसुकै कुराको पूर्ण उन्मूलन गर्न" पनि प्रतिबद्ध बनायो ।[40]

हामी ती ख्रीष्टियनहरूको जोशबाट धेरै कुरा सिक्न सक्छौं, जसले आफूलाई हरेक पक्षमा पवित्रशास्त्रको नमूनाअनुसार ढाल्ने प्रयास गरे । उनीहरू आंशिक सुधारमै सन्तुष्ट भएनन्, बरु मण्डलीको जीवनका सबै पक्षहरूलाई परमेश्वरको इच्छाको अधीनमा ल्याउने प्रयास गरे । हामीलाई यो कुरा स्मरण गरिनु आवश्यक छ कि ख्रीष्ट मात्र हाम्रा मण्डलीहरूका एक मात्र व्यवस्थादाता हुनुहुन्छ; उहाँले मण्डलीको अधिकारीहरूलाई जुन अधिकार दिनुभएको छ, त्यसको स्वरूप के हो भन्ने कुरा हामी स्पष्ट हुनुपर्छ र उहाँले आफ्ना सेवाका लागि यी पदहरूमा कस्ता प्रकारका मानिसहरू चाहनुहुन्छ भन्ने कुरा पनि बुझ्नुपर्छ । यो आज धेरै मण्डलीहरूको अभ्याससँग विपरीत छ । मण्डलीको शासन व्यवस्थालाई प्रायः गौण विषयको रूपमा हेरिन्छ र बाइबलीय मण्डली शासन व्यवस्थाको लागि गम्भीर रूपमा प्रयास गर्ने इच्छाशक्ति कमजोर देखिन्छ ।

## मण्डली शासन व्यवस्थाका आधारभूत सिद्धान्तहरू

*ख्रीष्ट मात्र मण्डलीका एकमात्र शिर हुनुहुन्छ*

बाइबलका धेरै खण्डहरूले स्पष्ट रूपमा ख्रीष्टको मण्डलीमाथिको सर्वोच्च अधिकारलाई घोषणा गर्दछन् । यशैयाको एक भविष्यवाणीले उहाँलाई "राजकुमार" भनेर उल्लेख गर्दछ र यसको अर्थ यस्तो हुन्छ कि "शासन उहाँकै काँधमा हुनेछ" (यशैया ९:६) । अर्को भविष्यवाणी, यसपटक मीकाको पुस्तकमा, उहाँलाई "इस्राएलका शासक" भनेर वर्णन गरिएको छ, जसले "परमप्रभुको शक्तिमा, परमप्रभु आफ्ना परमेश्वरको नामको महिमामा आफ्ना मानिसहरूलाई शासन गर्नेछ" (मीका ५:२, ४)।

नयाँ नियममा यी भविष्यवाणीहरूको पूर्णता पाइन्छ । एफिसी १:२२–२३ ले भन्छ कि परमेश्वरले "सबै कुरा उहाँका पाउमुनि

[40] सोलेम्न लिग एन्ड कभेनेन्ट, ३५९।

राखिदिनुभएपछि," उहाँले "उहाँलाई मण्डलीका निम्ति सबै कुरामाथि शिर बनाउनुभयो, जुन उहाँको शरीर हो, उहाँको पूर्णता, जसले सबै कुरालाई सबैमा पूर्ण पार्नुहुन्छ।" यसरी, मध्यस्थताको रूपमा ख्रीष्टको पदका कारण, उहाँसँग एक सामान्य र सार्वभौमिक सार्वभौमिकता छ, जसलाई उहाँ आफ्नो मण्डलीको हित र भलाइका लागि प्रयोग गर्नुहुन्छ । तर प्रेरित पावलले स्पष्ट गरेझैँ, ख्रीष्टसँग आफ्नो मण्डलीमाथि विशेष प्रभुत्व वा शासन पनि छ: "उहाँ शरीर अर्थात् मण्डलीका शिर हुनुहुन्छ" (कलस्सी १:१८)। उहाँका विभिन्न उपाधिहरूले पनि यही कुरालाई पुष्टि गर्दछन् । उहाँलाई "राजा" भनिएको छ, जस्तै भजनसंग्रह २:६ मा: "तर मैले मेरो पवित्र सियोन पर्वतमा मेरो राजा स्थापना गरेको छु ।" उहाँलाई "गोठालो" पनि भनिएको छ, जसले अधिकारलाई पनि जनाउँछ; अगमवक्ताले उहाँको बारेमा भन्छन्: "उहाँले आफ्नो बगाललाई गोठालोले जस्तै चराउनुहुनेछ" (यशैया ४०:११)। नयाँ नियममा उहाँले आफूलाई "गुरु" भन्नुहुन्छ (यूहन्ना १३:१३), र उहाँका चेलाहरूले उहाँलाई नियमित रूपमा "प्रभु" भनेर सम्बोधन गर्छन्, यहाँसम्म कि "सबैका प्रभु" (प्रेरित १०:३६) भनेर पनि । हिब्रू ३:६ ले उहाँलाई "परमेश्वरको आफ्नै घरमाथि पुत्र" भनेर वर्णन गर्छ: अर्थात् जीवित परमेश्वरको मण्डलीमाथि उहाँको अधिकार प्रयोग गर्ने परमेश्वरका पुत्र । यसरी उहाँका यी सबै उपाधिहरूले यो स्पष्ट गर्छन् कि उहाँ नै मण्डलीका वास्तविक शिर हुनुहुन्छ ।

ख्रीष्टको शिरत्वको थप पुष्टि उहाँका आधिकारिक कार्यहरू वा कामहरूमा पनि पाइन्छ । हामी पढ्छौं कि उहाँको पुनरुत्थान र स्वर्गारोहण बीचका चालीस दिनहरूमा, "पवित्र आत्माद्वारा" येशूले प्रेरितहरूलाई "आज्ञाहरू दिनुभयो ।" यी आज्ञाहरू "परमेश्वरको राज्य" सम्बन्धी थिए—अर्थात् ती प्रारम्भिक ख्रीष्टियन मण्डलीको व्यवस्था र संरचनासम्बन्धी निर्देशनहरू थिए (प्रेरित १:२–३) । यी आज्ञाहरू मण्डलीका संस्थाहरू र विधीहरूसँग सम्बन्धित थिए । हामी जान्दछौं कि ख्रीष्टले वचनको प्रचार र "सकरामेन्ट" भनिने विधिहरूलाई स्थापना गर्नुभयो, तर उहाँले निश्चय नै प्रेरितहरूलाई आफ्नो मण्डलीको शासनसम्बन्धी विषयमा पनि निर्देशन दिनुभयो । यद्यपि प्रेरितहरू आफ्नै अधिकारसहितका अगुवाहरू थिए, तर तिनीहरूको अधिकार मौलिक

थिएन; तिनीहरूले केवल ख्रीष्टको नाममा सेवा गर्न सक्थे । मत्ती १६:१८ मा उहाँले जसलाई सही रूपमा "मेरो मण्डली" भन्नुभयो, त्यसको शिर उहाँ मात्र हुनुहुन्थ्यो ।

*ख्रीष्टले मण्डलीमा एक शासन स्थापना गर्नुभएको छ*

पवित्रशास्त्रमा "चाबी" शब्दलाई प्रायः शासन वा अधिकारको प्रतीकको रूपमा प्रयोग गरिएको पाइन्छ (यशैया २२:२२; साथै ९:६ पनि हेर्नुहोस्) । सम्पूर्ण र निरपेक्ष शासन अधिकार ख्रीष्टमै निहित छ (प्रकाश ३:७), तापनि उहाँले आफ्ना प्रेरितहरूलाई केही अधिकार प्रदान गर्नुभएको देखिन्छ, जसलाई तिनीहरूले उहाँको प्रकट इच्छाअनुसार प्रयोग गरे । उहाँ आफ्नो पृथ्वीमा रहनुभएको समयमा पत्रुसलाई भन्नुभयो: "म तिमीलाई स्वर्गको राज्यका चाबीहरू दिनेछु" (मत्ती १६:१९; साथै २ कोरिन्थी १०:८; १३:१० पनि हेर्नुहोस्)। चाबीले घर खोल्ने वा बन्द गर्ने काम गर्ने भएकाले, यो एक प्रतीकात्मक तरिका हो जसद्वारा पत्रुस र अन्य प्रेरितहरूले सुसमाचारप्रति मानिसहरूको प्रतिक्रिया अनुसार मण्डलीमा प्रवेशको अधिकार दिन वा रोक्न सक्थे भन्ने कुरा व्यक्त गरिएको हो ।

प्रेरितीय पद निश्चय नै असाधारण थियो र यसको स्वभावका कारण यो अस्थायी पनि थियो (प्रेरित १:२१–२२; १ कोरिन्थी ४:९) । तर ख्रीष्टले अन्य "शासनसम्बन्धी पदहरू" स्थापना गर्नुभयो, जुन सामान्य र स्थायी छन् । "उहाँ उच्चमा उक्लनुभएपछि उहाँले... वरदानहरू दिनुभयो... उहाँले कोहीलाई प्रेरितहरू, कोहीलाई अगमवक्ताहरू, कोहीलाई सुसमाचार प्रचारकहरू र कोहीलाई पास्टर तथा शिक्षकहरू दिनुभयो" (एफिसी ४:८, ११)। हामी १ कोरिन्थी १२:२८ मा पनि पढ्छौं कि "परमेश्वरले मण्डलीमा कोहीलाई प्रथम प्रेरितहरू, दोस्रो अगमवक्ताहरू, तेस्रो शिक्षकहरू, त्यसपछि चमत्कारहरू, अनि निको पार्ने वरदानहरू, सहायता गर्नेहरू, शासनहरू र विविध भाषाहरू नियुक्त गर्नुभएको छ।" ख्रीष्टको दृश्य राज्यलाई शासन आवश्यक पर्छ र यस विषयमा प्रभुको इच्छा उहाँको वचनमा पूर्ण रूपमा प्रकट गरिएको छ (१ तिमोथी ३:१४–१५)।

*मण्डलीको अधिकार केहीलाई मात्र दिइएको छ*

शासनसँग सम्बन्धित उपाधिहरू मण्डलीभित्र केही निश्चित व्यक्तिहरूलाई मात्र दिइएका हुन्छन् । ती हुन्: एल्डरहरू, बिशपहरू (वा निरीक्षकहरू), शासकहरू, प्रशासकहरू, र गोठालाहरू । यसका विपरीत, अन्य शब्दहरूले सम्पूर्ण मण्डली समुदायलाई जनाउँछन्, जस्तै: राज्य, शहर, परिवार र बगाल । यसबाट स्पष्ट हुन्छ कि परमेश्वरको ईश्वरीय व्यवस्था अनुसार प्रभुका जनहरूबीच केही विश्वासीहरू नेतृत्वको जिम्मेवारीमा राखिन्छन् । यो कुरा प्रयोग गरिएका नामहरूबाट मात्र होइन, उनीहरूलाई दिइएका आत्मिक वरदानहरूबाट पनि स्पष्ट हुन्छ । एफिसी ४:११–१२ मा, १ कोरिन्थी १२:२८ सँग मिल्दोजुल्दो खण्डमा, हामी पढ्छौं कि ख्रीष्टले "कोहीलाई प्रेरितहरू, कोहीलाई अगमवक्ताहरू, कोहीलाई सुसमाचार प्रचारकहरू, र कोहीलाई पास्टर तथा शिक्षकहरू दिनुभयो," "सन्तहरूको सिद्धीकरणका लागि, सेवाको कामका लागि र ख्रीष्टको शरीरको उन्नतिका लागि" (पद १२)।

यस बाहेक, स्पष्ट रूपमा केही आत्मिक कर्तव्यहरू छन् जुन केवल केही व्यक्तिहरूलाई मात्र पूरा गर्न दिइएको हुन्छ । उदाहरणका लागि, वचन प्रचार गर्ने कर्तव्य त्यस्ता व्यक्तिहरूलाई सुम्पिएको हुन्छ जसलाई बोलावट गरिएको हुन्छ: "उनीहरू पठाइएनन् भने कसरी प्रचार गर्ने?" (रोमी १०:१५)। *सकरामेन्ट*[41]हरूको प्रशासन पनि अर्को कर्तव्य हो, जुन प्रभुद्वारा नियुक्त गरिएका पुरुषहरूको जिम्मामा रहन्छ: "यसकारण जाओ, सबै जातिहरूलाई चेला बनाओ, तिनीहरूलाई बप्तिस्मा दिँदै... मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाउँदै" (मत्ती २८:१९–२०; साथै प्रेरित १६:१५, ३३; २०:११ हेर्नुहोस्)। हामी यहाँ मानिसहरूलाई ख्रीष्टियन सेवाकाईका लागि अभिषेक वा अलग गर्ने कार्यलाई पनि उल्लेख गर्न सक्छौं । पावलले तिमोथीलाई लेख्छन्: "तिमीमा भएको दानलाई हेलचेक्र्याइँ नगर, जुन दानचाहिँ एल्डरहरूका हातहरू राखिँदाखेरि भविष्यवाणीद्वारा तिमीलाई दिइएको थियो।" (१ तिमोथी ४:१४)। सम्पूर्ण मण्डलीले हात राख्ने काम गरेन । मण्डलीभित्रका एक विशेष समूहका मानिसहरू, अर्थात् "प्रेस्बिटरहरू," ले यो आशीर्वादको कार्य गरे । हाम्रो अंग्रेजी शब्द *प्रेस्बिटर* ग्रीक

[41] विधीहरू

शब्द *प्रेस्बुटेरोई* बाट आएको हो, जसलाई प्रायः "एल्डरहरू" भनेर अनुवाद गरिन्छ । यसरी प्रेस्बिटरहरू वा एल्डरहरूलाई ख्रीष्टको अधीनमा रहेर यस पवित्र सेवाकाईमा अरूलाई अलग गर्ने अधिकार प्रदान गरिएको थियो ।

यी उदाहरणहरूले स्पष्ट बनाउँछन् कि प्रेरितहरूको समयमा प्रत्येक मण्डली सदस्यले शक्ति वा अधिकार प्रयोग गर्दैनथ्यो । यो अधिकार मण्डलीभित्र नियमित रूपमा नियुक्त गरिएका अधिकारीहरूले मात्र प्रयोग गर्ने विषय थियो । *गैर-अनुरूपतावाद (nonconformity)* [42] भित्रको एउटा दुःखद विकास भनेको लोकतान्त्रिक भावनाको व्यापक अपनाइ हो । केही मण्डलीहरूमा अहिले यस्तो मान्यता बनिसकेको छ कि एक सदस्यसँग अर्को सदस्य जत्तिकै नेतृत्व गर्ने, शासन गर्ने, वचन प्रचार गर्ने, वा प्रभुको टेबलमा अध्यक्षता गर्ने समान अधिकार हुन्छ । यो धारणा पूर्ण रूपमा अनुचित छ । वास्तवमा, यो पवित्रशास्त्रको शिक्षासँग स्पष्ट रूपमा विपरीत छ ।

## मण्डली शासनको ईश्वरीय अधिकार (*जुस डिविनुम*)

हाम्रा पूर्वजहरूले *jus divinum (जुस डिविनुम)* भन्ने शब्द प्रयोग गर्थे, जसको अर्थ मण्डलीको शासन परमेश्वरको ईश्वरीय अधिकार वा व्यवस्था अनुसार छ भन्ने हो । अर्को शब्दमा भन्नुपर्दा, परमेश्वरको लिखित वचनले मण्डली शासन व्यवस्थालाई स्पष्ट र पूर्ण रूपमा निर्धारण गरेको छ । सुधार आन्दोलनको समयमा, वर्सेस्टरका बिशप स्टिलिङफ्लिट जस्ता केही व्यक्तिहरूले यस्तो तर्क गरे कि नयाँ नियमले कुनै विशेष मण्डली शासनको रूप स्पष्ट रूपमा तोकेको छैन । उनीहरूको विचारमा, बिशपहरू वा राज्यका शासकले कुन प्रकारको मण्डली शासन उत्तम हो भन्ने निर्णय गर्नुपर्छ । अनिवार्य रूपमा, यस्तो दृष्टिकोणमा आर्चबिशप, बिशप र पूजाहारीहरूद्वारा सञ्चालित शासन

[42] गैर-अनुरूपतावाद भन्नाले विशेषगरी इङ्ग्ल्याण्डमा राज्यद्वारा स्थापित मण्डली (Church of England) को आराधना-पद्धति, मण्डली शासन, र अनुशासनसँग सहमत नहुने वा त्यसको नियमअनुसार नचल्ने प्रोटेस्टेन्ट ख्रीष्टियन समूहहरूको आन्दोलनलाई जनाउँछ। यी समूहहरू राज्य-मण्डलीको आधिकारिक व्यवस्था र संरचनाबाट अलग रहेर आफ्नो विश्वास र मण्डली सञ्चालन गर्दथे ।

प्रणालीलाई प्राथमिकता दिइन्थ्यो । तर प्युरिटनहरू र *कभेनान्टरहरूले*[43] यसलाई स्वीकार गरेनन्, किनकि उनीहरू सिद्धान्त, आराधना र मण्डली शासनमा थप सुधारको आवश्यकता छ भन्ने कुरामा दृढ विश्वस्त थिए । विशेषगरी कभेनान्टरहरू परमेश्वरको साँचो धर्मलाई पालन गर्ने र त्यसको रक्षा गर्ने शपथ लिन तयार थिए । उनीहरूले विश्वास गरे कि ख्रीष्टले आफ्नो मण्डलीलाई मानव इच्छाअनुसार सञ्चालन हुन छोड्नुभएको छैन । नयाँ नियमतर्फ फर्केर हेर्दा उनीहरूले प्रिलेसी[44] को कुनै संकेत पाएनन्, तर प्रेस्बिटरहरूद्वारा सञ्चालित शासनको बलियो प्रमाण भने स्पष्ट रूपमा देखे ।

*मण्डलीको शक्ति आत्मिक हुनुपर्छ*

गलत बुझाइबाट बच्नका लागि, हामी स्पष्ट रूपमा भन्नुपर्छ: मण्डलीभित्रको शक्ति आत्मिक हुन्छ । जब हामी शासनको सन्दर्भमा शक्तिको कुरा गर्छौं, केहीले त्यसलाई तानाशाहीको रूपमा बुझ्न सक्छन्—तर यो नयाँ नियमले सिकाउने र माग गर्ने कुराको ठीक विपरीत हो । मण्डलीभित्रको शासन ख्रीष्टको राज्यको आत्मिक स्वभावसँग मेल खानुपर्छ । येशूले भन्नुभयो: "मेरो राज्य यस संसारको होइन । मेरो राज्य यस संसारको हुँदो हो ता म यहूदीहरूकहाँ नसुम्पिइऊँ भनी मेरा सेवकहरूले लड़ाइँ गर्नेथिए; तर अब मेरो राज्य यहाँबाटको होइन ।"(यूहन्ना १८:३६)। राज्यको स्वभावले नै त्यसको नेतृत्वको स्वरूप निर्धारण गर्छ । तर "आत्मिक" शासन भन्नाले वास्तवमा के जनाउँदछ ?

मण्डली शासन आत्माद्वारा प्रेरित पवित्रशास्त्रले निर्धारित हुनुपर्छ (१ तिमोथी ३:१–७)। यो परमेश्वरको पवित्र आत्माद्वारा नियुक्त गरिनुपर्छ (प्रेरित २०:२८) र ख्रीष्टको मन भएका, तथा आत्माका फलहरू देखाउने

---

[43] कभेनान्टरहरू (Covenanters) भन्नाले १७औँ शताब्दीको स्कटल्याण्डमा देखापरेका ती प्रेस्बिटेरियन ख्रीष्टियनहरूलाई जनाइन्छ, जसले परमेश्वरसँग गरिएको धार्मिक करार (covenant) प्रति निष्ठा राख्दै मण्डलीको शासन बाइबलअनुसार मात्र हुनुपर्छ र राज्य वा राजाको हस्तक्षेपबाट स्वतन्त्र हुनुपर्छ भन्ने विश्वासका लागि संघर्ष गरे।

[44] प्रिलेसी (Prelacy) भन्नाले मण्डलीको यस्तो शासन व्यवस्था हो, जहाँ सम्पूर्ण मण्डलीमाथिको अधिकार र नेतृत्व बिशपजस्ता उच्च पदाधिकारीहरूको हातमा केन्द्रित हुन्छ, र सामान्य सदस्य वा स्थानीय एल्डरहरूको बराबर अधिकार हुँदैन ।

मानिसहरूद्वारा सञ्चालन हुनुपर्छ: "हे भाइहरूहो, कोही मानिस कुनै अपराधमा पक्राउ पर्‍यो भने, तिमी आत्मिकहरूले त्यस्तोलाई नम्रताको आत्माले उठाओ, र कहीं तिमी आफै पनि परीक्षामा पर्छौ कि भनेर आफूलाई विचार गर!" (गलाती ६:१) । मण्डली शासन सधैं आत्मिक हुनुपर्छ । प्रेस्बिटरहरू वा एल्डरहरूले सधैं यो कुरा स्मरण गर्नुपर्छ कि उनीहरू आत्माहरूसँग व्यवहार गरिरहेका छन्—अर्थात् परमेश्वरले प्रेम गर्नुहुने आत्माहरूसँग । त्यसैले उनीहरूले तिनीहरूप्रति ठूलो हेरचाह देखाउनुपर्छ, तिनीहरूका घाउहरू निको पार्दै, बाँध्दै र बलियो बनाउँदै । अन्तिम उद्देश्य पनि आत्मिक नै हुनुपर्छ । एल्डरहरूले केवल परमेश्वरलाई प्रसन्न पार्न र उहाँका जनहरूको भलाइका लागि मात्र सेवा गर्नुपर्छ । तिनीहरूको उद्देश्य पवित्रता उत्पन्नगर्नु र पाप हटाउनु हो: "किनकि परमेश्वरको इच्छा यही हो – तिमीहरूको पवित्रता" (१ थेसलोनिकी ४:३) ।

*पवित्रशास्त्रीय शासन सधैंका लागि हो*

हामीले यो सोच्नु हुँदैन कि पवित्रशास्त्रमा स्थापित गरिएको नमूना केवल प्रारम्भिक मण्डलीका लागि मात्र थियो । हाम्रो प्रभुका आफ्नै वचनहरूबाट स्पष्ट हुन्छ कि यो व्यवस्था स्थायी रूपमा, युगको अन्त्यसम्म रहनका लागि दिइएको हो । महान आज्ञामा प्रभुले भन्नुभयो: "यसकारण तिमीहरू जाओ, र सबै जातिहरूलाई चेला बनाओ, तिनीहरूलाई पिताको, पुत्रको र पवित्र आत्माको नाममा बप्तिस्मा देओ, मैले तिमीहरूलाई जे-जे आज्ञा गरें, ती सबै तिनीहरूलाई पालन गर्न सिकाओ; अनि हेर, म सधैंभरि, अँ, संसारको अन्तसम्म नै तिमीहरूको साथमा छु।" (मत्ती २८:१९–२०)।

यो कुरा प्रेरितीय शिक्षाबाट पनि स्पष्ट हुन्छ । नयाँ नियमका पत्रहरूले सिकाउँछन् कि बाइबलीय पदहरू/कार्यहरू मण्डलीमा त्यतिन्जेलसम्म रहिरहनुपर्छ जबसम्म तिनीहरूको लक्ष्य पूरा हुँदैन—अर्थात् सबै विश्वासीहरू पूर्ण रूपमा सिद्ध नहुन्जेलसम्म (एफिसी ४:११–१३) । मण्डलीको सेवाकाई र शासनका व्यवस्थाहरू (१ तिमोथी ३:१–१५; ५:१७–२२) "कुनै दाग वा दोषबिना, हाम्रा प्रभु येशू ख्रीष्टको प्रकट हुने दिनसम्म" सुरक्षित राखिनुपर्छ (१ तिमोथी ६:१४)।

*मण्डलीको शासन मण्डलीको भलाइका लागि हो*

पवित्रशास्त्रबाट देख्न सकिन्छ कि एक मण्डली उचित बाइबलीय शासनबिना पनि अस्तित्वमा रहन सक्छ । उदाहरणका लागि प्रेरित १४ मा, पावल र बारनाबासले "हरेक मण्डलीमा तिनीहरूका लागि एल्डरहरू नियुक्त गरे" (पद २३) भनेर भनिएको छ । यसको अर्थ हो कि त्यस्ता नियुक्तिहरू हुनुभन्दा पहिले नै विश्वासीहरू भेला भई मण्डलीहरूको रूपमा स्थापित भइसकेका थिए । तर अधिकारीहरूबिना भएका मण्डलीहरू आदर्श अवस्था होइनन्, र जे कुरा कमी छ, त्यसलाई सकेसम्म चाँडो पूरा गरिनुपर्छ (तीतस १:५)। यसैले मण्डलीको अस्तित्व  र यसको भलाइबीच स्पष्ट भिन्नतागर्नु महत्त्वपूर्ण छ ।

## एल्डरको पद

नयाँ नियमले मण्डली शासनमा रहेका व्यक्तिहरूका लागि दुईवटा पदवी प्रयोग गर्दछ। तीमध्ये एउटा हो *प्रेस्बिटर*, जसलाई हामी सामान्यतया *एल्डर* भनेर पनि सम्बोधन गर्छौं । अर्को पदवी हो *बिशप* ।

*"एल्डर"* भन्ने शब्दले यस पदका लागि सबैभन्दा उपयुक्त प्रकारका मानिसहरूको स्वभावलाई जनाउँछ । उनीहरू अपरिपक्व, अनुभवहीन, वा बुद्धिमा कमजोर हुनु हुँदैन । उनीहरू नयाँ विश्वासी मात्र भएर सिद्धान्त र सेवामा अझै परीक्षण नभएका पनि हुनु हुँदैन । बरु, उनीहरूमा स्थिर ख्रीष्टियन चरित्र देखिनुपर्छ र विश्वास गर्ने समुदायको सम्मान प्राप्त गरेका हुनुपर्छ । *"बिशप"* भन्ने अंग्रेजी शब्द दुई ग्रीक शब्दहरूबाट आएको हो: *एपी* जसको अर्थ "माथि" हुन्छ, र *स्कोपेओ*, जसको अर्थ "हेर्नु" वा "निगरानी गर्नु" हुन्छ । यसरी, *बिशप* भनेको निरीक्षक हो । यो नामले यस पदसँग सम्बन्धित कार्यको स्वभावलाई जनाउँछ: जिम्मेवार सुपरिवेक्षण । प्रेरितीय लेखहरू अनुसार, बिशपहरू मण्डलीका रक्षक र संरक्षक हुन् ।

पवित्रशास्त्रले यी दुई पदहरूलाई एउटै पदलाई जनाउनका लागि एकअर्काको सट्टा प्रयोग गरेको देखिन्छ । उदाहरणका लागि, प्रेरित २० मा पावलले एफिससका "एल्डरहरू" लाई मिलेटसमा बोलाए, र

त्यसपछि तिनीहरूलाई "निरीक्षकहरू" भनेर सम्बोधन गरे (पद १७, २८) । तीतसलाई लेखिएको आफ्नो पत्रमा पावलले ती अधिकारीहरूलाई "एल्डरहरू" भने, तर त्यसैमध्ये एकलाई "बिशप" भनेर उल्लेख गरे । तीतसलाई "हरेक शहरमा एल्डरहरू नियुक्त गर" भनी आफ्नो कर्तव्य स्मरण गराउँदै, "यदि कोही निर्दोष छ भने" भन्ने सर्त राखेपछि पावल अगाडि भन्छन्: "किनकि बिशप परमेश्वरको भण्डारेजस्तो भएर निर्दोष हुनुपर्छ" (१:५–७)। यी दुवै शब्दहरू १ पत्रुस ५ मा पनि देखिन्छन् । यहाँ पत्रुसले "एल्डरहरू" लाई उत्साहित गराउँदै उनीहरूलाई "निरीक्षण गर्ने कार्य" (अर्थात् बिशपको काम) गर्न आग्रह गर्छन् (पद १–२)।

प्रारम्भिक मण्डलीहरूमा प्रत्येक मण्डलीमा यस्ता धेरै अधिकारीहरू थिए भन्ने कुरा देखिन्छ । प्रेरितहरूको पुस्तकमा पाइने प्रेरितीय अभिलेखबाट हामी यो स्पष्ट रूपमा देख्न सक्छौं । पावल र बारनाबासले लिस्त्रा, इकोनियम र एन्टिओकका मण्डलीहरू पुनः भेट्दा "हरेक मण्डलीमा तिनीहरूका लागि एल्डरहरू नियुक्त गरे" (प्रेरित १४:२३; साथै याकूब ५:१४ पनि हेर्नुहोस्)। पछि पावलले फिलिप्पीको मण्डलीलाई पत्र लेख्दा, उनले सदस्यहरूलाई (जसलाई "सन्तहरू" वा "समर्पित जनहरू" भनिएको छ) साथै अधिकारीहरूलाई पनि सम्बोधन गरे—अर्थात् "बिशपहरू र डिकनहरू" (फिलिप्पी १:१)। यस्ता पदहरूले स्पष्ट रूपमा प्रमाणित गर्छन् कि प्रत्येक मण्डली वा सभामा धेरै शासन गर्ने अधिकारीहरू नियुक्त गरिएका हुन्थे ।

## *एल्डरहरूको कर्तव्य: शासन गर्नु*

बिशप वा एल्डरको प्रमुख जिम्मेवारी शासन गर्नु हो । यहूदीहरूका बीचमा एल्डरको पद सधैं शासनसँग सम्बन्धित थियो । यदि हामी इस्राएलको इतिहासको शूरूवातसम्म फर्केर हेर्छौं भने, एल्डरहरूले सम्पूर्ण राष्ट्रका कार्यहरूमा नेतृत्व गरेको पाउँछौं । परमेश्वरले मोशासँग भन्नुभयो, "जाऊ, र इस्राएलका एल्डरहरूलाई एकसाथ भेला गर" (प्रस्थान ३:१६)। यी इस्राएलका एल्डरहरू यहूदी जनताका मान्यता प्राप्त अगुवाहरू थिए (उदाहरणका लागि, १ शमूएल ४:३ हेर्नुहोस्)। मोशाको व्यवस्थामा यस पदको विकास भएको प्रमाण पनि पाइन्छ । हत्यारा सम्बन्धी एक व्यवस्थाले "त्यस सहरका एल्डरहरू" ले "त्यसलाई रगतको

बदला लिनेको हातमा सुम्पिदिऊन्, ताकि त्यो मरोस्" भनी आदेश दिन्छ (व्यवस्था १९:१२) । यी एल्डरहरूको जिम्मेवारी केही सीमित थियो; उनीहरू एउटा विशेष सहरमा व्यवस्थाका रक्षक र पालनकर्ताहरू थिए ।

यद्यपि पुरानो नियमले सभाघरहरूको शासन व्यवस्थाबारे विस्तृत विवरण दिँदैन, नयाँ नियममा हामी प्रत्येक सभाघर एल्डरहरूको एक परिषद्द्वारा सञ्चालन गरिएको पाउँछौं । हाम्रो विश्वासमा, सभाघरहरू परमेश्वरद्वारा स्थापित संस्था थिए । लेवी २३:३ मा शबाथका "पवित्र सभाहरू" को उल्लेख गरिएको छ (भजन ७४:८; लुका ४:१६ पनि हेर्नुहोस्)। मर्कूसको सुसमाचारले याइरसलाई "सभाघरका शासकहरूमध्ये एक" भनी उल्लेख गर्दछ (मर्कूस ५:२२; साथै प्रेरित १३:१५ पनि हेर्नुहोस्)। यो कुरा महत्त्वपूर्ण छ, किनकि सभाघर नै ख्रीष्टियन मण्डलीको नमूनाको आधार बन्ने थियो (याकूब २)। जसरी सभाघरमा एल्डरहरू वा शासकहरू थिए, त्यसरी नै प्रेरितीय मण्डलीहरूमा पनि अधिकारीहरू नियुक्त गरिएका थिए । नयाँ नियमका अन्य खण्डहरूले पनि शासन गर्ने यस्ता अधिकारीहरूको उल्लेख गर्दै "प्रभुमा तिमीहरूमाथि अगुवाइ गर्नेहरू" र "तिमीहरूमाथि शासन गर्नेहरू" को कुरा गर्छन् (१ थेस्सलोनिकी ५:१२; हिब्रू १३:१७)।

१ तिमोथी ५:१७ ले यस सत्यलाई पुष्टि गर्दछ: "जुन प्राचीनहरूले (एल्डरहरू) राम्ररी शासन गर्दछन्, उनीहरू दुईगुणा आदरका योग्य मानिऊन्, विशेष गरी उनीहरू, जसले वचन र शिक्षामा परिश्रम गर्दछन्।" एल्डरहरूले के गर्छन्? तिनीहरू शासन गर्छन् र यो पदअनुसार तिनीहरूले त्यो कार्य राम्रोसँग गर्नुपर्छ। नयाँ नियममा एल्डरहरूका लागि प्रयोग गरिएका अन्य नामहरूले पनि यही कुरालाई अझ बलियो बनाउँछन् । यसअघि तीतस १:७ को उल्लेख गरिएको थियो: "किनभने अध्यक्ष (बिशप) परमेश्वरका भण्डारी हुनाले दोषरहित हुनुपर्छ; उनी आफ्नो हठमा चल्ने, झड़ङ्ग रिसाउने, पियक्कड़, कुटामारी गर्ने, नीच कमाइको लोभी हुनुहुँदैन ।" भण्डारी भनेको घरधनीद्वारा घरको सञ्चालन र व्यवस्थापनको जिम्मेवारी दिइएको व्यक्ति हो । यसमा शासन वा व्यवस्थापनको अवधारणा निहित छ । पत्रुसले एल्डरहरूलाई "निरीक्षण गर्ने" र "बगाल चराउने" काम गर्न प्रोत्साहन दिए । यसको

आशय के हो भने, उनीहरूलाई प्रधान गोठालो ख्रीष्टको अधीनमा रहने सहायक गोठालाहरू हुन बोलाइएको छ (१ पत्रुस ५:१–४)। गोठालोले के गर्छ? उसले आफ्नो बगालको हेरचाह गर्छ, त्यसलाई मार्गदर्शन गर्छ, सुरक्षा दिन्छ, भड्किएकाहरूलाई फर्काउँछ, कमजोरहरूलाई बल दिन्छ र सम्पूर्ण बगालको भलाइको लागि जिम्मेवारी वहन गर्छ । त्यसरी नै एल्डरहरूको कर्तव्य पनि परमेश्वरका जनहरूको आत्मिक हेरचाह, अगुवाइ र संरक्षण गर्नु हो । गोठालोले भेडाहरूको जिम्मेवारी लिन्छ । उसले तिनीहरूलाई अगुवाइ गर्छ र मार्गदर्शन दिन्छ । पुरानो नियममा "गोठालो" भन्ने शब्दले "राजकुमार" वा "शासक" लाई पनि जनाउँछ (यशैया ४४:२८; इजकिएल ३७:२४; मीका ५:५), र "चराउनु" भन्ने कुरा "शासन गर्नु" वा "शासक हुनु" सँग समानार्थी हुन्छ (१ इतिहास ११:२; मीका ७:१४)।

एल्डरको योग्यताले पनि शासनको अवधारणालाई संकेत गर्छ । बिशप वा एल्डर "आफ्नो घरलाई राम्रोसँग शासन गर्ने, आफ्ना छोराछोरीलाई सम्पूर्ण मर्यादासहित अधीनमा राख्ने" हुनुपर्छ, किनकि त्यसै पवित्रशास्त्रले अगाडि भन्छ, "यदि कुनै मानिसले आफ्नो घरलाई कसरी शासन गर्ने थाहा छैन भने, उसले परमेश्वरको मण्डलीको हेरचाह कसरी गर्न सक्छ?" (१ तिमोथी ३:४–५) यस विषयमा थप पुष्टि ती मानिसहरूलाई दिइएका आज्ञाहरूबाट पनि पाइन्छ । उनीहरूलाई मण्डलीका "निरीक्षकहरू" वा व्यवस्थापकहरू हुन भनिएको छ (प्रेरित २०:२८)। तर तिनीहरूको पद र कार्यले शक्ति दुरुपयोग गर्न सक्ने सम्भावना हुने भएकाले, उनीहरूलाई कठोर वा तानाशाही व्यवहार नगर्न पनि चेतावनी दिइएको छ: "परमेश्वरको बगालमाथि प्रभुत्व जमाउनेहरू जस्ता होइन, तर बगालका उदाहरण बन्नेहरूजस्ता" (१ पत्रुस ५:३)। यसको अर्थ के हुन सक्छ, यदि तिनीहरूको पदको स्वभाव शासन गर्नु नै हो, तर उनीहरूले त्यो शासन योग्यतापूर्वक गर्नुपर्ने हो भने? एल्डरहरूको कार्यले पनि यस कुरालाई स्पष्ट रूपमा प्रमाणित गर्छ । यरूशलेमको सभामा तिनीहरूले के गरिने हो भनेर निर्णय गर्छन् (प्रेरित १५:४, २२); यसबाट स्पष्ट हुन्छ कि उनीहरूलाई अधिकार दिइएको थियो । पछि, त्यही समूहका मानिसहरूले वास्तविक खतराबाट बच्न पहल

गर्छन् र प्रेरित पावललाई समेत एउटा प्रस्ताव प्रस्तुत गर्छन् (प्रेरित २१:१८–२५) ।

*शिक्षण गर्ने एल्डरहरू र शासन गर्ने एल्डरहरू: एउटा महत्त्वपूर्ण भिन्नता*

हामीले स्थापित गरिसकेका छौं कि सबै एल्डरहरू शासन गर्न नियुक्त गरिएका हुन्छन् । तर तिनीहरूमध्ये केही, तर सबै होइन, सार्वजनिक रूपमा वचन शिक्षण गर्ने सेवाकाई पनि गर्छन् । यो ऐतिहासिक दृष्टिकोण हो, तर के यसलाई पवित्रशास्त्रीय रूपमा प्रमाणित गर्न सकिन्छ? हो, म विश्वास गर्छु कि सकिन्छ ।

नयाँ नियमले देखाउँछ कि केही अधिकारीहरू केवल शासन गर्ने कार्यका लागि पनि नियुक्त गरिएका हुन्छन् । उदाहरणका लागि रोमी पत्रमा पावलले विशेष रूपमा "जसले शासन गर्छ" भन्ने व्यक्तिको उल्लेख गर्दै, यो कर्तव्य "परिश्रमसाथ" गर्न आग्रह गर्छन् (रोमी १२:८)। यसको अर्थ केवल यस्ता अधिकारीहरूले मात्र शासन गर्छन् भन्ने होइन, तर उनीहरूलाई विशेष रूपमा त्यस महत्त्वपूर्ण कार्यका लागि अलग गरिन्छ भन्ने हो । यसलाई समर्थन गर्ने अर्को पद १ कोरिन्थी १२:२८ हो, जहाँ पावल लेख्छन्: "परमेश्वरले मण्डलीमा... शासनहरू पनि नियुक्त गर्नुभएको छ ।" यो सूचीमा असाधारण र साधारण दुवै प्रकारका अधिकारीहरू उल्लेख गरिएको देखिन्छ । यहाँ "शिक्षकहरू" (सार्वजनिक रूपमा सिकाउने एल्डरहरू) र "शासनहरू" (शासन गर्ने जिम्मेवारी भएका एल्डरहरू) बीच भिन्नता गरिएको छ । वास्तवमा, यी कार्यहरूका लागि फरक-फरक आत्मिक वरदानहरू आवश्यक हुन्छन् । शिक्षणको वरदान हुन्छ र शासन गर्ने वरदान पनि हुन्छ । एफिसी ४:८–११ बाट पनि यो कुरा स्पष्ट हुन्छ, जहाँ पावलले ख्रीष्टका साधारण र स्थायी वरदानहरूको उल्लेख गर्दै उहाँले "पास्टरहरू र शिक्षकहरू" दिनुभएको बताएका छन् । यहाँ "केही पास्टरहरू र केही शिक्षकहरू" भनिएको छैन, बरु "केही, पास्टरहरू र शिक्षकहरू" भनिएको छ । ग्रीक भाषाको संरचनाले देखाउँछ कि यी दुई कार्यहरू एउटै व्यक्तिमा पनि संयोजन हुन सक्छन् । त्यसैले पावलले किन "पास्टर-शिक्षकहरू" भने? ताकि पाठकहरूले बुझून् कि केही एल्डरहरूले शासन पनि गर्छन् र आधिकारिक रूपमा शिक्षण पनि गर्छन् । स्पष्ट रूपमा, पद ११ मा

उल्लेख गरिएका सबै पदहरू मौखिक सेवासँग सम्बन्धित छन्—प्रेरितहरू, अगमवक्ताहरू र सुसमाचार प्रचारकहरू सबै प्रचारका लागि बोलाइएका छन्; र स्थानीय मण्डलीभित्र "पास्टरहरू र शिक्षकहरू" पनि छन् । यस प्रकारका मानिसहरूसँग एउटा मात्र होइन, दुई प्रकारका विशेष वरदान हुन्छन्—त्यसैले उनीहरूले बगालको गोठालो पनि गर्छन् र वचनको प्रचार पनि गर्छन् । यसले देखाउँछ कि प्रेरितले दुई फरक वरदान—शासन गर्ने र शिक्षण गर्ने—लाई स्वीकार गरेका छन्, जुन एउटै व्यक्तिमा पनि हुन सक्छ वा फरक-फरक व्यक्तिहरूमा पनि हुन सक्छ ।

यस सन्दर्भमा एउटा महत्त्वपूर्ण पद १ तिमोथी ५:१७ हो । त्यहाँ हामी पढ्छौं: "जसले राम्रोसँग शासन गर्ने एल्डरहरू छन्, तिनीहरू दोहोरो आदरका योग्य ठहरिऊन्, विशेषगरी वचन र शिक्षामा परिश्रम गर्नेहरू ।" यो पदले स्पष्ट रूपमा देखाउँछ कि केही एल्डरहरूले आफूलाई मुख्य रूपमा शासनको कार्यमा सीमित राख्थे, जबकि अरूले आफ्नो शासन कार्यसँगै सार्वजनिक रूपमा वचन प्रचार गर्ने सेवाकाई पनि गर्थे । हिब्रू १३:७ मा हामी पढ्छौं: "तिमीहरूमाथि शासन गर्नेहरूलाई सम्झ ।" यहाँ लेखकले कुन प्रकारका एल्डरहरूको कुरा गरिरहेका छन्? स्पष्ट रूपमा शिक्षण गर्ने एल्डरहरूको, किनकि उक्त पद अगाडि यसरी जारी हुन्छ: "जसले तिमीहरूलाई परमेश्वरको वचन बोलेका थिए ।" तर १३:१७ मा फेरि एल्डरहरूको उल्लेख गरिएको छ, तर यसपटक मात्र यसो भनिएको छ: "तिमीहरूमाथि शासन गर्नेहरूलाई आज्ञापालन गर ।" यहाँ पहिलेको अभिव्यक्ति—"जसले तिमीहरूलाई परमेश्वरको वचन बोलेका थिए"—छोडिएको छ । किन? यसको कारण यही हो कि दोस्रो अवस्थामा लेखकले शिक्षण गर्ने एल्डरहरूको होइन, तर शासन गर्ने एल्डरहरूको कुरा गरिरहेका छन् । यसरी, आफ्नो अन्तिम प्रोत्साहनहरूमा उनले एल्डरत्वभित्रको यो भिन्नतालाई कायम राख्छन् ।

## वचनको सेवक

वचनका सेवक (शिक्षक-एल्डर) नै सभाको अध्यक्षता गर्ने अधिकारी हुनुपर्छ । यदि हामीले केवल १ तिमोथी ५:१७ लाई उद्धृत गर्ने हो भने

पनि, हामीले प्रस्तुत गरिरहेको कुरालाई समर्थन गर्न त्यो पर्याप्त हुन्छः "जसले असलरीति अगुवाइ गर्छन् ती एल्डरहरू दोहोरो आदरका योग्य ठहरिऊन्, विशेष गरी तिनीहरू जो वचन र शिक्षामा परिश्रम गर्छन् ।" यहाँ "आदर" भन्नाले "सम्मान" जनाउँछ र विशेष सम्मान तिनीहरूलाई दिइनुपर्छ जो आफूलाई वचनको सेवाकाईमा समर्पित गर्छन् । किनभने यही अधिकारीलाई प्रभुको प्रकट गरिएको इच्छाअनुसार आज्ञापालनको मार्गमा मण्डलीलाई अगुवाइ गर्न नियुक्त गरिएको हुन्छ । निस्सन्देह, यो शिक्षक-एल्डरले आफ्नै स्वार्थ वा प्रतिष्ठाका लागि अधिकार प्रयोग गर्दैन, न त उसले आफूलाई अरूको विवेकमाथि प्रभु बनाउँछ । बरु, उसले केवल परमेश्वरको वचन प्रस्तुत गर्छ र मण्डलीलाई परमेश्वरप्रति नम्र तथा पवित्र आज्ञापालनमा डोऱ्याउँछ ।

हामीले पहिले नै देखिसकेका छौँ कि प्रारम्भिक मण्डलीको शासन व्यवस्था यहूदी सभाघरको शासन व्यवस्थाको नमूनाअनुसार थियो । प्रत्येक सभाघरमा धेरै जना एल्डरहरू हुन्थे, तर तिनीहरूमध्ये एक जनालाई "सभाघरको शासक" भनेर विशेष रूपमा मान्यता दिइएको देखिन्छ (लूका १३:१४)। उदाहरणका लागि, क्रिस्पसलाई "सभाघरको प्रमुख शासक" भनिएको छ, र उनले ख्रीष्टियन विश्वास ग्रहण गरेपछि सोस्थेनेसले सम्भवतः उनको स्थानमा त्यो पद सम्हालेका थिए (प्रेरित १८:८, १७) । यो "प्रमुख शासक" को थियो त? उसलाई कहिलेकाहीँ *शेलियाख सिब्बोर* भनिन्थ्यो, जुन हिब्रू पद हो र यसको अर्थ "दूत" वा "सन्देशवाहक" भन्ने हुन्छ (प्रकाश २:१, ८, १२, १८; ३:१, ७, १४ हेर्नुहोस्)। यहूदीहरूको बुझाइअनुसार, यो व्यक्ति वास्तवमा सभाघरको सेवक वा वचनको सेवक थियो । बाह्रौँ शताब्दीका एक प्रसिद्ध रब्बीले यस व्यक्तिलाई "वचन र शिक्षामा परिश्रम गर्ने" प्रेस्बिटरको रूपमा पहिचान गरेका थिए ।[45]

निश्चय नै नयाँ करारमा सार्वजनिक रूपमा शिक्षा दिने व्यक्तिलाई अन्य शासकहरू वा अगुवाहरूभन्दा उच्च स्थान दिइएको छ (१ कोरिन्थी १२:२८)। उनी त्यस्ता व्यक्ति हुन् जसलाई प्रभुले विशेष रूपमा "प्रचार गर्न" पठाउनुभएको हुन्छ (रोमी १०:१५), र त्यस कारण

---

[45] स्यामुएल मिलर, *लेटर्स कन्सर्निङ द कन्स्टिच्युसन एन्ड अर्डर अफ द ख्रीष्टियन मिनिस्ट्री* (न्युयोर्क: हप्किन्स एन्ड सीमोर, १८०७), १:६५।

उनीसँग अझ बढी अधिकार हुन्छ (तीतस २:१५)। यद्यपि एल्डरहरू सामान्य रूपमा “बगालको हेरचाह गर्ने” हुन्छन्, शिक्षकलाई भने सधैँ “पास्टर” वा “गोठालो” को रूपमा विशेष रूपमा चिनिनेछ (एफिसी ४:११) ।

*शिक्षण एल्डरहरूको जिम्मेवारी*

मण्डलीको सम्पूर्ण सामान्य हेरचाह र नेतृत्वको भार वहन गर्नु शिक्षण एल्डरको मुख्य जिम्मेवारी हो । प्रभु येशूको शिक्षाअनुसार, “स्वर्गको राज्यका लागि शिक्षा पाएका शास्त्री” घरको व्यवस्थापन गर्ने “घरधनी” जस्तै हुन्छ (मत्ती १३:५२)। अर्थात्, ऊ मण्डलीभित्रको जीवनलाई सुव्यवस्थित रूपमा चलाउने जिम्मेवारी पाएको व्यक्ति हो ।यही अर्थमा, उहाँ “विश्वासयोग्य र बुद्धिमान दास” हुनुहुन्छ, जसलाई प्रभुले आफ्ना सेवकहरूको घरानामाथि नियुक्त गर्नुभएको हुन्छ, ताकि उहाँले आवश्यक समयमा तिनीहरूलाई आत्मिक भोजन प्रदान गर्न सकून् (मत्ती २४:४५)। यसले शिक्षण सेवकलाई केवल शिक्षक मात्र नभई सम्पूर्ण मण्डलीको आत्मिक व्यवस्थापन र हेरचाह गर्ने उत्तरदायी सेवकको रूपमा प्रस्तुत गर्छ । सात वटा मण्डलीहरूलाई लेखिएका पत्रहरूबाट पनि हामी देख्छौँ कि “दूत” वा “सन्देशवाहक” नै मण्डलीको प्रमुख जिम्मेवार व्यक्ति हो । मण्डलीको अवस्था राम्रो वा कमजोर हुनुको प्रत्यक्ष जिम्मेवारी उसैसँग जोडिएको हुन्छ । यदि मण्डलीमा कुनै गम्भीर त्रुटि वा भ्रष्टता प्रवेश गर्छ भने त्यसको लेखाजोखा उसैबाट लिइनेछ (प्रकाश २:५, १४–१५; ३:२, १७) ।

*सत्यलाई विश्वासपूर्वक सिकाउनु*

“पास्टर–शिक्षक” (एफिसी ४:११) को रूपमा, शिक्षण एल्डरको मुख्य ध्यान शिक्षण सेवामा केन्द्रित हुनुपर्छ (रोमी १२:७)। वास्तवमा उसको विशेष जिम्मेवारी नै “वचन र शिक्षामा परिश्रम गर्नु” हो (१ तिमोथी ५:१७)। यो कार्य सहज वा हल्का होइन बरु गहिरो जिम्मेवारी र निरन्तर परिश्रमले भरिएको सेवा हो । यसैले कुनै पनि सेवकको आलोचना गर्नुअघि, उसको बोलावटको गम्भीरता र कठिनाइलाई गहिरो रूपमा विचार गर्नु बुद्धिमानी हुन्छ । उसले हप्तैपिच्छे प्रचार गर्नुपर्छ र धेरै अवस्थामा हप्तामा चार वा पाँच पटकसम्म पनि वचन सुनाउनुपर्ने हुन्छ । यसको लागि

निरन्तर गहिरो अध्ययन, अनुशासित तयारी र निरन्तर प्रार्थनाको आवश्यकता पर्छ । किनकि हरेक प्रवचन वा शिक्षणका लागि नयाँ बुझाइ, ताजा आत्मिक प्रकाश र पवित्र आत्माको नयाँ अभिषेक आवश्यक हुन्छ । यसैद्वारा मात्र उसले आफ्ना मानिसहरूको वास्तविक आत्मिक आवश्यकताहरू पूरा गर्न सक्छ—तिनीहरूलाई विश्वासको यात्रामा अघि बढाउन, पवित्र विश्वासमा स्थिर बनाउन र आत्मामा थकित भएकाहरूलाई सान्त्वना दिन ।

*विधीहरूको व्यवस्थापन गर्नु । शिक्षण* एल्डरको अर्को महत्त्वपूर्ण जिम्मेवारी विधीहरूलाई उचित तरिकाले र योग्य व्यक्तिहरूलाई मात्र प्रदान गर्नु हो । प्रेरितहरू, ती असाधारण प्रचारकहरूलाई जब प्रभुले पठाउनुभयो, तब उनीहरूले मानिसहरूलाई केवल शिक्षा दिन मात्र होइन, तर तिनीहरूलाई बप्तिस्मा दिन र ख्रीष्टले आज्ञा गर्नुभएका सबै कुराहरू पालन गर्न सिकाउन पनि पठाए (मत्ती २८:१९–२०)। यसैले हामी देख्छौँ कि प्रेरितहरूले वास्तवमै बप्तिस्मा दिए र प्रभु भोज पनि सञ्चालन गरे । उदाहरणका लागि, पावलले फिलिप्पीको जेलर र उसको परिवारलाई बप्तिस्मा दिए (प्रेरित १६:३३), र त्रोआसमा उनले रोटी भाँच्ने कार्यको अध्यक्षता गरे (प्रेरित २०:११) ।

*मण्डलीको लागि प्रार्थना गर्नु ।* मण्डलीको लागि निरन्तर प्रार्थना गर्नु शिक्षण एल्डरको अर्को अनिवार्य कर्तव्य हो । प्रेरितहरूझैँ (प्रेरित ६:४), उसले आफूलाई वचनको सेवासँगै प्रार्थनामा पनि समर्पित गर्नुपर्छ । यस अर्थमा प्रेरितहरू पनि शिक्षण एल्डरकै विशेष अर्थात् असाधारण रूप थिए । पत्रुस र यूहन्नाले पनि आफूलाई यही पदमा उल्लेख गरेका छन् (१ पत्रुस ५:१; २ यूहन्ना १:१; ३ यूहन्ना १:१)। पावललाई पनि शिक्षण एल्डरकै रूपमा बुझ्न सकिन्छ। उनले विश्वासीहरूका लागि गरेको प्रार्थनामा यसको गहिरो उदाहरण देखिन्छ: “म हाम्रा प्रभु येशू ख्रीष्टका पिता सामु घुँडा टेक्दछु… कि उहाँले आफ्नो महिमाको सम्पत्तिअनुसार तिमीहरूलाई आफ्नो आत्माद्वारा भित्री मानिसमा शक्तिले बलियो पारून्” (एफिसी ३:१४–१६; साथै फिलिप्पी १:४, ९; कलस्सी १:३, ९; १ थेस्सलोनिकी ३:१०; २ थेस्सलोनिकी १:११ हेर्नुहोस्)। यसैले सेवकहरूको सेवाकाई केवल प्रचार र शिक्षामा सीमित हुँदैन; यो एक मध्यस्थताको

सेवाकाई पनि हो । तिनीहरूले आफ्ना मण्डलीहरूका लागि निरन्तर प्रार्थना गर्नुपर्छ ।

*कष्ट र शोकमा परेकाहरूलाई सहायता गर्नु ।* आवश्यकतामा परेकाहरूलाई सहायता गर्ने भूमिका हाम्रो महान् शिक्षक ख्रीष्टले पूर्ण रूपमा पूरा गर्नुभयो । उहाँलाई "विद्वानको जिब्रो" दिइएको थियो, ताकि उहाँले "थाकेकोलाई उचित समयमा उपयुक्त वचन" बोल्न सक्नुभएकोहोस् (यशैया ५०:४)। उहाँ नै सेवकको सर्वोच्च उदाहरण हुनुहुन्छ । यसै उदाहरणलाई पछ्याउँदै, प्रेरित पावलले थेस्सलोनिकीहरूलाई सम्झाउँदै भन्छन् कि उनीहरू र उनका सहकर्मीहरू तिनीहरूमाझ "कोमल" थिए—जसरी एउटी आमाले आफ्ना साना बालकहरूलाई स्याहार्छिन् (१ थेसलोनिकी २:७) । यही आत्मा शिक्षण एल्डरभित्र पनि हुनुपर्छ, जब उसले "सत्यको वचनलाई ठीकसँग विभाजन" गर्दै आफ्नो सेवाकाई पूरा गर्छ (२ तिमोथी २:१५) । यहाँको भावार्थ यस्तो देखिन्छ कि सेवक मण्डलीको आत्मिक परिवारको प्रमुख जस्तै हो, जसले भोजनको समयमा परिवारका प्रत्येक सदस्यलाई उनीहरूको आवश्यकता अनुसार उचित आहार दिन्छ । त्यसरी नै उसले परमेश्वरको वचनलाई बुद्धिमानीपूर्वक बाँडेर, प्रत्येक व्यक्तिको आत्मिक अवस्था अनुसार उपयुक्त शिक्षा, सान्त्वना र मार्गदर्शन प्रदान गर्नुपर्छ ।

*दुष्टताको विरुद्ध मण्डलीको रक्षा गर्नु ।* शिक्षण एल्डरहरूको अर्को गम्भीर जिम्मेवारी मण्डलीलाई दुष्टता र आउँदै गरेका खतराहरूबाट जोगाउनु हो। उनीहरूले कुनै पनि प्रकारको आत्मिक जोखिम वा भ्रष्टताको संकेतलाई सावधानीपूर्वक पहिचान गरी पहरेदारी गर्नुपर्छ (इजकिएल ३:१७; यशैया ६२:६; २ तिमोथी ४:५)। यसैले उनीहरूलाई आज्ञा गरिएको छ: "वचन प्रचार गर; समयमा असमयमा तयार भइबस;

सारा सहनशीलता र शिक्षाले दोष देखाइदेऊ, हप्काऊ, अर्ती देऊ" (२ तिमोथी ४:२)। [46]

*ईश्वरीय उदाहरण प्रस्तुत गर्नु*

शिक्षण एल्डरले आफ्ना शिक्षाहरू केवल वचनमा मात्र होइन, आफ्नो जीवनमार्फत पनि प्रकट गर्नुपर्छ । यसरी उसले आफ्नै शिक्षा व्यवहारमा उतारेर मण्डलीका लागि त्यसको सत्यतालाई पुष्टि गर्छ । तिमोथीलाई यसैकारण यसरी आज्ञा दिइएको थियो: "विश्वासीहरूको लागि वचनमा, आचरणमा, प्रेममा, आत्मामा, विश्वासमा र पवित्रतामा उदाहरण बन" (१ तिमोथी ४:१२) । वास्तवमा, कामहरूले शब्दभन्दा बढी शक्तिशाली रूपमा बोल्छन् । प्रभुले शिक्षण एल्डरलाई मण्डलीमा स्थापना गर्नुको एउटा उद्देश्य नै यो हो कि ऊ "असल कामहरूको नमुना" बनोस्—यस्तो जीवन, जसले विरोधीहरूलाई लज्जित पारोस् र उनीहरूलाई हाम्रो विरुद्ध कुनै दोष लगाउने आधार नै नरहोस् (तीतस २:७–८) । हो, सेवकका विरोधीहरू हुन्छन्, तर उसको जीवनशैली यति स्पष्ट र पवित्र हुनुपर्छ कि त्यसले आलोचनाका आवाजहरूलाई नै मौन पारिदियोस् र ख्रीष्टियन विश्वासमाथि अपमान आउने बाटो बन्द गरिदियोस् । मण्डलीभित्रका विश्वासीहरूको लागि ऊ साँच्चै "परमेश्वरको मानिस" (२ तिमोथी ३:१७) हुनुपर्छ जसको उपस्थिति नै आत्मिक आशीर्वाद बन्छ र जसको सेवाकाई गहिरो आत्मिक लाभको कारण बन्छ । पवित्रशास्त्रले बताउँछ कि बर्नाबास "असल मानिस, पवित्र आत्मा र विश्वासले भरिएको" थिए, र त्यसकै परिणामस्वरूप "धेरै मानिसहरू प्रभुतर्फ जोडिए" (प्रेरित ११:२४ )।

*शासक एल्डरहरूको जिम्मेवारी*

ख्रीष्टको सम्पूर्ण प्रकट इच्छालाई पालन गर्न मण्डलीका सदस्यहरूलाई नेतृत्व गर्नु शासक एल्डरहरूको प्रमुख कर्तव्य हो। सम्भवतः यरूशलेमको मण्डलीलाई नै लक्षित गर्दै प्रेरितीय आज्ञा दिइएको थियो: "तिमीहरूका अगुवाहरूको आज्ञा पालन गर र तिनीहरूका अधीनमा

[46] यस सेवामा सन्तुलित साहस र आत्मिक विवेक दुवै आवश्यक हुन्छ जहाँ सत्यलाई स्पष्ट रूपमा बोल्नुपर्छ, तर साथसाथै धैर्य र प्रेमसहित मण्डलीलाई सुधार र संरक्षण पनि गर्नुपर्छ ।

रहो” (हिब्रू १३:१७)। निश्चय नै यसको आधारभूत मान्यता यही हो कि शासक एल्डरहरूले मण्डलीलाई स्पष्ट रूपमा पवित्रशास्त्र अनुसारको मार्गमा डोर्याउनुपर्छ । यदि तिनीहरू त्यस मार्गबाट विचलित भए भने मण्डली उनीहरूलाई पछ्याउन बाध्य हुँदैन । त्यस्तो अवस्थामा विश्वासीहरूको प्राथमिक निष्ठा परमेश्वरप्रति नै हुनुपर्छ “मानिसहरूको भन्दा परमेश्वरको आज्ञा पालन गर्नु उचित हुन्छ” (प्रेरित ५:२९) । तर यदि एल्डरहरूले परमेश्वरको वचन अनुसार सही रूपमा अगुवाइ गर्छन् भने मण्डलीको कर्तव्य यो हुन्छ कि उनीहरूको आत्मिक नेतृत्वलाई स्वीकार गरी आज्ञाकारिता प्रदर्शन गरोस् ।

एल्डरहरू र सदस्यहरूबीच मतभेद हुँदा, कहिलेकाहीँ एल्डरहरू र मण्डलीका सदस्यहरूबीच विचारमा भिन्नता उत्पन्नहुन सक्छ । यसको अर्थ अनिवार्य रूपमा एल्डरहरूले पवित्रशास्त्र विपरीत कुनै कुरा प्रस्ताव गरिरहेका छन् भन्ने हुँदैन। धेरै अवस्थामा, चाहे त्यो विषय सानो होस् वा गम्भीर, अगाडि बढ्ने उत्तम तरिकाबारे फरक-फरक दृष्टिकोण हुन सक्छ । त्यस्तो अवस्थामा, यदि केही सदस्यहरूले एल्डरहरूको दृष्टिकोणसँग सहमत हुन सक्दैनन् भने, हिब्रू १३:१७ अनुसार उनीहरूले “समर्पण” वा अधीनता प्रकट गर्नुपर्छ । यसको अर्थ अन्धो आज्ञापालन होइन तर आत्मिक विनम्रता सहित स्वीकार गर्नु हो । यसको आधारभूत कारण यही हो कि प्रभुले नै एल्डरहरूलाई मण्डलीको अगुवाइको जिम्मेवारी सुम्पिनुभएको छ भन्ने मान्यता राखिन्छ । त्यसैले, जबसम्म तिनीहरूको नेतृत्व परमेश्वरको वचनसँग मेल खान्छ, मण्डलीले उनीहरूको नेतृत्वलाई सम्मान गर्दै सहकार्य र एकताको भावमा अघि बढ्नुपर्छ ।

*मण्डलीमा स्वीकार र बहिष्कारको जिम्मेवारी वहन गर्नु ।* मण्डलीमा को प्रवेश गर्ने र को बाहिर रहने भन्ने विषयमा जिम्मेवारी वहन गर्नु पनि एल्डरहरूको गम्भीर कर्तव्य हो । प्रेरित पावलले एफिससका एल्डरहरूलाई यसरी भनेका थिए: “तिमीहरू आफैंलाई र सम्पूर्ण बगालको ध्यान देओ, जसमा पवित्र आत्माले तिमीहरूलाई निरीक्षक बनाउनु भएको छ” (प्रेरित २०:२८)। उनले थप चेतावनी दिए कि आफ्नो प्रस्थानपछि “क्रूर ब्वाँसाहरू” मण्डलीभित्र पस्नेछन्, र यहाँसम्म कि तिनीहरूकै बीचबाट पनि केहीले चेलाहरूलाई आफूतर्फ तान्ने प्रयास

गर्नेछन् (प्रेरित २०:२९–३०)। यस गम्भीर परिस्थितिलाई ध्यानमा राख्दै पावलले एल्डरहरूलाई निरन्तर "जागा रहन" आग्रह गरे (प्रेरित २०:३१)। यस आज्ञाको उद्देश्य यही स्पष्ट गर्नु हो कि मण्डलीको आत्मिक सुरक्षा र शुद्धता कायम राख्ने जिम्मेवारी एल्डरहरूकै हो । यस अन्तर्गत नै मण्डलीमा को स्वीकार गरिने र को बहिष्कृत गरिने भन्ने कुरामा विवेकपूर्ण निर्णय गर्ने अधिकार र दायित्व पनि उनीहरूलाई सुम्पिएको छ । प्रभुले नै उनीहरूलाई "कुञ्जीहरू" को जिम्मेवारी दिनुभएको हो भन्ने धारणा यही हो जसले मण्डलीको प्रवेश र अनुशासनको अधिकारलाई जनाउँछ ।

*पदका लागि मानिसहरूलाई अलग गर्नु ।* १ तिमोथी ४:१४ मा "प्रेस्बिटेरी (एल्डरहरूको समूह) का हात राख्ने कार्य" को उल्लेख गरिएको छ । यो कार्य तब गरिन्थ्यो जब कसैलाई विशेष सेवाको लागि औपचारिक रूपमा नियुक्त गरिन्थ्यो । त्यसैले यो अभ्यास डिकनहरू र एल्डरहरूको नियुक्तिमा पनि प्रयोग गरिएको देखिन्छ (प्रेरित ६:५–६; १ तिमोथी ५:२२) । एल्डरहरूको हात राख्ने कार्य केवल औपचारिकता मात्र होइन, यो सार्वजनिक रूपमा गरिएको स्वीकारोक्ति र पुष्टि गर्ने कार्य हो । यसले परमेश्वरको सेवाका लागि आवश्यक वरदान र अधिकारको मान्यता जनाउँछ । यसरी कुनै व्यक्तिलाई हात राखेर अलग गर्नु भनेको उसलाई विशेष पद र सेवामा समर्पित गरिएको छ भन्ने स्पष्ट घोषणा हो । ऊ अब साधारण सदस्य मात्र नभई विशेष रूपमा नियुक्त सेवकको रूपमा मण्डलीको सेवामा अलग गरिएका हुन्छ ।

*मण्डलीका सदस्यहरूको आचरणको निगरानी गर्नु ।* मण्डलीका सदस्यहरूको जीवन र व्यवहारको निगरानी गर्नु पनि एल्डरहरूको महत्त्वपूर्ण कर्तव्य हो । १ थेस्सलोनिकी ५:१२–१३ ले भन्छ: "अनि भाइहरूहो, हामी तिमीहरूलाई विन्ती गर्दछौं - उनीहरू जसले तिमीहरूको बीचमा परिश्रम गर्छन्, जो प्रभुमा तिमीहरूका अगुवाहरू हुन् र तिमीहरूलाई शिक्षा-चेताउनी दिन्छन्, उनीहरूलाई चिन, र उनीहरूको कामको कारणले उनीहरूलाई प्रेमसाथ साह्रै बेसी आदर गर; अनि आपसमा मेलमिलापसँग बस !" त्यसैले एल्डरहरूको जिम्मेवारी प्रभुका मानिसहरूको आत्मिक निरीक्षण गर्नु र उनीहरूलाई

अझ गहिरो ज्ञान, पवित्रता र विश्वासमा अघि बढाउन सहायता गर्नु हो (१ तिमोथी ३:५; १ पत्रुस ५:१–३)। उनीहरूले केवल संगठनात्मक नेतृत्व मात्र होइन, आत्मिक हेरचाह पनि प्रदान गर्नुपर्छ । जब मण्डलीभित्र अनैतिकता, झूटा शिक्षा वा कलह जस्ता दुष्टताहरू देखा पर्छन् तब एल्डरहरूले सुधारात्मक अनुशासन प्रयोग गर्नुपर्छ ताकि त्यस्ता पापहरू हटाइयोस् र मण्डलीको शुद्धता कायम रहोस् । यस्तो अनुशासनमा परिस्थिति अनुसार निजी वा सार्वजनिक चेतावनी दिनु, विशेष विधीहरूबाट अस्थायी रूपमा रोक लगाउनु वा अत्यन्त गम्भीर अवस्थामा मण्डलीको सङ्गतिबाट औपचारिक रूपमा बहिष्कार गर्नु समेत पर्न सक्छ । यी कदमहरू कठोर देखिए पनि पवित्रशास्त्रले तिनीहरूलाई समर्थन गरेको छ र मण्डलीको आत्मिक स्वास्थ्य र पवित्रता जोगाउन तिनीहरू आवश्यक छन् ।

*सिद्धान्त वा अभ्यास सम्बन्धी विषयहरूको न्यायिक निर्णय गर्नु ।* सिद्धान्त वा अभ्यास सम्बन्धी विवादास्पद विषयहरूको छानबिन र निर्णय गर्नु पनि एल्डरहरूको महत्त्वपूर्ण जिम्मेवारी हो । प्रेरित १५ मा, खतना उद्धारका लागि अनिवार्य छ कि छैन भन्ने विषयमा गम्भीर विवाद उत्पन्नहुँदा, पावल, बर्नाबास र अन्य केही भाइहरू यस विषयलाई समाधान गर्न यरूशलेममा "प्रेरितहरू र एल्डरहरू" कहाँ गए (पद २)। त्यसपछि "प्रेरितहरू र एल्डरहरू यस विषयमा विचार गर्न एकत्र भए" (पद ६) । गम्भीर छलफल र विचार-विमर्शपछि उनीहरूले एउटा स्पष्ट निर्णयमा पुगे र त्यो निर्णय पत्रमार्फत अन्य मण्डलीहरूलाई पनि पठाइयो (पद २२–३३) । यस घटनाले मण्डली शासनको एउटा महत्त्वपूर्ण सिद्धान्त स्थापित गर्छ । जब कुनै यस्तो प्रश्न वा विवाद उठ्छ जसले मण्डलीको शुद्धता, सत्यता र शान्तिलाई असर गर्न सक्छ, त्यसको विवेकपूर्ण जाँच गरी के सत्य र उचित हो भन्ने निर्णय गर्ने जिम्मेवारी एल्डरहरूको हुन्छ । पवित्रशास्त्रको प्रकाशमा विषयलाई सावधानीपूर्वक विचार गरी उनीहरूले मण्डलीलाई स्पष्ट मार्गदर्शन दिनुपर्छ ताकि मण्डली सत्यमा स्थिर रहोस् र एकतामा अघि बढ्न सकोस् ।

*विश्वासीहरूको आत्मिक हेरचाह गर्नु ।* एल्डरहरूको अर्को महत्त्वपूर्ण जिम्मेवारी मण्डलीका सदस्यहरूको आत्मिक कल्याणको हेरचाह गर्नु

हो । पवित्रशास्त्रले स्पष्ट रूपमा सिकाउँछ कि एल्डरहरूले आवश्यकतामा परेकाहरूलाई भेट्नुपर्छ र उनीहरूको शारीरिक तथा आत्मिक आवश्यकताहरूमा सेवा गर्नुपर्छ । याकूब ५:१४ मा लेखिएको छ: "तिमीहरूमध्ये कोही बिरामी छ भने उसले मण्डलीका एल्डरहरूलाई बोलाओस्, र तिनीहरूले प्रभुको नाममा तेल लगाई उसको लागि प्रार्थना गरून् ।" एल्डरको सेवा केवल प्रार्थनामा सीमित हुँदैन । पवित्रशास्त्र पढेर उसले उत्साह, सान्त्वना वा चेतावनीको वचनद्वारा पनि सेवा गर्नुपर्छ । वास्तवमा, निरीक्षक (एल्डर) "सिकाउन योग्य" हुनुपर्छ (१ तिमोथी ३:२) । कहिलेकाहीँ उसले पापमा फसेका व्यक्तिलाई कोमलतासाथ पश्चात्तापतर्फ डोर्याउन वा परमेश्वरसँग अझ नजिकको सम्बन्धमा हिँड्न सहायता गर्नुपर्ने हुन सक्छ (गलाती ६:१–२) । यसरी एल्डरहरूले आफ्नो सेवाकाईलाई केवल प्रशासनिक वा संगठनात्मक कार्यको रूपमा  मात्र होइन तर आत्मिक जिम्मेवारीको रूपमा पनि बुझ्नुपर्छ । उनीहरूले सधैँ सम्झनुपर्छ कि प्रभुले उनीहरूको जिम्मामा अमूल्य, ख्रीष्टको रगतद्वारा उद्धार गरिएका र अनन्त गन्तव्य भएका अमर आत्माहरू सुम्पनुभएको छ । त्यसैले उनीहरूको हेरचाह, निर्देशन र सेवा गहिरो प्रेम, विवेक र आत्मिक जिम्मेवारीका साथ सम्पन्न हुनुपर्छ ।

*कलह र विभाजन हटाउन प्रयत्नशील हुनु ।* आफ्नो पहिलो थेस्सलोनिकीको पत्रमा पावलले विश्वासीहरूलाई आफ्ना एल्डरहरूको आदर गर्न आग्रह गर्छन् । त्यसपछि उनले यसो थप्छन्: "तिमीहरू आपसमा शान्तिमा बस ।" (१थेस्सलोनिकी ५:१२–१३)। यो अघिको शिक्षासँग कुनै सम्बन्ध नभएको स्वतन्त्र आज्ञा होइन । प्रेरितको आशय यो हो कि एल्डरहरू सधैं मण्डलीको एकता जोगाइराख्न चिन्तित रहनेछन् र यदि सदस्यहरूले उनीहरूलाई गर्नुपर्ने सम्मान र आदर गरे भने तिनीहरूले अलगाव, मतभेद र गड़बड़ी हुन नदिन आफ्नो सामर्थ्य चाहिँ सबै प्रयोग गर्नेछन् । हाम्रा मुक्तिदाता ख्रीष्टले पनि यही आज्ञा दिनुभयो (मर्कूस ९:५०), किनभने "किनकि जहाँ डाहा र विरोध हुन्छन्, त्यहाँ गड़बड़ी र हर प्रकारको दुष्ट काम हुन्छ"  (याकूब ३:१६) ।

*एल्डरहरूमा आवश्यक चरित्र ।* एल्डरहरू साँच्चै परमेश्वरका मानिसहरू हुनुपर्छ । तिनीहरू ख्रीष्टसँग एकता र संगतीमा हुनुपर्छ । यही कारणले पावलले "प्रभुमा" (१ थेस्सलोनिकी ५:१२) भनेर निरीक्षण गर्ने कुरा लेखे । यसको अर्थ एल्डरहरू प्रभुसँगको संगतीमा रहनुपर्छ, उहाँको प्रेम आफ्ना हृदयमा अनुभव गर्दै र उहाँको आशीर्वाद आफ्ना जीवनमा पाउँदै । तिनीहरूको जीवनले अनुग्रहयुक्त, ईश्वरीय र पवित्र जीवनको प्रमाण पनि दिनुपर्छ । हाम्रा प्रभुले सिकाउनुभयो कि केवल "असल मानिस" ले मात्र "हृदयको असल भण्डारबाट" असल कुराहरू निकाल्न सक्छ (मत्ती १२:३५)। १ तिमोथी ३ मा एल्डर वा विशपका योग्यताहरूमध्ये एक यो हो कि तिनीहरू "निर्दोष" हुनुपर्छ (पद २) । यसको अर्थ, कसैले पनि उनीहरूको जीवनमा देखिने गम्भीर असंगती औँल्याएर दोष लगाउन नसक्ने अवस्था हुनुपर्छ । यसको अर्थ उनीहरू पूर्ण हुनुपर्छ भन्ने होइन । तर यसको अर्थ यो हो कि तिनीहरूको चरित्र वा आचरणमा कुनै स्पष्ट र गम्भीर त्रुटि हुनु हुँदैन । परमेश्वरको आज्ञापालनको मार्गमा मण्डलीका सदस्यहरूलाई अगुवाइ गर्ने तिनीहरूको अधिकार धेरै हदसम्म तिनीहरूको आफ्नै निरन्तर र स्थिर जीवनशैलीमा निर्भर हुन्छ । "तिमीहरूका अगुवाहरूलाई सम्झ" भनेर हामीलाई हिब्रू १३:७ मा भनिएको छ, जहाँ "अगुवाइ गर्ने" भन्ने क्रियापदको शाब्दिक अर्थ "डोऱ्याउने" वा "मार्गदर्शन गर्ने" हुन्छ । यसको अन्तर्निहित सन्देश यो हो कि एल्डरहरूले आफैंले त्यो मार्गमा हिँडेर अरूलाई सही बाटो देखाउनुपर्छ । तिनीहरूले शिक्षा र उदाहरण दुवैद्वारा मण्डलीलाई अगुवाइ गर्नुपर्छ ।

अन्ततः, एल्डरहरूमा आवश्यक आत्मिक वरदानहरू हुनुपर्छ । तिनीहरूले सत्यको दृढ र स्पष्ट बोध राख्नुपर्छ, र त्रुटिरहित पवित्रशास्त्रमा सिकाइएको सिद्धान्तलाई सही रूपमा बुझ्नुपर्छ । प्रेरित पावलले एक पत्रमा भनेझैं, एल्डरहरू "विश्वासयोग्य वचनलाई दृढतापूर्वक पक्रने" (तीतस १:९) व्यक्तिका रूपमा चिनिनुपर्छ । यसबाहेक तिनीहरूमा आफ्नो ज्ञान अरूलाई हस्तान्तरण गर्ने क्षमता पनि हुनुपर्छ । एल्डरहरू अज्ञानलाई सिकाउन सक्षम र गलत मार्गमा गएका व्यक्तिहरूलाई पुनः सही शिक्षामा फर्काउन सक्ने हुनुपर्छ । पावलले १ तिमोथी ३:२ मा एल्डरहरूको "शिक्षा दिन सक्षम" भन्ने उल्लेख सार्वजनिक प्रचार भन्दा

पनि व्यक्तिगत र निजी कुराकानीमा सिकाउने क्षमतालाई जनाउँछ । यो कुरा नयाँ नियममा यस अभिव्यक्तिको अर्को प्रयोगबाट स्पष्ट हुन्छ: “अनि प्रभुका दासले झगड़ा गर्नुहुँदैन, तर उनी सबै मानिसहरूप्रति कोमल, सिकाउनमा सिपालु, सहनशील, विरोध गर्नेहरूलाई नम्रतासाथ सिकाउने-सुधार्ने हुनुपर्छ; सायद परमेश्वरले तिनीहरूलाई सत्यता मान्नका निम्ति पश्चात्ताप देलान् ।” (२ तिमोथी २:२४–२५)।

*तिनीहरूले शासन गर्ने आत्मिक वरदान पनि राख्न र प्रयोग गर्नुपर्छ ।* मण्डलीको जिम्मा लिनु वा त्यसको हेरचाह गर्ने क्षमता पनि आत्मिक वरदानहरूमध्ये एकको रूपमा उल्लेख गरिएको छ (१ कोरिन्थी १२:२८; रोमी १२:६, ८)। एल्डरहरू त्यस्ता जिम्मेवार व्यक्तिहरू हुनुपर्छ, जससँग बलियो बाइबलीय विश्वास हुन्छ र ती विश्वासहरूलाई व्यवहारमा लागू गर्न तत्पर हुन्छन् । तर उनीहरूले मण्डलीका सदस्यहरूलाई शिक्षा र व्यवहारमा आफूलाई पछ्याउन बाध्य पार्ने होइन, तर विवेकपूर्ण रूपमा मनाउन सक्नुपर्छ। तिनीहरूको भूमिका झुण्डको गोठालोको हो र त्यो जिम्मेवारी सफलतापूर्वक पूरा गर्न उनीहरू आफ्ना मानिसहरूसँग राम्रो सम्बन्धमा रहनुपर्छ र दया तथा बुद्धिको लागि चिनिने हुनुपर्छ । त्यसैगरी, तिनीहरूमा “ट्याक्ट” (अर्थात् उचित समयमा उचित तरिकाले व्यवहार गर्ने दुर्लभ तर अत्यन्त आवश्यक क्षमता पनि हुनुपर्छ जसले उनीहरूलाई विभिन्न परिस्थितिहरूलाई कहिले र कसरी सम्हाल्ने भन्ने कुरा सही रूपमा बुझ्न सक्षम बनाउँछ । एल्डरहरूले सोलोमनको यो प्रार्थना गर्न कति आवश्यक छ: “यसकारण तपाईंको प्रजाको न्याय गर्नका निम्ति आफ्नो दासलाई समझदार हृदय दिनुहोस्, र म असल र खराबको बीचमा खुट्ट्याउन सकूँ; किनकि कसले तपाईंको यति ठूलो प्रजाको न्याय गर्न सक्छ र?” (१ राजा ३:९) । *यस्ता* एल्डरहरू भएको मण्डली साँच्चै धन्य र आनन्दित हुन्छ । त्यसले अवश्य नै परमेश्वरको उपस्थिति र अनुग्रहको अनुभव गर्नेछ ।

के हामीले आफ्ना एल्डरहरूको आदर गर्नु हुँदैन र उनीहरूका लागि प्रार्थना गर्दै उनीहरूलाई हाम्रो समर्थन दिनु हुँदैन? सेवकहरूलाई सत्यलाई शक्तिशाली रूपमा प्रचार गर्न सक्षम हुन प्रार्थनाको आवश्यकता पर्छ । शासन गर्ने एल्डरहरूलाई पनि प्रार्थनाको आवश्यकता पर्छ, ताकि उनीहरूले मण्डली जीवनका हरेक क्षेत्रमा

सत्यलाई ठीकसँग लागू गर्न सकून् । उनीहरूको यो कठिन र मागपूर्ण कार्यमा उनीहरूलाई हतोत्साहित गर्ने कुनै काम नगरौं । बरु, आफ्नो प्रेम, संगती र आज्ञापालनद्वारा उनीहरूलाई हरेक प्रकारले उत्साहित गरौं । परमेश्वरका महान् प्रतिज्ञाहरूमध्ये एक यस प्रकार छ: "अनि म तिमीहरूलाई मेरो हृदयअनुसारका गोठालाहरू दिनेछु, जसले तिमीहरूलाई ज्ञान र समझसहित चराउनेछन्।" (यर्मिया ३:१५)। यो वचन हाम्रो दिनमा पनि प्रभुले पूरा गरून्, ताकि हाम्रा मण्डलीहरूले आफ्ना शुद्धता र शक्ति पुनः प्राप्त गर्न सकून् । तब ख्रीष्टले सम्मान र प्रशंसाको प्रशस्त फल प्राप्त गर्नुहुनेछ ।

*जब सियोन सर्वशक्तिमान प्रभुद्वारा फेरि निर्माण गरिनेछ,*
*तब उहाँ महिमा र वैभवसहित मानिसहरूका सामु प्रकट हुनुहुनेछ ।*

*उहाँले दीन-दुःखीहरूको प्रार्थनालाई निश्चय नै ध्यान दिनुहुनेछ;*
*उहाँले तिनीहरूको बिन्तीलाई तुच्छ ठान्नुहुनेछैन,*
*बरु उहाँद्वारा त्यो सुनुवाइ हुनेछ।*

*यसरी आउने पुस्ताहरूका लागि यो लेखेर राखिनेछ:*
*ताकि पछि जन्मिने मानिसहरूले परमप्रभुको स्तुति गर्नेछन् ।*[47]

[47] स्कटिस साल्टर, १६५०, *भजन १०२*, पद १६–१८।

# अध्याय ५

## सुधारवादी मण्डली अनुशासन
## Reformed Church Discipline

*“यसकारण आफ्नो विषयमा र सम्पूर्ण बगालको विषयमा होसियार हुनुहोस्, जसमाथि उहाँले आफ्नै रगतले किन्नुभएको परमेश्वरको मण्डलीलाई चराउनका निम्ति पवित्र आत्माले तपाईंहरूलाई अध्यक्ष (निरीक्षक) ठहराउनुभएको छ ।”*

—प्रेरित २०:२८

अनुशासन *(डिसिप्लिन)* भन्ने शब्दलाई सही रूपमा बुझ्न, यसको स्पष्ट र अर्थपूर्ण परिभाषा आवश्यक हुन्छ । ल्याटिन शब्द *डिसिप्लिना* बाट आएको यो शब्दको अर्थ “शिक्षा” हो । यस शब्दको एक परिभाषा यस्तो छ: “अनुशासनमा ती सबै प्रक्रियाहरू समावेश हुन्छन्, जसद्वारा मण्डलीले आत्माहरूको हेरचाह गर्ने जिम्मा पाएको अवस्थामा आफ्ना सदस्यहरूलाई स्वर्गको लागि शिक्षा दिन्छ।”[48] तर समय र चलनले यसको अर्थलाई संकुचित बनाएको छ, जसले गर्दा आज सामान्यतः यसलाई अपराध वा गल्तीहरूको उचित व्यवहारको अर्थमा मात्र बुझिन्छ ।

वारहम वाकरले अनुशासनको पूर्ण अर्थ स्पष्ट गर्न एक विस्तारित रूपक प्रयोग गरेका छन्:

> “सैनिकहरूको एउटा दललाई राम्रोसँग अनुशासित भन्नसकिन्छ, तब होइन जब सैनिक अदालत निरन्तर उनीहरूका बीचका अवज्ञाका कार्यहरू दमन गर्न व्यस्त हुन्छ,

---

[48] हेजेकियाह हर्भी, *द चर्च: इट्स पोलिटी एन्ड अर्डिनेन्सेस* (रोचेस्टर, एन. वाइ.: ब्याकस, १९८२), ८७।

> तर तब जब उनीहरूले आफ्ना सेनापतिका आदेशहरू र आफूहरू अधीनमा रहेका सबै सैन्य नियमहरूको सामान्य रूपमा पालन गर्छन्, जसले गर्दा दण्ड दिनुपर्ने त्यस्ता घटनाहरू धेरै कम मात्रामा हुन्छन् । हामी जब सेनाको अनुशासनको कुरा गर्छौं, निश्चय नै त्यसमा सैन्य अपराधहरूको सुधार पनि समावेश हुन्छ । तर यो मात्र हाम्रो सम्पूर्ण अर्थ होइन । यसमा त्यो सैन्य शिक्षा र प्रशिक्षणको प्रक्रिया पनि समावेश हुन्छ, जसद्वारा सैनिकहरू निर्माण गरिन्छन् र सक्रिय तथा प्रभावकारी सेवाका लागि तयार पारिन्छन् ।"[49]

त्यसैले मण्डली अनुशासनको सही बुझाइमा सत्यको शिक्षा दिनु र गल्ती तथा अपराधहरूको उचित व्यवस्थापन गर्नु दुवै कुरा समावेश हुन्छन् । सामान्यतः अनुशासनका दुई प्रकारको कुरा गरिन्छ: रोकथामात्मक र सुधारात्मक ।

## रोकथामात्मक अनुशासन

रोकथामात्मक अनुशासन अत्यन्त सकारात्मक हुन्छ। यसको उद्देश्य आज्ञापालन र जीवित भक्तिपूर्ण जीवनलाई सुनिश्चित गर्नु हो। यस प्रकारको अनुशासन हासिल गर्ने विभिन्न उपायहरू छन् ।

### *सार्वजनिक र निजी शिक्षा*

सेवकले परमेश्वरको वचन प्रचार गर्नेछ, जसद्वारा मण्डलीका सदस्यहरूलाई ख्रीष्टियन विश्वासका सिद्धान्तहरू र कर्तव्यहरूसँग परिचित गराइन्छ । उसले तिनीहरूलाई तिनीहरू बोलाइएका नामअनुसार योग्य जीवन जिउन आग्रह गर्नेछ । कठिनाइमा परेकाहरूलाई उसले सान्त्वना दिनेछ र बाटोबाट भड्किन सक्ने प्रलोभनमा परेकाहरूलाई चेतावनी दिनेछ । यस्तो सेवाकाईको उद्देश्य "ख्रीष्टको शरीरको उन्नति [निर्माण]" हो (एफिसी ४:१२)। एल्डरहरूसँग मिलेर सेवकले निजी कुराकानी मार्फत पनि शिक्षामूलक परामर्श दिनेछ

[49] वारहम वाकर, *हार्मनी इन द चर्च: चर्च डिसिप्लिन* (रोचेस्टर, एन. वाइ.: ब्याकस, १९८१), २२–२३।

। १ तिमोथीमा प्रयोग गरिएको "शिक्षा दिन योग्य" भन्ने अभिव्यक्ति २ तिमोथी २:२४–२५ मा विभिन्न समस्याहरू भएका मानिसहरूलाई परामर्श दिने सन्दर्भमा प्रयोग गरिएको छ: "प्रभुको सेवक... शिक्षा दिन योग्य हुनुपर्छ... विरोध गर्नेहरूलाई नम्रतापूर्वक सच्याउँदै ।" यसरी, उनीहरूले मण्डलीका सदस्यहरूलाई परमप्रभुलाई प्रेम गर्न, सेवा गर्न र आराधना गर्न आफ्ना जिम्मेवारीहरू निरन्तर सम्झाइरहनेछन् ।

*विधीहरूको उचित प्रशासन*

विधीहरूद्वारा प्रभुका मानिसहरू प्रशस्त रूपमा आशिषित हुन्छन्, जसले गर्दा तिनीहरू प्रभुसँग टाँसिएर आफ्नो तीर्थयात्रा निरन्तर अघि बढाउँछन् । हाम्रो प्रभुले प्रेरितहरूलाई (र तिनीहरूका पछि आएका शिक्षकहरूलाई) भन्नुभयो कि उनीहरू "मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाउँदै" (मत्ती २८:२०) व्यस्त रहनुपर्नेछ । विभिन्न विधीहरू पालन गर्दा उनीहरू आत्मिक रूपमा बलियो बनाइन्थे ।

*भाइचारा प्रेमको भावनाको विकास*

मण्डलीका सदस्यहरूलाई एक-अर्काको हेरचाह गर्न प्रोत्साहित गर्नु महत्त्वपूर्ण छ । ख्रीष्टले आफ्ना चेलाहरूलाई "एक-अर्कालाई प्रेम गर" भनी शिक्षा दिनुभयो र त्यसैको परिणामस्वरूप प्रेरितहरूका पत्रहरूमा "भाइचारा प्रेम" वा "दयालुपन" माथि विशेष जोड दिइएको छ (यूहन्ना १३:३५; रोमी १२:१०; २ पत्रुस १:७) । यो प्रेम अरूलाई सान्त्वना दिने वा आत्मिक रूपमा बलियो पार्ने कार्यद्वारा प्रकट हुन्छ (१ थेस्सलोनिकी ४:१८; ५:११) र कहिलेकाहीँ अस्वीकृति जनाउने वा चेतावनी दिने रूपमै पनि व्यक्त हुन सक्छः "अनुशासनहीनहरूलाई चेतावनी देओ" (१ थेस्सलोनिकी ५:१४)। यी सबै सम्भावित समस्याहरूलाई टार्ने कार्यका अङ्गहरू हुन् । यस प्रकारको पारस्परिक सहयोगले कुनै व्यक्तिलाई भड्किएर जाने वा पतन हुनबाट जोगाउन सक्छ र त्यसकारण यो बाइबलीय अनुशासनको एक अत्यन्त महत्त्वपूर्ण पक्ष हो ।

*मण्डलीको सेवाकार्यमा नियुक्ति*

रोमी १२ अध्यायमा मण्डलीलाई विभिन्न अङ्गहरू भएको मानव शरीरसँग तुलना गरिएको सुन्दर चित्र प्रस्तुत गरिएको छ । जसरी शरीरका ठूला तथा साना सबै अङ्गहरूले आ-आफ्नो कार्य ठीकसँग पूरा गर्दा मात्र शरीर स्वस्थ रहन्छ त्यसरी नै मण्डली पनि तब स्वस्थ रहन्छ जब त्यसका सदस्यहरूले आफ्ना-आफ्ना जिम्मेवारी र सेवाहरू विश्वासीपूर्वक निर्वाह गर्छन् । हामी प्रत्येकलाई फरक-फरक वरदानहरू प्रदान गरिएका छन् र परमेश्वरको सहायताद्वारा ती वरदानहरूलाई सम्पूर्ण मण्डलीको उन्नति र आत्मिक वृद्धिका लागि विश्वासयोग्य रूपमा प्रयोग र विकास गर्नु हाम्रो कर्तव्य हो ।

यदि एल्डरहरू बुद्धिमानी छन् भने तिनीहरू सधैँ सतर्क रहनेछन् र विभिन्न क्षमता तथा वरदानहरूको विकासका लागि अवसरहरू प्रदान गर्न तत्पर हुनेछन् । सदस्यहरूले प्रभुको सेवामा आफ्नो सेवामार्फत सन्तुष्टि र पूर्तिको अनुभव गर्नेछन् र यसले असन्तोषका ती भावनाहरूलाई हटाउन मद्दत गर्न सक्छ जुन अन्यथा गनगनाहट वा गुनासोको रूपमा प्रकट हुन सक्थे ।

प्युरिटन जेरिमाया बरोज ले लेखेका छन्, "शैतानलाई धमिलो पानीमा माछा मार्न मन पर्छ । जब उसले मानिसहरूलाई असन्तुष्ट भएर यता-उता हिँडिरहेको देख्छ, तब ऊ भन्छ, 'मेरो लागि यहाँ राम्रो माछा मार्ने ठाउँ छ ।' अनि जब उसले तिनीहरूलाई एक्लै पाउँछ तब आफ्ना परीक्षाहरू लिएर आउँछ ।"[50]

मण्डलीका जिम्मेवारीहरू केवल निश्चित वरदानहरू प्रकट गर्ने व्यक्तिहरूलाई मात्र दिनु हुँदैन । ख्रीष्टियन सङ्गतिमा सबैका लागि सेवाका अवसरहरू हुन्छन् । जब प्रत्येक व्यक्तिले आफूले पनि मण्डलीमा कुनै न कुनै भूमिका निर्वाह गर्नुपर्छ भन्ने महसुस गर्छ, तब मण्डलीभित्र आलोचना र विभाजन उत्पन्नहुने सम्भावना कम हुन्छ ।

### *भक्ति र निष्ठाका उदाहरणहरू*

हामीले सम्झनुपर्छ कि प्रेरित पावलले तिमोथीलाई कति जोड दिएर भनेका थिए कि उनी "विश्वासीहरूको लागि उदाहरण" बनून्—बोलीमा,

---

[50] जेरेमायाह बरोज, *द रेयर ज्वेल अफ ख्रीष्टियन कन्टेन्टमेन्ट* (एडिनबरा: ब्यानर अफ ट्रुथ, १९७९), १२६।

आचरणमा, प्रेममा, आत्मामा, विश्वासमा र शुद्धतामा (१ तिमोथी ४:१२)। भक्तिको बलियो उदाहरणले प्रायः अरूलाई कुनै गम्भीर पाप वा गल्तीमा पतन हुनबाट रोक्न मद्दत गर्छ । निरन्तर पवित्र जीवनशैली प्रभुका जनहरूको लागि आशिषको माध्यम हो जसले तिनीहरूको स्थापनामा र अनुग्रहमा वृद्धि हुन सहायता गर्छ । यदि मण्डलीका पदाधिकारीहरू आत्मिक ध्यान र पवित्र जीवनमा विशेष रूपमा चिनिएका छन् भने त्यस मण्डलीका सदस्यहरूमा अत्यन्त लाभदायक प्रभाव पर्छ । यस्ता कुराहरूमा एक प्रकारको अनौठो तर प्रभावकारी प्रभाव पार्दछ ।

यदि एल्डरहरूले सेवा तथा सभाहरूमा उचित र मर्यादित आचरण प्रदर्शन गर्छन् भने सदस्यहरूले पनि त्यसैको अनुकरण गर्ने प्रवृत्ति देखाउँछन् । यो प्रभाव केवल सार्वजनिक सभाहरूमा मात्र होइन निजी जीवनमा पनि देखिन्छ—हामीले आफ्ना परिवारहरूलाई कसरी व्यवस्थापन गर्छौं र व्यक्तिगत भक्तिका समयहरूलाई कसरी व्यवस्थित गर्छौं भन्ने कुरामा पनि यसको असर पर्छ । ईश्वरीय उदाहरण मण्डलीभित्र पाप र भूल प्रवेश हुन नदिन अत्यन्त महत्त्वपूर्ण माध्यम हो ।

## समस्याहरू किन आउँछन्

शैतानको दुष्टता, संसारका दबाबहरू र हाम्रो स्वभावको कमजोरीका कारण मण्डलीभित्र समस्याहरू आउनु अपरिहार्य जस्तै हुन्छ (२ कोरिन्थी २:११; १ यूहन्ना २:१८; प्रकाश ३:२)। वेस्टमिन्स्टर विश्वासको स्वीकारले भनेझैं, "स्वर्गमुनिका सबैभन्दा पवित्र मण्डलीहरू पनि मिश्रण र त्रुटिबाट पूर्ण रूपमा मुक्त हुँदैनन् ।"[51] परमेश्वरका सार्वभौम, प्रेमपूर्ण र बुद्धिमानी उद्देश्यहरूमा उहाँले कहिलेकाहीँ अपराधहरू (ठेस लाग्ने कुराहरू) हुन दिनुहुन्छ । प्रभु येशूले भन्नुभयो, "ठेस लाग्ने कुराहरू आउनु अनिवार्य नै छ" (मत्ती १८:७)। त्यसो भए, तिनीहरूलाई हुन दिनुमा परमेश्वरका ईश्वरीय उद्देश्यहरू के-के हुन्?

पहिलो कुरा, ठेस लाग्ने कुराहरूले प्रभुका जनहरूमा भएको अनुग्रहको परीक्षा गर्छन् । जब ख्रीष्टले आफ्ना चेलाहरूलाई चाँडै नै हुने भयानक विश्वासघातको सङ्केत दिनुभयो तब प्रत्येक चेला आफैंलाई जाँच्न थाले र "प्रभु, के त्यो म नै हुँ?" (मत्ती २६:२२) भनेर सोध्न थाले ।

---

[51] वेस्टमिन्स्टर कन्फेसन अफ फेथ, अध्याय २५, अनुच्छेद ५।

ठेस लाग्ने घटनाहरूले वास्तवमै विश्वासयोग्य र स्थिर को हुन् भन्ने कुरा पहिचान गर्न पनि सम्भव बनाउँछन् । जब समस्या उत्पन्न हुन्छ, परिपक्व ख्रीष्टियनहरू अगाडि आउँछन् र देखिन्छन्। पावलले सिकाएका छन् कि विधर्म वा गुटहरू पनि यसै कारणले आवश्यक हुन्छन्, "ताकि जो अनुमोदित छन् तिनीहरू तिमीहरूका बीचमा प्रकट होऊन्" (१ कोरिन्थी ११:१९)। यसको स्वाभाविक निष्कर्ष के हो भने, ठेस लाग्ने घटनाहरूले कपटीहरू र साँचो विश्वासीहरू बीचको भिन्नता छुट्याउने अवसर पनि प्रदान गर्छन्। प्रेरित यूहन्नाले लेख्छन्, "तिनीहरू हामीबाट निस्किए, तर तिनीहरू हामीकै थिएनन्... तर तिनीहरू बाहिर निस्किए, ताकि प्रकट होस् कि तिनीहरू सबै हामीकै थिएनन्" (१ यूहन्ना २:१९) ।

केही परिस्थितिहरूमा, ठेस लाग्ने घटनाहरू वा विवादहरूले मण्डलीलाई विश्वासका महान् सिद्धान्तहरूमा अझ दृढ स्थापित गर्न मद्दत गर्छन् । एन्टिओक तथा अन्य स्थानहरूमा उत्पन्नभएका समस्याहरूको परिणामस्वरूप, ख्रीष्टियनहरूले "सान्त्वना" मात्र पाएनन्, तर सत्यमा पनि अझ "दृढ" भए (प्रेरित १५:३०–३२) ।

अन्ततः, ठेस लाग्ने घटनाहरूले ख्रीष्टको अनुग्रही उपस्थितिको अनुभव गराउँछन् । यस्ता घटनाहरू हुँदा प्रभु नजिकै हुनुहुन्छ, उहाँको "नाङ्लो" लिएर आफ्नो खलालाई "सम्पूर्ण रूपमा सफा" गर्नको लागि (मत्ती ३:१२)। जब उहाँ आफ्नो दाखबारीलाई अझ पवित्रता र धार्मिकतामा बढी फलदायी बनाउन छाँट्नुहुन्छ, त्यसबेला उहाँको हात हामीसँग अझ बढी नजिक हुन्छ ।

## सुधारात्मक अनुशासन

सुधारात्मक अनुशासन मूलतः ख्रीष्टका नियमहरू उल्लङ्घन गर्नेहरू विरुद्ध अपनाइने न्यायिक प्रक्रिया हो । यसको उद्देश्य ठेस वा ठेसका कारणहरूलाई हटाउनु हो । यस विषयको अध्ययन अघि हामीले तीनवटा महत्त्वपूर्ण सिद्धान्तहरू स्थापित गर्नुपर्छ ।

### *साँचो मण्डलीको एक चिन्ह*

पहिलो सिद्धान्त यो हो कि अनुशासन बाइबलीय मण्डलीका "चिन्ह" वा "लक्षण" हरूमध्ये एक हो । सन् १५६० को स्कट्स विश्वासको

स्वीकारमा यसलाई स्पष्ट रूपमा यसरी व्यक्त गरिएको छ: "हामी विश्वास गर्छौं, स्वीकार गर्छौं र घोषणा गर्छौं कि साँचो परमेश्वरको मण्डलीका चिन्हहरू यी हुन्—पहिलो, परमेश्वरको वचनको साँचो प्रचार, जसद्वारा परमेश्वरले आफूलाई हामीकहाँ प्रकट गर्नुभएको छ । दोस्रो, ख्रीष्ट येशू ख्रीष्टका विधीहरूको उचित व्यवस्थापन जुन परमेश्वरको वचन र प्रतिज्ञासँग जोडिनुपर्छ ताकि ती हाम्रो हृदयमा त्यसलाई छाप लगाउन र पुष्टि गर्न सकून् । तेस्रो, *परमेश्वरको वचनअनुसार ठीक तरिकाले अभ्यास गरिएको मण्डली अनुशासन जसद्वारा दुष्टता दबाइन्छ र सद्गुणको पोषण गरिन्छ*" ।[52] सुधारवादी विश्वासको स्वीकारोक्तिहरूमध्ये यो भन्दा उत्तम बयान अरू छैन र यसले महान् प्रोटेस्टेन्ट सुधारवादीहरूको दृष्टिकोणलाई स्पष्ट रूपमा प्रतिबिम्बित गर्छ । यदि यीमध्ये कुनै एक वा बढी चिन्हहरू मण्डलीमा अनुपस्थित छन् भने त्यहाँ गम्भीर त्रुटि र गहिरो कमी रहेको हुन्छ र सम्भवतः त्यो समुदाय साँचो ख्रीष्टियन मण्डली नै होइन ।

परमेश्वरले मण्डलीलाई अनुशासन अभ्यास गर्ने अधिकार र आदेश दिनुभएको छ; त्यसैले यसलाई कुनै पनि हालतमा सानो वा महत्त्वहीन विषय मान्न सकिँदैन । मत्ती १८:१७ मा प्रभुका यी वचन छन्: "यसलाई मण्डलीलाई भन ।" अनुशासनको सही बुझाइका लागि यो आधारभूत कुरा हो । केही आचरणहरू यस्ता हुन्छन् जुन लगातार जारी रहँदा स्थानीय मण्डलीको न्यायिक परिषद् समक्ष ल्याइनुपर्छ । यो प्रभुले नै स्थापना गर्नुभएको व्यवस्था हो । जब पावलले कोरिन्थको मण्डलीमा भएको घोर अनैतिकताको विषयमा लेखे, उनले मण्डलीलाई "हाम्रा प्रभु येशू ख्रीष्टको नाममा" (१ कोरिन्थी ५:४) त्यसलाई सम्हाल्न निर्देशन दिए । अन्य कुराहरूसँगै यसको अर्थ "हाम्रा प्रभु येशू ख्रीष्टको अधिकारद्वारा" भन्ने हुन्छ । प्रेरितले मण्डली अनुशासन कुन अधिकारमा आधारित छ भन्ने कुरा स्पष्ट रूपमा देखाएका छन् ।

उनको *म्यारो अफ थियोलोजी*मा विलियम एम्सले मण्डली अनुशासनलाई यसरी जोड दिन्छन् कि यो "ख्रीष्ट आफैँद्वारा स्थापित र आज्ञा गरिएको हो (मत्ती १६:१९; १८:१५–१७) । त्यसैले यो ईश्वरीय अधिकारको विषय हो जसलाई मानिसहरूले आफ्नो इच्छाअनुसार

---

[52] जोन नक्स, *द वर्क्स अफ जोन नक्स* (एडिनबरा: वोड्रो सोसाइटी, १८४१), ११०।

हटाउन, घटाउन वा परिवर्तन गर्न सकिँदैन । वास्तवमा, यस अनुशासनका लेखक र संस्थापक स्वयं ख्रीष्ट हुनुहुन्छ; त्यसैले जसले परमेश्वरका मण्डलीहरूमा यस अनुशासनलाई स्थापना र प्रवर्द्धन गर्न सकेसम्म प्रयास गर्दैन, उसले ख्रीष्टको विरुद्ध पाप गर्छ ।"[53]

हाम्रा प्रभुले अनुशासनलाई एक विधिको रूपमा स्थापना गर्नुभयो । उहाँले यसो गर्नुको कारण यो थियो कि मण्डलीले यस संसारमा आफ्नो मिशन पूरा गर्न सकोस् । जब मण्डलीमा उचित व्यवस्था हुँदैन, त्यो कति ठूलो असफल हुन्छ ! त्यहाँ अवश्य नै विभाजन उत्पन्नहुन्छ र ख्रीष्टियन प्रेमलाई अब ठीकसँग प्रकट गर्न सकिँदैन । यसका साथै, मण्डलीभित्र अनुशासनको अभाव हुँदा अरूका लागि ठेस लाग्ने कारण बन्न सक्छ । जब परमेश्वरका दाबी गर्ने मानिसहरूको समुदायमा देखिने कुराहरूले अविश्वासीहरूलाई आत्मिक रूपमा अपमानित वा ठेस पुर्‍याउँछ, त्यो एक गम्भीर त्रासदी हो । मण्डलीको अस्तित्व परमेश्वरको महिमा प्रतिबिम्बित गर्न र घोषणा गर्न हो (२ कोरिन्थी ३:१८; एफिसी ३:२१), तर सदस्यहरूबीचको नियन्त्रणविहीन पापले यस महान् उद्देश्य र योजनाको पूर्तिको विरुद्ध काम गर्छ । वास्तवमा, अनुशासनविना मण्डली कहिल्यै स्वर्गको राज्यका लागि तयार हुन सक्दैन । तर बाइबलीय अनुशासनको विश्वासयोग्य अभ्यासले मण्डलीलाई, थुमाको दुलहीको रूपमा, आफूलाई "तयार" पार्न सक्षम बनाउँछ (प्रकाश १९:७) ।

*प्रत्येक स्थानीय मण्डलीमा अधिकार*

दोस्रो सिद्धान्त यो हो कि अनुशासनको अधिकार प्रत्येक स्थानीय मण्डलीलाई नै दिइएको छ । सुसमाचारहरूमा हामी देख्छौं कि सभाघर सम्बन्धी पनि यही कुरा सत्य थियो (यूहन्ना ९:२२, ३५; १६:२) । ख्रीष्टले यस्तो अवस्थामा के गर्नुपर्छ भन्ने व्यावहारिक निर्देशन दिनुभयो—यदि कसैले गल्ती गर्छ र त्यसबारे छलफल गर्न अस्वीकार गर्छ भने: "यदि उसले तिनीहरूको कुरा सुन्दैन भने, मण्डलीलाई भन" (मत्ती १८:१७)। यहाँ "मण्डली" भन्नाले कुनै निश्चित स्थानीय विश्वासीहरूको समूहलाई जनाउँछ; यस पदले देखाउँछ कि समस्या स्थानीय मण्डलीको

[53] विलियम एम्स, *द म्यारो अफ थियोलोजी* (ग्रान्ड र्‍यापिड्स: बेकर, १९९७), १९९।

प्रशासनिक वा शासकीय निकायसमक्ष ल्याइनुपर्छ । अन्य पदहरूले पनि पुष्टि गर्छन् कि प्रत्येक मण्डलीलाई ख्रीष्टको अधीनमा रही अनुशासन अभ्यास गर्ने अधिकार दिइएको छ । पावलले कोरिन्थको मण्डलीलाई पश्चात्ताप नगर्ने अपराधीको विरुद्ध तुरुन्तै कारबाही गर्न निर्देशन दिए (१ कोरिन्थी ५:४–५)। उनले यो सिद्धान्त स्पष्ट रूपमा प्रस्तुत गरे कि परमेश्वरका नियमहरू उल्लङ्घन गर्नेहरूलाई सम्हाल्ने अधिकार र जिम्मेवारी प्रत्येक मण्डलीसँग छ ।

तर यो अधिकार मण्डलीका वैधानिक रूपमा नियुक्त गरिएका पदाधिकारीहरूमार्फत नै प्रयोग गरिनुपर्छ। उन्नैसौँ शताब्दीका प्रेस्बिटेरियन थोमस विथरोले यसरी लेख्छन्:

> "परमेश्वरले मानिसलाई विभिन्न क्षमता दिनुहुन्छ,तर ती क्षमता सधैं कुनै न कुनै विशेष अङ्ग मार्फत नै प्रयोग हुन्छन् जसलाई विशेष कार्यको लागि नियुक्त गरिएको हुन्छ । उदाहरणका लागि, उहाँले मानिसलाई दृष्टिको क्षमता दिनुहुन्छ, तर त्यो क्षमता आँखासँग जोडिएको हुन्छ र त्यो अत्यन्त सूक्ष्म रूपमा बनाइएको अङ्गद्वारा मात्र प्रयोग गर्न सकिन्छ । त्यसैगरी ख्रीष्टियन समाजमा पनि यही कुरा लागू हुन्छ । ख्रीष्टले मण्डलीलाई शासन गर्ने अधिकार दिनुभएको छ तर त्यो शासन मण्डलीद्वारा चुनिएका अधिकारीहरूद्वारा नै अभ्यास गरिन्छ, जसले मण्डलीभित्र ख्रीष्टको अधिकार अन्तर्गत र उहाँको स्वीकृतिसहित कार्य गर्छन् ।"[54]

यो निस्सन्देह बाइबलीय दृष्टिकोण हो र यो लोकतान्त्रिक शैलीको शासन प्रणालीभन्दा धेरै फरक छ ।

यस पुस्तकको अध्याय ४ मा उल्लेख गरिएझैं, ख्रीष्टले पत्रुसलाई भन्नुभयो: "म तिमीलाई स्वर्गको राज्यका साँचोहरू दिनेछु" (मत्ती १६:१९) । यो अधिकार प्रयोग गर्ने पहिलो व्यक्ति पत्रुस थिए । उनले सिद्धान्तको साँचो प्रयोग गर्दै यहूदीहरू र अन्यजातिहरू दुवैका लागि राज्य खोलिदिए (प्रेरित २:१४–४२; १०:१–४८), र अनुशासनको साँचो प्रयोग गर्दै

---

**54** थोमस विदरो, *द फर्म अफ द ख्रीष्टियन टेम्पल* (एडिनबरा: टी. एन्ड टी. क्लार्क, १८८९), १४८।

उनले हनानिया र सफीरा तथा जादुगर शिमोनका लागि राज्य बन्द गरे (प्रेरित ५:१–११; ८:१८–२१)। मण्डलीमा मानिसहरूलाई प्रवेश दिने वा बाहिर निकाल्ने यो अधिकार केवल पत्रुसमै सीमित थिएन । अन्य प्रेरितहरूलाई पनि "खोल्ने" (राज्यमा प्रवेश गराउने) र "बन्द गर्ने" (राज्यबाट बाहिर राख्ने) अधिकार दिइएको थियो (मत्ती १८:१८; यूहन्ना २०:२३ पनि हेर्नुहोस्) । पावलले पनि निस्सन्देह यो अधिकारको प्रयोग गरे । हामी पढ्छौं कि उनको सेवाकाईद्वारा "विश्वासको ढोका" अन्यजातिहरूका लागि पनि खोलियो (प्रेरित १४:२७), जबकि हुमेनियस र अलेकजान्डर जस्ता व्यक्तिहरूलाई "शैतानको हातमा सुम्पियो" (१ तिमोथी १:२०)—अर्थात् तिनीहरूलाई मण्डलीबाट हटाएर शैतानको क्षेत्र मानिने संसारमा फर्काइयो ताकि तिनीहरूले निन्दा गर्न नपरोस् ।

चाबीहरू अब शिक्षा दिने र शासन गर्ने एल्डरहरूको हातमा छन्, जसलाई पावलले "परमेश्वरका भण्डारीहरू" (तीतस १:७) भनेका छन् । त्यसैले, मण्डलीमा कसलाई भित्र ल्याउने र कसलाई बाहिर राख्ने भन्ने कुराको जिम्मेवारी उनीहरूकै हो । पहिले उल्लेख गरिएझैं, पावलले एफिससका एल्डरहरूलाई यसरी सम्बोधन गरे: "यसकारण आफ्नो विषयमा र सम्पूर्ण बगालको विषयमा होसियार हुनुहोस्, जसमाथि उहाँले आफ्नै रगतले किन्नुभएको परमेश्वरको मण्डलीलाई चराउनका निम्ति पवित्र आत्माले तपाईंहरूलाई अध्यक्ष(निरक्षक) ठहराउनुभएको छ । किनभने मलाई यो थाह छ, म गएपछि तपाईंहरूको बीचमा क्रूर ब्वाँसाहरू भित्र पस्नेछन्, जसले बगाललाई छोड्नेछैनन् । तपाईंहरूकै बीचबाट पनि चेलाहरूलाई आफ्नो पछि खिँच्नलाई टेढ़ामेढ़ा कुरा गर्ने मानिसहरू उठ्नेछन् ।" (प्रेरित २०:२८–३०)। यी अधिकारीहरू मण्डलीको घरानाका शासकहरू हुन् (१ तिमोथी ३:५; ५:१७)। त्यसैले मण्डली अनुशासनको जिम्मेवारी उनीहरूकै हो (१ थेस्सलोनिकी ५:१२–१३ )। हाम्रा प्रभु येशू ख्रीष्टद्वारा नियुक्त भएकाले, सदस्यहरूले "उनीहरूको आज्ञा पालन गर्नुपर्छ" र "उनीहरूका अधीनमा बस्नुपर्छ" (हिब्रू १३:१७)। यहाँ किन यी दुईवटा शब्द प्रयोग गरिएको हो? ए. बी. डेभिडसनले टिप्पणी गर्छन्: "अधीनमा बस्नु वा आत्मसमर्पण गर्नु शब्दले 'आज्ञा पालन गर्नु' भन्दा बढी अर्थ दिन्छ । यसले यो संकेत गर्छ कि विश्वास र व्यवहार सम्बन्धी विचार र इच्छाहरू पूर्ण रूपमा मेल नखाए

पनि, शिक्षकहरूलाई सम्मानपूर्वक स्वीकार गर्नुपर्छ र उनीहरूको मार्गदर्शनमा बस्नुपर्छ।"[55]

*परमेश्वरको वचनप्रति कठोर प्रतिबद्धता*

तेस्रो सिद्धान्त यो हो कि कुनै पनि अनुशासनात्मक कार्य पवित्रशास्त्र अनुसार नै हुनुपर्छ । प्रेरित पावल यस कुरामा अत्यन्तै चिन्तित थिए कि मण्डलीभित्र हुने सबै कुरा "शिष्ट र सुव्यवस्थित" तरिकाले गरिनुपर्छ (१ कोरिन्थी १४:४०; साथै ११:३४; कलस्सी २:५ हेर्नुहोस्) ।जोन ओवेनले एकपटक भनेका थिए कि "व्यवस्था" भन्नुको सार केवल परमेश्वरको नियमको पालन नै हो । पवित्रशास्त्रले मात्र प्रक्रिया निर्धारण गर्दैन, तर ती प्रक्रियाहरू कसरी पालन गर्नुपर्छ भन्ने तरिका पनि स्पष्ट गर्छ । त्यसैले अनुशासनलाई गम्भीरता, निष्पक्षता र प्रेमका साथ अभ्यास गर्नुपर्छ ।

प्रचार कार्य र प्रभुको विधीहरूको व्यवस्थापनजस्तै, मण्डली अनुशासन पनि "हाम्रो प्रभु येशू ख्रीष्टको नाममा" गरिने कार्य हो, जुन उहाँको सर्वोच्च अधिकारलाई जनाउने अभिव्यक्ति हो (१ कोरिन्थी ५:४) । त्यही पदले "हाम्रो प्रभु येशू ख्रीष्टको शक्ति" को पनि उल्लेख गर्छ, जसले दिइएको कुनै पनि निर्णय वा दण्डलाई प्रभावकारी बनाउँछ (लूका ५:१७; २ कोरिन्थी १२:९ पनि हेर्नुहोस्) । यी कुराहरूले मात्र पनि एल्डर र सदस्यहरूलाई उचित आचरण र गम्भीरताको साथ काम गर्न प्रेरित गर्नुपर्छ ।

पूर्ण निष्पक्षता आवश्यक छ, किनकि "मा तर जुन बुद्धि माथिबाट आउँछ, त्यो बुद्धिचाहिँ पहिले पवित्र हुन्छ, त्यसपछि मिलनसार, कोमल, मनाउँदा मानिहाल्ने, दया र असल-असल फलले भरिएको, पक्षपातरहित र कपटरहित हुन्छ।"  (याकूब ३:१७)। अझ स्पष्ट रूपमा १ तिमोथी ५:२१ मा पावलले तिमोथीलाई विशेष अनुशासनात्मक विषयहरू सम्हाल्दा कुनै पनि पक्षपात नगरी, कसैलाई अघि नलगाई, पूर्ण इमानदारीका साथ आफ्नो जिम्मेवारी पूरा गर्न आग्रह गर्छन् । अर्थात्, कुनै पनि सेवक वा एल्डरले अनुचित पक्षपातबाट टाढा बस्नुपर्छ। व्यक्तिको स्वभाव, सम्बन्ध, वा पारिवारिक नाता–कुटुम्बका कारण विशेष सुविधा दिनु हुँदैन । कसैप्रति व्यक्तिगत बाध्यता वा ऋणको भावनाले पनि निर्णयलाई

---

[55] ए. बी. डेभिडसन, *द एपिस्टल टु द हेब्रुज* (एडिनबरा: टी. एन्ड टी. क्लार्क, एन.डी.), २५८।

प्रभावित गर्न दिनु हुँदैन । न पूर्वाग्रह हुनुपर्छ, न पक्षपात । मण्डलीका अधिकारीहरूले विषयलाई सावधानीपूर्वक जाँचेर मात्र सही न्याय गर्नुपर्छ ।

प्रेम नभएमा सबै कुरा अन्ततः व्यर्थ नै हुन्छ । दुःखको कुरा, कहिलेकाहीँ सेवकहरू र शासक एल्डरहरूले अत्यधिक कठोरताको पक्ष लिन्छन् र दयाको कुनै अभिव्यक्ति देखाउँदैनन् । तर यस्तो दृष्टिकोण कहिल्यै पनि उचित ठहरिन सक्दैन । ख्रीष्टको मण्डलीको विशेष चिनारी सधैं प्रेम नै हुनुपर्छ । पवित्रशास्त्र अनुसारको अनुशासन सधैं चासो (२ कोरिन्थी २:४), धैर्य (२ तिमोथी २:२४), नम्रता र कोमलता (२ तिमोथी २:२४), विनम्रता (गलाती ६:१), र दया (यहूदा १:२२) द्वारा चिनिनुपर्छ । यहूदा १:२२ विशेष रूपमा ध्यान दिन योग्य छ—" अनि यो भिन्नता राखेर कसैलाई दया गर" यसको अर्थ हो, गल्तीमा परेका तर पश्चात्ताप देखाउनेहरूलाई विशेष कोमलता र सहानुभूतिका साथ व्यवहार गर्नुपर्छ, जबकि आफ्नै पापमा अडिग रहने र विद्रोही स्वभाव भएका मानिसहरूलाई भन्दा फरक तरिकाले सम्हाल्नुपर्छ ।

## सुधारात्मक अनुशासन किन आवश्यक छ

एल्डरहरूले आफ्नो मण्डली गलत वा गल्तीहरूबाट मुक्त छ भन्ने सोच्नु हुँदैन । यस्ता कुराहरूलाई उचित रूपमा सम्हालियो भने परमेश्वरले तिनीहरूलाई मण्डलीको आत्मिक हितका निम्ति प्रयोग गर्नुहुन्छ । प्रभु येशू ख्रीष्टको अपमान हुन नदिन मण्डलीमा अनुशासन लागू गरिनै पर्छ । बाइबलले स्पष्ट रूपमा सिकाउँछ कि "ख्रीष्टको नाउँ लिने हरेक" जनाले "अधर्मबाट अलग हुनुपर्छ" (२ तिमोथी २:१९) । यदि मण्डली ख्रीष्टकी दुलही हो भने ऊ सुन्दर र पवित्र हुनुपर्छ, अर्थात् "महिमामय मण्डली ... पवित्र र निष्कलङ्क" (एफिसी ५:२७) हुनुपर्छ । तब मात्र ऊ "प्रभुको योग्य चालचलनमा हिँड्ने" (कलस्सी १:१०) हुनेछ ।

अनुशासन प्रक्रियाको अर्को अत्यन्त महत्त्वपूर्ण उद्देश्य गल्तीमा परेका विश्वासीको पुनर्स्थापना हो । ख्रीष्टको महिमा र उहाँको मण्डलीको पवित्रतालाई सर्वोच्च स्थान दिँदै, अनुशासनको तत्काल उद्देश्य भनेको मार्गबाट भड्किएको विश्वासीलाई पुनःस्थापित गर्नु हो । पावलले लेखे, "त्यस्ता मानिसलाई चिन्ह लगाओ, र उसँग संगती नगर,

ताकि ऊ लज्जित होस् ” (२ थेस्सलोनिकी ३:१४)। यस्तो पुनर्स्थापना गहिरो पश्चात्ताप, क्षमाको अनुभव, परमेश्वरको अनुग्रहपूर्ण कृपाको पुनःप्राप्ति, आत्मिक विशेष अधिकारहरूको आनन्द र परमेश्वरको सेवामा पुनः फर्किने माध्यमबाट मात्र सम्भव हुन्छ । मण्डलीले साँचो पश्चात्तापका चिन्हहरू पहिचान गर्नुपर्छ र त्यसअनुसार उचित प्रतिक्रिया दिनुपर्छ । कोरिन्थको अनैतिक मानिस आफ्नो पापको कारण शोकित र पश्चात्तापी भएपछि पावलले मण्डलीलाई “उसलाई क्षमा गरिदिनू र सान्त्वना दिनू” भनी सल्लाह दिए (२ कोरिन्थी २:७) ।

अनुशासनको अभ्यास नगर्ने मण्डलीले निःसन्देह हानि भोग्नुपर्छ । नियन्त्रण नगरिएको दुष्टता फैलिँदै जान्छ (१ कोरिन्थी ५:६–७; १५:३३), र ढिलो–चाँडो यसले दुःखद विभाजन र अन्योल निम्त्याउँछ । “शारीरिक” वा पापमय स्वभाव अनुसारको व्यवहारले आफूलाई “डाह, झगडा र विभाजन” मा प्रकट गर्छ (१ कोरिन्थी ३:३) । बाइबलले यस्ता चरम अवस्थाका व्यवहारहरूको अन्तिम उपचार भनेको त्यस व्यक्तिलाई मण्डलीको संगती र सहभागिताबाट बहिष्कार गर्नु हो भनी देखाउँछ । पावलले गलातीहरूलाई भने, “तिमीहरूलाई गड़बड़ीमा पार्नेहरू ता बरु काटिएका भए हुनेथियो !” (गलाती ५:१२) ।

अनुशासन लागू गर्न असफल हुनु अझ गम्भीर कुरा हो, किनकि यसले परमेश्वरको अनुग्रह र कृपाको हानि निम्त्याउन सक्छ । हामी यो कुरा एसिया माइनरका मण्डलीहरूलाई प्रभुको पत्रहरूमा देख्छौं । उदाहरणका लागि, पर्गामसको मण्डलीलाई दिइएको उहाँको सन्देशले त्यस मण्डलीले झूटा शिक्षा र गलत अभ्यासलाई सहन गरेकोमा चिन्ता व्यक्त गर्दछ। उहाँले तिनीहरूलाई भन्नुभयो, “पश्चात्ताप गर; नत्र म चाँड़ै तिमीकहाँ आउनेछु, र आफ्नो मुखको तरवारले तिनीहरूसित लड़ाइँ गर्नेछु ।” (प्रकाश २:१६) । तर जब मण्डलीमा ईशभक्तियुक्त अनुशासन अभ्यास गरिन्छ, तब मण्डली परमेश्वरद्वारा अनुमोदित हुन्छ र आत्मिक आशिष् प्राप्त गर्छ । यसले त्यसको संसारप्रतिको साक्षीलाई अझ धेरै प्रभावकारी बनाउँछ ।

## निजी अनुशासन

केही अपराध वा कमजोरीहरूलाई शिक्षा, चेतावनी, र प्रोत्साहनद्वारा

पर्याप्त रूपमा सुधार गर्न सकिन्छ । वास्तवमा, आत्मिक कमजोरी, आत्मिक पतन, आलस्य, बेवास्ता, र यहाँसम्म कि असहज व्यवहारजस्ता दोषहरूलाई सम्हाल्ने उत्तम तरिका यही हो (उदाहरणका लागि रोमी १५:१–२; गलाती ६:१–२; फिलिप्पी ४:१; १ थेस्सलोनिकी ४:११; हिब्रू १०:२५ हेर्नुहोस्) । साधारण मण्डलीका सदस्यहरूले पनि यस्तो शिक्षादान र सचेत गराउने काम गर्न सक्छन्, किनकि पावलले रोमी विश्वासीहरूलाई उनीहरू "भलाइले भरिपूर्ण" र "ज्ञानले सम्पन्न" भएकाले एक–अर्कालाई "सचेत गराउन सक्ने" भनेर प्रशंसा गरेका थिए (रोमी १५:१४)। आधुनिक मण्डलीहरूमा यस्तो अभ्यास निकै कम देखिन्छ । आजका मण्डलीहरूमा केही व्यक्तिहरूले अरूको बारेमा अफवाह फैलाउन र आफ्ना आत्मिक अगुवाहरूको कडा आलोचना गर्न सक्छन्, तर तिनीहरूलाई कसैले केही पनि नभन्ने अवस्था किन हुन्छ? यस्ता कुराहरूलाई मौन रूपमा सुन्नु भनेको तिनीहरूको पापमा सहभागी हुनु बराबर हो । धर्मशास्त्रले भन्छ, "तिमीले आफ्नो छिमेकीलाई अवश्य नै हप्काउनू, र उसमाथि पाप रहन नदिनू" (लेवी १९:१७; साथै कलस्सी ३:१६; हिब्रू ३:१३; १०:२५ हेर्नुहोस्) ।

जेम्स उसरले एक पटक टिप्पणी गरे, "यदि कुनै व्यक्तिले अर्कोलाई (जसको यात्रा उसलाई थाहा छ) बाटोबाट भड्किरहेको देख्छ र उसलाई सचेत गराउँदैन भने, ऊ उचित रूपमा अमानवीय ठहरिन सक्छ । अझ हामी सबै मानिसहरू स्वर्गतर्फ यात्रा गरिरहेका छौँ भन्ने कुरा जान्दछौँ भने, यदि हामीले कसैलाई गलत बाटोमा गएको देख्दा उसलाई सचेत गराउँदैनौँ भने, हामी पनि उसको भड्काइमा दोषी ठहरिन्छौँ ।"[56] यस्ता परिस्थितिहरूमा कहिलेकाहीँ कुनै मण्डली सदस्यले अर्को सदस्यलाई यसरी भन्नुपर्छ: "हेर्नुहोस्, तपाईं यस्तो कुरा गर्नु ठीक छैन भन्ने मलाई लाग्छ । यो न त तपाईंका लागि न मेरो लागि नै आत्मिक रूपमा हितकर छ । आउनुहोस्, हामी विषय परिवर्तन गरौँ ।" यस प्रकारको दृढ तर कृपापूर्ण प्रतिक्रिया भट्किएको विश्वासीलाई पुनःस्थापित गर्न धेरै सहयोगी हुन सक्छ ।

धर्मशास्त्रले एक सदस्यले अर्को सदस्य विरुद्ध गरेका निजी अपराधहरूलाई कसरी सम्हाल्ने भन्ने स्पष्ट निर्देश दिन्छ—जस्तै अनुचित

[56] जेम्स अशर, *अ बडी अफ डिभिनिटी* (लन्डन: आर. जे., १७०२), ३८४ ।

व्यवहार, असभ्य प्रतिक्रिया, वा केवल दुई व्यक्तिबीच उत्पन्नभएका खराब भावनाहरू । ख्रीष्टका निर्देशनहरू मत्ती १८:१५–१७ मा यसरी लेखिएका छन्: "यदि तिम्रो भाइले तिम्रो विरुद्धमा पाप गर्छ भने, गएर उसलाई तिमी र ऊ मात्र भएको ठाउँमा उसको दोष देखाइदेऊ; यदि उसले तिमीलाई सुन्छ भने, तिमीले आफ्नो भाइलाई जित्यौ ।" पीडित पक्षले नै पहल गर्नुपर्छ । उसले अपराधी आफूकहाँ आउने प्रतीक्षा नगरी आफैँ गएर उसलाई भेट्नुपर्छ । निजी रूपमा उसले उसलाई उसको गल्तीबारे बुझाउने प्रयास गर्नुपर्छ र उसको व्यवहारको व्याख्या गर्ने अवसर पनि दिनुपर्छ। यस भेटघाटमा सम्भव भएसम्म सम्पूर्ण प्रयास मिलनसार ढङ्गले समस्या समाधान गर्न केन्द्रित हुनुपर्छ ।

"तर यदि उसले तिमीलाई सुन्न चाहँदैन भने, तिमीले आफूसँग एक वा दुई जना अरूलाई लिएर जाऊ, ताकि दुई वा तीन जनाको मुखबाट हरेक कुरा स्थापित होस् ।" यदि पहिलो प्रयासमा समस्या समाधान हुन सकेन भने, पीडित व्यक्तिले निराश भएर भट्किएको भाइलाई पूर्ण रूपमा त्याग्नु हुँदैन । बरु, उसले केही जिम्मेवार र सम्मानित विश्वासीहरूलाई साथमा लिएर त्यस व्यक्तिलाई फेरि भेट्न जान आग्रह गर्नुपर्छ । उनीहरूले अझ प्रभावकारी रूपमा तर्क गर्न र दोषी व्यक्तिमाथि पश्चात्ताप गर्ने र मेलमिलाप गर्ने दबाब दिन सक्षम हुन सक्छन् । प्रायः यस्तो हुन्छ कि मानिसले विवादमा प्रत्यक्ष रूपमा संलग्न नभएका व्यक्तिहरूको कुरा सुन्छ । जे भए पनि, यी साथीहरूले पछि घटनाको तथ्यलाई प्रमाणित गर्न पनि सक्षम हुन्छन् (व्यवस्था १९:१५ हेर्नुहोस्) ।

"यदि उसले तिनीहरूलाई पनि सुन्न इन्कार गर्छ भने, मण्डलीलाई भन; तर यदि उसले मण्डलीलाई पनि सुन्न इन्कार गर्छ भने, उसलाई तिम्रो निम्ति अन्यजाति र महसूल उठाउने जस्तो ठान ।" यदि यो थप प्रयास पनि असफल हुन्छ भने तब मात्र—र त्यसपछि मात्र—यो विषय मण्डलीको विषय बन्नुपर्छ । "मण्डलीलाई भन" भन्नुको अर्थ यसलाई सिधै मण्डली सभामा लैजानु हो भन्ने होइन । यसको अर्थ यो कुरा अब मण्डलीको अधिकार क्षेत्रभित्र ल्याइनु हो । अर्थात्, यसलाई मण्डलीको प्रशासनिक/शासकीय निकायको ध्यानमा ल्याइनुपर्छ (जसलाई प्रायः एल्डरहरूको सभा वा सत्र/सेसन/कन्सिस्टोरी भनिन्छ) ।

पास्टर र शासक एल्डरहरूले आफ्नो तर्फबाट आवश्यक कदम चाल्नेछन्—कहिलेकाहीँ सम्बन्धित पक्षहरूलाई अलग–अलग र कहिलेकाहीँ सँगै भेटेर परामर्श गर्नेछन् । यदि दोषी व्यक्तिले उनीहरूको आग्रह र चेतावनीलाई पनि स्वीकार गर्दैन भने उनीहरूले मण्डलीलाई त्यस व्यक्तिलाई सदस्यताबाट बहिष्कार गर्न निर्देशन दिनुपर्छ ।

## सार्वजनिक अनुशासन

जस मण्डलीका सदस्यहरू जानीजानी, हठपूर्वक र निरन्तर रूपमा गम्भीर अपराधहरूमा लागिरहन्छन्, तिनीहरू औपचारिक मण्डली अनुशासनका उचित विषय बन्छन् । यस्ता अवस्थाहरूमा कार्य नगर्नु परमेश्वरको वचनप्रतिको स्पष्ट अवज्ञा हो ।

कोरिन्थको मण्डलीमा जहाँ अनुशासन र शासन प्रभावकारी रूपमा बिग्रिसकेको थियो, प्रभुले स्वयं परिस्थितिलाई नियन्त्रणमा लिनुभयो । पावलले कोरिन्थीहरूलाई बताए कि प्रभु भोजको दुरुपयोगको कारण धेरै जना "कमजोर र रोगी" भए र धेरै जना "निदाए"—अर्थात् तिनीहरूको मृत्यु भइसकेको थियो (१ कोरिन्थी ११:३०) ।

सार्वजनिक अपराध भनेको मण्डलीका सदस्यहरूबीचको व्यक्तिगत विषय होइन, बरु ख्रीष्टियन सत्य वा नैतिकतामाथिको गम्भीर र लज्जास्पद उल्लङ्घन हो । यस्तो अपराध मण्डलीका पदाधिकारी (एल्डर) द्वारा पनि हुन सक्छ, जसलाई पावलले १ तिमोथी ५:१९–२० मा यसरी उल्लेख गर्छन्: "दुई वा तीन साक्षीको प्रमाणबिना कुनै एल्डरको विरुद्धमा आरोप स्वीकार नगर । तर जसले पाप गर्छ, उसलाई सबैको अगाडि हप्काऊ, ताकि अरूलाई पनि डर होस् ।" यस्तै अपराध साधारण मण्डली सदस्यले पनि गर्न सक्छ । कोरिन्थको मण्डलीमा यही अवस्था थियो—अत्यन्त घृणित प्रकारको अनैतिक सम्बन्ध भएको थियो र पावलले मण्डलीलाई गम्भीर सभा बोलाएर अन्तिम अनुशासनात्मक कदम चाल्न निर्देशन दिए । "यसकारण," उनले जोड दिए, "त्यो दुष्ट व्यक्तिलाई आफ्नै बीचबाट हटाइदेऊ" (१ कोरिन्थी ५:१३) ।

## तत्काल कारबाही आवश्यक पर्ने अपराधहरू

धेरैजसो अवस्थामा मण्डली सदस्यलाई अनुशासनमा ल्याउने सामान्य प्रक्रिया अपनाउनु सही र उचित हुन्छ । तर यदि अपराध अत्यन्तै गम्भीर प्रकृतिको छ भने अनुशासन तुरुन्तै लागू गर्नुपर्ने अवस्था आउन सक्छ । कोरिन्थको अनैतिक सम्बन्ध भएको व्यक्तिको सन्दर्भमा यो स्पष्ट रूपमा आवश्यक थियो । पावलले लेखे: "किनकि शरीरमा अनुपस्थित भए तापनि आत्मामा उपस्थित भएर, जसले यस्तो काम गरेको छ, त्यसको विषयमा म उपस्थित भएझैँ मैले पहिले नै निर्णय गरिसकेको छु ।" त्यसपछि उनले बताए कि मण्डलीका सदस्यहरू "एकै ठाउँमा भेला भएर" त्यस्तो व्यक्तिलाई "शैतानको हातमा सुम्पिदिनु" (१ कोरिन्थी ५:३–५)—अर्थात् शैतानद्वारा प्रभावित यस संसारको क्षेत्रभित्रबाट अलग गर्नु हो । कहिलेकाहीँ प्रभु येशू ख्रीष्टको सम्मान र उहाँको मण्डलीको प्रतिष्ठा जोगाउन छिटो र निर्णायक कदम चाल्नु आवश्यक हुन्छ ।

मण्डलीले छिटो नै निन्दा गर्नुपर्ने केही गम्भीर अपराधहरू छन् । तीमध्ये एउटा हो आराधनाको भ्रष्टता । "परमेश्वरको मन्दिरको मूर्तिहरूसँग के सहमति छ?" (२ कोरिन्थी ६:१६; साथै प्रकाश २:१४–१६ हेर्नुहोस्) । अर्को हो स्वस्थ शिक्षाको इन्कार, जसमा पावलले दृढतापूर्वक कदम चाले: "विश्वास र शुद्ध विवेकलाई समातेर राख; जसलाई कसैले त्यागेका छन्, तिनीहरूले विश्वासको विषयमा जहाज भत्काएझैँ गरेका छन्; तिनीहरूमध्ये हुमेनियस र अलेकजान्डर हुन्; जसलाई मैले शैतानको हातमा सुम्पिदिएको छु, ताकि तिनीहरूले निन्दा नगरून" (१ तिमोथी १:१९–२०; साथै १ तिमोथी ६:३–५ हेर्नुहोस्)। पावलले थेस्सलोनिकी मण्डलीलाई पनि भक्तिपूर्ण जीवन त्याग्ने सदस्यहरूबाट अलग रहन सल्लाह दिए: "अब हामी तिमीहरूलाई प्रभु येशू ख्रीष्टको नाममा आज्ञा दिन्छौँ, भाइहरू हो, कि जो कुनै भाइ अव्यवस्थित रूपमा चल्छ र हामीले दिएको परम्पराअनुसार हिँड्दैन, त्यस्ता सबैबाट तिमीहरू अलग बस" (२ थेस्सलोनिकी ३:६; साथै १ कोरिन्थी ५:११ हेर्नुहोस्) । उनले स्थानीय मण्डलीभित्र आत्मिक शान्ति भङ्ग गर्नेहरूका सम्बन्धमा पनि यही सल्लाह दिए: "अब म तिमीहरूलाई विन्ती गर्छु, भाइहरू हो, जसले विभाजन र ठेस उत्पन्नगर्छन्, जसले तिमीहरूले सिकेको शिक्षाको विपरीत काम गर्छन्, तिनीहरूलाई चिन्ह लगाओ र

तिनीहरूबाट टाढा बस" (रोमी १६:१७; साथै २ कोरिन्थी १२:२० हेर्नुहोस्)। अधिकार प्राप्त मण्डली अगुवाहरूको वैध अधिकार अस्वीकार गर्ने सदस्यहरूको सम्बन्धमा उनको सल्लाह थियो कि ती अगुवाहरूले "अव्यवस्थित चल्नेहरूलाई चेतावनी दिनुपर्छ" (१ थेस्सलोनिकी ५:१४; साथै मत्ती १८:१७ हेर्नुहोस्) ।

**अनुशासनात्मक उपायहरू**

अपराधीहरूलाई लागू गर्न सकिने तीन प्रकारका अनुशासनात्मक दण्ड (हुन्छन्: सचेत गराउने, निलम्बन र बहिष्कार ।

*सचेत गराउने*

प्राचीन यहूदी मण्डलीले सुधारात्मक प्रक्रियाको एक चरणको रूपमा सचेत गराउने अभ्यासलाई मान्यता दिएको थियो । उदाहरणका लागि, मोशाको व्यवस्थाले अरूका गल्तीहरूका लागि उनीहरूलाई हप्काउने आवश्यकता स्पष्ट रूपमा जोड दिएको छ (लेवी १९:१७) र पुरानो करारका अन्य भागहरूमा पनि यसबारे उल्लेख पाइन्छ (भजनसंग्रह १४१:५; हितोपदेश २७:५–६) । तर यस्ता पदहरू सामान्य रूपमा विश्वासीहरूबीचको आपसी हेरचाह र सुधारसँग सम्बन्धित छन्, औपचारिक मण्डली अनुशासनसँग प्रत्यक्ष रूपमा सम्बन्धित होइनन् । यस सन्दर्भमा अझ सान्दर्भिक पवित्रशास्त्रहरू ती हुन् जसले "ढोकामा हप्काउने वा सच्याउने" व्यक्तिको उल्लेख गर्छन् (यशैया २९:२१; आमोस ५:१०)—यहाँ "ढोका" भन्नाले त्यो स्थान बुझिन्छ जहाँ एल्डरहरू बसेर मण्डलीसम्बन्धी मुद्दाहरूको सुनुवाइ गर्थे (व्यवस्था २१:१९; २५:७) ।

नयाँ करारले पनि हप्काउने आवश्यकतालाई पुष्टि गर्छ (लूका १७:३), विशेष गरी प्रभुको नाममा दिइने औपचारिक हप्काइलाई । अपराधीहरूको बारेमा पावलले लेखे, "पाप गर्नेहरूलाई सबैको अगाडि हप्काऊ" (१ तिमोथी ५:२०) । उनले अर्को पत्रमा पनि यही निर्देशन दोहोर्याए: "तिनीहरूलाई कडाइका साथ हप्काऊ ताकि तिनीहरू विश्वासमा स्वस्थ होऊन्" (तीतस १:१३) । यस अनुशासनात्मक कार्यको जिम्मेवारी पास्टर र एल्डरहरूको हुन्छ । यसरी तिमोथी र तीतस—जो मूलतः विशेष मिसनमा रहेका शिक्षण एल्डरहरू (अर्थात् सुसमाचार

प्रचारकहरू) थिए—लाई "हप्काउन" र "पूर्ण अधिकारसहित सच्याउन" निर्देशन दिइएको थियो (२ तिमोथी ४:२; तीतस २:१५) ।

ख्रीष्टका प्रतिनिधिका रूपमा कार्य गर्दै यी अगुवाहरूले आफ्ना भनाइहरूलाई परमेश्वरको वचनमा आधारित बनाउँछन् । धर्मशास्त्र यस उद्देश्यका लागि विशेष रूपमा उपयुक्त छ, किनकि यो "हप्काइ" र "सुधार" दुवैका लागि "लाभदायक" छ (२ तिमोथी ३:१६; साथै तीतस १:९ हेर्नुहोस्)। पास्टर र एल्डरहरूसँग मानिसहरूलाई विश्वास दिलाउने अधिकार हुन्छ र परमेश्वरको अनुग्रहद्वारा तिनीहरू मानिसहरूलाई तिनीहरूका विभिन्न पाप र भूलहरूबाट पुनः फर्काउने साधन बन्न सक्छन्।

किनकि सचेत गराउने मण्डलीमा नियुक्त गरिएका अगुवाहरूको औपचारिक कर्तव्य हो, त्यसैले उनीहरूले क्रोधको प्रदर्शन गर्नु हुँदैन र कुनै पनि प्रकारको विवाद वा झगडामा प्रवेश गर्न दिइनु हुँदैन । "प्रभुको सेवक," हामीलाई भनिएको छ, "झगडालु हुनु हुँदैन " [ग्रीक शब्दको अर्थ "लडाइँ गर्नु" वा "युद्ध गर्नु" हो], तर "नम्रतामा" उसले विरोध गर्नेहरूलाई "सच्याउन" निरन्तर प्रयास गर्नुपर्छ (२ तिमोथी २:२४–२५)—अर्थात् ती व्यक्तिहरूलाई जो ख्रीष्टको मण्डलीको शुद्ध सत्य र उत्तम व्यवस्थाको विरुद्ध आफूलाई खडा गर्छन् ।

यहाँ एक अत्यन्त महत्त्वपूर्ण भिन्नता बुझ्नुपर्छ । यदि अपराध निजी र सम्भवतः सानो प्रकृतिको छ भने त्यो सचेत गराउने कार्य पास्टर वा एल्डरहरू त्यस व्यक्तिसँग एक्लै हुँदा दिइनुपर्छ । तर यदि अपराध सार्वजनिक रूपमा गरिएको छ र अत्यन्त गम्भीर प्रकृतिको छ भने त्यो सचेत गराउने कार्य सार्वजनिक रूपमा अर्थात् मण्डलीको सभामा दिनुपर्छ । १ तिमोथी ५:२० ले विशेष रूपमा सिकाउँछ कि यदि कुनै एल्डर निरन्तर पापमा पर्छ भने सचेत गराउने कार्य "सबैको अगाडि हप्काइ" को रूपमा हुनुपर्छ ।

*निलम्बन*

यस कार्यका लागि पुरानो करारमा पनि उदाहरण पाइन्छ । अनुष्ठानिक व्यवस्थाले कुष्ठरोगका लक्षण देखाउने व्यक्तिलाई निश्चित समयका लागि अरूबाट अलग राख्नुपर्ने व्यवस्था गरेको थियो । लेवी १३:४ ले

निर्देशन दिन्छ: "जसलाई कुष्ठरोग लागेको छ, उसलाई पूजाहारीले सात दिनसम्म अलग राखोस् ।" यो अवस्था "शुद्ध" र "अशुद्ध" बीचको एक प्रकारको मध्यवर्ती अवस्था थियो । पछि त्यस व्यक्तिको पुनः जाँच गरिन्थ्यो र यदि कुनै परिवर्तन नदेखिएमा, "पूजाहारीले उसलाई अझ सात दिन अलग राख्नुपर्छ" (पद ५)।

इस्राएलका सन्तानहरू हासेरोथमा हुँदा गम्भीर पाप भयो र त्यस अपराधी व्यक्ति वास्तविक मण्डली अनुशासनको अधीनमा परिन् । ती थिइन् अगमवादिनी मिरियम, मोशाकी दिदी । ईर्ष्याका कारण उनले (हारूनसँग मिलेर) मोशाले एक कुशी स्त्रीसँग विवाह गरेको विषयमा आलोचना गरिन् र परमेश्वरका निम्ति एक मात्र प्रवक्ता हुने उनको अधिकारलाई चुनौती दिइन् । परमेश्वर मिरियमसँग क्रोधित हुनुभयो र उनलाई कुष्ठरोगले प्रहार गर्नुभयो । तर मोशाले उनको निम्ति मध्यस्थता गरे । परिणामस्वरूप, उनलाई तत्काल प्रभुको सेवामा सहभागी हुन दिइएन र उनी "छाउनीबाट सात दिनसम्म बाहिर राखिइन्" (गन्ती १२:१५) । यही नै मण्डली अनुशासनको सन्दर्भमा निलम्बनको बाइबलीय उदाहरण हो ।

नयाँ करारमा पावलले पनि आफ्ना पत्रहरूमध्ये एकमा यस प्रकारको अनुशासनात्मक दण्डको संकेत गरेका छन् । थेस्सलोनिकीहरूलाई लेख्दै उनले भने, "यदि कुनै मानिस हाम्रो यस पत्रद्वारा दिएको वचन पालन गर्दैन भने उसलाई चिन्ह लगाओ र उससँग संगती नगर ताकि ऊ लज्जित होस् । तर उसलाई शत्रुजस्तो नठान, बरु भाइको रूपमा चेताउनी दिइराख" (२ थेस्सलोनिकी ३:१४–१५) । यी पदहरूमा उल्लेखित अनुशासन मत्ती १८:१७ तथा अन्य स्थानहरूमा उल्लेख गरिएको पूर्ण बहिष्कारभन्दा कम स्तरको हो । यस अवस्थामा त्यस्तो व्यक्तिसँगको संगती सीमित गरिन्छ तर उसलाई अझै पनि एक ख्रीष्टियनको रूपमा नै मानिन्छ । साथै यसबाट यो पनि बुझिन्छ कि यस्तो अनुशासनले उसलाई चाँडै नै आफ्नो गल्तीप्रति लज्जित तुल्याउने उद्देश्य राख्छ र अन्ततः उसलाई मण्डलीसँग पूर्ण संगतीमा पुनःस्थापित हुने मार्ग खोल्छ ।

यस दण्डसँग सम्बन्धित देखिने अर्को खण्ड तीतस ३:१० हो, जहाँ पावलले "पहिलो र दोस्रो चेताउनी" को उल्लेख गरेका छन् । यी

अभिव्यक्तिहरूद्वारा उनले के भन्नखोजेका थिए? केहीले यो मत्ती १८:१६–१७ मा उल्लेख गरिएका चेताउनीहरूको संकेत हो भनी ठान्छन् । अरूले निजी र सार्वजनिक चेताउनीहरू अभिप्रेत छन् भनी विचार गर्छन् (१ तिमोथी ५:२०; तीतस १:१३) र अर्को मतअनुसार यसको अर्थ केवल एकपटक र फेरि अर्को पटक चेताउनी दिनु हो । तथापि, पावलको मनमा यहूदी सभाघरहरूको प्रचलन रहेको हुन सक्ने बलियो सम्भावना छ । अल्फ्रेड एडरशाइमले आफ्नो *म्याग्नम ओपस* (लेखक वा विद्वानको सबैभन्दा प्रमुख वा सर्वोत्कृष्ट कृति) *द लाइफ एन्ड टाइम्स अफ जीसस द मसीह* मा उल्लेख गरेअनुसार, अन्तिम बहिष्कारभन्दा अघि अनुशासनका दुई चरणहरू थिए । पहिलो, *नेजिपाह* थियो, अर्थात् हप्काइ । यो हप्काइ कहिलेकाहीँ पूरा एक दिनसम्म वा सात दिन अथवा त्यसभन्दा बढी अवधिसम्म दिइन्थ्यो । दोस्रो, *निद्दुई* थियो, अर्थात् बाहिर निकालिने कार्य । सम्भवतः यसरी विशेष अधिकारहरूबाट हटाइनु तीस दिनसम्म रहन्थ्यो  र त्यस अवधिको अन्त्यमा थप तीस दिनका लागि "दोस्रो चेताउनी" दिइन्थ्यो । यदि त्यो व्यक्ति पश्चात्तापविहीन नै रहिरह्यो भने, *खेरेम*, अर्थात् प्रतिबन्ध, लागू गरिन्थ्यो, जसको अर्थ परमेश्वरका जनहरू भनी स्वीकार गर्ने समुदायसँगको सबै संगती र सहभागिताबाट औपचारिक रूपमा हटाइनु थियो ।[57]

यसले पावलका शब्दहरूको सही अर्थ बुझ्नका लागि कुञ्जी उपलब्ध गराउन सक्छ ।  यदि यस्तो हो भने प्रेरितको विचारमा पहिलो हप्काइपछि निलम्बन ("दोस्रो चेताउनी") आउनुपर्ने हुन्छ । पावलका वास्तविक शब्दहरू यसप्रकार छन्: "पहिलो र दोस्रो चेताउनी दिएपछि विभाजन ल्याउने मानिसलाई रद्द गर" (तीतस ३:१०) ।यदि एल्डरहरूले मौखिक सुधार कुनै काम लागेन भन्ने ठान्छन् भने, उनीहरू एकसाथ बसेर अर्को अनुशासनात्मक चरणतर्फ अघि बढ्ने निर्णय गर्नुपर्छ । यसले अर्थ दिन्छ कि गल्ती गर्ने सदस्यलाई विशेष मण्डली अधिकारहरूबाट वञ्चित गरिनेछ: उदाहरणका लागि, विधीमा सहभागी हुन नदिने, मण्डलीका सभाहरूमा उपस्थित हुन नदिने र कुनै पनि ख्रीष्टिय सेवामा भाग लिन नदिने । यो एक निश्चित अवधिसम्म रहनेछ, जस अवधिमा

[57] अल्फ्रेड एडर्सहाइम, *द लाइफ एन्ड टाइम्स अफ जिजस द मसायाह* (लन्डन: पिकरिङ एन्ड इङ्लिस लिमिटेड, १८८३), २:१८३।

पास्टर वा एल्डरहरूले उक्त व्यक्तिलाई उसको गल्तीहरू सम्झाउनेछन् र पश्चात्तापको आवश्यकता स्मरण गराउनेछन् । जसरी बाइबल भन्छ, "उसलाई शत्रुजस्तो नठान, तर भाइझैँ चेताउनी देऊ" (२ थेस्सलोनिकी ३:१५; साथै गलाती ६:१ पनि हेर्नुहोस्) । यसको उद्देश्य व्यक्तिलाई उसको पापबारे सचेत गराउनु हो । त्यसैले यो मूलतः सुधारात्मक प्रकृतिको हुन्छ जसले मानिसलाई आफ्नो काममाथि मनन गर्न लगाउँछ र त्यसरी गहिरो रूपमा "लाज" महसुस गराउँछ (२ थेस्सलोनिकी ३:१४) ।

तर जब केही राम्रा संकेतहरू देखिए पनि, एल्डरहरूले हतारो र अविवेकी रूपमा कार्य गर्नु हुँदैन । लेवीको पुस्तकबाट हामी सिक्छौं कि जब कुनै मानिस आफ्नो कुष्ठरोगबाट स्पष्ट रूपमा शुद्ध भएको देखिए पनि, उसलाई निश्चित समयसम्म करारको समुदाय बाहिर रहनु पर्थ्यो (लेवी १४:८) । एल्डरहरूले औपचारिक दण्ड त्यतिबेलामात्र हटाउनुपर्छ जब साँचो पश्चात्ताप भएको ठोस प्रमाण हुन्छ, किनकि पश्चात्ताप नगरेको अपराधीलाई पुनः स्वीकार गर्दा त्यस व्यक्तिभित्र कपटलाई बढावा मिल्छ र मण्डलीमा अपमान ल्याउँछ ।

*बहिष्कार*

बहिष्कार भन्नाले कुनै व्यक्ति वा सदस्यलाई निश्चित कारणले समुदाय, समूह वा मण्डलीको संगती र सहभागिताबाट अलग गर्नु वा बाहिर राख्नु भन्ने बुझिन्छ । धार्मिक सन्दर्भमा, यो प्रायः अनुशासनात्मक कदमको रूपमा प्रयोग हुन्छ, जसको उद्देश्य दोषी व्यक्तिलाई उसको गल्तीबारे सचेत गराई पश्चात्तापतर्फ डोऱ्याउनु हुन्छ ।

एज्रा, जो फर्केर आएका निर्वासनबाट फर्किएका जनहरूको आत्मिक अगुवा थिए, उनले मानिसहरूलाई मूर्तिपूजक र अविश्वासी अन्यजातिहरूसँग गरेका आफ्ना विवाहहरू त्याग्न आह्वान गरे । एक घोषणाले मानिसहरूलाई यरूशलेममा भेला हुन बोलायो । त्यसमा भनिएको थियो कि जसले यो घोषणा अवहेलना गर्छ, उसलाई "निर्वासनमा लगिएकाहरूको सभाबाट अलग गरिनेछ" (एज्रा १०:८)। यस्ता दोषीहरूलाई मन्दिरका सेवाहरूमा उपस्थित हुन वा आफ्ना पापहरू हटाउन बलिदान चढाउने कार्यमा भाग लिन अनुमति

दिइँदैनथ्यो । उनीहरू यहूदी मण्डलीबाट पूर्ण रूपमा अलग गरिने थिए ।

नयाँ करारको अनुशासन प्रणालीमा यो दण्ड स्पष्ट रूपमा कायम रहन्छ किनकि पावलले कोरिन्थको मण्डलीलाई लेखे, "तिमीहरू आफ्नै बीचबाट त्यस दुष्ट मानिसलाई बाहिर निकाल" (१ कोरिन्थी ५:१३)। त्यसैगरी, उनले गलातीहरूलाई लेख्दै भने, "तिमीहरूलाई गड़बड़ीमा पार्नेहरू ता बरु काटिएका भए हुनेथियो!" (गलाती ५:१२) ।

कुनै व्यक्तिलाई मण्डलीबाट बहिष्कार गर्नु एक अत्यन्त गम्भीर कार्य हो। एल्डरहरूले मण्डलीलाई अगुवाइ गर्दै यो भयपूर्ण दण्ड लागू गर्नेछन्। क्याल्भिनले आफ्नो *इन्स्टिच्यूट्स* मा लेखेका छन्:

> पावलको बहिष्कारसम्बन्धी कार्यविधि कानुनी हो तर त्यस अवस्थामा मात्र जब एल्डरहरूले यो काम एक्लै नगरी, मण्डलीको जानकारी र स्वीकृतिसहित गर्छन्; यसरी गर्दा जनसमूहले निर्णय गर्ने होइन, तर साक्षी र संरक्षकको रूपमा हेर्छ, ताकि केही थोरै व्यक्तिहरूको मनोमानी अनुसार कुनै कुरा नहोस् । वास्तवमा, सम्पूर्ण प्रक्रिया, परमेश्वरको नामको आह्वानसँगै, यस्तो गम्भीरतासहित हुनुपर्छ जसले ख्रीष्टको उपस्थिति प्रकट गर्छ ताकि यसमा कुनै शंका नरहोस् कि उहाँ आफैं आफ्नो न्यायासनमा अध्यक्षता गर्नुहुन्छ ।[58]

परमेश्वरले यस निर्णयलाई अनुमोदन गर्नुहुन्छ । कुनै व्यक्तिलाई दोषी ठहर गरी मण्डलीको सङ्गतिबाट बहिष्कार गर्न मण्डलीलाई दिइएको अधिकारको विषयमा प्रभु येशूले भन्नुभयो, "साँच्चै म तिमीहरूलाई भन्दछु, तिमीहरूले पृथ्वीमा जे बाँध्नेछौ, त्यो स्वर्गमा पनि बाँधिनेछ" (मत्ती १८:१८)। त्यसकारण यस विषयमा मण्डलीले परमेश्वरको भयमा र धेरै प्रार्थनासहित अत्यन्त सावधानीपूर्वक अघि बढ्नुपर्छ । अत्यन्तै अपरिहार्य अवस्था बाहेक बहिष्कारको कारबाही गरिनु हुँदैन ।

[58] क्याल्भिन, *इन्स्टिच्युट्स*, ४.१२.७ ।

जब परमेश्वरको वचनअनुसार बहिष्कारको कार्यान्वयन गरिन्छ, तब सम्बन्धित सदस्यले मण्डलीका सबै विशेष अधिकारहरू गुमाउँछ । उसलाई अब सहविश्वासी ख्रीष्टियनको रूपमा स्वीकार गरिँदैन, र ऊ मित्रता तथा आत्मिक सङ्गतिबाट समेत वञ्चित हुन्छ । ख्रीष्टले भन्नुभयो, “त्यो तिम्रो निम्ति अन्यजाति र महसुल उठाउने मानिससरह होस्” (मत्ती १८:१७) । प्रेरित पावलले यसका गम्भीर परिणामहरूलाई अझ स्पष्ट पार्दै लेखे, “मैले तिमीहरूलाई त्यस्तो मानिससँग सङ्गत नगर्नू भनेर लेखेको छु ... त्यस्तासँग त भोजनसमेत नगर्नू” (१ कोरिन्थी ५:११) । तथापि, बहिष्कृत व्यक्तिहरूलाई परमेश्वरको वचनको प्रचार सुन्नबाट रोक्नु हुँदैन । किनकि उनीहरू पुनर्स्थापित भई फर्काइने र पुनः प्राप्त गरिने एकमात्र माध्यम यही हो ।

बहिष्कारसमेत सबै प्रकारको मण्डली अनुशासनको उद्देश्य सम्बन्धित सदस्यको पश्चात्ताप र सुधार हो भन्ने कुरा सधैँ स्मरणमा राख्नुपर्छ । यो उल्लेखनीय छ कि नयाँ नियममा बहिष्कारका दुईवटा घटनाहरू उल्लेख गरिएका छन् र तीमध्ये एउटामा अपराधीले पश्चात्ताप गरी पुनः मण्डलीको सङ्गतिमा स्थान पाउँछ । निस्सन्देह, त्यो कोरिन्थको व्यभिचारी व्यक्ति थियो, जसको विषयमा पावलले लेखे, “यसकारण बरु उल्टा तिमीहरूले उसलाई क्षमा दिनुपर्छ र सान्त्वना दिनुपर्छ, नत्र सायद यस्तो मानिस साह्रै ठूलो शोकमा डुब्नेछ।” (२ कोरिन्थी २:७; साथै १ तिमोथी १:१९–२० हेर्नुहोस्) ।

जब प्रभुका जनहरूले पश्चात्तापी सदस्यलाई पुनः अङ्गालोमा स्वागत गर्न सक्छन्, त्यो साँच्चै धन्य समय हुन्छ । त्यतिबेला उनीहरूले यसरी भन्नसक्छन्: “जब तपाईंलाई यस मण्डलीबाट बहिष्कार गरियो, तब हामीले तपाईंको निम्ति गहिरो दुःख मनायौँ । अनुशासनको निर्णय तपाईंमाथि रहँदासम्म हामीले तपाईंको अभाव महसुस गर्‍यौँ र तपाईंका निम्ति आँसु बगायौँ । हाम्रो हृदय व्यथित भयो । तैपनि हामीले तपाईंका निम्ति निरन्तर प्रार्थना गरिरह्यौँ, यस आशामा कि प्रभुले तपाईंमाथि कृपा र अनुग्रह गरी तपाईंलाई उहाँकहाँ र उहाँका जनहरूकहाँ फर्काउनुहुनेछ । आजको दिन अत्यन्त आनन्दको दिन हो, किनकि परमेश्वरले आफ्नै नियुक्त साधनहरूलाई आशिष् दिनुभएको छ र तपाईंको आत्मालाई पुनर्स्थापित गर्नुभएको छ । अब हाम्रो परमेश्वरले

आफ्ना पुत्रको खातिर तपाईंलाई क्षमा गर्नुभएको छ र त्यसैले हामी पनि सम्पूर्ण हृदयले र आनन्दसाथ तपाईंलाई क्षमा गर्दछौँ । हामी परमेश्वरलाई साक्षी राखेर घोषणा गर्दछौँ कि आज हामी तपाईंलाई पुनः उहाँका प्रिय जनहरूमध्ये एकको रूपमा हाम्रो बीचमा स्थान प्रदान गर्दछौँ ।"

**मण्डलीको शुद्धता कायम राख्ने**

मण्डलीका सेवकहरू र एल्डरहरूले यो बुझ्नुपर्छ कि परमेश्वरको अधीनतामा उनीहरूले आफ्ना जिम्मेवारीहरू पूरा गर्नैपर्छ । मण्डलीका सदस्यहरूले बाइबलीय व्यवस्था प्रति आत्मसमर्पण गर्नुपर्छ र आफ्ना अगुवाहरूलाई मण्डली अनुशासनको विश्वासी प्रशासनमा समर्थन गर्नुपर्छ । प्रभु येशू ख्रीष्टले आफ्नो महिमा पाउनुपर्छ र यो केवल त्यतिबेला मात्र सम्भव हुन्छ जब मण्डलीको शुद्धता कायम राखिन्छ। उचित अधिकारको प्रयोगद्वारा अपराधहरूलाई रोक्न र सुधार नगरेसम्म, शैतानले आफ्नो बाटो बनाउनेछ, पाप नियन्त्रणबाहिर जानेछ र हाम्रो साक्षी तथा गवाही पुनःस्थापना गर्न नसकिने रूपमा क्षतिग्रस्त हुनेछ ।

यो सत्य हो कि यस संसारमा मण्डली कहिल्यै पूर्ण सिद्धतामा पुग्दैन । तापनि हामीले यसलाई अझ योग्य र पवित्र बनाउन आफ्नो सम्पूर्ण शक्ति समर्पित गर्नुपर्छ । त्यसपछि, सुदृढ सिद्धान्त र अनुशासनको फलस्वरूप, हामी त्यो दिनको प्रतीक्षा गर्न सक्छौँ, जब ख्रीष्टले मण्डलीलाई "आफ्नै अघि महिमामय मण्डलीको रूपमा, दाग वा चाउरी वा यस्तै कुनै कुराबिना प्रस्तुत गर्नुहुनेछ," किनकि त्यसबेला अन्ततः त्यो "पवित्र र निष्कलङ्क" हुनेछ (एफिसी ५:२७) ।

भविष्यको त्यो धन्य र महिमामय अवसरलाई भजनकारले अत्यन्त सुन्दर ढङ्गले वर्णन गर्छन्:

*हेर, राजाकी छोरी*
*उहाँको सम्पूर्ण महिमा उहाँभित्रै छ;*
*सुनका कढाइले सजाइएका वस्त्रहरूले*
*उहाँको पहिरन सुशोभित गरिएको छ।*

*उहाँलाई सियोको कलाले बनाइएका सुन्दर पोशाक पहिराएर*
*राजाको सामु ल्याइनेछ;*
*उहाँका पछि लाग्ने सहेली-कन्याहरू पनि*
*तपाईंसामु ल्याइनेछन् ।*

*तिनीहरू ठूलो आनन्द र हर्षसाथ ल्याइनेछन्,*
*चारैतिर उल्लास र आनन्द हुनेछ;*
*तिनीहरू राजाको महलमा प्रवेश गर्नेछन्,*
*र त्यहीँ सधैँभरि वास गर्नेछन्।*[59]

[59] स्कटिस साल्टर, १६५०, भजन ४५:१३–१५।

# अध्याय ६

## सुधारवादी सुसमाचार प्रचार
## Reformed Evangelism

*"तर पवित्र आत्मा तिमीहरूमाथि आउनुभएपछि तिमीहरूले सामर्थ्य पाउनेछौ, र यरूशलेममा, सारा यहूदिया र सामरियामा, अनि पृथ्वीको छेउसम्म तिमीहरू मेरा निम्ति साक्षी हुनेछौ ।"* प्रेरित १:८

ऐतिहासिक रूपमा हेर्दा, सुधारवादी मण्डलीहरूले सधैँ मानिसहरूको आत्माप्रति गहिरो बोझ र सम्पूर्ण संसारमा सुसमाचार फैलाउने बलियो चाहना राख्दै आएका छन् भन्ने कुरामा कुनै शंका छैन । आजको समयमा, जब केही मानिसहरूले सुसमाचार प्रचारप्रतिको आफ्नो दृष्टि र चिन्ता गुमाएको जस्तो देखिन्छ, त्यस्तो अवस्थामा सुधारवादी परम्पराको यो विश्वव्यापी सुसमाचार–केन्द्रित दृष्टि विशेष रूपमा जोड दिनु आवश्यक छ । जोन विक्लिफ (जसलाई "सुसमाचार प्रचारका विद्वान" अर्थात् इभान्जेलिकल डाक्टर भनिन्थ्यो) ले इङ्ग्ल्यान्डका मानिसहरूलाई सुसमाचारको आग्रहसहित प्रचार गरे । सन् १३७७ तिर नै उनले आफ्ना "गरिब प्रचारकहरू" पठाए, जो घुमन्ते प्रचारकका रूपमा सेवा गर्थे । उनीहरू खस्रो ऊनका खैरो पोशाक लगाउँथे, न जुत्ता, न पर्स, न त झोला नै बोकेका हुन्थे; हातमा लामो लठ्ठी हुन्थ्यो र आफ्ना छिमेकीहरूको दया र आतिथ्यमा निर्भर भएर भोजन र बसोबास पाउँथे । उनीहरूको एक मात्र सम्पत्ति विक्लिफको बाइबलका केही पाना मात्र हुन्थे ।[60] विक्लिफको दर्शन यस्तो थियो—हरेक पेरिसमा सुसमाचारको

[60] एच. बी. वर्कम्यान, *द डन अफ द रिफर्मेसन* (लन्डन: चार्ल्स एच. केली, १९०१), १:२०९।

सेवक राखियोस्, जसले ख्रीष्टको विश्वासलाई जिउँदो रूपमा अभ्यास गर्दै र सिकाउँदै जाओस् ।

पन्ध्रौँ शताब्दीको प्रारम्भिक समयमा, जोन हस मुक्तिको सुसमाचार लिएर बोहेमियाभरि यात्रा गर्दै हिँडे । उनले परमेश्वरको वचनलाई जनसमक्ष परिचित गराउने उद्देश्यले सहरहरू, गाउँहरू, किल्लाहरू, खेतहरू र वनहरूमा प्रचार गरे । सन् १४१६ मा प्राग विश्वविद्यालयले हसको सम्झनामा दिएको श्रद्धाञ्जलीमा उनलाई यसरी वर्णन गरिएको थियोः "महान् भक्तिको ज्योतिले उज्यालो बनेका एक नम्र मानिस ... जसले बिरामीहरूको ओछ्यानछेउमा घुँडा टेकेर सेवा गर्न वा प्रार्थना गर्न कहिल्यै हिच्किचाउँदैनथे; जसले कठोर हृदय भएकाहरूलाई आँसुका साथ पश्चात्तापतर्फ ल्याउँथे ... जसले धर्मशास्त्रका पुराना र बिर्सिएका उपचारहरूलाई नयाँ र पहिले कहिल्यै नसुनिएको प्रेरणाका साथ प्रस्तुत गर्दै मानिसहरूलाई आग्रह गर्थे ... र जसले सबै कुरामा प्रेम, शुद्ध विश्वास र सत्यप्रतिको अटल निष्ठाका कामहरू प्रदर्शन गर्थे ।"

उल्लेख गर्नुपर्ने अर्को नाम विलियम टिन्डेल पनि हो, जसले सन् १५२२ र १५२३ मा इङ्ग्ल्यान्डको लिटिल सडबरी स्थित सेन्ट एडेलेइन चर्च मा सुसमाचारको काम शूरू गरे । केही समयमै अनन्त जीवनको मार्ग सिक्न भेला हुने ठूलो भीडका कारण उक्त भवन अत्यन्त सानो साबित भयो । टिन्डेलले आफ्नो सेवाकाईलाई लिटिल सडबरी वरपरका छिमेकी गाउँहरूमा मात्र होइन, ब्रिस्टल शहर सम्म विस्तार गरे, जहाँ उनले ठूलो संख्यामा पुरुष र महिलाहरूलाई प्रचार गरे । एक शिक्षित व्यक्तिसँग एक पटक टिन्डेलले भनेका थिए: "यदि परमेश्वरले मेरो जीवन जोगाइदिनुभयो भने केही वर्षभित्रै म यस्तो बनाउनेछु कि हलो जोत्ने बालक पनि धर्मशास्त्र तपाईं भन्दा बढी जान्ने हुनेछ ।"[61] आफ्नो वचनअनुसार, टिन्डेलले सन् १५२५ मा नयाँ नियमको आफ्नो अंग्रेजी अनुवाद प्रकाशित गरे ।

जोन क्याल्भिन, जो सुधारवादीहरूमध्ये सबैभन्दा महान् मानिन्छन्, एक पटक उनले घोषणा गरेका थिए कि एक मात्र आवश्यकतामा परेका पापीसम्म सुसमाचार पुऱ्याउनु परेमा पनि उनी

---

[61] आर. डिमस, *विलियम टिन्डेल, अ बायोग्राफी* (लन्डन: रिलिजियस ट्र्याक्ट सोसाइटी, १८८६), ७२–७३।

सात समुद्र पार गर्न समेत सहर्ष तयार हुनेछन् । सन् १५५६ मा, क्याल्भिनले रिशिए, शार्तिए र अन्य बाह्र जनालाई जीवनको वचन बोकेर ब्राजिलतर्फ पठाए । दुःखद रूपमा, तीमध्ये पाँच जना मारिए र बाँकी सबै युरोप फर्कन बाध्य भए ।

क्याल्भिनले तैपनि सुसमाचारको विस्तारप्रति आफ्नो चिन्ता र चासोलाई निरन्तर कायम राखे । क्याल्भिनको जेनेभामा मानिसहरूलाई परमेश्वरको मुक्तिको मार्ग सिकाइन्थ्यो, ताकि उनीहरूले त्यसलाई अरूलाई पनि सिकाउन सकून्; र धेरैले वास्तवमै त्यसै गरे । समकालीन अभिलेखहरू अनुसार, सन् १५५५ देखि १५६२ को बीचमा कम्तीमा अठासी जना मानिसहरूलाई संसारका विभिन्न भागहरूमा पठाइयो—यद्यपि यी अभिलेखहरू पूर्ण छैनन् । हामीलाई अन्य स्रोतहरूबाट, उदाहरणका लागि, थाहा हुन्छ कि सन् १५६१ को एकै वर्षमा मात्र १४२ जना मानिसहरू जेनेभा बाट मिशनरी सेवामा संलग्न हुन बाहिरिएका थिए ।[62]

पछिल्लो शताब्दीमा पिल्ग्रिमहरू (ख्रीष्टियन तीर्थयात्रीहरू) न्यू इङ्ग्ल्यान्डतर्फ प्रस्थान गरे । उनीहरूले त्यहाँ पुग्न साथै मूल निवासी आदिवासीहरूलाई सुसमाचार सुनाउने काम शुरू गर्न ढिलाइ गरेनन् । सन् १६२१ सम्ममै उनीहरूको समूहका एक जनालाई ती मानिसहरूलाई सुसमाचार प्रचार गर्न अलग्गै नियुक्त गरिएको थियो । सन् १६४६ मा जोन इलियट ले वाटरटाउन नजिकैको एउटा सानो आदिवासी गाउँमा सुसमाचारको काम शूरू गरे। त्यही समयमा थोमस मेहेउ र उनका छोरा बोस्टन नजिकका केही टापुहरूमा बसोबास गर्ने आदिवासीहरूलाई ख्रीष्टतर्फ ल्याउने प्रयासमा लागिरहेका थिए । सन् १६७४ सम्ममा न्यू इङ्ग्ल्यान्डमा करिब चार हजार आदिवासीहरू प्रभुलाई विश्वास गरेका थिए भनी उल्लेख गरिएको छ ।

सन् १६४९ मा, अङ्ग्रेजी संसदले एक आदेश पारित गऱ्यो जसले पहिलो प्रोटेस्टेन्ट मिशनरी समाजको स्थापना गऱ्यो । यसलाई “न्यू इङ्ग्ल्यान्डमा सुसमाचारको प्रचारका लागि निगम” भनिन्थ्यो । सुधारवादी मण्डलीहरूले यसको लागि सामूहिक भेटी उठाए, त्यस्तै

---

[62] फिलिप ई. ह्युजेस, “जोन क्याल्भिन: डाइरेक्टर अफ मिशन्स,” इन *द हेरिटेज अफ जोन क्याल्भिन*, एड. जोन एच. ब्राट (ग्रान्ड ऱ्यापिड्स: अर्डमन्स, १९७३), ४६।

क्रोमवेलको सेनाले पनि सहयोग गऱ्यो र यस प्रकारले सुसमाचारको यस कार्यका लागि बाह्र हजार पाउन्ड संकलन गरियो ।

सन् १६४७ मा, स्कटल्यान्डको मण्डलीको महासभालेले "बाहिर रहेकाहरूलाई सुसमाचार प्रचार गर्न अझ बलियो सहकार्य आवश्यक छ" भन्ने आफ्नो इच्छा अभिलेखमा उल्लेख गऱ्यो ।[63] यसको परिणामस्वरूप, सन् १६७० मा सभाद्वारा केही सेवकहरूलाई परमेश्वरको सत्यता नजानेका मानिसहरूसम्म त्यो सत्यता पुऱ्याउन पठाइयो ।

यस सन्दर्भमा विलियम केरी को नाम पनि समावेश गर्नुपर्छ। सन् १७९२ मा उनले आफ्नो कृति अन्यजातिहरूको परिवर्तनका लागि साधनहरू प्रयोग गर्न ख्रीष्टियनहरूको दायित्वसम्बन्धी अनुसन्धान" प्रकाशित गरे। त्यही वर्ष "अन्यजातिहरूबीच सुसमाचारको प्रचारका लागि पार्टिकुलर बप्तिस सोसाइटीको स्थापना पनि भयो। (यस संस्थाको नाममा पार्टिकुलर शब्दले यसको क्याल्भिनवादी सिद्धान्तप्रतिको झुकाव जनाउँथ्यो।) यो संस्था १३.२५ पाउण्डको प्रारम्भिक कोषबाट शुरू गरिएको थियो । केरी स्वयं सन् १७९३ मा भारततर्फ प्रस्थान गरे ।

## ख्रीष्ट, महान् सुसमाचार प्रचारक

बाइबलले सिकाउँछ कि परमेश्वरका पुत्र सबै समयका सबैभन्दा महान् सुसमाचार प्रचारक हुनुहुन्थ्यो । पुरानो नियमका भविष्यवाणीहरूले उहाँलाई "अन्यजातिहरूका लागि ज्योति" र परमेश्वरको "पृथ्वीको अन्त्यसम्म पुग्ने उद्धार" (यशैया ४९:६) भनेर उल्लेख गर्छन् । त्यही भविष्यवाणी पुस्तकमा प्रभु येशूलाई यसरी बोलिरहेको रूपमा प्रस्तुत गरिएको छ: "प्रभु यहोवाको आत्मा ममाथि हुनुहुन्छ; किनकि नम्रहरूलाई सुसमाचार सुनाउनका निम्ति परमप्रभुले मलाई अभिषेक गर्नुभएको छ; हृदय टुटेकाहरूलाई मलहमपट्टी बाँध्नका निम्ति, कैदीहरूलाई छुटकाराको र बन्दीहरूलाई झ्यालखाना खोलिएको घोषणा गर्नका निम्ति," (यशैया ६१:१)। अर्को स्थानमा उहाँलाई "परमेश्वरको बुद्धि" को रूपमा अत्यन्त सार्वजनिक र गम्भीर रूपमा सुसमाचार प्रचार गर्दै यसरी बोलिरहेको सुन्न सकिन्छ: "यसलाई नत्याग, र यसले तिम्रो रक्षा गर्नेछ;

---

[63] जर्ज स्मिथ, *सर्ट हिस्ट्री अफ ख्रीष्टियन मिशन्स* (एडिनबरा: मोरिसन एन्ड गिब, १९०४), १३३।

यसलाई प्रेम गर, र यसले तिमीलाई सम्हाल्नेछ । बुद्धि श्रेष्ठ वस्तु हो; यसैले बुद्धि प्राप्त गर, र तिम्रो सारा प्राप्तिले समझ प्राप्त गर! बुद्धिलाई उच्च पार, र यसले तिम्रो तरक्की गर्नेछ; यसलाई तिमीले अँगाल्यौ भने यसले तिम्रो आदर गर्नेछ।" (हितोपदेश ८:४–६)। थोमस गुडविन, प्युरिटन ईश्वरशास्त्री, एक पटक यसो भनेका थिए: "परमेश्वरका केवल एक पुत्र हुनुहुन्थ्यो र उहाँलाई नै उहाँले सेवक बनाइदिनुभयो ।"[6]

खीष्ट स्वयंले आफ्नो मिशन "हराएकोलाई खोज्न र उद्धार गर्न" (लूका १९:१०) हो भनी स्पष्ट गर्नुभएको थियो । उहाँले सुसमाचार सार्वजनिक रूपमा खुला आकाशमुनि, मानिसहरूको घरमा र सभाघरहरूमा प्रचार गर्नुभयो । व्यक्तिगत रूपमा उहाँले निकोदेमस र जक्कैजस्ता व्यक्तिहरूलाई शिक्षा दिनुभयो । उहाँ पहिलोपटक पठाइएका यहूदीहरूभन्दा बाहिर हेर्दै सुसमाचारको विश्वव्यापी दायरा बारे पनि बोल्नुभयो । उहाँले "यो बगालका होइनन्" (अर्थात् यहूदी धर्मभित्र नभएका) "अन्य भेडाहरू" को विशेष उल्लेख गर्नुभयो: "तीलाई पनि मैले ल्याउनै पर्छ, र एउटा बगाल र एउटा गोठाला हुनेछ" (यूहन्ना १०:१६)। वास्तवमा, उहाँले कनानी स्त्रीसँग कृपापूर्वक बोल्नुभयो, सेनापतिको विश्वासको प्रशंसा गर्नुभयो, र दिकापोलिस, इदुमिया, र यर्दन पारिका क्षेत्रहरूबाट आएका मानिसहरूलाई शिक्षा दिनुभयो र निको पार्नुभयो । हाम्रा प्रभुले आफ्ना चेलाहरूलाई यो कुरा स्पष्ट गर्नुभयो कि चाँडै नै उहाँको सुसमाचार प्रचार सेवाकाई उनीहरूलाई हस्तान्तरण गरिनेछन। डाँडाक्षो उपदेशमा, स्वयं "संसारको ज्योति" हुनुहुने खीष्टले आफ्ना चेलाहरूलाई पनि त्यही विशेषणले वर्णन गर्नुभयो (मत्ती ५:१४) । सम्भवतः त्यसैकारणले प्रभुले सेवाकालीन मिसनमा आफ्ना चेलाहरूलाई आफूसँगै राख्नुभयो। उनीहरू केवल आफ्नो निम्ति मात्र होइन, तर परमेश्वरका महान् सत्यहरू सिक्ने र ती सत्यहरू अरूलाई प्रस्तुत गर्ने तरिका पनि सिकिरहेका प्रशिक्षार्थीहरू थिए ।

## मण्डलीको महान् आज्ञा

उहाँको स्वर्गारोहणको समयमा प्रभु येशूले आफ्नो सुसमाचार प्रचारसम्बन्धी दायित्व औपचारिक रूपमा खीष्टिय मण्डलीलाई हस्तान्तरण गर्नुभयो। उहाँले भन्नुभयो: "यसकारण जाओ, र सबै

जातिहरूलाई चेला बनाओ" (मत्ती २८:१९; साथै मर्कूस १६:१५ हेर्नुहोस्)। लूकाको सुसमाचार अनुसार उहाँले उनीहरूलाई यसरी पनि भन्नुभयो: "अनि यरूशलेमदेखि शुरु गरेर सबै जातिहरूको बीचमा उनैको नाममा पश्चात्ताप र पापहरूको क्षमाको प्रचार गरिनुपर्छ।" (लूका २४:४७)। यसअनुसार प्रारम्भिक मण्डलीले सुसमाचारलाई यरूशलेममा (प्रेरित २–७), यहूदिया र सामरिया (८–९:३१), र पृथ्वीको अन्त्यसम्म (१०–२८) पुऱ्यायो। प्रेरितहरूले मण्डलीले ख्रीष्टको कार्यलाई निरन्तरता दिइरहेको कुरा स्पष्ट रूपमा बुझेका थिए । पावलका पत्रहरूमा पाइने महान् अवधारणामध्ये एउटा मण्डली "[ख्रीष्टको] शरीर" हो भन्ने विचार हो (एफिसी १:२३)। एक ईश्वरशास्त्रीले यसलाई यसरी व्यक्त गरेका छन्: "जसरी उहाँको देहधारी जीवनमा ख्रीष्टलाई आफ्नो सुसमाचार घोषणा गर्न र आफ्नो काम गर्न शरीर आवश्यक थियो, त्यसरी नै उहाँको पुनरुत्थानपछिको यस युगमा पनि संसारमा उहाँको सुसमाचार र कामको साधनका रूपमा उहाँलाई अझै पनि शरीर आवश्यक छ ।"[64] यसैले मण्डली यस संसारमा ख्रीष्टका उद्देश्यहरूको प्रतिनिधित्व गर्दछ र उहाँको सुसमाचार प्रचार गर्ने कार्यलाई निरन्तर अघि बढाउनुपर्ने हुन्छ । वास्तवमा, यो प्रत्येक स्थापित र व्यवस्थित स्थानीय मण्डलीको जिम्मेवारी हो ।

आफ्नो पहिलो पत्रमा तिमोथीलाई, पावलले चाँडै नै एफिससमा भेट्न पाउने आशा व्यक्त गरे, तर उनले यो पत्र लेख्नुको उद्देश्य तिमोथीलाई "जीवित परमेश्वरको मण्डलीमा, जो सत्यको स्तम्भ र आधार (वा सहारा) हो" (१ तिमोथी ३:१५), कसरी व्यवहार गर्ने भन्ने निर्देशन दिनु हो भनेर पनि उल्लेख गरे । यहाँको विचार यो हो कि मण्डलीले सत्यलाई धारण गर्न, उठाइराख्न र सबैतिर फैलिन योग्य रूपमा उचालेर राख्नुपर्छ, ताकि त्यस क्षेत्रका मानिसहरूले त्यसको सामना गर्न सकून् । निश्चय नै, यो कुरा प्रत्येक स्थानीय मण्डलीमा लागू हुनुपर्छ । विशेष गरी सेवकहरूलाई सुसमाचार प्रचार गर्ने जिम्मेवारी दिइएको छ (२ तिमोथी ४:२), तर व्यक्तिगत ख्रीष्टियनहरूलाई पनि यसो भनिएको छ:

[64] एलन रिचर्डसन, *एन इन्ट्रोडक्सन टु द थियोलोजी अफ द न्यु टेस्टामेन्ट* (लन्डन: एससीएम प्रेस, १९६६), २५६।

"तिमीहरूभित्र भएको आशाको कारणबारे सोध्ने प्रत्येक मानिसलाई जवाफ दिन सधैं तयार रहो" (१ पत्रुस ३:१५) ।

*"बाहिर जाओ!"*

हाम्रो परमेश्वरद्वारा दिइएको आज्ञा संसारमा बाहिर निस्कने हो । प्रभु येशूले आफ्नो महान् आज्ञामा भन्नुभयो: "तिमीहरू सारा संसारमा जाओ" (मर्कूस १६:१५) । लूका १४:१६–२४ मा उल्लेख गरिएको ठूलो भोजको दृष्टान्तमा उहाँले आफ्ना चेलाहरूलाई पठाइएका सेवकहरूसँग तुलना गर्नुभयो र त्यस दृष्टान्तमा ती सेवकहरूलाई दुई पटक "जाओ" भनिएको छ । "सहरका सडक र गल्लीहरूमा छिटो जाओ; अनि राजमार्गहरू, झाडी र एकान्त स्थानहरूतर्फ पनि जाओ ।" यस सन्दर्भमा हामीले दाखकोबोट र त्यसका हाँगाहरू सम्बन्धी प्रभुका वचनहरू पनि सम्झनुपर्छ । उहाँले फल फलाउने आवश्यकताबारे बोल्दै भन्नुभयो: "तिमीहरूले मलाई चुनेनौ, तर मैले तिमीहरूलाई चुनें, अनि तिमीहरू जाओ र फल फलाओ, र तिमीहरूको फल रहिरहोस् भनी तिमीहरूलाई नियुक्त गरें; र तिमीहरूले पितालाई मेरो नाममा जे मागौला, सो उहाँले तिमीहरूलाई दिनुहुनेछ।" (यूहन्ना १५:१६)।

मण्डलीले आफ्नो बोलावटको चेतना कहिल्यै गुमाउनु हुँदैन । प्रभुका जनहरूका रूपमा हामी आफ्ना भवनहरूको पर्खालभित्र मात्र सीमित रहनु हुँदैन; न त केवल धर्मशास्त्रमा आफूलाई सान्त्वना दिँदै र अनुग्रहका सिद्धान्तहरूमा मात्र गर्व गर्दै बस्नु हुन्छ । हामी सधैं यो कुरा सम्झिरहनुपर्छ कि बाहिर हजारौँ ख्रीष्टविहीन र आशाविहीन आत्माहरू छन् । निश्चय नै, उनीहरूलाई परमेश्वरको मुक्तिको बारेमा बताउने हाम्रो जिम्मेवारी हो । हामी के गर्न सक्छौं? हामी खुला आकाशमुनि सुसमाचार सभा आयोजना गर्न सक्छौँ । हामी ख्रीष्टियन पत्रिका (ट्र्याक्ट)हरू वितरण गर्न सक्छौँ । हामी बालबालिकाहरूलाई ख्रीष्टियन शिक्षाका लागि भेला गर्न सक्छौँ । हराएका आत्माहरूलाई उद्धार गर्न हामीले सबै वैध उपायहरू प्रयोग गर्न सक्छौँ । सुसमाचार प्रचार गर्न छोड्ने मण्डली परमेश्वरको वचनप्रति आज्ञाकारी हुँदैन र निश्चय नै त्यो सुधारवादी पनि हुँदैन ।

*मण्डली बढ्नै पर्छ*

थेस्सलोनिकीको मण्डलीलाई लेख्दै प्रेरित पावलले उनीहरूको सुसमाचार प्रचार कार्यको बारेमा सुनेर आफू अत्यन्त खुशी भएको कुरा बताए । "किनकि तिमीहरूबाट प्रभुको वचन म्यासिडोनिया र अखैयामा मात्र सुन्न पाइएको होइन, तर हरेक ठाउँमा परमेश्वरप्रति भएको तिमीहरूको विश्वासको चर्चा चारैतिर फैलिएको छ; यसैकारण हामीलाई केही कुरा भन्न खाँचो छैन।" (१ थेस्सलोनिकी १:८)। काश! आजका सबै सुधारवादी मण्डलीहरूको बारेमा पनि यही सत्य हुन्थ्यो! प्रारम्भिक ख्रीष्टियनहरूको बारेमा भनिएको थियो कि तिनीहरूले "येरूशलेमलाई आफ्नो शिक्षाले भरिदिएका थिए ।" यदि हामी तिनीहरूका उत्तराधिकारी हौं भने हामीले पनि निश्चय नै हाम्रा सहरहरूलाई येशू ख्रीष्टको सुसमाचारले भरिदिनुपर्छ । मण्डली बढ्ने यही एक मात्र बाटो हो—र प्रभुले पनि उहाँको मण्डली बढोस् भन्ने इच्छा गर्नुहुन्छ ।

केही ख्रीष्टियनहरू यस्तो सोच्दछन् कि मण्डली अत्यन्त सानो रहनु, निरन्तर घट्दो अवस्थामा हुनु वा केवल केही चुनिएका व्यक्तिहरूमा सीमित हुनु एउटा सद्गुण हो । तर हाम्रो प्रभु येशू ख्रीष्टले स्पष्ट रूपमा भन्नुभएको छ कि उहाँले आफ्नो मण्डलीलाई निर्माण र विस्तार गर्नुहुन्छ: "म आफ्नो मण्डली बनाउनेछु, अनि नरकका ढोकाहरू यसमाथि विजयी हुनेछैनन् ।" (मत्ती १६:१८)। माथि उल्लेख गरिएको दृष्टान्तमा सेवकहरूलाई बाहिर पठाइन्छ, तर अझै पनि ठाउँ बाँकी रहन्छ । त्यसैले तिनीहरूलाई फेरि फेरि पठाइन्छ । त्यस दृष्टान्तमा हाम्रो प्रभुका अन्तिम शब्दहरू यस प्रकार छन्: "मूल सड़कहरू र बारहरूहुँदो जाऊ, अनि तिनीहरूलाई भित्र आउन कर लगाऊ, र मेरो घर भरियोस्।" (लूका १४:२३)। प्रेरितको पुस्तकले पनि स्पष्ट रूपमा देखाउँछ कि परमेश्वर आफ्नो मण्डलीको संख्यात्मक वृद्धिमा सक्रिय हुनुहुन्छ । बारम्बार, विशेषगरी प्रारम्भिक अध्यायहरूमा, हामी देख्छौं कि प्रभुले मण्डलीमा मानिसहरू थप्नुभयो । उहाँले धेरैलाई, यहाँसम्म कि हजारौँलाई, विश्वासीहरूको सङ्ख्यामा थप्नुभयो । वास्तवमा, "अनि दिनहुँ प्रभुले मुक्ति पाउनेहरूलाई मण्डलीमा थप्नुहुन्थ्यो।" (प्रेरित २:४७)।

रोमी ११ अनुसार "अन्यजातिहरूको पूर्णता" भन्ने कुरा छ, जसको अर्थ जातिहरूबाट परमेश्वरका चुनिएका जनहरूको ठूलो सङ्ख्या यहूदीहरूको परिवर्तन हुनुअघि नै जम्मा हुनु हो । त्यसैगरी "इस्राएलको पूर्णता" भन्ने कुरा पनि छ, जसले परमेश्वरका उद्धारसम्बन्धी योजनामा समेटिने यहूदीहरूको विशाल समूहलाई जनाउँछ । यस शब्दले नै स्पष्ट रूपमा देखाउँछ कि धेरै ठूलो सङ्ख्यामा आत्माहरू ख्रीष्टकहाँ ल्याइनेछन् र उहाँको मण्डलीमा समावेश गरिनेछन् । जब येशूले सत्तरी जना चेलाहरूलाई पठाउनुभयो (लूका १०:१), उनीहरू प्रचारको कामबाट फर्किएपछि प्रभु "आत्मामा आनन्दित हुनुभयो" (पद २१) । उहाँलाई यति धेरै आनन्द दिने कुरा के थियो? उनीहरूले ल्याएको सुसमाचारको सफलताको समाचार नै थियो । पापीहरू उद्धारकर्तातर्फ फर्किरहेका थिए र तिनीहरू दुष्टताको शक्तिबाट छुटकारा पाउँदै थिए । उहाँको राज्य शक्ति सहित अघि बढिरहेको थियो । त्यसका सीमाहरू विस्तार हुँदै गइरहेका थिए । मण्डली बढ्दै थियो, प्रभुको महिमा र प्रशंसाको लागि । सुधारवादी विश्वासको महान् दर्शन भनेको सुसमाचारलाई पृथ्वीको अन्त्यसम्म पुऱ्याइनु, पवित्रशास्त्रहरू प्रत्येक भाषामा प्रकाशित गरिनु र प्रत्येक कुल, भाषा, जाति र राष्ट्रबाट पापीहरू ख्रीष्टमा जम्मा गरिनु हो ।

*प्रकाश र ताप*

यदि हामी ख्रीष्टसँग एकतामा छौँ भने सुसमाचारको सफलताले पनि हामीलाई आनन्दित बनाउँछ । मण्डलीको असफलता र आत्मिक निष्फलताले हामीलाई दुःखित बनाउँछ र त्यसैले ख्रीष्टियनहरूका रूपमा हामी त्यसको समृद्धिका लागि प्रार्थना गर्छौं । साथै, हाम्रो प्रार्थनाको उत्तर मिलिरहेको छ भन्ने कुरा जान्दा हामी गहिरो कृतज्ञता अनुभव गर्छौं । यस संसारमा मण्डली फस्टाउँदै गएको देख्नु हाम्रो सबैभन्दा ठूलो आत्मिक आनन्दहरूमध्ये एक हो । यो कुरा स्पष्ट रूपमा बुझ्नुपर्छ कि सिद्धान्तप्रति निष्ठा र पुरुष तथा महिलाहरूका आत्माप्रति करुणा बीच कुनै विरोध छैन । यी दुई कुरा एकअर्काबाट छुट्टिन सक्दैनन् ।

केही मानिसहरूको धर्ममा केवल "प्रकाश" मात्र हुन्छ । उनीहरूले विश्वासका स्वीकारहरूका ठूला अंशहरू, साथै ठूला तथा र

साना धार्मिक प्रश्नोत्तरहरू सजिलै सुनाउन सक्छन्—र निश्चय नै अझ धेरै कुरा पनि जान्दछन् । तर यस्तो अवस्थामा प्रायः सबै कुरा केवल "प्रकाश" जस्तो मात्र देखिन्छ । तर साँचो सुधारवादी ख्रीष्टियन धर्म "प्रकाश" मात्र होइन, "ताप" पनि हो—यो आगो हो । ज्ञानको "प्रकाश" सँगै पवित्र चिन्ता र पापीहरूको उद्धारप्रति गहिरो जोशको "ताप" पनि हुन्छ । तपाईंले पावलका शब्दहरूमा यो "ताप" स्पष्ट रूपमा अनुभव गर्न सक्नुहुन्छ जब उनी रोमी मण्डलीलाई यसरी लेख्छन्: "म ख्रीष्टमा साँचो भन्दछु, झूट बोल्दिनँ, मेरो विवेकले पनि पवित्र आत्मामा मसित गवाही दिन्छ, कि मेरो हृदयमा भारी शोक र नटुङ्गिने पीडा छ । किनकि मेरा भाइहरूका निम्ति, जो शरीरअनुसार मेरा आफन्तहरू हुन्, बरु म नै ख्रीष्टबाट श्रापित भएको भए हुन्थ्यो भन्ने इच्छा म गर्दथें ।" (रोमी ९:१–३)। अर्को ठाउँमा उनले यसरी लेख्छन्: "भाइहरूहो, मेरो हृदयको चाहना र इस्राएलका लागि परमेश्वरप्रतिको प्रार्थना यो हो: तिनीहरूले मुक्ति पाऊन् ।" (रोमी १०:१)। अब, यो नै प्रेरितीय धर्म हो । यहाँ हृदय संलग्न हुन्छ, भावनाहरू जागृत हुन्छन् र आँसुहरू पनि बग्छन् । यही धर्मले हामीलाई अविश्वासीहरूतर्फ अघि बढ्न प्रेरित गर्छ र तिनीहरूलाई आगोबाट बचाउन सबै वैध उपायहरू प्रयोग गर्न लगाउँछ । जहाँ साँचो ख्रीष्टियन धर्म प्रकट हुन्छ त्यहाँ ख्रीष्टको धन्य उपस्थिति अनुभव गरिन्छ र जानिन्छ । उहाँले सुसमाचार प्रचार गर्ने मण्डलीसँग आफ्नो उपस्थितिको प्रतिज्ञा गर्नुभएको छ ।

## ख्रीष्टको उपस्थिति अनुभव गरिन्छ

ख्रीष्टको महान् आज्ञाका यी वचनहरूले सधैं हामीलाई चुनौती दिनुपर्छ: "यसकारण जाओ, र सबै जातिहरूलाई चेला बनाओ; तिनीहरूलाई पिता, पुत्र र पवित्र आत्माको नाममा बप्तिस्मा देओ ।" यससँगै उहाँका यी अमूल्य प्रतिज्ञाका वचन पनि आउँछन्: "हेर, म संसारको अन्त्यसम्म सधैं, अर्थात् सबै दिनहरूमा, तिमीहरूसँग छु" (मत्ती २८:१९–२०) । प्रभुले आफ्नो यो प्रतिज्ञा विश्वासयोग्य रूपमा पूरा गर्नुभयो, जसले उहाँका आज्ञाकारी चेलाहरूलाई ठूलो सान्त्वना र उत्साह दियो । मर्कूसको सुसमाचार अनुसार तिनीहरू संसारमा जीवनको सुसमाचार लिएर गए, र "अनि तिनीहरूले निस्केर जहाँतहीं प्रचार गरे, प्रभु तिनीहरूको साथमा

काम गर्दै रहनुभयो, र ती चिन्हहरूद्वारा, जो साथ-साथ भइरहेका थिए, वचन दृढ़ गराउँदै रहनुभयो ।" (मर्कूस १६:२०)। पछि प्रेरित पावलले पनि आफ्नो सुसमाचार प्रचारको अनुभवबारे उल्लेख गरे । उनले आफू र अरूलाई "परमेश्वरसँग सहकर्मीहरू" भनेर वर्णन गरे (१ कोरिन्थी ३:९; २ कोरिन्थी ६:१ पनि हेर्नुहोस्)। वास्तविकता के हो भने, यस महान् काममा संलग्न हुनेहरूले प्रभुको उपस्थिति अनुभव गर्नेछन् । महान् आज्ञाप्रति आज्ञाकारी भएको मण्डली त्यही मण्डली हो जहाँ येशू ख्रीष्ट वास्तवमै मण्डलीको बीचमा उपस्थित हुनुहुन्छ । स्कटल्याण्डको फ्री मण्डलीका अलेक्जेन्डर डफले एक पटक भनेका थिए: "ख्रीष्टियन मण्डलीको सम्पूर्ण इतिहास एउटै निरन्तर प्रमाण हो—कि सुसमाचार प्रचार गर्ने वा मिशनरी मण्डली नै आत्मिक रूपमा फस्टाउने मण्डली हो; र जसले आफ्नो सुसमाचार प्रचार गर्ने वा मिशनरी स्वभाव गुमाउँछ, त्यो चाँडै नै वृद्धता र पतनतर्फ उन्मुख हुन्छ !"[65]

आत्माहरूलाई ख्रीष्टमा ल्याउने उत्कट चाहना राख्ने मण्डलीले परमेश्वरबाट स्वीकृति र प्रशंसा प्राप्त गर्छ । बप्तिस्मा दिने यूहन्नालाई "प्रभुको दृष्टिमा महान्" भनिएको थियो । आखिर किन? यसको एउटा कारण धर्मशास्त्रले स्पष्ट रूपमा बताउँछ: "उनले इस्राएलका धेरै सन्तानहरूलाई तिनीहरूका परमेश्वर प्रभुतर्फ फर्काउनेछन्" (लूका १:१५–१६)। यस्तै कुरा बर्नबासको विषयमा पनि भनिएको छ: "किनकि उनी असल मानिस थिए, पवित्र आत्मा र विश्वासले भरिएका थिए ।" यस्तो सम्मान पाउन उनले के गरे? त्यसपछि आउने वचनलाई ध्यान दिनुहोस्: "र धेरै मानिसहरू प्रभुमा थपिए" (प्रेरित ११:२४)।
यसबाट यो कुरा स्पष्ट हुन्छ कि परमेश्वरको दृष्टिमा महानता केवल ज्ञान, पद वा प्रतिष्ठामा मात्र होइन, तर मानिसहरूलाई प्रभुतर्फ फर्काउने सेवामा प्रकट हुन्छ । जब कुनै मण्डली वा विश्वासीले सुसमाचारद्वारा बहुमूल्य आत्माहरूलाई ख्रीष्टकहाँ ल्याउन प्रयत्न गर्छ, तब त्यसले परमेश्वरको विशेष अनुमोदन र प्रशंसा प्राप्त गर्छ ।

आत्माहरूलाई ख्रीष्टतर्फ डोऱ्याउने व्यक्तिको सबैभन्दा ठूलो इनाम भविष्यमा प्रकट हुनेछ: "अनि जो-जो समझदार छन्, उनीहरू

[65] अलेक्जेन्डर डफ, *मिशन्स: द चीफ एन्ड अफ द ख्रीष्टियन चर्च* (एडिनबरा: जे. जोन्स्टोन, १८३९), १५।

आकाश-मण्डलको चमकझैं चम्कनेछन्; अनि जसले धेरैलाई धार्मिकतातिर फर्काउँछन्, उनीहरू ताराहरूझैं सदा-सर्वदा चम्कनेछन् ।" (दानिएल १२:३)। महान् सुसमाचार प्रचारक प्रेरित पावलले थेस्सलोनिकी विश्वासीहरूलाई लेख्दै भने: "किनकि हाम्रो आशा, आनन्द वा रमाहटको मुकुट के हो? हाम्रा प्रभु येशू ख्रीष्टको उपस्थितिमा, उहाँको आगमनमा के तिमीहरू नै होइनौ र?" (१ थेस्सलोनिकी २:१९)। परमेश्वरका पुत्रको सामु उपस्थित गराइने त्यो दिनको प्रतीक्षामा पावल अत्यन्त उत्सुक थिए । किनकि त्यस दिन उनी एक्लै उपस्थित हुने थिएनन् । उनको सेवाकाईद्वारा ख्रीष्टमा ल्याइएका प्रिय विश्वासीहरू पनि उनीसँगै त्यहाँ हुने थिए । जब उनले तिनीहरूलाई आफ्ना वरिपरि देख्नेछन्, तब उनको आनन्द कति महान् हुनेछ! जब उनले तिनीहरूलाई सिंहासनतर्फ डोर्‍याउँदै लैजानेछन्, तब उनको प्रतिफलको मुकुट कति गौरवशाली हुनेछ! त्यसकारण हामीले प्रभु येशूसँग त्यस दिनको भेटको आशा त राख्नुपर्छ तर यस्तो सोचाइ राखेर होइन कि हामी एक्लै उहाँको सामु उभिनेछौँ । बरु उहाँको अनुग्रहद्वारा अरूलाई पनि ख्रीष्टकहाँ ल्याउने साधन बन्ने उत्कट चाहना र प्रयत्न हाम्रो जीवनमा हुनुपर्छ । यही कुरा आत्मा जित्ने सेवकको आनन्द, सम्मान र अनन्त प्रतिफलको महत्त्वपूर्ण अंश हो ।

## पापीहरूका लागि सन्देश

निस्सन्देह मण्डलीको सन्देश भनेको सुसमाचार हो । यस सुसमाचारमा परमेश्वरको अद्‌भुत प्रेम, पापीहरूलाई उद्धार गर्ने उहाँको अनन्त उद्देश्य तथा तिनीहरूको उद्धारकर्ताको रूपमा आफ्ना पुत्रलाई नियुक्त गर्नुभएको विषयमा रहेका सिद्धान्तगत सत्यहरू समावेश छन् । यसले ख्रीष्टसँगको एकताको आवश्यकता र त्यसबाट प्राप्त हुने जीवनदायी धर्मी ठहरिने (धर्मीकरण) आशिष्‌को पनि घोषणा गर्छ । सुसमाचारमा केवल सिद्धान्तहरू मात्र होइनन् तर उद्धारका बहुमूल्य प्रतिज्ञाहरू, कृपाका निष्कपट प्रस्तावहरू र प्रभु येशू ख्रीष्टमा विश्वास गर्नका लागि गरिएका गम्भीर तथा प्रेमपूर्ण निमन्त्रणाहरू पनि समावेश छन् । यो सुसमाचार वचनद्वारा प्रचार गरिनुपर्छ । यो सार्वजनिक रूपमा प्रचारको माध्यमबाट गर्न सकिन्छ जहाँ परमेश्वरको सत्य संसारसामु खुला रूपमा घोषणा

गरिन्छ (रोमी १०:१५; १ कोरिन्थी १:२१)। साथै यो व्यक्तिगत रूपमा पनि गर्न सकिन्छ जब एक व्यक्तिले अर्को व्यक्तिलाई साक्षी दिन्छ वा ख्रीष्टको विषयमा बताउँछ (प्रेरित १८:२६; २२:१२–१६)। तर सुसमाचार जुनसुकै प्रकारले मुखबाट सुनाइए पनि पवित्र आत्माको कार्य अनिवार्य छ । किनकि पाप र अपराधमा मरेका मानिसहरूलाई जीवित तुल्याउने, उनीहरूलाई दोषी पापीको रूपमा आफ्नो भयावह अवस्थाबारे सचेत गराउने र उनीहरूलाई आफ्नो सम्पूर्ण हृदयले प्रभु येशू ख्रीष्टमा विश्वास गर्न प्रेरित गर्ने कार्य पवित्र आत्माकै हो । उहाँ नै समय र अनन्तता दुवैका लागि आफ्नो एकमात्र आशा ख्रीष्ट हुनुहुन्छ भन्ने कुरामा उनीहरूलाई दृढतापूर्वक आकर्षित गर्नुहुन्छ । दुःखको कुरा आजको समयमा यही सुसमाचारको सन्देशबारे धेरै भ्रम र अस्पष्टता देखिन्छ । त्यसैले अब हामी यस सन्देशलाई अझ गहिराइमा गएर विचार गर्नेछौँ ।

*स्पष्ट घोषणा*

धर्मशास्त्रले सुसमाचारलाई स्पष्ट, मौखिक र सुव्यवस्थित तरीकाले घोषणा गर्न आग्रह गर्छ न कि विभिन्न प्रकारका चतुर युक्ति वा मनोरञ्जनात्मक तरिकाहरूको प्रयोग गर्न । प्रचारकले आफ्नो सन्देशमा अनावश्यक, निरर्थक वा हानिकारक अतिरिक्त तत्त्वहरू मिसिन नदिन विशेष सावधानी अपनाउनुपर्छ । प्रेरितले भनेझैँ: "किनकि हामी ती धेरै मानिसहरूजस्ता होइनौं, जसले परमेश्वरको वचन बिगार्छन्, तर चोखो मन भएकाहरूलेझैं, तर परमेश्वरबाट पठाइकाहरूलेझैं हामी परमेश्वरको सामु ख्रीष्टमा बोल्दछौं।" (२ कोरिन्थी २:१७)। यहाँ "वचन बिगार्नु" भन्ने शब्दले त्यस व्यापारीको कामलाई संकेत गर्छ, जसले आफ्नो मदिरामा पानी मिसाएर त्यसको शुद्धता बिगार्छ (यशैया १:२२)। त्यसरी नै परमेश्वरको शुद्ध वचनलाई मानव आकर्षणका कृत्रिम माध्यमहरूले "पातलो" बनाउनु हुँदैन । यसको अर्थ सुसमाचारलाई मानविक आकर्षणका साधनहरू, जस्तै अनावश्यक व्यक्तिगत कथनहरू, संगीतात्मक एकल प्रस्तुति वा नाटकीय प्रदर्शनहरूसँग मिसाएर प्रस्तुत गर्नु उचित होइन, यदि ती कुराहरूले सन्देशको शुद्धता र केन्द्रबिन्दुलाई ढाक्छन् भने । हामीले मानिसहरूलाई आकर्षित गर्ने चालबाजी वा धूर्त बिक्रीकर्ताजस्तो तरिका अपनाउनु हुँदैन । बरु हामीले

ख्रीष्ट क्रूसमा टाँगिनुभएको, उहाँ पुनरुत्थान हुनुभएको र अहिले महिमामा शासन गरिरहनुभएको उद्धारका सत्य तथ्यहरूलाई स्पष्ट रूपमा प्रस्तुत गर्नुपर्छ। "तर हामीले शर्म लाग्ने गुप्त कुराहरू त्यागिदिएका छौं, न ता धूर्ततासँग चल्छौं, न ता परमेश्वरको वचन छलपूर्वक प्रयोग गर्दछौं; तर सत्यता प्रकट गरीकन परमेश्वरको सामु हामी हरेक मानिसको विवेकमा आफूलाई सिफारिस गर्छौं" (२ कोरिन्थी ४:२)।

त्यसैले साँचो सुसमाचार प्रचार मनोरञ्जनात्मक होइन तर शिक्षात्मक हुन्छ । पावलले भनेका छन्: "हरेक मानिसलाई ख्रीष्ट येशूमा सिद्ध भएको अवस्थामा उपस्थित गराउनका निम्ति हरेक मानिसलाई सम्पूर्ण बुद्धिसित शिक्षा दिँदै र हरेक मानिसलाई सम्पूर्ण बुद्धिसित शिक्षा दिँदै हामी उहाँलाई प्रचार गर्दछौं ।" (कलस्सी १:२८)। हाम्रो जिम्मेवारी पापसँग प्रत्यक्ष रूपमा व्यवहार गर्नु हो र पापीको आवश्यकतालाई स्पष्ट रूपमा देखाउनु हो । परमेश्वरको विरुद्ध अपराध गर्नेहरूको लागि आउने भयानक र अनन्त परिणामहरूको विषयमा चेतावनी दिनु हो । त्यसपछि उद्धारकर्ता सम्बन्धी प्रकट गरिएका सत्यहरूलाई खोल्नु हो । उहाँ पूर्ण रूपमा परमेश्वर र पूर्ण रूपमा मानिस हुनुहुन्छ, उहाँले भविष्यवक्ता, पूजाहारी र राजा भन्ने तीनवटा पदहरू धारण गर्नुहुन्छ र उहाँले आफ्नो पर्याप्त तथा सिद्ध प्रायश्चितद्वारा हाम्रा अपराध र पापको उद्धार सम्पन्न गर्नुभएको छ । सुसमाचारको घोषणा गर्नुको अर्थ ख्रीष्टलाई कमजोर र असहाय पापीहरूको एकमात्र शरणस्थानको रूपमा प्रस्तुत गर्नु हो । पापीहरूलाई परमेश्वरको न्यायको आँधीबाट भागेर उद्धारकर्ताको सुरक्षात्मक प्रेममा शरण लिन आह्वान गर्नु हो । साथै जो साँचो रूपमा विश्वास गर्छन् तिनीहरूलाई क्षमा, शान्ति र अनन्त सुरक्षाको निश्चयता दिनु पनि यसैको भाग हो । यही हाम्रो सुसमाचार हो र यसलाई विश्वासयोग्य रूपमा प्रस्तुत गर्नु नै "परमेश्वरको वचन पूरा गर्नु" हो (कलस्सी १:२५; रोमी १५:१९ पनि हेर्नुहोस्) ।

*परमेश्वर केन्द्रमा*

सुसमाचार प्रचार गर्दा मानिसलाई केन्द्रमा राख्नु हुँदैन । आधुनिक सुसमाचार प्रचारको प्रवृत्ति भने प्रायः प्रचारकलाई नै मुख्य आकर्षण बनाउनेतर्फ झुकेको देखिन्छ । प्रचारकको नाम, क्षमताहरू र विगतका

सफलताहरूलाई मानिसहरूको ध्यान खिच्ने माध्यमको रूपमा अगाडि सारिन्छ, जसले गर्दा सभा वा कार्यक्रमतर्फ मानिसहरू आकर्षित हुन सकुन् । धेरै ठाउँमा हुने विज्ञापनहरूमा प्रचारकको तस्वीर राखिन्छ र उनका पहिलेका अभियानहरूको विवरण प्रस्तुत गरिन्छ । यसरी सम्पूर्ण ध्यान प्रायः प्रचारक स्वयंमा केन्द्रित हुने गर्दछ । तर प्रेरित पावलको दृष्टिकोण यसभन्दा पूर्णतः भिन्न थियो । उनले भने: "कुनै चीज आफैबाटको जस्तो ठान्नलाई हामी आफै योग्य छैनौं, तर हाम्रो योग्यता त परमेश्वरबाटको हो ।" (२ कोरिन्थी ३:५)। उन्नाइसौँ शताब्दीका महान् प्रचारक आसाहेल नेटल्टनले पनि यदि कुनै मण्डलीले आफूमा निर्भरता राखेको महसुस गर्थे भने उनी दृढतापूर्वक त्यहाँ प्रचार गर्न जाने निमन्त्रणा अस्वीकार गर्थे । उनको विश्वास यो थियो कि यदि मानिसहरूको भरोसा प्रभुमा होइन तर प्रचारकमा केन्द्रित भयो भने कुनै आत्मिक आशीर्वाद आउनेछैन । त्यसैले साँचो सुसमाचार प्रचारको केन्द्र मानव होइन तर परमेश्वर स्वयं हुनुपर्छ ताकि सबै ध्यान, भरोसा र आशा केवल प्रभुमा नै केन्द्रित रहोस् ।

निश्चय नै सबै प्रचारकहरू आसाहेल नेटल्टन जस्ता हुँदैनन् । केही प्रचारकहरू त आफूलाई नै केन्द्रमा ल्याउने प्रवृत्तिमा लागेका देखिन्छन् । मैले एकपटक लन्डनमा एक सुसमाचार प्रचारकको प्रवचनको अडियो सुनेँ । उनले करिब पैंतीस मिनेट प्रचार गरे तर अनुमान गर्दा त्यस प्रवचनको लगभग ७५ प्रतिशत भाग आफ्नै विषयमा थियो । उनले आफू कहाँकहाँ गएका थिए, उनका सभामा कति मानिसहरू भेला भएका थिए, र संसारका विभिन्न भागहरूमा उनले कस्ता "फल" देखेका थिए—यी सबै कुरा विस्तृत रूपमा बताए । त्यस्तो प्रवचन (यदि त्यसलाई प्रवचन भन्नमिल्छ भने) सुन्न अत्यन्त कठिन थियो । जब त्यो समाप्त भयो, मलाई उनीसँग सिधै कुरा गर्न पाए हुन्थ्यो जस्तो लाग्यो—केवल यति भन्नका लागि: "हामी आफूलाई होइन, तर येशू ख्रीष्ट प्रभुलाई प्रचार गर्छौं" (२ कोरिन्थी ४:५) ।

डाक्टर एल्म्स्लीले प्रचार गरेपछि कसैले लेखेका यी पङ्क्तिहरूले साँचो सेवाकाईको सुन्दर चित्र प्रस्तुत गर्छन् ।

*उहाँले सत्यको दीपलाई त्यस दिन यस्तो तरिकाले उठाउनुभयो*
*कि त्यो धेरै तल थियो, जसले गर्दा कोही पनि बाटो नदेखी रहन*

*सकेन,*
*तर फेरि त्यति नै उचाइमा थियो कि संसारको महान् ज्योति ख्रीष्टको सुन्दरता स्पष्ट देखियो ।*
*र जब मानिसहरूले माथि हेरिरहे दीपको बीचमा*
*त्यो दीप समाउने हात लगभग देखिँदैनथ्यो ।*

*उहाँले पानीको घैँटो पनि लिएर झुकेर*
*तलका साना बालकहरूका ओठमा लगाइदिनुभयो,*
*र फेरि थकित सन्तहरूतर्फ उठाएर*
*उनीहरूलाई पिउन आग्रह गर्नुभयो ।*
*उनीहरूले पिए तर घैँटो बीचमा हुँदा*
*त्यो समाउने हात लगभग अदृश्य रह्यो ।*

*उहाँले तुरही पनि बजाउनुभयो*
*काँपिरहेका पापीहरू नडराऊन् भनेर नरम र स्पष्ट ध्वनि,*
*र त्यसपछि अझ बलियो र साहसी स्वरमा*
*शैतानका किल्लाहरू भत्काउन आह्वान गर्नुभयो ।*
*तर फेरि त्यो तुरही बीचमा हुँदा*
*त्यो समाउने हात देखिएन ।*

*तर जब सेनापतिले भन्नुहुन्छ*
*"सुन, असल र विश्वासयोग्य दास, आउ!*
*तुरही राख, शिविर छोड"*
*त्यो थकित हातहरू तब देखिनेछन्,*
*र ती घाइते हातहरूसँग अँगालो हालिनेछन्—*
*र त्यहाँ बीचमा केही पनि रहनेछैन ।*[66]

हाम्रो सन्देश हरेक दृष्टिले परमेश्वर केन्द्रित हुनैपर्छ । केही प्रचारकहरू माथि उल्लेख गरिएका अतिवादी अभ्यासहरूबाट सावधानीपूर्वक टाढा बसेका हुन्छन् तर तिनीहरू अर्को प्रकारको विचलनमा परेका देखिन्छन् । उनीहरूले सम्पूर्ण ध्यान मानिस, उसको आवश्यकता र उसको चाहनामा केन्द्रित गर्छन् । तिनीहरूले

---

[66] ह्यारोल्ड मरे, *डिन्सडेल यङ* (लन्डन: मार्शल, मोर्गन एन्ड स्कट, १९३८), १४२–१४३।

मण्डलीलाई यस्ता प्रश्नहरू सोध्छन्: तपाईं के चाहनुहुन्छ? के तपाईं आनन्द र शान्ति चाहनुहुन्छ? के तपाईं हृदयको सन्तुष्टि खोज्दै हुनुहुन्छ? के जीवनको कुनै उद्देश्य चाहनुहुन्छ? के तपाईंलाई साँचो सुरक्षा चाहिएको छ? कतिपयले त सभा समाप्त भएपछि यी प्रश्नहरूको उत्तर दिने खालका साहित्यहरू पनि वितरण गर्छन् । तर यो नै सुसमाचारको सन्देश होइन । ख्रीष्टियन सुसमाचारको मूल विषय मानिस होइन तर परमेश्वर हुनुहुन्छ ।

सत्य यही हो कि परमेश्वरले हामीलाई उहाँको आराधना र सेवा गर्न र उहाँको महिमाका लागि जिउन सृष्टि गर्नुभयो । पापलाई केवल उहाँको विरुद्धको विद्रोह र उहाँको पवित्र तथा न्यायपूर्ण व्यवस्थाको उल्लङ्घनको रूपमा मात्र ठीकसँग बुझ्न सकिन्छ । तर उहाँको महान् दयामा, परमेश्वरले आफ्ना पुत्रद्वारा उद्धारको योजना बनाउनुभयो र त्यसलाई प्रदान गर्नुभयो ताकि पापीहरूलाई पापको भयानक दण्डबाट छुटकारा दिइयोस् । उहाँले आफ्नो कृपाको ढोका चौडा रूपमा खोल्नुभएको छ र सबैलाई आमन्त्रण गर्दै भन्नुहुन्छ, धन्य उद्धारकर्ता येशू ख्रीष्टतर्फ फर्क र ईश्वरीय, पूर्ण, स्वतन्त्र, वर्तमान र अनन्त उद्धार प्राप्त गर । परमेश्वर आदेश दिनुहुन्छ—उहाँ बिन्ती गर्नुहुन्छ—उहाँ आग्रह गर्नुहुन्छ—यी हराएका आत्माहरूलाई पुकार गर्नुहुन्छ: “किन, किन तिमीहरू मर्ने?” उहाँको हृदय तिनीहरूतर्फ उन्मुख छ । उहाँको इच्छा तिनीहरूको उद्धारतर्फ छ । तिनीहरूको भलाइप्रतिको उहाँको चासो गहिरो र साँचो छ । परमेश्वर प्रभु येशू ख्रीष्टमा विश्वास गर्ने प्रत्येकलाई उद्धार गर्न इच्छुक हुनुहुन्छ ।

अझै पनि, उहाँले उद्धार पाएकाहरूका लागि स्वर्ग तयार गर्नुभएको छ (र हराएकाहरूका लागि न्यायको स्थान पनि छ)। विश्वास गर्नेहरूले यस व्यर्थ संसारका छायाँहरू भन्दा धेरै उच्च आशा राख्न सक्छन् । तिनीहरूको परमेश्वर नै सदासर्वदा तिनीहरूको भाग हुनुहुनेछ । यो नै सुसमाचार हो—परमेश्वरको सुसमाचार । यो सधैं सुसमाचार थियो र सधैं यही नै रहनेछ । उद्धार पूर्ण रूपमा परमप्रभुबाटै आउँछ । यो उहाँमै शूरू हुन्छ, उहाँद्वारा अघि बढ्छ र उहाँमै पूरा हुन्छ । दुष्ट र नरकयोग्य पापीहरूलाई यो देखाइनुपर्छ कि उनीहरू एक यस्तो परमेश्वरसँग सामना गरिरहेका छन् जससँग उनीहरूले हिसाब दिनुपर्छ

तर उही परमेश्वर नै उहाँ हुनुहुन्छ जसले संसारलाई यति प्रेम गर्नुभयो कि आफ्ना एकमात्र पुत्र दिनुभयो । उहाँ नै त्यो परमेश्वर हुनुहुन्छ जसले एक दिन चुनिएका, उद्धार गरिएका र बोलाइएका पापीहरूलाई आफ्नो अनन्त राज्यमा स्वागत गर्नुहुनेछ । यिनै महान् र अटल सत्यहरू नै हाम्रो उद्धारको सुसमाचार हुन् । र यही सत्यहरू नै संसारको हरेक भागमा सबै मानिसहरू समक्ष विश्वासयोग्य रूपमा प्रचार गरिनुपर्छ ।

*पापबारे दोषबोध*

आजको समयमा प्रायः प्रचारकहरूले बेरोजगारी, आर्थिक असमानता, मानव अधिकारको उल्लङ्घन, प्राकृतिक विपत्तिहरू जस्ता विषयहरूमा जोड दिने गरेको पाइन्छ । यी सबै वर्तमान संसारका सामान्य अवस्थाका उल्लेखहरू हुन् । तर वास्तवमा आवश्यक कुरा भनेको "वचनको कार्य" हो अर्थात् पापीहरूको विवेकमा परमेश्वरको वचनको स्पष्ट व्याख्या र त्यसको प्रभावकारी प्रयोग । 'दासत्वको आत्मा'को रूपमा रहेका मानिसहरूलाई पवित्र आत्माले उहाँको वचनद्वारा मानिसहरूलाई आफ्नो पाप र त्यसको कारणले आएको दीन-दुःखी अवस्थाको बोध गराउनुहुन्छ (यूहन्ना १६:८; रोमी ८:१५)। उहाँले व्यवस्थाका आज्ञाहरूलाई आत्मामा गहिरो रूपमा लागू गर्नुहुन्छ। यही अनुभव पावलले आफ्नै जीवनमा व्यक्त गरेका छन्: "किनकि म एकपल्ट व्यवस्थाविना जिउँदो थिएँ; तर जब आज्ञा आयो, तब पाप जाग्यो, र म मरें।" (रोमी ७:९)। अर्थात्, एक समय पावल एक घमण्डी फरिसीको रूपमा आफूलाई परमेश्वरको अगाडि दोषरहित ठान्थे । तर जब परमेश्वरको व्यवस्था आफ्नो अधिकार, गम्भीरता र आत्मिक गहिराइमा उनीमाथि लागू गरियो, तब उनले पहिलोपटक आफ्ना जीवन र हृदयमा असंख्य पापहरू देखे, जसको बारेमा उनी पूर्णतः अनजान थिए । "पाप फेरि जीवित भयो" भन्नुको अर्थ पाप सबै ठाउँमा जस्तो देखिन थाल्यो । यसरी उनले मूल पाप र व्यवहारिक पाप दुवैको गहिरो चेतना प्राप्त गरे । त्यसपछि उनी "मरे" जस्तो भए , अर्थात् दोषी ठहरिए, कुनै आशा नभएको अवस्थाको अनुभूति गरे । यही गहिरो दुःख र असहाय अवस्थामा उनी पुकार गर्न बाध्य भए: "म कस्तो दुःखी मानिस हुँ! मलाई यस मृत्युको शरीरबाट कसले छुटकारा दिने?" तर यही क्षण थियो, जब

केवल उनी ख्रीष्टलाई आफ्नो एकमात्र उद्धारकर्ता र सहायकको रूपमा स्वीकार गर्न तयार भए । अनि उनले स्वीकार गरेः "कसले छुटकारा दिने? परमेश्वरलाई धन्यवाद, हाम्रा प्रभु येशू ख्रीष्टद्वारा उद्धार दिनुहुन्छ" (रोमी ७:२४–२५)।

पवित्र आत्माले केवल व्यवस्थाका आज्ञाहरूलाई मात्र लागू गर्नुहुन्न; उहाँले व्यवस्थाका श्रापहरूलाई पनि आत्मामा दृढ रूपमा प्रमाणित गरिदिनुहुन्छ । हामी फेरि रोमी ७ मा पावलका शब्दहरूतर्फ फर्कन्छौँ । उनी भन्छन्: "जुन आज्ञा जीवनका निम्ति दिइएको थियो, त्यसलाई मैले मृत्युको कारण भएको भेट्टाएँ।" (रोमी ७:१०) । परमेश्वरका आज्ञाहरूको पालन मूल रूपमा जीवन दिने उद्देश्यसहित करारको कार्य अन्तर्गत जीवनको सर्तको रूपमा दिइएको थियो । तर पावल, पवित्र आत्माको शिक्षाद्वारा, आफ्ना पापहरूको संख्या र शक्ति दुवैप्रति सचेत भए । त्यसपछि व्यवस्था उनको दृष्टिमा अब केवल एक दोषी अपराधीलाई दिइएको मृत्युदण्डको घोषणा जस्तो देखिन थाल्यो । दोषी पापीको लागि व्यवस्था वास्तवमै "मृत्युको सेवाकाई" हो (२ कोरिन्थी ३:७)। यही कार्य पवित्र आत्माले चुनिएका पापीहरूको हृदयमा गर्नुहुन्छ । उहाँले हामीलाई पाप र दुःखको गहिरो चेतना दिनुहुन्छ । पेन्तिकोस्टको दिनमा जब पवित्र आत्मा परमेश्वरको वचनको प्रचारसँगै उपस्थित हुनुभयो, तब त्यो सन्देश सुन्नेहरूले आफूहरूले एक भयानक अपराध गरेका रहेछन् भन्ने कुराको महसुस गरे । उनीहरूको आत्मा गहिरो रूपमा छेडियो, र उनीहरू हृदयमा छेडिए । त्यसपछि उनीहरूले पत्रुस र अन्य प्रेरितहरूलाई पुकारेः "हे दाजुभाइहरू, हामी के गरौं?" (प्रेरित २:३७) ।

आजका धेरै प्रचारकहरू 'व्यवस्थाको यस कार्य'को आवश्यकताप्रति अनभिज्ञ देखिन्छन् । तर यदि उनीहरूले व्यवस्थालाई यस्तो प्रकारले प्रचार गर्दैनन् कि त्यसले श्रोताहरूलाई आफ्ना पाप र दयनीय अवस्थाबारे गहिरो रूपमा प्रभावित गरोस्, भने हाम्रो मण्डलीहरूमा धेरै झूटा परिवर्तनहरू र भ्रमित कपटीहरू उत्पन्नहुनेछन् । मार्टिन लुथरले आफ्ना एक प्रवचनमा यसो भनेका थिएः "मोशा सधैं पहिले आउनुपर्छ जसले हामीलाई पापको अनुभूति गराउन सिकाओस्, ताकि अनुग्रहको चाहना र खोजी हामीभित्र जागोस् । त्यसैले, यदि कुनै

मानिस पहिले आफैँलाई चिनेर नम्र भएको छैन भने ख्रीष्टलाई प्रेमिलो, चाहनयोग्य र आकांक्षाको विषयको रूपमा प्रचार गर्नु व्यर्थ हुन्छ ।"[67]

*मन, हृदय र इच्छा*

सुसमाचारले सम्पूर्ण व्यक्तिलाई सम्बोधन गर्नुपर्छ । यो (पवित्र आत्माको शक्तिद्वारा) मनलाई प्रकाश दिन, हृदयलाई प्रभावित गर्न र अन्ततः इच्छालाई परमेश्वरतर्फ मोड्न सक्षम हुनुपर्छ । प्रचारकका लागि यी तीन पक्षमध्ये एउटामा मात्र केन्द्रित हुनु र अरूलाई बेवास्ता गर्नु वा पूर्ण रूपमा छुटाउनु सजिलै सम्भव हुन्छ । उदाहरणका लागि, कुनै प्रवचन सुदृढ र शुद्ध सिद्धान्तले भरिएको हुन सक्छ तर मानिसहरूले आत्मिक सत्य बुझ्दाबुझ्दै पनि वास्तविक रूपमा कुनै परिवर्तन नभएको हुन सक्छ । यस्ता अवस्थाहरूमा केही मानिसहरू केवल "प्रकाशित" मात्र हुन्छन्, तर उद्धारसँगै आउने अन्य अनुभवहरूबाट वञ्चित रहन्छन् (हिब्रू ६:४–९) । यस्तो प्रचारको प्रभावमा मानिसहरूले विश्वासका सत्यहरू र परमेश्वरका पुत्र येशू ख्रीष्टसम्बन्धी ज्ञान—"प्रभु र उद्धारकर्ता येशू ख्रीष्टको ज्ञान"—बुझ्न सक्छन् तर त्यसको बाबजुद पनि उनीहरू परिवर्तन नभएका नै रहन सक्छन् र अझै पनि संसारका भ्रष्टताहरूमा फस्न सक्छन् (२ पत्रुस २:२०) । यसलाई पावलले "ज्ञानको रूप मात्र" भनेका छन् (रोमी २:२०)—अर्थात् सत्यको बौद्धिक बुझाइ तर आत्मिक जीवन र वास्तविक परिवर्तनविनाको ज्ञान ।

अर्को तर्फ, प्रचारकले भावनात्मक पक्षमा अत्यधिक जोड दिनु पनि सम्भव हुन्छ । उसले मानिसहरूलाई सहज र मीठो शब्दहरूद्वारा प्रभावित गर्न सक्छ: "तिनीहरूले मेरा मानिसहरूलाई बहकाएर 'शान्ति' भनी भन्छन्" (इजकिएल १३:१०; साथै यर्मिया ६:१४; ८:११ पनि हेर्नुहोस्)।

यस प्रकारको शिक्षाबाट केही मानिसहरू सजिलै प्रभावित हुन्छन् र उनीहरू त्यसैको प्रवाहमा बग्न सक्छन् जसलाई पावलले "बालबालिका" र "बेवकुफ स्त्रीहरू" भनेर वर्णन गरेका छन् (एफिसी ४:१४; २ तिमोथी ३:६)। यो गम्भीर चिन्ताको विषय हो किनकि यसको परिणाम प्रायः केवल भावनात्मक प्रतिक्रिया मात्र हुन्छ । के प्रभुले पनि

[67] मार्टिन लुथर, *सर्मन्स बाइ मार्टिन लुथर,* एड. जेम्स केर (एडिनबरा: लायन एन्ड गेमेल, १८७५), ११५–११६।

बीउ छर्ने दृष्टान्तमा यस खतराबारे चेतावनी दिनुभएको थिएन र? केहीले वचनलाई “आनन्दसहित” ग्रहण गर्छन् तर छिट्टै उनीहरूमा कुनै “जरा” नभएको पाइन्छ । अर्थात् उनीहरू सतही, गहिरो दोषबोध वा स्थायी आत्मिक आधारविनाका हुन्छन् (मत्ती १३:२०–२१)।

फेरि पनि, शास्त्री र फरिसीहरूझैँ (मत्ती २३:१५), प्रचारक कहिलेकाहीँ मानिसहरूलाई जित्ने कुरामा यति उत्सुक हुन सक्छ कि उसले उनीहरूलाई तुरुन्तै “निर्णय” गर्न ठूलो दबाब दिन थाल्छ । तर समयले देखाउँछ कि यस्ता धेरै कथित परिवर्तनहरू वास्तवमा पूर्ण रूपमा झूटा हुन्छन् । दुई छोराहरूको दृष्टान्तमा, बाबुले एक जनालाई भने: “आज मेरो दाखबारीमा काम गर्न जाऊ”, र उसले तुरुन्तै उत्तर दियो: “म जान्छु” । तर व्यवहारमा ऊ गएन (मत्ती २१:२८–३०) । यो छोरा त्यस्ता मानिसहरूको चित्रण हो जसले निर्णय त गर्छन् तर अन्ततः त्यसलाई पूरा गर्दैनन् । यदि सम्पूर्ण जोड केवल मानिसको इच्छाशक्तिमा दिइयो भने उसले वचन पालन गर्ने वा परमेश्वरको मण्डलीमा प्रवेश गर्ने कुनै न कुनै प्रकारको संकल्प गर्न सक्छ । तर केवल सुन्दर वाचा वा तत्कालको निर्णयले मात्र कसैलाई साँचो ख्रीष्टियन बनाउँदैन । किनकि साँचो परिवर्तन केवल इच्छाको कुरा मात्र होइन ।

सुसमाचार सम्पूर्ण व्यक्तिसम्म पुग्नुपर्छ; अर्थात् पहिले मनलाई सत्यले ज्ञान दिनुपर्छ, त्यसपछि हृदयलाई जागृत र प्रभावित पार्नुपर्छ, अनि अन्त्यमा इच्छाशक्तिलाई ख्रीष्टतर्फ समर्पण गरिनुपर्छ । यही नै प्रेरितहरूको सेवाकाईको तरिका हो । प्रेरितको पुस्तक अनुसार, रोममा पावलले “परमेश्वरको राज्यको विषयमा व्याख्या गर्दै गवाही दिए” (मनलाई सम्बोधन गर्दै), “येशूको बारेमा बताँउदै विश्वास दिलाउँदै” (हृदयलाई छोएर), “मोशाको व्यवस्था र अगमवक्ताहरूबाट बिहानदेखि बेलुका सम्म” (प्रेरित २८:२३) शिक्षादिए ।

*पापबाट मुक्ति*

सुसमाचारको प्रचारले मुक्तिको व्याख्या गर्नुपर्छ र त्यो पनि कडाइका साथ पापबाटको मुक्तिको रूपमा नै बुझाउनुपर्छ । धेरै पटक प्रचारकहरूले मुक्तिलाई एक प्रकारको “बीमा नीति” जस्तै प्रस्तुत गर्छन्—मानिसहरूलाई नरकबाट जोगाउने साधनको  रूपमा मात्र ।

यस्ता प्रवचनहरू प्रायः यसरी अन्त्य हुन्छन्: "यदि तपाईं आज राति नै मर्नुभयो भने तपाईंको आत्मा कहाँ जान्छ? तपाईंको आत्मा अनन्तकालभर कहाँ रहनेछ?" निश्चय नै साधारण मानिस नरकको दण्डित स्थानमा पुग्न चाहँदैन । उसले बरु धन्यहरूको बीचमा अनन्त आनन्द अनुभव गर्न चाहन्छ । त्यसैले मानिसहरूलाई यस्तो बिन्दुसम्म ल्याउन सम्भव हुन्छ, जहाँ उनीहरूले बालामजस्तै भन्नसक्छन्: "मेरो मृत्यु धर्मी जनहरूको मृत्युजस्तो होस्! अनि मेरो आखिरी अन्त उसकै जस्तो होस्!" (गन्ती २३:१०) । तर ध्यान दिनुहोस्: हामीसँग पर्याप्त कारण छ विश्वास गर्न कि यी शब्द बोल्ने व्यक्ति पश्चात्ताप विहीन जीवन बिताएर अन्ततः आफ्नै पापमै नष्ट भयो । यस्तो प्रकारको मात्र प्रतिक्रिया उत्पन्नगर्ने "सुसमाचार" आफैँमा नै त्रुटिपूर्ण हुन्छ ।

बाइबल अनुसार, मुक्ति केवल पापको दण्डबाट मात्र होइन, पापको शक्तिबाट पनि हामीलाई छुटकारा दिने कार्य हो । प्रभु येशूका बारेमा स्वर्गदूतले योसेफलाई भनेझैं: "तिमीले उहाँको नाम 'येशू' राख्नू; किनभने उहाँले आफ्ना जनहरूलाई तिनीहरूका पापहरूबाट मुक्त गर्नुहुनेछ।" (मत्ती १:२१) । फेरि, ख्रीष्टले हाम्रो निम्ति आफूलाई दिनुभयो, "हामीलाई सबै अधर्मबाट छुटकारा दिनलाई र असल-असल कामहरूमा जोशिलो भएको एउटा विशेष जातिलाई आफ्नै निम्ति शुद्ध पार्नलाई उहाँले आफैलाई हाम्रा निम्ति दिइहाल्नुभयो ।"(तीतस २:१४)।

तपाईंलाई सन्त अगस्टिनको विवरणको बारेमा परिचित हुन सक्छ । एम्ब्रोसले पावलका पत्रहरू पढ्न सल्लाह दिएपछि अगस्टिनले रोमीहरूको पत्र पढे । पहिलो अध्याय पढेपछि नै उनी आफ्नो पापी र दयनीय आत्माको अवस्थाप्रति यति गहिरो रूपमा चिन्तित र व्याकुल भए कि उनले थप पढ्नै सकेनन् । उनी पढिरहेको ठाउँबाट भागे तर अचानक बालबालिकाको आवाज सुने: "उठाऊ र पढ!" "उठाऊ र पढ!" ती आवाजहरू परमेश्वरले नै आफूलाई बोलाइरहनुभएको हो भन्ने विश्वास गर्दै उनी फेरि पहिले बसेको ठाउँमा फर्के । पुस्तक उठाएर उनले यसपटक यी शब्दहरू पढे: "दिनमा जस्तै गरेर हामी इमानदार भएर हिँड़ौं; मोजमज्जा र मतवालापनमा होइन, व्यभिचार र कामुकतामा पनि होइन, न ता झगड़ा र डाहामा नै।तर प्रभु येशू ख्रीष्टलाई पहिर; अनि कुकामनाहरू पूरा गर्नलाई शरीरका लागि कुनै प्रबन्ध नगर!" (रोमी

१३:१३–१४) । अगस्टिनले देखे कि उनको सबैभन्दा ठूलो समस्या पाप हो र केवल प्रभु येशू ख्रीष्टले मात्र उनलाई त्यस पापबाट छुटकारा दिन सक्नुहुन्छ। यसले उनलाई मुक्तिदातातर्फ फर्किन र आफ्नो पापी आत्मालाई पूर्ण मुक्तिको लागि उहाँमा समर्पण गर्न प्रेरित गऱ्यो।[68]

> राल्फ एर्स्किनले यसरी प्रचार गरे:
> ख्रीष्टलाई केवल मुक्तिदाताको रूपमा अर्थात् नरकबाट बचाउने व्यक्तिको रूपमा मात्र प्रस्तुत गरिएको छैन; तर उहाँलाई प्रभुको रूपमा पनि प्रस्तुत गरिएको छ जसले पापको शक्तिबाट छुटकारा दिनुहुन्छ । अब यहाँ मुख्य बाधा के हो जसले यो प्रस्ताव स्वीकार गर्न रोक्छ? त्यो भनेको झूटो हृदय हो जसले मुक्तिलाई प्रभुत्वबाट अलग गर्न चाहन्छ । यस्तो मानिस आफ्नो आत्मा बचाउन त तयार हुन्छ तर पापमाथि विजय चाहँदैन; ऊ ख्रीष्टलाई येशू (उद्धारकर्ता) को रूपमा चाहन्छ तर प्रभु (शासक) को रूपमा होइन । यस्तो व्यक्तिले ख्रीष्टको आवरण (अनुग्रह) मुनि बस्न चाहन्छ, तर उहाँको शासन (आज्ञापालन) मुनि बस्न चाहँदैन । यस्तो अवस्थामा मानिस पापसँग भन्दा बढी नरकको डरले टाढा हुन्छ; ख्रीष्टसँगको प्रेमभन्दा बढी उहाँका लाभहरूसँग आकर्षित हुन्छ । जब उसको दोषबोधले ख्रीष्टको मुक्तिको खोजी गर्छ, तब उसको वासना र इच्छाहरूले ख्रीष्टको प्रभुत्वको विरोध गर्छन् ।[69]

### *सही शब्दावली*

प्रचारकहरूले पवित्रशास्त्रद्वारा स्वीकृत शब्द र वाक्यांशहरूको प्रयोग गर्न विशेष सावधानी अपनाउनुपर्छ किनकि आधुनिक भाषाका अपूर्ण विकल्पहरूले प्रायः सत्यलाई अस्पष्ट पारिदिन्छन् । उदाहरणका लागि, आज प्रचार र शिक्षामा प्रायः प्रयोग हुने एउटा शब्द "प्रतिबद्धता" लाई लिन सकिन्छ । सामान्य प्रयोगमा यसले कुनै व्यक्ति कुनै कुराप्रति

---

[68] सेन्ट अगस्टिन, *कन्फेसन्स* (न्युयोर्क: पेन्गुइन बुक्स, १९६१), १७७–१७८।

[69] राल्फ एर्स्किन, *द सर्मन्स एन्ड अदर प्रयाक्टिकल वर्क्स अफ द रेभरेन्ड एन्ड लर्नेड राल्फ एर्स्किन* (लन्डन: आर. बेन्स, १८२१), ३:१५।

बाँधिएको वा संलग्न भएको भावलाई जनाउँछ । हामी प्रायः अगाडी पुल्पिटबाट यस्तो भनाइ सुन्छौँ: “प्रभु येशू ख्रीष्टप्रति आफूलाई प्रतिबद्ध गर्नुहोस् ।” तर बाइबलमा “प्रतिबद्धता” शब्दले प्रभुप्रति गरिएको प्रेमपूर्ण प्रतिक्रिया भन्ने अर्थ जनाउँदैन । यसको सम्बन्ध एउटा यस्तो शब्दसँग छ जसको शाब्दिक अर्थ “जमानत” वा “थपिएको निक्षेप” हुन्छ । यसले विश्वासीले आफ्नो आत्मालाई पापीहरूको एकमात्र मुक्तिदाता, प्रभु येशू ख्रीष्टको हातमा पूर्ण रूपमा सुम्पिएको तथ्यलाई जनाउँछ । प्रेरित पावलले लेखे: “यही कारणले म पनि यी दुःखहरू भोग्छु, तरै पनि म लजाएको छैनँ; किनकि मैले कसलाई विश्वास गरेको छु, सो म जान्दछु, र त्यस दिनसम्मका निम्ति जुन कुरा मैले उहाँलाई सुम्पेको छु, त्यस कुराको रखवाली गर्नालाई उहाँ सामर्थी हुनुहुन्छ भनी मलाई निश्चयता छ।” (२ तिमोथी १:१२)। लुथरले यस पदलाई यसरी व्याख्या गरे: “मेरो आत्माको निम्ति मर्नुहुनेले त्यसको उद्धारको हेरचाह गरून् ।”[70] आधुनिक अर्थमा “प्रतिबद्धता” शब्द प्रयोग गर्दा समस्या यो हुन्छ कि पापीको प्रतिक्रिया वाचा गर्ने कार्यजस्तो बन्न जान्छ तर वास्तविक बाइबलीय अर्थमा त्यो भरोसाको कार्य हो ।

यस्तै प्रकारको आपत्ति “स्वीकार गर्नु” र “स्वीकार” भन्ने शब्दहरूमा पनि लागू हुन्छ । प्रायः मानिसहरूलाई “प्रभु येशूलाई व्यक्तिगत मुक्तिदाताको रूपमा स्वीकार गर्नुहोस्” भन्ने भनाइ सुन्न पाइन्छ । तर यो बाइबलको शब्दावली होइन । बाइबलमा हामी “ख्रीष्ट येशू प्रभुलाई ग्रहण गर्नु” भन्ने अभिव्यक्ति पाउँछौं । यी दुईबीच सूक्ष्म तर महत्त्वपूर्ण भिन्नता छ । कुनै मतदाताले राजनीतिक उम्मेदवारलाई स्वीकार गर्न सक्छ, वा कुनै महिलाले आफ्नो प्रेमीको प्रस्ताव स्वीकार गर्न सक्छे । तर प्रजाले आफ्नो सार्वभौम (राजा) लाई “स्वीकार” गर्ने कुरा हुँदैन । यस्तो अवस्थामा उनीहरूको दायित्त्व स्वीकार गर्ने होइन, बरु अधीनमा बस्ने र ग्रहण गर्ने हो ।

आजका दिनमा बाइबलीय अभिव्यक्तिहरूलाई जोगाएर राख्नु आवश्यक छ । तपाईं भन्नसक्नुहुन्छ, “समस्या के हो भने मानिसहरूले यी अभिव्यक्तिहरू बुझ्दैनन् ।” तर मेरो उत्तर यो हो: सेवकको जिम्मेवारी

---

[70] मार्टिन लुथर, कोटेड बाइ थोमस ब्रुक्स, इन *वर्क्स अफ थोमस ब्रुक्स*, एड. अलेक्जेन्डर बी. ग्रोसार्ट (एडिनबरा: ब्यानर अफ ट्रुथ, १९८०), ३:१९८।

नै यी शब्द र अवधारणाहरूलाई यसरी व्याख्या गर्नु हो कि मानिसहरूले ती शब्दहरूलाई बुझ्न सक्षम होऊन्।

*सित्तैको अनुग्रह*

जोर सधैं अनुग्रहमाअर्थात् परमेश्वरको सार्वभौम, अतुलनीय र छुट्टयाउने अनुग्रहमा हुनुपर्छ । उन्नाइसौँ शताब्दीका बेलायती बप्तिस प्रचारक चार्ल्स स्पर्जनले स्मरणीय रूपमा भनेका थिए कि केही प्रचारकहरूलाई बोल्नमा एउटा बाधा थियो । उनीहरूको प्रवचनमा "सित्तैको अनुग्रह" भन्नखोज्दा, उनीहरूबाट प्रायः "सित्तैको इच्छा" नै निस्किन्थ्यो।

वारफिल्डले एक पटक लेखे: "सुसमाचारमूलक धर्म आफ्नो पूर्ण अभिव्यक्तिमा तब मात्र पुग्छ, जब पापी आत्माले नम्रता र आत्माको खालीपनसहितको भरोसामा पूर्ण रूपमा परमेश्वरको अनुग्रहमा मात्र विश्राम गर्छ—उहाँलाई नै आफ्नो उद्धारमा प्रवेश गर्ने सम्पूर्ण सामर्थ्य र प्रभावको तत्काल र एकमात्र स्रोतको रूपमा ग्रहण गर्दै ।"[71]

सुसमाचार यसरी प्रचार गरिनुपर्छ कि सम्पूर्ण सन्देश अनुग्रहले भरिपूर्ण होस् । अनुग्रहले अनन्तकालदेखि नै पापीहरूका लागि उद्धार हुनेछ भन्ने कुरा निर्धारण गरेको हो । अनुग्रहले परमेश्वरलाई मानवजातिबाट केही पापीहरूलाई त्यस उद्धारका भागी बनाउने काममा प्रेरित गऱ्यो । अनुग्रह नै उद्धारको योजना (अनुग्रहको करार) तयार पार्ने आधार हो । समयको पूर्णतामा, अनुग्रहले ख्रीष्टलाई पठायो ताकि उहाँले ईश्वरीय उद्धारको कार्य सम्पन्न गर्नुभएकोहोस् । अनुग्रहले नै सुसमाचार पृथ्वीको अन्तसम्म प्रचार गरियोस् भनेर व्यवस्था गऱ्यो । अनुग्रहले पवित्र आत्मा दिनु सुनिश्चित गर्छ—जसले मानिसलाई पापको दोषबोध गराउँछ, उनीहरूलाई येशू ख्रीष्टतर्फ ल्याउँछ र उनीहरूलाई यस महान् उद्धारमा सहभागी बनाउँछ । यसबाहेक अनुग्रहले उनीहरूलाई अन्त्यसम्म जोगाइराख्छ र अन्ततः अनुग्रहले नै उनीहरूलाई अनन्त राज्यको महिमामा पुऱ्याउँछ । यो प्रारम्भदेखि अन्त्यसम्म अनुग्रह नै हो । यो पूर्ण रूपमा र केवल अनुग्रहद्वारा भएको उद्धार हो—परमेश्वरको साँचो, शुद्ध र समृद्ध अनुग्रह । अनि जब सिद्ध पारिएका, आत्मा र शरीर दुवैमा पूर्ण भएका चुनिएका जनहरूको ठूलो समूह अनन्त महिमामा

[71] वारफिल्ड, *क्याल्भिन एज अ थियोलोजियन एन्ड क्याल्भिनिज्म टुडे,* १६।

प्रवेश गर्छ, उनीहरूले आराधनापूर्वक घोषणा गर्नेछन्: "अनुग्रह, अनुग्रह त्यसमा होस्!" (जकरिया ४:७) । त्यो ध्वनि कहिल्यै हराउने छैन ।

*करुणाको आवश्यकता*

लूका १९:४१ मा लेखिएका ती शब्दहरू कति हृदयस्पर्शी छन्: "अनि जब उहाँ नजिक आइपुग्नुभयो, तब उहाँले शहर हेर्नुभयो, र त्यसका निम्ति रूनुभयो ।" हाम्रा प्रिय मुक्तिदाता रुनुभयो! लाजरसको चिहानमा उहाँ रूनुभयो तर त्यहाँ प्रयोग गरिएको शब्द फरक छ । त्यहाँ "उहाँले चुपचाप आँसु बगाउनुभयो" भन्ने अर्थ आउँछ तर यहाँ "उहाँले ठूलो स्वरले विलाप गर्दै रूनुभयो"[72] भन्ने भाव छ । उहाँ यति गहिरो भावनाले भरिनुभएको थियो कि उहाँलाई बोल्नसमेत कठिन भयो । पछि आउने शब्दहरूले देखाउँछ कि उहाँ यति भावनामा डुब्नुभएको थियो कि उहाँको वाणी नै भङ्ग भयो । यी शब्दहरू यसरी पनि अनुवाद गर्न सकिन्छ: "यदि तिमीले—हो, तिमीले नै—आजकै दिन शान्तिका कुराहरू जानेको भए कति राम्रो हुन्थ्यो! तर अब ती तिम्रो आँखाबाट लुकाइएका छन् ।" यी वाक्यहरू टुटेका र अपूर्ण जस्ता देखिन्छन् जसले उहाँको शोकको तीव्रता देखाउँछ । भाषा नै उहाँको भाव व्यक्त गर्न असमर्थ जस्तो देखिन्छ । अर्थ त छ तर पूर्ण रूपमा व्यक्त हुन सकेको छैन । उहाँको पीडा र दुःख साधारण शब्दहरूमा अटाउन सक्दैन । त्यो क्षणमा मानव भाषा अत्यन्तै अपर्याप्त जस्तो देखियो । उहाँका शब्दहरू उहाँको असीम प्रेमको चट्टानमा ठोकिन पुगेर भाँचिएझैं भए ।

यहाँ प्रेमको कुनै सीमा नै थिएन! आगामी केही दिनहरूमा उहाँले बगैंचामा, न्यायालयमा र गलगथा भनिने ठाउँमा ठूलो अपमान र दुःख सहनुहुने थियो । तर उहाँले त्यस समयमा जस्तो महसुस वा वाणी कहिल्यै फेरि त्यसरी व्यक्त गर्नुभएन । उहाँको सबैभन्दा गहिरो चिन्ता आफ्नै लागि थिएन तर अविश्वासी पापीहरूको लागि थियो । हाम्रा प्रभु यरूशलेमको लागि रूनुभयो किनकि उहाँले उनीहरूका आत्माहरूको मूल्य बुझ्नुहुन्थ्यो । उहाँलाई थाहा थियो कि पापले एक दिन उनीहरूको विनाश गर्नेछ तर उहाँले देख्नुभयो कि यरूशलेमका मानिसहरूले सुसमाचारमा दिइएको परमेश्वरको कृपालाई तिरस्कार गरिरहेका थि ए।

[72] मूल कुराबाट लेखकको अनुवाद

उहाँ रून्नुभयो किनकि उहाँ साँच्चै उनीहरूलाई प्रेम गर्नुहुन्थ्यो । उहाँलाई उनीहरूको भविष्यको अवस्था कल्पना गर्नसमेत कठिन लाग्यो र उहाँको हृदय उनीहरूको आत्मिक उद्धारको लागि गहिरो तृष्णाले भरिएको थियो—जसरी अरू कसैले कहिल्यै अनुभव गरेको थिएन । उहाँ रून्नुभयो,किनकि उहाँलाई थाहा थियो कि उनीहरूले यति धेरै आशिष् पाइसके पनि अनन्त रूपमा हराउने खतरामा थिए । उनीहरूले परमेश्वरका वचनहरू, अगमवक्ताहरूको सेवा र परमेश्वरका अद्‌भुत आशिषहरू पाएका थिए तर ती सबै व्यर्थ भए किनकि उनीहरू अर्को संसारमा निराशाजनक अवस्थातर्फ जाँदै थिए । उहाँ रून्नुभयो किनकि उनीहरूको बहाना कमजोर थिए र न्यायको महान् दिनमा कुनै काम लाग्ने थिएन। अन्ततः, उनीहरू आफ्नै पश्चात्तापहीनता र अविश्वासका कारण नष्ट हुने थिए । उहाँ रून्नुभयो, किनकि उहाँलाई उनीहरूको आगामी विनाश पूर्ण रूपमा थाहा थियो । उहाँको हृदय टुट्यो जब उहाँले परमेश्वरको भयानक न्याय, ननिभ्ने आगोको नरक र कहिल्यै अन्त नहुने पीडा र यातना पहिले नै देख्नुभयो । उहाँ रून्नुभयो!

त्यही प्रेमको केही अंश हाम्रो हृदयमा पनि हुनुपर्छ । जब हामी परमेश्वरको विरुद्ध विद्रोहमा रहेको, उहाँको पवित्र व्यवस्थालाई उल्लङ्घन गर्दै हिँडिरहेको र उहाँको न्यायको बाटोमा उभिएको संसारलाई हेर्छौं, हामी निश्चय नै उदासीन वा बेपरवाह रहन सक्दैनौं । तपाईं र म, मेरा मित्रहरू,सँग सुसमाचार छ जुन अपराधीहरूका लागि केवल एकमात्र आशाको आधार हो । हामीले आफ्नै अनुभवमा प्रमाण पाएका छौं कि ख्रीष्ट बचाउन सक्षम, इच्छुक, र तयार हुनुहुन्छ । हामीसँग उहाँको अद्‌भुत उदाहरण छ, उहाँको पवित्र आत्माको वास छ र परमेश्वरको प्रेम हाम्रो हृदयमा फैलिएको छ । त्यही प्रेमले हामीलाई बाध्य पार्छ! यसले हामीलाई चिन्तित बन्न, गरिब पापीहरूको लागि प्रार्थना गर्न र हामीले भेट्टाएका मुक्तिदाताको बारेमा उनीहरूलाई बताउन प्रेरित गर्छ ।

मण्डलीको कार्य परमेश्वरको वचन प्रचार गर्नु हो । मण्डलीको सन्देश केवल अनुग्रहद्वारा र केवल विश्वासद्वारा प्राप्त हुने उद्धार हो । मण्डलीको करूणा भनेको ख्रीष्टको प्रेम हाम्रो हृदयमा वास गरेर हराएकाहरूतर्फ बग्नु हो । परमेश्वरले हामीलाई अनुग्रह दिनुभएको छ

ताकि हामीले हाम्रो पुस्तामा प्रोटेस्टेन्ट सुधार आन्दोलनको त्यो महिमामय सुसमाचार घोषणा गर्न सकौं!

# अध्याय ७

## सुधारवादी विश्वासलाई जोगाइराख्नु
## Maintaining the Reformed Faith

*"तर पृथ्वीमाथि तिनीहरू सत्यताका निम्ति वीर छैनन्; किनभने तिनीहरू एउटा खराबीबाट अर्को खराबीमा बढ्दै जान्छन्, र मलाई चिन्दैनन्, परमप्रभु भन्नुहुन्छ ।"*— यर्मिया ९:३

अगमवक्ता यर्मियाको समयमा मण्डली अत्यन्त दयनीय अवस्थामा थियो । मानिसहरू परमेश्वरप्रति विश्वासघाती भएका थिए र आफ्ना सहमानवहरूप्रति पनि छलपूर्ण र दुष्ट थिए। उनीहरू आफ्ना विभिन्न व्यवहारमा पूर्ण रूपमा भ्रष्ट थिए—"धोकेबाज मानिसहरूको सभा" जस्तै । यर्मियाले यस कुरामा गहिरो शोक व्यक्त गरे कि पृथ्वीमा सत्यका लागि "साहसी भएर खडा हुने" कोही देखिएन । उनका दिनहरू कति धेरै हाम्रा दिनहरूसँग मिल्दोजुल्दो देखिन्छन्! हामीलाई पनि सत्यका लागि साहसी पुरुष र महिलाहरू बन्न प्रयास गर्न आवश्यक छ।

*द पिलग्रिम्स प्रोग्रेस*मा बन्यनले "सत्यका लागि साहसी" व्यक्तिलाई यसरी चित्रण गरेका छन्:

> [उनी आफ्नो तरवार तानेर उभिएका थिए र उनको अनुहार रगतले भरिएको थियो । त्यसपछि श्री ग्रेट-हार्टले सोधे, "तिमी को हौ?"] ती मानिसले जवाफ दिए: "म त्यही हुँ जसको नाम वैलिअन्ट-फर-ट्रुथ (सत्यका लागि साहसी) हो । म एक तीर्थयात्री हुँ र स्वर्गीय नगरतर्फ जाँदैछु । अहिले म आफ्नो बाटोमा हुँदा तीन जना मानिसहरूले मलाई आक्रमण गरे ।" "ती तीन जना—वाइल्ड-हेड, इनकन्सिडरेट र प्रैग्म्याटिकले ममाथि आक्रमण गरे र मैले पनि उनीहरूमाथि प्रतिरोध गरें । यसरी हामी तीन

घण्टाभन्दा बढी समयसम्म एक विरुद्ध तीनको लडाइँमा रह्यौं । उनीहरूले, तपाईंले देखेजस्तै, आफ्नो वीरताका केही चिन्हहरू ममा छोडेर गए र मैले पनि मेरा केही चिन्ह उनीहरूसँगै पठाएँ ।" त्यसपछि श्री ग्रेट-हार्टले भने: "तर अवस्था तपाईं विरुद्ध ठूलो थियो—तीन जना एक जना विरुद्ध।" "हो," उनले जवाफ दिए, "तर जसको पक्षमा सत्य छ, उसको लागि सानो र ठूलो भन्ने केही फरक हुँदैन । 'यद्यपि मेरो विरुद्ध सेनाले छाउनी हालोस्, मेरो हृदय डराउने छैन; यद्यपि युद्ध उठोस्, म यसैमा भरोसा गर्नेछु'" (भजनसंग्रह २७:३)।[73]

हामीसँग भएको अद्भुत सत्य र त्यसको लागि निरन्तर चलिरहेको संघर्षलाई विचार गर्दा हामीले सिक्नुपर्ने धेरै कुरा छन् ।

## सत्यका लागि साहसी हुनु

हामी सत्यका लागि साहसी र निर्भीक तब मात्र बन्न सक्छौं जब हामीसँग परमेश्वरको साँचो ज्ञान र उहाँको महिमाको गहिरो बोध हुन्छ । सोलोमनका अनुसार, "परमप्रभुको भयमा बलियो आत्मविश्वास हुन्छ" (हितोपदेश १४:२६)। जो व्यक्ति परमेश्वर र उहाँको सर्वशक्तिमान उपस्थितिप्रति गहिरो रूपमा सचेत हुन्छ, उसले सबैभन्दा बलियो शत्रु वा सबैभन्दा कठिन विपत्तिलाई पनि डर मान्दैन । "यदि परमेश्वर हाम्रो पक्षमा हुनुहुन्छ भने हाम्रो विरुद्ध को हुन सक्छ?" (रोमी ८:३१)। प्रेरितको पुस्तकमा, पत्रुस र यूहन्नाले प्रभु येशूसँग समय बिताएपछि तिनीहरू महासभा अघि उपस्थित भए । धम्की दिइए तापनि तिनीहरूले असाधारण साहस देखाए—"कैदीको बारलाई सुसमाचार प्रचार गर्ने मञ्चमा रूपान्तरण गरे ।"[74] महासभाका सदस्यहरूले "पत्रुस र यूहन्नाको साहस देखे" र "उनीहरूले तिनीहरू येशूसँगै थिए भनेर चिने" (प्रेरित ४:१३)।

---

[73] बुन्यान, *द पिल्ग्रिम्स प्रोग्रेस,* इन *वर्क्स,* ३:२३२–२३३।

[74] थोमस ह्वाइटल, *द प्रिचर्स कम्प्लीट होमिलेटिक कमेन्टरी अन द एक्ट्स अफ द एपोसल्स* (न्युयोर्क: फङ्क एन्ड वाग्नल्स, १८९६), १०६।

हामी कस्तो कुराका लागि साहसी हुनुपर्छ? यर्मियाले भन्छन्: “सत्यका लागि साहसी ।” अब हामी बुझ्छौं कि यहाँ “सत्य” भन्नाले परमेश्‍वरको वचनको पर्यायवाची शब्द हो । प्रभु येशूले यूहन्ना १७ मा भन्नुभएको कुरा सम्झनुहोस्: “तपाईंको वचन सत्य छ” (पद १७)। यस्तो सत्यको पक्षमा दृढ भएर उभिनु हाम्रो कति ठूलो कारण हो! परमेश्‍वरको वचन जस्तो पूर्ण र पूर्णतया भरपर्दो कुनै कुरा छैन । हामीसँग परमेश्‍वरबाट लिखित रूपमा आएको सत्य छ; उहाँ नै यसको लेखक हुनुहुन्छ र उहाँ कहिल्यै झुट बोल्न सक्नुहुन्‍न। यो सत्य कुनै त्रुटिको मिश्रणबिना शुद्ध छ—जस्तो भूमिको भट्टीमा शुद्ध पारिएको चाँदी, “सात पटक शुद्ध पारिएको” (भजनसंग्रह १२:६) । यसले ईश्‍वरीय प्रकाशको सम्पूर्णता समेट्छ । प्रकृतिद्वारा परमेश्‍वरले प्रकट गर्नुभएको सत्य (भजनसंग्रह १९:१; प्रेरित १४:१५; रोमी १:१९–२० मा सिकाइएझैँ) उपयोगी भए पनि, उद्धारको मार्गको विषयमा अधूरो र अपर्याप्त हुन्छ । तर बाइबल, यसको विपरीत, पूर्ण छ—स्वर्ग पुग्न आवश्यक सबै कुरा यसमा समेटिएको छ । यसका पवित्र पानाहरूमा हामीलाई “सम्पूर्ण सत्य” (यूहन्ना १६:१३) प्रस्तुत गरिएको छ, जसमा न त थप्नुपर्छ, न त कुनै मण्डली परम्परा वा अतिरिक्त प्रकाशद्वारा कुनै कुरा जोडिनुपर्छ ।

*सत्यको शक्ति*

पवित्रशास्त्रको सत्य यसको महान् शक्तिद्वारा पनि मानिसहरूको हृदयलाई रूपान्तरण गर्न र पवित्र बनाउन प्रमाणित हुन्छ । यस संसारमा सत्यको घोषणा जत्तिकै प्रभावकारी र मन जित्ने अरू केही छैन । प्रेरित पावलले सत्यलाई “परमेश्‍वरद्वारा शक्तिशाली” (२ कोरिन्थी १०:४) र “प्रभावकारी रूपमा कार्य गर्ने” (१ थेसलोनिकी २:१३) भनेर वर्णन गरेका छन् । सत्यले अन्धकारमा परेको मनलाई उज्यालो दिन्छ, प्रतिरोधी हृदयलाई नरम बनाउँछ र अन्ततः इच्छाशक्तिको गढलाई पनि आफ्नो अधीनमा ल्याउँछ । ख्रीष्टले भन्नुभयो: “तिमीहरूले सत्यलाई जान्‍नेछौ र सत्यले तिमीहरूलाई स्वतन्त्र बनाउनेछ” (यूहन्ना ८:३२)। यो सत्य कहिल्यै परिवर्तन हुँदैन । चाहे जति पनि सिद्धान्तहरू बनाइए, चाहे जति पनि दर्शनहरू प्रस्तुत गरिए, यो महान् पुरानो पुस्तक कहिल्यै खण्डन हुन सक्दैन र न त हल्लिन सक्छ: “हे परमप्रभु, तपाईंको वचन सदासर्वदा

स्वर्गमा स्थिर छ" (भजनसंग्रह ११९:८९) । सत्य अपरिवर्तनीय रूपमा स्थापित छ—जस्तै परमप्रभुको सिंहासन दृढ र अचल छ।

सत्य पूर्ण रूपमा विश्वासयोग्य र भरोसायोग्य हुन्छ । यसको प्रत्येक प्रतिज्ञा पूरा हुनेछ र यसको प्रत्येक चेतावनी पनि अवश्य नै पूरा हुनेछ । "परमेश्वर मानिस हुनुहुन्न, यसैले उहाँ झूट बोल्नुहुन्न; न ता उहाँ मानिसको सन्तान नै हुनुहुन्छ, यसैले उहाँ पछुतो गर्नुहुन्न; के उहाँले भन्नुभएपछि सो गर्नुहुन्नर? अनि बोल्नुभएपछि के उहाँ त्यो पूरा गर्नुहुन्नर?" (गन्ती २३:१९) यहाँ हामी कल्पना वा कथासँग होइन, सत्यसँग व्यवहार गरिरहेका छौं । यहाँ, हाम्रो हातमा सत्य र निश्चितताहरूले भरिएको एक शास्त्र छ । मानिसका वचनहरू कहिल्यै पूर्ण रूपमा भरोसा गर्न सकिँदैन किनकि तिनीहरूको मन अन्धकारले ढाकिएको हुन्छ । त्यसैले तिनीहरूका विचार, प्रणाली र दर्शनहरू गलत बुझाइ र झुटले भरिएका हुन्छन् । तर झुट बोल्न नसक्ने परमेश्वरले आफ्नो वचन पवित्रशास्त्रमा लेख्न लगाउनुभएको छ । यहाँ हामीसँग मानव निर्मित कुनै पनि कुराभन्दा उच्च र उत्कृष्ट कुरा छ । "सबै पवित्रशास्त्र परमेश्वरको प्रेरणाद्वारा हो ।" यही नै सत्य हो । काश, हामीले यसको शक्तिबाट केही अनुभव गर्न सकौं !

## सत्यका तीन रूपहरू

पहिलो, प्राकृतिक सत्य  हुन्छ। सृष्टि र परमेश्वरको व्यवस्थालाई हेर्दा हामीले परमेश्वरको हात कार्यरत रहेको केही हदसम्म बुझ्न सक्छौं । यसले हामीलाई ज्ञानको केही मार्गसम्म पुऱ्याउँछ तर पर्याप्त छैन । प्राकृतिक प्रकाशले उद्धारको योजना प्रकट गर्दैन; यसले परमेश्वरका पुत्रलाई पूर्ण रूपमा पर्याप्त मुक्तिदाताको रूपमा देखाउँदैन; र यसले पापीलाई पाप क्षमाको मार्ग, परमेश्वरसँगको शान्ति र स्वर्गको आशातर्फ स्पष्ट रूपमा डोर्याउँदैन ।

दोस्रो, व्यवस्थागत सत्य हुन्छ । व्यवस्थाद्वारा अझ बढी ज्ञान उपलब्ध हुन्छ । प्रेरित पावलले रोमी २ मा पुष्टि गर्छन् कि यहूदीहरूसँग "व्यवस्थामा ज्ञान र सत्यको स्वरूप" थियो (रोमी २:२०)। व्यवस्थामा हामी परमेश्वरको पवित्रता, न्याय र भलाइको केही ज्ञान पाउँछौं (रोमी ७:१२ हेर्नुहोस्) । साथै, मानवजातिको पापमयता (रोमी ३:२०; ७:७) र

व्यवस्थाको श्राप अन्तर्गत पर्ने समयिक र अनन्त दु:खको ज्ञान पनि पाउँछौं—अर्थात् सबै अपराधीहरूमाथि आउने क्रोधको दण्ड (व्यवस्था २७:२६; गलाती ३:१०)। यसबाहेक, व्यवस्थाले केवल मानिसलाई उसको पाप देखाएर दोषी ठहर गर्दैन, तर उसलाई मुक्तिदाताको आवश्यकता पनि सिकाउँछ। यदि हामी व्यवस्थाको कठोर मागबाट बच्न चाहन्छौं भने, ती मागहरू पूरा गर्ने कोही हाम्रो पक्षमा हुनुपर्छ—हाम्रो लागि पूर्ण आज्ञापालन गर्ने, र हाम्रो दण्ड टार्ने कोही। तर यी सबै अत्यन्त उपयोगी भए तापनि, अन्ततः प्रश्न उस्तै रहन्छ: "हे म दयनीय मानिस! मलाई यो मृत्युको शरीरबाट कसले छुटकारा दिने?" (रोमी ७:२४)

तेस्रो, अत्यन्त महत्त्वपूर्ण सुसमाचारीय सत्य हुन्छ । सुसमाचार, "सत्यको वचन," ले पापीहरू कसरी उद्धार पाउन सक्छन् भन्ने कुरा प्रकट गर्छ । यहाँ हामीलाई परमेश्वरको अनुग्रह र आशिष्मा फर्किने मार्ग सिकाइन्छ। परमेश्वरले यस पतित संसारलाई प्रेम गर्नुभयो र आफ्ना पुत्रलाई प्रतिस्थापनकारी मुक्तिदाताको रूपमा दिनुभयो, ताकि विश्वास गर्ने पापीहरू आफ्नै योग्यताको आधारमा होइन, तर ख्रीष्टको रगत र धार्मिकताद्वारा उहाँको सामु धर्मी ठहरिन सकून् । "तर जब समय पूरा भयो, तब परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो, जो स्त्रीद्वारा जन्मनुभयो, व्यवस्थाको अधीनतामा जन्मनुभयो -हामी धर्मपुत्र हुने अधिकार पाऔं भनेर उहाँले यस व्यवस्थाको अधीनतामा भएकाहरूलाई दाम तिरी छुटकारा दिनलाई जन्मनुभयो।" (गलाती ४:४–५)। ख्रीष्टको यो अद्भुत कार्यद्वारा उहाँका सबै जनहरूको लागि स्वर्गमा अनन्त जीवन सुरक्षित राखिएको छ—यो जीवन वर्तमान जीवनभन्दा धेरै उच्च छ, आत्मिक अनुभवको पूर्णता दिने जीवन हो, जसमा आशीर्वाद, सन्तुष्टि र आनन्दले भरिपूर्णता छ । "अनि गवाही यही हो - परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभएको छ, र यो जीवन उहाँको पुत्रमा छ।" (१ यूहन्ना ५:११)। यही सुसमाचारीय सत्यमा मात्र दोषी, डराएका र निराश आत्माहरूले वास्तविक विश्राम पाउन सक्छन् ।

यो सत्य अतीतको अनन्तताबाट प्रकट भएको कुरा हो । जेम्स डर्हामले सूक्ष्म रूपमा टिप्पणी गरेका थिए कि सुसमाचारलाई "अनन्त" (प्रकाश १४:६) भनिएको कारण यसको मूल स्रोत परमेश्वरको अनन्त

योजना र उद्देश्यमा अनादिकालदेखि नै रहेको हो ।[75] यो केवल त्यति मात्र हो—परमेश्वरको अनन्त आदेशको उद्धारात्मक पक्ष अर्थात् पापी मानवजातिको उद्धारका लागि अनन्त योजनाको व्यवहारिक कार्यान्वयन मात्र हो ।

## परमेश्वरमा उत्पत्ति भएको सत्य

सत्यको उत्पत्ति परमेश्वरमा नै भएको हो । यो "परमेश्वरको बुद्धि, एउटा रहस्यमा लुकेको बुद्धि हो, जुन परमेश्वरले संसारको शूरूवात हुनुअघि नै हाम्रो महिमाको लागि ठहर गर्नुभएको थियो" (१ कोरिन्थी २:७; साथै एफिसी ३:९ पनि हेर्नुहोस्)। यसको कारण परमेश्वरको अनुग्रह र कृपा हो, जसलाई पावलले परमेश्वरको "उद्देश्य र अनुग्रह" (२ तिमोथी १:९) र उहाँको "इच्छा" अनुसार "दया देखाउने" (रोमी ९:१५–१६) सन्दर्भमा स्पष्ट पारेका छन् । एक प्युरिटन लेखकले यसरी लेखे: "सुसमाचार र यसका सबै सत्यहरू कहिल्यै देखिएको सबैभन्दा समृद्ध भण्डारमा राखिएका थिए । पहिले यो परमेश्वरको हृदयमा थियो; यो परमेश्वरमा नै लुकेको थियो ।"[76] यसले यसलाई झनै आश्चर्यजनक बनाउँछ । यो परमेश्वरबाट उत्पन्नभयो । यो अनन्तबाट आयो । यो असीम र अचम्मको प्रेमको फल थियो: "किनकि परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो..." (यूहन्ना ३:१६)।

यसबाहेक, अनन्त प्रेमको उद्देश्यको रूपमा यो सत्य पवित्र त्रिएक परमेश्वरका तीन व्यक्तिहरू—पिता, पुत्र, र पवित्र आत्मा—द्वारा निर्माण गरिएको हो । तिनीहरू सबै एकै समयमा र पूर्ण सहमतिसहित यस योजनामा एकमत भए, जसले यसलाई स्पष्ट करारात्मक रूप दियो—"अनन्त करार" (हिब्रू १३:२०)। पवित्र त्रिएकको पवित्र घेराभित्र, यो निर्णय गरियो कि मानवजातिबाट असंख्य जनहरू पाप र दुःखबाट छुटकारा पाएर पवित्रता र आनन्दमा प्रवेश गरून् । उद्धारकर्ताको रूपमा नियुक्त गरिनुभएका पुत्र (यशैया ४२:१; १ पत्रुस १:१८–२०) ले स्वेच्छाले र पूर्ण स्वतन्त्रतासहित यस योजनामा सहमति जनाउनुभयो, भन्दै: "तपाईंको इच्छा पूरा गर्न मलाई खुशी लाग्छ" (भजनसंग्रह ४०:८;

---

[75] जेम्स डरहम, *कमेन्टरी अन रेभेलेसन* (ग्लासगो: जेम्स स्पेन्सर, १७८८), ५९३।

[76] गुडविन, *वर्क्स*, ४:३०८।

साथै यशैया ४०:१० पनि हेर्नुहोस्)। यसरी सम्पूर्ण योजना यसरी वर्णन गरिएको छ: "हाम्रो प्रभु ख्रीष्ट येशूमा उहाँले उद्देश्य गर्नुभएको अनन्त उद्देश्य" (एफिसी ३:११) । अनन्त र धन्य आत्माले पनि यसमा सहमति जनाउनुभयो र उद्धारका लाभहरू चुनिएका आत्माहरूमा प्रभावकारी रूपमा लागू गर्ने कार्य ग्रहण गर्नुभयो । फलस्वरूप, परमेश्वरको सम्पूर्ण योजना यसरी प्रस्तुत गरिएको छ: "उहाँको इच्छाको रहस्य, जुन उहाँले आफ्नो असल इच्छाअनुसार आफ्नै भित्र उद्देश्य गर्नुभएको थियो" (एफिसी १:९)।

*सत्यको केन्द्र ख्रीष्ट*

यसरी, सत्य परमेश्वरका पुत्र हाम्रा प्रभु येशू ख्रीष्टमा अद्वितीय रूपमा केन्द्रित भएको छ । यो "ख्रीष्टको रहस्य" हो (कलस्सी ४:३)। एफिसी १ अध्याय अनुसार हामीलाई सबै आत्मिक आशिषहरू "ख्रीष्टमा" दिइएको छ; हामी उहाँमा नै चुनिएका छौं; येशू ख्रीष्टद्वारा पुत्रको रूपमा ग्रहण हुन हामीलाई पूर्वनिर्धारित गरिएको छ; "प्रियमा" हामीलाई स्वीकार गरिएको छ; उहाँमा नै हामी रगतद्वारा उद्धार पाएका छौं; समयको पूर्णतामा सबै कुरा "ख्रीष्टमा" एकत्र गरिएको छ; उहाँमा नै हामीलाई उत्तराधिकार दिइएको छ; हामी "ख्रीष्टमा" विश्वासमा ल्याइएका छौं; र प्रतिज्ञाको पवित्र आत्माद्वारा उहाँमा नै हामीलाई छाप लगाइएको छ (एफिसी १:३–१४)। परमेश्वरले सोच्नुभएको र योजना गर्नुभएको सबै कुरा ख्रीष्टमा नै केन्द्रित छ! सुसमाचारले घोषणा गर्छ: "परमेश्वरको महिमा ख्रीष्ट येशूको मुखमा प्रकट भएको छ" (२ कोरिन्थी ४:६)। साथै यसले यो कुर पनि भन्छ: "परमेश्वरले ख्रीष्टमा रहेर संसारलाई आफूसँग मिलाप गराउनुभएको थियो" (२ कोरिन्थी ५:१९)।

सृष्टि हुनुभन्दा अघिको अनन्ततामा, परमेश्वरको स्वभावको गहिराइमा, उद्धारकर्ताको व्यक्तित्त्व, उहाँको कार्य र उहाँको पदमा अकल्पनीय र गहिरो आनन्द पाइन्थ्यो । उहाँ नै "अनन्तदेखि स्थापित गरिनुभएका" हुनुहुन्थ्यो, र ख्रीष्ट स्वयंले भन्नुभयो कि उहाँ सधैं पितासँग हुनुहुन्थ्यो र "दिनदिनै उहाँको आनन्द हुनुहुन्थ्यो..." (हितोपदेश ८:३०; साथै यशैया ४२:१ तुलना गर्नुहोस्) । निश्चित समय आउँदा, जब उहाँ यस पृथ्वीमा प्रकट हुनुभयो, पिताले आफ्ना पुत्रमाथि अत्यन्त प्रसन्नताका

साथ दृष्टि राख्दै भन्नुभयो: “यिनी मेरो प्रिय पुत्र हुन्, जससँग म अत्यन्त प्रसन्न छु” (मत्ती ३:१७) ।

पुत्र पवित्र त्रिएक परमेश्वरको तेस्रो व्यक्तित्व पवित्र आत्माको पनि सर्वोच्च आदरको विषय हुनुहुन्छ । पवित्र आत्माले पुत्रमा यति गहिरो प्रसन्नता पाउनुभयो कि उहाँले उद्धारको कार्यमा उहाँको मिशनलाई पितासँगै सहमति जनाउनुभयो । यो कुरा यशैयामा स्पष्ट रूपमा यसरी भनिएको छ: “प्रभु परमेश्वरले र उहाँको आत्माले मलाई पठाउनुभएको छ” (यशैया ४८:१६)।

ख्रीष्टको पृथ्वीमा भएको सेवाकाईको समयमा पनि उहाँले धेरै पटक संकेत गर्नुभयो कि पवित्र आत्माको ध्यान सधैं उहाँतर्फ नै केन्द्रित थियो । “उहाँले मेरो बारेमा गवाही दिनुहुनेछ” (यूहन्ना १५:२६)। “उहाँले मेरो महिमा गर्नुहुनेछ; किनभने जे मेरो छ, त्यहीबाट उहाँले प्राप्त गर्नुहुनेछ र तिमीहरूलाई बताइदिनुहुनेछ।” (यूहन्ना १६:१४)। अब, त्रिएक परमेश्वरभित्र यति उच्च सम्मान पाउनुभएको व्यक्तिलाई हामीले गहिरो श्रद्धा र आराधनापूर्ण आश्चर्यका साथ विचार गर्नुपर्छ । ख्रीष्ट येशूमा हामी “सत्य” सँग आमनेसामने हुन्छौं (यूहन्ना १४:६; एफिसी ४:२१)।

यसबाहेक यो भन्नैपर्छ कि पवित्रशास्त्रले येशू ख्रीष्टको रगतमा अत्यन्त ठूलो जोड दिएको छ । तर आधुनिक समकालीन प्रचारबाट यो कुरा प्रायः देखिँदैन! तथाकथित सेवकहरूले आफ्ना मण्डलीहरूलाई नैतिक वा राजनीतिक प्रवचनहरूमा व्यस्त राख्छन् र वास्तवमै ख्रीष्टको वास्तविक सुसमाचार बाहेक प्रायः सबै कुरामा केन्द्रित गराउँछन् । तर त्यो सुसमाचार के हो? यसको मुख्य विषय येशू ख्रीष्टको रगत हो, जसले हाम्रो प्रभुको प्रतिस्थापनात्मक कार्यलाई जनाउँछ अर्थात् उहाँले आफूले बचाउन आउनुभएकाहरूको स्थानमा स्वेच्छाले आफ्नो जीवन बलिदान दिनुभयो ।

यो अनुसार पहिले पाप र त्यसका भयानक परिणामहरूको दासत्वमा रहेका विश्वास गर्ने आत्माहरूलाई “उहाँको रगतद्वारा उद्धार” पाएको भनिएको छ (एफिसी १:७) । पहिले परमेश्वरको उपस्थितिमा प्रवेश गर्नबाट वञ्चित रहेका उनीहरू अब “येशूको रगतद्वारा महापवित्र स्थानमा प्रवेश गर्ने साहस” पाउँछन् (हिब्रू १०:१९) । ख्रीष्टले उनीहरूका

पापहरूको प्रायश्चित गर्नुभएकोले, "उहाँको रगतमा क्रोध शान्त पार्ने प्रायश्चित" (रोमी ३:२५) उपलब्ध छ । वास्तवमा पापीहरू "उहाँको रगतद्वारा धर्मी ठहराइएका" छन् (रोमी ५:९) । यही नै उनीहरूको परमेश्वरसँगको शान्तिको आधार र स्रोत हो—ख्रीष्टले "आफ्नो क्रुसको रगतद्वारा शान्ति स्थापना गर्नुभयो" (कलस्सी १:२०) । हामी जतिसुकै अशुद्ध र मैला भए तापनि, "येशू ख्रीष्टका पुत्रको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ" (१ यूहन्ना १:७) । पापबोधले थिचिएको हृदयका लागि सबै सान्त्वना ख्रीष्टको "छर्किएको रगत" बाट आउँछ, जसले हाबिलको रगतभन्दा अझ उत्तम कुरा बोल्छ (हिब्रू १२:२४) । विलियम रीडले ठीकै भनेका थिए: "ख्रीष्टको रगत बगाइद्वारा गरिएको प्रायश्चित नै ख्रीष्टियन धर्मको आधार हो ।"[77] "युवक," एक अनुभवी सेवकले नयाँ अभिषिक्त प्रचारकलाई भने, "ख्रीष्टको रगतको प्रचार गर; किनकि त्यसबिना कुनै सुसमाचार छैन!"

*अनन्त जीवनसम्बन्धी सत्य*

सत्यले अनन्त जीवनसँग पनि सम्बन्ध राख्छ । ईश्वरीय उद्देश्यमा यो एउटा महत्त्वपूर्ण लक्ष्य थियो (प्रेरित १३:४८) । लेवीसँग गरिएको वाचाले जसको पूर्वछायाँ प्रस्तुत गर्छ, त्रिएक परमेश्वरबीचको अन्तर सम्झौतात्मक करार वास्तवमा "जीवनको करार" अर्थात् "अनन्त जीवनको करार" हो । जुन परमेश्वरले ख्रीष्टमा, हाम्रो शिर र प्रतिनिधिमा, संसारको शूरूवात हुनुअघि नै प्रतिज्ञा गर्नुभएको थियो (मलाकी २:५; तीतस १:२) । यसैले यो सुसमाचारको साक्ष्यको सार र सारांश हो: "परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभएको छ र यो जीवन उहाँको पुत्रमा छ । जससँग पुत्र छ, उसँग जीवन छ" (१ यूहन्ना ५:११–१२)।

अन्ततः, अनन्त जीवनको अर्थ सबै भलाइको पूर्ण प्रदान र सबै दुष्टताको पूर्ण हटाइ हो । यूहन्नाले प्रकाशको पुस्तकमा विश्वासीहरूको धन्य अवस्थालाई सुन्दर रूपमा वर्णन गरेका छन्: "परमेश्वर आफैं उनीहरूसँग हुनुहुनेछ र उनीहरूको परमेश्वर हुनुहुनेछ । अनि परमेश्वरले उनीहरूका आँखाबाट सबै आँसु पुछिदिनुहुनेछ" (प्रकाश २१:३–४) । यो नै हाम्रो अनन्त भविष्यको आनन्दमय अवस्था हुनेछ ।

[77] विलियम रिड, *द ब्लड अफ जिसस* (लन्डन: जेम्स निस्बेट, १८६५), ११५।

यहोशूको समयमा परमेश्वरले दिन लामो बनाइदिनुभयो र आहाजको घडीको छायालाई पछाडि फर्काउनुभयो; तर अझ अचम्मको कुरा त्यो दिन हुनेछ, जसको आरम्भ सधैं वर्तमान रहनेछ र अन्त कहिल्यै हुनेछैन । कुनै अवरोध र कुनै अन्त्य बिना, हामी सधैं र सधैं परमेश्वरसँग बाँच्नेछौं ।

यो त्यही सत्य हो, जुन अनादिकालदेखि नै "परमेश्वरमा गुप्त राखिएको" थियो र "युग–युग र पुस्ता–पुस्तासम्म लुकाइएको" पनि थियो (एफिसी ३:९; कलस्सी १:२६)। यसले पवित्र स्वर्गदूतहरूको गहिरो चासो जगायो । दार्शनिकहरूले यसैलाई आफ्ना गहिरा अनुसन्धानहरूको विषय बनाए । सामान्य मानिसहरूले पनि सबै प्रश्नहरूको मूल प्रश्न—"सत्य के हो?"—को उत्तर खोजिरहे । तर परमेश्वरका आफ्नै जनहरूलाई दिइएको विशेष प्रकाश बाहेक, यो सत्य सुरक्षित रूपमा लुकाइएको रहस्यकै रूपमा रह्यो ।

*सत्य केवल परमेश्वरबाट मात्र*

सत्य किन लुकाइएको थियो? निश्चय नै यसको उद्देश्य यही देखाउनु थियो कि सत्य केवल परमेश्वरलाई मात्र थाहा छ । मानिसहरूले त त्यसलाई बुझ्ने कुरा त परै जाओस्, शूरूबाटै त्यसको केही आभास पनि पाउन सक्दैनन् । यो बोध आफैँमा अत्यन्त नम्र बनाउने खालको छ । यसले हामी सबैलाई पूर्ण रूपमा परमेश्वरको अनुग्रहमा निर्भर बनाउँछ । यसबाहेक, सत्य दुर्लभ भएकै कारण अत्यन्त बहुमूल्य पनि छ । त्यसैले यसलाई सबै अन्य कुराभन्दा माथि राखेर मूल्य दिनुपर्छ । यदि हामीले यसलाई कहिल्यै जानेका छैनौं भने सत्य भेटिने परमेश्वरको वचनलाई हामीले लगनशील भएर खोज्नुपर्छ । तर यदि हामीले यो वरदान पाइसकेका छौं भने यसको पूर्णता बुझ्ने र त्यसको उत्कृष्टता अनुसार जीवन जिउने हाम्रो कर्तव्य हुन्छ । सत्यको स्पष्ट ज्ञानले हाम्रो हृदयलाई आश्चर्यले भरिदिन्छ र हाम्रो ओठमा आनन्द ल्याउँछ । लामो समयसम्म यो मानिसहरूको आत्माबाट लुकाइएको थियो तर अहिले हामीलाई यो उद्धारको रहस्यमा शिक्षा पाउने विशेष अधिकार प्राप्त भएको छ । परमेश्वरले हामीलाई त्यस्तो कुरा प्रकट गर्नुभएको छ, जुन अरूहरूले जान्न अत्यन्त चाहन्थे । त्यसैले ख्रीष्टले भन्नुभएको कुरामा कुनै आश्चर्य

छैन: "धन्य तिमीहरूका आँखा, किनकि तिनीहरूले देख्छन्; र तिमीहरूका कान, किनकि तिनीहरूले सुन्छन्" (मत्ती १३:१६)। कुनै तरिकाले, सत्य यति सावधानीपूर्वक लुकाइएको तथ्यले यसको प्रकट हुनु अझै अद्‌भुत बनाउँछ। त्यसैले पावलले "धन्य परमेश्वरको महिमित सुसमाचार" (१ तिमोथी १:११) को बारेमा भन्नसके।

किनकि मुक्तिको सुसमाचारीय योजनाद्वारा परमेश्वरलाई अनन्त महिमा प्राप्त हुन्छ, त्यसैले उहाँले आफ्नो प्रकट गरिएको सत्यलाई सम्पूर्ण संसारमा फैलाउने निर्णय गर्नुभएको छ । यशैयाले भविष्यवाणी गरेका थिए: "व्यवस्था सियोनबाट निस्कनेछ र परमप्रभुको वचन यरूशलेमबाट" (यशैया २:३)। त्यही भविष्यवाणीको वास्तविक पूर्तिमा, प्रभु येशू ख्रीष्टले प्रेरितहरूलाई सत्य घोषणा गर्न आज्ञा दिनुभयो— "यरूशलेममा, सम्पूर्ण यहूदियामा, सामरियामा र पृथ्वीको अन्त्यसम्म" (प्रेरित १:८; साथै लूका २४:४७ पनि हेर्नुहोस्)।

यसै माध्यमद्वारा हाम्रो प्रभुले आफ्नो अधिकार प्रकट गर्नुहुन्छ । उहाँले आफ्नो "शक्तिको लट्ठी" अर्थात् आफ्नै वचनद्वारा शासन गर्नुहुन्छ (भजनसंग्रह ११०:२; यशैया ११:४) । जब सत्य पापीहरू कहाँ आउँछ, यसले उनीहरूलाई नम्र बनाउँछ र उनीहरूको दोषी तथा दयनीय अवस्थाको बोध गराउँछ (प्रेरित २:३७)। तर त्यही सत्यले उनीहरूलाई मुक्तिदाता ख्रीष्टलाई पनि चिनाउँछ, जो उहाँलाई पुकार्नेहरूलाई बचाउन सक्षम, इच्छुक र तयार हुनुहुन्छ (२ कोरिन्थी ४:४) । पवित्र आत्माको कार्यसँगै सत्यले पापीहरूलाई आफ्नो विद्रोह त्याग्न र ख्रीष्टको अधीनमा आउन प्रेरित गर्छ, ताकि उनीहरू उहाँद्वारा उद्धार पाउन र उहाँकै सेवा गर्न सकून् । यही कुरा दाऊदले व्यक्त गरेका थिए जब उनले लेखे: "राजाका शत्रुहरूको मुटुमा तपाईंका काँड़हरू तीखा छन्; जसले गर्दा जाति-जातिका मानिसहरू तपाईंमुनि ढल्दछन्।" (भजनसंग्रह ४५:५)। पावलले पनि सैन्य रूपक प्रयोग गर्दै देखाए कि संसारका हतियारहरूले शरीर मात्र नष्ट गर्न सक्छन्, तर परमेश्वरका "हतियारहरू" अर्थात् मुक्तिका सिद्धान्तहरूले अझ कठिन कार्य पूरा गर्छन् तिनीहरू मानव आत्माका विचार र उद्देश्यहरूलाई समर्पण गराउन सक्षम हुन्छन्; अर्थात्, अविश्वास, अज्ञानता र पूर्वाग्रहजस्ता "किल्लाहरू"लाई भत्काउन सक्छन्। पावलले लेखे कि परमेश्वरका यी "हतियारहरू" "परमेश्वरद्वारा

शक्तिशाली छन्, किल्लाहरू भत्काउनका लागि... र प्रत्येक विचारलाई ख्रीष्टको आज्ञाकारितामा कैद गर्नका लागि" (२ कोरिन्थी १०:४–५)। यसरी, यान्नेस र याम्ब्रेसजस्ता मानिसहरू, जो "सत्यको विरोध गर्न दृढ" थिए (२ तिमोथी ३:८), उनीहरू पनि विश्वासद्वारा "भक्तिसँग सम्बन्धित सत्यको ज्ञानमा" ल्याइए (तीतस १:१) ।

## सत्यका लागि सङ्घर्ष

यस सत्यको विरुद्धमा शैतान दृढ र निस्संकोच रूपमा विरोध गर्छ भन्ने कुरा आश्चर्यको विषय होइन । जब ख्रीष्टले शैतानको कट्टर वैरभावको बारेमा बोल्नुभयो, उहाँले भन्नुभयो कि "शूरूदेखि नै" शैतान "सत्यमा टिकेन" (जसले सुसमाचारको सत्यलाई संकेत गर्छ जस्तो देखिन्छ) (यूहन्ना ८:४४; साथै पद ३१–३२, ४५–४६ पनि हेर्नुहोस्)। के परमेश्वरले आफ्ना उद्धार सम्बन्धी उद्देश्यको केही सङ्केत नवसृष्ट स्वर्गदूतहरूलाई दिनुभएको थियो? के उनीहरूले त्यसलाई स्वीकार गर्न गरेको जिद्दी अस्वीकार नै उनीहरूको दुःखद पतनको कारण बन्यो? यस्तो नै भएको जस्तो देखिन्छ । तर जे भए पनि, इतिहासभरि शैतानले निरन्तर रूपमा सत्यको विरोध गर्दै आएको कुरा अस्वीकार्य छैन ।

ख्रीष्टले भन्नुभएको जस्तै, शैतान "झुट बोल्ने" र "झुटको पिता" हो (यूहन्ना ८:४४), जसको अर्थ उसको स्वभाव नै झुट मात्र बोल्नु हो । त्यसैले, यस संसारमा झुटा धर्महरूको प्रवर्द्धनको जिम्मेवारी पनि शैतानमै जान्छ । मूर्तिपूजकहरूले आफ्ना तथाकथित "देवताहरू" को आराधना उसकै उक्साहटमा गर्छन् । मूर्तिपूजकहरूले "आफ्ना बलिदानहरू भूतात्माहरूलाई चढाउँछन्" (लेवी १७:७; साथै व्यवस्था ३२:१७; २ इतिहास ११:१५ पनि हेर्नुहोस्) । के कतिपय तथाकथित ख्रीष्टियनहरूले पनि ख्रीष्टियताको नक्कली रूप अपनाउँछन्? यस्तो अवस्थामा पनि शैतानले नै झुटा शिक्षाहरूलाई प्रोत्साहन गर्छ । पवित्रशास्त्रले भन्छ: "केही मानिसहरू विश्वासबाट विचलित भएर भ्रमित आत्माहरू र भूतात्माहरूका शिक्षाहरूमा ध्यान दिनेछन्" (१ तिमोथी ४:१; साथै २ कोरिन्थी ११:१३–१४; २ थेस्सलोनिकी २:८–१० पनि हेर्नुहोस्) । शैतान, जसलाई यस संसारको हडपिएको "देवता" भनिएको छ, झुटा

धर्म फैलाउन कुनै कसर बाँकी राख्दैन । ऊ सत्यप्रति आफ्नो कट्टर विरोधका कारण यसो गर्छ ।

*त्रुटिलाई घृणा गर्नेहरू*

प्रभुका जनहरू सत्यप्रतिको प्रेम र त्रुटिप्रतिको घृणाद्वारा चिनिन्छन (भजनसंग्रह ११९:१०३–१०४; २ थेस्सलोनिकी २:१०)। पवित्र आत्माद्वारा प्रकाशित र सुसमाचारद्वारा शिक्षित भएकाले उनीहरूले परमेश्वरको वचनलाई अत्यन्त उच्च मूल्य दिन्छन् र यसलाई "हजारौं सुन र चाँदीभन्दा उत्तम" ठान्छन्। त्यसैले आफ्नै आत्मिक सान्त्वनाका लागि उनीहरू दिनरात त्यसमा मनन गर्छन् (भजनसंग्रह ११९:७२, ५२)। यसरी, उनीहरूमध्ये प्रत्येकले "हृदयको असल भण्डारबाट असल कुराहरू निकाल्छ" (मत्ती १२:३५), परमेश्वरको सत्य घोषणा गर्छन् र आवश्यक परे त्यसको रक्षा पनि गर्छन् । किनकि प्रेरितले लेखेझैँ, "हामी सत्यको विरुद्ध केही गर्न सक्दैनौं, तर सत्यकै पक्षमा मात्र" (२ कोरिन्थी १३:८) ।

हामीले कुन महान् उद्देश्यको पक्ष लिइरहेका छौं? यो परमेश्वर र सत्यको उद्देश्य हो । पवित्रशास्त्रले ख्रीष्टियन मण्डलीलाई "सेना" भनेर वर्णन गर्छ (श्रेष्ठगीत ६:१०), र शत्रुसँगको युद्धमा उठाइने र देखाइने "झण्डा" भनेको "सत्य" हो (भजनसंग्रह ६०:४) । सत्यले मात्र शैतानको राज्यलाई नष्ट गर्न सक्छ र त्यसका भग्नावशेषमाथि परमेश्वरका पुत्रको राज्य स्थापना गर्न सक्छ । सत्यले मात्र पापीहरूको हृदयलाई मुक्तिदातातर्फ आकर्षित गर्न सक्छ । सत्यले मात्र विश्वासीहरूलाई उनीहरूको विश्वासमा स्थिर बनाउन सक्छ । त्यसैले हामी सत्यलाई यसरी प्रस्तुत गर्छौं कि त्यसले मानिसको अन्तस्करणमा गहिरो प्रभाव पारोस् र सबै कुरा देख्नुहुने तथा हृदय जाँच्नुहुने परमेश्वरको दृष्टिमा ग्रहणयोग्य बनोस् (२ कोरिन्थी ४:२) ।

*सबै सत्यका संरक्षणकर्ताहरू*

यसबाहेक, हामी जुन सत्यका लागि संघर्ष गर्छौं, त्यो केवल त्यसको कुनै एक पक्ष मात्र होइन, वा त्यसका केवल मुख्य आधारभूत सत्यहरू मात्र होइन, बरु सत्यका प्रत्येक एकल र अमूल्य सिद्धान्तहरूको सम्पूर्णता हो । लूथरले भनेका थिए कि "सत्यको एउटा अणु पनि नष्ट हुनुभन्दा बरु

स्वर्ग र पृथ्वी नै भ्रममा मिसिनु उचित हुन्छ ।"[78] यो बाइबलीय सत्यलाई साहसी, कडा र दृढ संघर्षद्वारा मात्र सम्मान गरिन्छ । यही कुरा निम्न प्रेरणाहरूले स्पष्ट पार्छ: "जागा रहो, विश्वासमा बलियो गरी उभ, पुरुषार्थ देखाओ, बलिया होओ!" (१ कोरिन्थी १६:१३); "यसकारण येशू ख्रीष्टको असल सिपाहीले जस्तो दुःख उठाऊ!" (२ तिमोथी २:३); र "सन्तहरूलाई एकपटक सुम्पिएको विश्वासको लागि उत्साहपूर्वक संघर्ष गर" (यहूदा ३) ।

प्रारम्भिक मण्डलीमा प्रेरितहरू, प्रचारकहरू र अन्य अगुवाहरूले वचन प्रचार गर्थे । उनीहरूले संगीत, नाटक, नक्कल वा अन्य सांसारिक माध्यमहरूको प्रयोग गरेनन् । उनीहरूको अधिकार ख्रीष्टको महान् आज्ञा थियो । उनीहरूले तोकिएको साधन अर्थात् वचनद्वारा साक्षी दिए र परमेश्वरको अनुग्रहद्वारा धेरै आत्माहरू आश्चर्यजनक रूपमा आशीषित भएको देखे । आज पनि लोकप्रिय वक्ता बन्नु र ठूलो भीड आकर्षित गर्नु सम्भव छ । तर यदि हामी शिक्षाको सट्टा मनोरञ्जन दिने सांसारिक विधीहरूमा निर्भर हुन्छौं भने त्यसबाट न आत्मिक न त अनन्त कुनै लाभ हुन्छ । चतुर तरिकाहरूले कहिल्यै पनि पापको दोषबोध गराएका छैनन्, न त मानिसहरूलाई येशू ख्रीष्टतर्फ परिवर्तन गरेका छन् । यो आत्माहरूलाई आगोबाट उद्धार गर्ने मार्ग होइन ।

हामी कति दुःखद दिनहरूमा बाँचिरहेका छौं! मण्डली भवनहरूमा आर्केस्ट्रा संगीत, नाटकीय प्रदर्शन र नृत्य प्रस्तुतिको लागि ठूलो परिवर्तन भइरहेको छ । संगीत निर्देशक जस्ता बाइबल बाहिरका पदहरू सुसमाचारका सेवकहरू भन्दा पनि बढी प्रमुख बन्दै गएका छन् । केही मण्डलीहरूले व्याख्यात्मक र व्यावहारिक प्रचारभन्दा कलात्मक प्रस्तुतिलाई प्राथमिकता दिन थालेका छन् । तर समाजलाई आज अत्यन्तै आवश्यक कुरा भनेको सत्यको विश्वासयोग्य मौखिक घोषणा हो ।

प्रसिद्ध वेल्सका प्रचारक मार्टिन लोयड जोन्सले यस्तो दृष्टान्त प्रयोग गरेका थिए: कल्पना गर्नुहोस्, उनले भने, एउटा व्यक्ति जो वर्षौंदेखि गम्भीर र लगभग अन्तिम चरणको रोगले पीडित थियो । अपाङ्ग

---

[78] लुथर, कोटेड बाइ थोमस मान्टन, इन *द वर्क्स अफ थोमस मान्टन* (लन्डन: जेम्स निस्बेट, १८७०), ४:३१६।

र अत्यन्त पीडामा परेर ऊ अन्ततः एक प्रतिष्ठित डाक्टरबारे जान्दछ, जसले प्रभावकारी उपचार पत्ता लगाएको दाबी गर्छ । बिरामीले भेटको समय लिन्छ । उपचार तुरुन्त शूरू हुन्छ र त्यसको परिणाम अद्‍भुत हुन्छ । ऊ फेरि सीधा उभिन सक्छ, पीडाविना हिँड्‍न सक्छ । यो अत्यन्त अद्‍भुत थियो! जीवन फेरि बाँच्न लायक भयो । एक दिन त्यो खुशी मानिस सडकमा हिँडिरहेको थियो र सडकको अर्कोपट्टि उसले देख्छ—एउटा व्यक्ति जो स्पष्ट रूपमा उसको पहिलेकै अवस्था जस्तै अवस्थामा छ । केही क्षण उसले त्यो अपरिचितको बाङ्गो शरीर र विकृत अनुहार हेर्छ । त्यसपछि एक क्षण पनि ढिला नगरी ऊ सडक पार गरेर दौडिन्छ र त्यो गरिब मानिसलाई डाक्टर र उपचारको बारेमा बताउँछ । ऊ उसलाई तुरुन्तै डाक्टरकहाँ जान आग्रह गर्छ र यो नै उसको जीवनको सबैभन्दा उत्तम निर्णय हुनेछ भनेर आश्वासन दिन्छ ।

प्रचारकले बताए अनुसार यो अवस्था प्रेरित पावलसँग पनि त्यस्तै थियो । जब उनी पापको दुःखद अवस्थामै थिए, उनलाई मुक्तिदातासँग परिचय गराइयो, जसले उनलाई नयाँ जीवन र शान्ति दिनुभयो । पछि उनले आफ्ना वरिपरि पापले पीडित र अन्ततः मृत्यु र नरकसम्म पुर्‍याउने अवस्थामा रहेका यहूदी र अन्यजातिहरूलाई देखे । त्यसपछि उनले कृतज्ञता र दयाबाट उत्पन्नभएको गहिरो दायित्व जहाँ-जहाँ पापीहरू छन्, त्यहाँ-त्यहाँ यो असल समाचार बाँड्‍नुपर्ने महसुस गरे । यसैकारण उनले लेखे: “म ग्रीकहरू र अन्यभाषीहरू दुवैको, अनि बुद्धिमान् हरू र निर्बुद्धिहरू दुवैको ऋणी छु।” (रोमी १:१४)।

निश्चय नै, यस्तो पीडित व्यक्तिलाई संगीत वा नक्कलजस्ता कुरा प्रस्तुत गर्नु हास्यास्पद हुनेछ । हामीले उसलाई उसको बढ्‍दै गएको रोग निको पार्न सक्षम एकमात्र चिकित्सक बारे बताउनुपर्छ। त्यसैगरी, पापीले पनि येशू ख्रीष्ट र उहाँको उद्धारको बारेमा सुन्नु आवश्यक छ। उसले सत्य सुन्नै पर्छ!

*सेवकहरूको जिम्मेवारी*

त्यसो भए, परमेश्वरको सत्यलाई अगाडि बढाउन सेवकहरूले के गर्न सक्छन्?

*सबैभन्दा पहिले, उनीहरूले आफूसँग सही ख्रीष्टियन विश्वास छ भन्ने कुरा सुनिश्चित गर्नुपर्छ ।* पावलले "विश्वासयोग्य वचनलाई दृढतापूर्वक समात्ले" (तीतस १:९) भन्ने कुरा गर्दा स्पष्ट रूपमा सिद्धान्तगत शुद्धताको कुरा गरिरहेका थिए । त्यसैले सेवाकाईको लागि विचार गर्नेहरूले सुधारवादीहरूले पुनः खोजी गरेका र हामीलाई हस्तान्तरण गरेका सिद्धान्तहरूसँग गहिरो रूपमा परिचित हुनुपर्छ ।

*परमेश्वरको पवित्र वचनबाट महान् सत्यहरू प्रचार र शिक्षा दिनुपर्छ।* उनीहरू "भुक्न नसक्ने गूंगा कुकुर" जस्ता हुनु हुँदैन (यशैया ५६:१०)। उनीहरूले "मुख खोल्नुपर्छ" र "स्वस्थ सिद्धान्त अनुसारका कुराहरू बोल्नुपर्छ" (२ कोरिन्थी ६:११; तीतस २:१)। प्रचार सेवाकाईको महत्त्वलाई अतिरञ्जित गर्न सकिँदैन। प्रचार परमेश्वरको स्थापित व्यवस्था हो, जुन आत्माहरूको उद्धार र आत्मिक उन्नतिको लागि नियुक्त गरिएको हो (रोमी १०:१७; १ कोरिन्थी १:२१) । यो पवित्र आत्माको अनुग्रही प्रभाव र सेवासँग अविभाज्य रूपमा जोडिएको छ, जसले मनलाई उज्यालो पार्छ, हृदय खोल्छ र इच्छालाई परिवर्तन गर्छ (यशैया ५९:२१; प्रेरित १०:४४; १ कोरिन्थी २:४) । सेवकहरू मानिसहरूलाई मनोरञ्जन गराउन, आफ्नै व्यक्तित्व प्रदर्शन गर्न, आफ्ना प्रतिभा देखाउन वा हास्यपूर्ण वा कथात्मक भाषणहरूमा रमाउन बोलाइएका होइनन् । प्रेरितको आज्ञा भनेको वचन प्रचार गर्नु हो । मण्डलीलाई आज गम्भीर रूपमा प्रचारकहरूको आवश्यकता छ, हास्य कलाकारहरूको होइन ।

*हामीले सम्पूर्ण बाइबलीय सत्य घोषणा गर्नुपर्छ।* प्रेरित पावलले "परमेश्वरको सम्पूर्ण योजना" घोषणा गर्ने महत्त्वमा जोड दिएका थिए, जसको अर्थ पापीहरूको उद्धार सम्बन्धी परमेश्वरको सम्पूर्ण इच्छा वा योजना हो (प्रेरित २०:२७)। स्पष्ट रूपमा, यसले येशू ख्रीष्टको प्रचार समावेश गर्छ—उहाँको महिमामय व्यक्तित्व (जकरिया १३:७; यूहन्ना १०:३१), उहाँको अनन्त प्रेम (हितोपदेश ८:३०–३१; होशे २:१९), उहाँका करार सम्बन्धी प्रतिज्ञाहरू (भजनसंग्रह ४०:६–८; जकरिया ६:१३), उहाँको स्वभाव र भविष्यवाणीमा आत्म-प्रकाश (प्रेरित १०:४३; कलस्सी २:१६–१७), मानव देहमा उहाँको आगमन (यूहन्ना १:१४; रोमी १:३),

आफ्ना जनहरूको पापको लागि उहाँको प्रायश्चित (यशैया ४२:२१; ५३:८), अकल्पनीय महिमामा उहाँको उच्चता (मर्कूस १६:६, १९; फिलिप्पी २:८–९), हराएका पापीहरूलाई बचाउन उहाँको क्षमता र इच्छुकता (यूहन्ना ६:३७; हिब्रू ७:२५), उहाँका कृपालु र प्रेमपूर्ण निमन्त्रणाहरू (मत्ती ११:२८–३०; लूका १४:१६–२३), आत्मिक आशिषहरूको असीमित भण्डार (यूहन्ना १:१६; कलस्सी २:१०), र आउने संसारमा महिमाको उहाँको प्रतिज्ञा (भजनसंग्रह ८४:११; यूहन्ना १४:१–३)। यी केवल केही विषयहरूको उल्लेख मात्र हुन्। परमेश्वरका पुत्र येशू ख्रीष्ट आफैँ एक असीम र कहिल्यै समाप्त नहुने विषय हुनुहुन्छ।

सबै बाइबलीय सत्यको घोषणा गर्दा केही मानिसहरूलाई असहज वा आपत्तिजनक लाग्न सक्ने विषयहरूलाई पनि सम्बोधन गर्नुपर्ने हुन्छ: परमेश्वरको पूर्ण सार्वभौमिकता, मानिसको पूर्ण पापपूर्णता, छुट्ट्याउने र प्रभावकारी अनुग्रहद्वारा हुने उद्धार, विश्वासीहरूको जीवनका लागि नियम स्वरूप व्यवस्था र अन्तिम महान् न्यायको दिन । आवश्यक कुरा भनेको केही कम वा बढी होइन तर परमेश्वरको सम्पूर्ण वचनको पूर्ण प्रचार नै हो ।

वर्षौंअघि म दक्षिण इङ्ग्ल्यान्डको एउटा पुरानो घरमा बसोबास गर्थें। १९५० को दशकमा त्यस घरको पुनर्निर्माण भइरहेका बेला कामदारहरूले भुइँका काठका फल्याकहरूका बीचमा लुकिएको सन् १६०३ को एउटा चाँदीको शिलिङ सिक्का भेट्टाए । यो खोजले हामी सबैलाई स्वाभाविक रूपमा उत्साहित बनायो । तर नजिकबाट जाँच गर्दा थाहा भयो कि त्यो सिक्का “काटछाँट गरिएको” थियो । त्यो समयमा यस्तो चलन सामान्य रहेछ । सिक्काको किनाराबाट बहुमूल्य धातु घिसारेर अलग गरिएको थियो, जसलाई पगालेर थप नाफाका लागि प्रयोग गरिन्थ्यो । यसले निश्चय नै सिक्कालाई केही हदसम्म बिगारेको थियो र यसको मूल्य घटाएको थियो । तर “काटछाँट गरिएको” शिलिङ पनि “काटछाँट गरिएको सुसमाचार” जत्तिको खराब भने होइन! यद्यपि आज पनि यस्ता सेवकहरू छन् जो आफ्नो मण्डलीमा केही प्रकट गरिएका सत्यहरूलाई जानीजानी लुकाउन वा घटाउन सक्षम देखिन्छन् । तर साँचो र विश्वासयोग्य सेवकले कहिल्यै यस्तो गर्दैन । अगमवक्ता मीकायाह जस्तै,

उसले भन्नुपर्छ: "परमप्रभु जीवित हुनुहुन्छ, परमप्रभुले मलाई जे भन्नुहुन्छ, त्यही म बोल्नेछु" (१ राजा २२:१४) ।

*परमेश्वरको वचनको आजीवन अध्ययनमा समर्पित हुनु ।* सेवकहरूले परमेश्वरको वचनको आजीवन अध्ययनमा आफूलाई समर्पित गर्नुपर्छ । उनीहरूले आफ्नो विशेष सेवाकाई क्षेत्र परमेश्वरको ज्ञान र विश्वासका गहिरा रहस्यहरूको बुझाइमा निपुण हुन प्रयास गर्नुपर्छ । वास्तवमा अज्ञान सेवकहरूको लागि कुनै बहाना छैन । परमेश्वरको वचनले उनीहरूलाई प्रकट गरिएका सत्यहरूमा "ध्यान गर्न" र त्यसमा आफूलाई "पूर्ण रूपमा समर्पित गर्न"अर्थात् त्यसमा पूर्ण रूपमा डुब्न आज्ञा दिन्छ ताकि उनीहरूको "प्रगति सबैका अगाडि प्रकट होस्" (१ तिमोथी ४:१५) ।

*सत्यको विकृति रोक्न सत्यको प्रचार गर्नु ।* पावलझैँ, सेवकहरू "सुसमाचारको रक्षाका लागि नियुक्त" हुन्छन् (फिलिप्पी १:१७) । उनीहरूले केवल "स्वस्थ वचनको नमूना दृढतापूर्वक समाले" मात्र होइन (२ तिमोथी १:१३), तर "स्वस्थ सिद्धान्तद्वारा विरोध गर्नेहरूलाई अर्ती दिने र उनीहरूलाई तर्कद्वारा खण्डन गर्ने" पनि हुनुपर्छ (तीतस १:९) । जब झूटा शिक्षा देखा पर्छ, उनीहरूले त्यसको सीधा सामना गर्नुपर्छ र परमेश्वरको वचनको तरवार चलाउनुपर्छ । निश्चय नै, यसले उनीहरूको लोकप्रियता र समर्थन घटाउन सक्छ । अक्सर एक विश्वासयोग्य सेवकबारे यस्तो आलोचना सुनिन्छ: "उनी अत्यन्त नकारात्मक हुँदै गएका छन्; सधैं आलोचना मात्र गर्छन् ।" तर, साथीहरू, कहिलेकाहीँ केही कुराहरूलाई कडा रूपमा सामना गर्ने समय हुन्छ । यदि कुनै विषालु सर्प अचानक अगाडि आयो भने, त्यसको टाउको कुच्याउन ढिला गर्नु बुद्धिमानी हुँदैन । विधर्म वा झुटो शिक्षा कुनै पनि सर्पभन्दा बढी खतरनाक छ किनकि यसले मानिसको आत्मालाई अनन्त विनाशतर्फ लैजान सक्छ । त्यसैले के सेवकहरूले विधर्मलाई बेवास्ता गरेर "त्यसले धेरै क्षति नगर्ला" भनेर आशा गर्नुपर्छ? कि उनीहरूले परमेश्वरको सत्य पवित्रशास्त्रद्वारा र आफ्नो सम्पूर्ण शक्ति प्रयोग गरेर त्यसलाई प्रहार गर्नुपर्छ?

*वचन फैलाउनु ।* सेवकहरूले आफ्नो सम्पूर्ण क्षमताले यस देशमा र अन्य देशहरूमा रहेका मानिसहरूले ख्रीष्टको उद्धारकारी सुसमाचार सुन्न पाऊन् भन्ने कुरामा सुनिश्चित गर्नुपर्छ । महान् आज्ञा पूरा गर्ने क्रममा प्रेरितहरूले "येशू ख्रीष्टलाई सिकाउन र प्रचार गर्न छोडेनन्" (प्रेरित ५:४२)। उनीहरूले यरूशलेमलाई आफ्नो "सिद्धान्त" ले भरिदिए (५:२८) र त्यतिमै सन्तुष्ट नभई, "टाढाका क्षेत्रहरूमा" सुसमाचार प्रचार गरे (२ कोरिन्थी १०:१६), र यहाँसम्म कि "सारा संसारमा" पनि (कलस्सी १:५–६; साथै पद २३ पनि हेर्नुहोस्)। सेवकहरू निष्क्रिय रहन सक्दैनन्; उनीहरूको कर्तव्य सत्यलाई अघि बढाउनु हो । हरेक दिन संसारभर करिब ४,२०,००० मानिस जन्मिन्छन् र करिब १,६०,००० मानिस मर्छन् । केवल प्रभु येशू ख्रीष्टले मात्र उनीहरूलाई बचाउन सक्नुहुन्छ । यो जानेर, प्रत्येक सेवकले पावलसँगै भन्नुपर्छ: "किनकि मैले सुसमाचार प्रचार गरें भने पनि मसित गर्व गर्नुपर्ने कुरा केही छैन; किनकि यो ता मैले गर्नु खाँचै छ; अँ, मैले सुसमाचार प्रचार गरिनँ भनेचाहिँ मलाई धिक्कार छ!" (१ कोरिन्थी ९:१६) । दाजुभाइहरू हो, हामी अझ धेरै सुसमाचार प्रचारमुखी हुनुपर्छ, किनकि "प्रचारक बिना तिनीहरूले कसरी सुन्न सक्छन्?" (रोमी १०:१४) ।

*पवित्र जीवन जिउनु ।* सेवकहरूको अन्तिम जिम्मेवारी भनेको सत्यलाई आफ्नै भक्तिमय र पवित्र जीवनमा उदाहरणीय रूपमा देखाउनु हो । उनीहरू "विश्वासीहरूको लागि वचन, आचरण, प्रेम, आत्मा, विश्वास र शुद्धतामा उदाहरण" बन्नका  लागि हुन् (१ तिमोथी ४:१२; साथै १ पत्रुस ५:३ पनि हेर्नुहोस्)। यसरी सत्यलाई पुष्टि गर्दै र प्रमाणित गर्दै, उनीहरूले बहुमूल्य आत्माहरूलाई पवित्रतातर्फ र स्वर्गतर्फ मार्गदर्शन गर्न सक्षम हुन्छन् ।

*सदस्यहरूको जिम्मेवारी ।*

*प्रार्थना गर्नु ।* मण्डलीका सदस्यहरूले प्रचार गर्न सक्दैनन्, तर उनीहरूले प्रार्थना गर्न सक्छन् । पावलले रोमका विश्वासीहरूलाई आफ्ना प्रार्थनाहरूमा "साथै मिलेर संघर्ष गर्न" आग्रह गरे (रोमी १५:३०), र उनका पत्रहरूमा यस्तै धेरै आग्रहहरू पाइन्छन् (जस्तै एफिसी ६:१८–२०; कलस्सी ४:३; १ थेस्सलोनिकी ५:२५) । के तपाईं नियमित रूपमा आफ्ना

सेवकका लागि प्रार्थना गर्नुहुन्छ? के तपाईं प्रार्थना गर्नुहुन्छ कि उहाँको सेवाकाईद्वारा परमेश्वर प्रसन्न भई आफ्नो राज्यलाई आशीष दिनु भएकोहोस्, विस्तार गर्नु भएकोहोस्, र सत्यलाई हृदय र जीवनहरूमा स्थापित गर्नु भएकोहोस्? तपाईंलाई लाग्न सक्छ कि तपाईं धेरै गर्न सक्नुहुन्नतर तपाईं निश्चय नै प्रार्थना गर्न सक्नुहुन्छ । जब परमेश्वरले आफ्ना जनहरूलाई प्रार्थनामा उभ्याउनुहुन्छ, उहाँले के गर्नुहुन्छ भन्ने कुरा अनुमान गर्न सकिँदैन ।

*साक्षी दिनु* / जब जहाँ सम्भव हुन्छ, विश्वासीहरूले पनि प्रभु येशू ख्रीष्टको साक्षी दिन सक्छन् । हामीलाई निर्देशन दिइएको छ कि "तिमीहरूसँग भएको आशाको कारणबारे प्रश्न गर्ने प्रत्येक मानिसलाई नम्रता र डरका साथ जवाफ दिन सधैं तयार रहो" (१ पत्रुस ३:१५) । हामीले आफ्नो दोषपूर्ण मौनताका लागि पश्चात्ताप गर्नुपर्छ । साक्षी दिन डराउनु हुँदैन । परमेश्वरको वचनलाई बारम्बार आफ्ना ओठबाट प्रवाहित हुन दिनुहोस् । साथीहरू र अपरिचितहरू दुवैलाई तिनीहरूले कहिल्यै नजानेका वा लामो समयदेखि बिर्सेका सत्यहरू बताउनुहोस् । यसैद्वारा तपाईं सत्यको समर्थन गर्ने कार्यमा सहभागी बन्नुहुन्छ।

*परमेश्वरको वचनअनुसार जीवन जिउनु* / परमेश्वरको वचनले जीवन जिउने एउटा नमूना प्रदान गर्छ । "सिद्धान्त" लाई "भक्तिसँग सम्बन्धित" भनिएको छ, जसको अर्थ हो—यो भक्तिलाई (अर्थात् परमेश्वरजस्तै बन्ने स्वभावलाई) बढाउने उद्देश्यले दिइएको हो । जब हामीभित्र परमेश्वरको केही झलक देखिन्छ, तब अरूले सत्यको शक्तिलाई स्वीकार गर्न बाध्य हुन्छन् । त्यसको विरुद्ध बोल्नुभन्दा, उनीहरू अन्ततः त्यसलाई स्वीकार गर्नतर्फ डोरिन सक्छन् (तीतस २:५; १ पत्रुस ३:१) ।

*आराधना* / सदस्यहरूले प्रत्येक शबाथमा प्रभुको घरमा उहाँको आराधना गर्न सक्छन् जसद्वारा उनीहरूले सेवक र सेवाकाई दुवैलाई समर्थन गर्छन् । पहिले, हामीले यस्तो सुधारवादी मण्डलीमा सहभागी भई समर्थन गर्नुपर्छ जहाँ परमेश्वरको महिमा हुन्छ, विश्वासीहरू आफ्नो विश्वासमा निर्माण हुन्छन् र पापीहरूकहाँ उद्धारको सुसमाचारद्वारा पुगिन्छ । त्यसपछि, हामीले प्रत्येक प्रभुको दिन आराधनाका लागि

आफूलाई तयार पार्नुपर्छ । कर्नेलियसका यी शब्दहरू अत्यन्तै प्रेरणादायी थिए: "यसकारण तुरुन्तै मैले तपाईंकहाँ पठाएँ; अनि तपाईंले आईकन असल गर्नुभएको छ। यसकारण अब परमेश्वरद्वारा तपाईंलाई आज्ञा भएका सबै कुराहरू सुन्नलाई हामी सबै यहाँ परमेश्वरको सामुन्ने उपस्थित छौं।" (प्रेरित १०:३३)। यो कुरा पत्रुसका लागि कति ठूलो प्रोत्साहन थियो होला! सम्भवतः यसले नै त्यस अवसरमा पत्रुसले यति शक्तिशाली रूपमा प्रचार गर्नुको कारण पनि केही हदसम्म स्पष्ट गर्छ ।

आत्मिक घुमन्ते नबन्नुहोस्! एकपटक तपाईंले सत्य भेट्नुभयो भने त्यसको शिक्षामुनि स्थिर भएर बस्नुहोस् । तपाईंको नियमित उपस्थितिद्वारा सेवक र परमेश्वरको वचनलाई स्पष्ट रूपमा विश्वास गर्ने र प्रेम गर्ने मानिसहरूलाई बलियो बनाउनुहोस् । प्रत्येक सेवा र सभामा केवल उपस्थित भएर पनि तपाईंले सत्यको संरक्षणमा योगदान गर्न सक्नुहुन्छ ।

*दान गर्नु ।* सदस्यहरूले परमेश्वरले उनीहरूलाई जति आशीष दिनुभएको छ, त्यही अनुसार दिन सक्दछन् । ख्रीष्टले आफ्ना सेवकहरूको समर्थनको माग गर्नुहुन्छ: "यसरी नै प्रभुले व्यवस्था गर्नुभएको छ कि सुसमाचार प्रचार गर्नेहरूले सुसमाचारबाटै आफ्नो जीवन चलाऊन्" (१ कोरिन्थी ९:१४; साथै गलाती ६:६; १ तिमोथी ५:१७–१८ हेर्नुहोस्)। स्थानीय मण्डलीमा सत्यको सेवाकाई निरन्तर रहनका लागि यो अत्यन्त आवश्यक कुरा हो । यसबाहेक, दिइएको केही धनराशि अन्य स्थानमा प्रभुको सेवा गरिरहेका मानिसहरूलाई सहयोग गर्न प्रयोग हुने भएकाले (फिलिप्पी ४:१०–१८), नियमित र उदार दान गर्नु सत्यलाई अघि बढाउने उत्कृष्ट माध्यम हो । पवित्रशास्त्रले हामीलाई प्रचारकहरूको समर्थनमा योगदान दिन सिकाउँछ ताकि हामी "सत्यका सहकर्मी" बन्न सकौं (३ यूहन्ना ६–८)।

*एक-अर्कालाई उत्साह दिनु ।* पावलले हिब्रूहरूलाई "हरेक दिन एक-अर्कालाई उत्साह दिनु" भनेर आग्रह गरे (हिब्रू ३:१३)। आपसी उत्साह दिनु आज प्रायः बिर्सिएको सेवा बनेको छ । तर हामी प्रत्येक आफ्ना भाइको संरक्षक हौं । यदि तपाईंले कुनै दाजुभाइ वा दिदीबहिनी परमेश्वरको वचनप्रति शंका गर्न थालेको र त्यसका कारण पवित्रताको

मार्गमा कमजोर हुँदै गएको देख्नुभयो भने उनीहरूसँग गएर कुरा गर्नुहोस् र उनीहरूलाई उनीहरूको परम पवित्र विश्वासमा बलियो बनाउनुहोस् । यही कुरा जोनाथनले दाऊदका लागि गरे । उनले बनमा दाऊदलाई भेटेर "परमेश्वरमा उनको हात बलियो बनाए" (१ शमूएल २३:१६)।

*तपाईंका सेवकहरूलाई उत्साहित गर्नु ।* सदस्यहरूले सामान्यतः आफ्ना सेवकहरूको मूल्य बुझ्नुपर्छ, उनीहरूलाई आदर गर्नुपर्छ र समर्थन गर्नुपर्छ । हामीले उनीहरूप्रति भक्तिपूर्ण प्रेम देखाउनुपर्छ र उनीहरूको सेवाकाईको हामी साँच्चै कदर गर्छौं भन्ने कुरा स्पष्ट पार्नुपर्छ । गलातीहरूले पावललाई "परमेश्वरका दूतझैँ, ख्रीष्ट येशूझैँ" ग्रहण गरे र पावलले पनि उनीहरूलाई सम्झाउँदै भने, "तिमीहरूले त आफ्नै आँखा निकालेर मलाई दिन पनि तयार थियौ" (गलाती ४:१४–१५) । तर सधैं यस्तो थिएन (गलातीहरूको सन्दर्भमा पनि होइन) र दुःखका साथ प्रेरितले कोरिन्थी विश्वासीहरूलाई आफ्नो प्रेम प्रतिफल नभएको गुनासो गर्दै लेखे। "हाम्रो हृदय फराकिलो छ," उनले भने, "तर तिमीहरू आफ्नै हृदयमा संकुचित छौ" (२ कोरिन्थी ६:११–१२) ।

सेवकको हृदयलाई बल दिन सक्छ जब उनले आफ्ना प्रचार वा भेटघाटमार्फत प्रभुले दिनुभएको आशिष्को बारेमा सुन्छन् । तर मण्डलीबाट कुनै प्रतिक्रिया नआउनु वा अत्यन्तै कम मात्र प्रतिक्रिया पाउनु भने सेवकलाई गहिरो निराशामा पार्न सक्छ । उत्साहित सेवकले येशू ख्रीष्टको सेवामा असाधारण काम गर्न सक्छ तर निराश सेवकलाई निरन्तर अघि बढ्न कठिन हुन्छ । निश्चय नै तपाईं आफ्नो सेवक सत्यका लागि साहसी र दृढ भएको चाहनुहुन्छ । त्यसो हो भने तपाईंले आफ्नो भूमिका पनि निभाउनुपर्छ । सम्भव भएसम्म उनलाई समर्थन गर्नुहोस् ।

## विजय

त्यसो भए सत्यको के हुनेछ? परमेश्वरको सत्य अन्ततः यस संसारमा विजयी हुनेछ । सत्यले विजय पाउनेछ किनकि परमेश्वर आफ्नो महिमाबाट वञ्चित हुन सक्नुहुन्न। उहाँका सिद्धताहरू प्रकट हुनेछन् र स्वीकार गरिनेछन् । र यो तब मात्र सम्भव हुन्छ जब राष्ट्रहरूले सुसमाचारलाई चिन्नेछन् । "किनकि सूर्य उदाउने ठाउँदेखि अस्ताउने

ठाउँसम्म मेरो नाम अन्यजातिहरूका बीच महान् हुनेछ" (मलाकी १:११)। त्यसअनुसार, सुसमाचारका समयमा "पृथ्वी परमप्रभुको ज्ञानले समुद्रलाई ढाक्ने पानीझैँ भरिनेछ" (यशैया ११:९; साथै हबकूक २:१४ हेर्नुहोस्) । अहिलेसम्म पृथ्वीले यस्तो आशिष्‌को पूर्ण अनुभव गरेको छैन, त्यसैले हामी यो भविष्यवाणीको पूर्ण पूर्तिको प्रतीक्षा गर्छौं ।

त्यस बेला परमेश्वरले आफ्ना जनहरूको प्रार्थना सुन्नुहुनेछ— ती प्रार्थनाहरू जुन यस ख्रीष्टियन युगको शूरूदेखि नै अर्पण गरिँदै आएका छन् । जब विश्वासीहरूले "तपाईंको राज्य आओस्" भन्छन्, उनीहरूले केका लागि प्रार्थना गरिरहेका हुन्छन्? उनीहरूले प्रार्थना गर्छन् कि परमेश्वरले आफ्ना सेवकहरू पठाउनुभएको होस्, सुसमाचारको सेवाकाई सफल होस् र मण्डली पृथ्वीभरि यसरी स्थापित होस् कि संसारका राज्यहरू परमप्रभु र उहाँका ख्रीष्टका राज्यहरू बन्न पुगून् । परमेश्वरको इच्छासँग मेल खाने यस्तो प्रार्थना एक दिन अवश्यै पूरा हुनेछ र त्यसले संसारभरका स्त्री–पुरुषहरूलाई आशीष दिनेछ ।

यदि हामीले यो अझै देखेनौं भने के गर्ने? "दर्शन तोकिएको समयका लागि हो; अन्त्यमा यो बोल्नेछ र झुटो हुनेछैन । यदि ढिलो भएझैँ लागे पनि त्यसलाई प्रतीक्षा गर; किनकि त्यो अवश्य आउनेछ, ढिला हुनेछैन" (हबकूक २:३) । मण्डलीको साक्षी कहिलेकाहीँ हानिको अवस्थामा जस्तो देखिन सक्छ, तर असफलताको समयपछि जीवन र साक्षीको अद्‌भुत पुनर्जागरण आउनेछ (प्रकाश ११:११) । सत्य सधैं दबाइने वा तिरस्कृत रहने छैन; यो फेरि अझ ठूलो शक्ति र महिमासहित उठ्नेछ । सन्त शमूएल रदरफोर्डले मरियन म्याकनटलाई लेखेको एउटा पत्रमा यसो भनेका थिए: "म तपाईंलाई प्रभुमा सान्त्वना लिन आग्रह गर्छु; किनकि न्यायपूर्ण कारण दुष्ट मानिसहरूले आफ्नो हात माथि राखुन्जेल मात्र पानीमुनि रहन्छ । उनीहरूको हात थाक्नेछ र त्यसपछि न्यायपूर्ण कारण माथि तैरिनेछ, र धर्मीका लागि रोपिएको ज्योति उम्रनेछ र बढ्दै जानेछ ।"[79]

हामी पवित्रशास्त्रबाट निश्चिन्त हुन सक्छौं कि जब शत्रुले सत्यको विरुद्ध आक्रमण गर्छ (जसरी अहिलेको समयमा भइरहेको छ), परमप्रभु परमेश्वर स्वयं हस्तक्षेप गर्नुहुनेछ र आफ्नो ईश्वरीय शक्तिद्वारा

---

[79] रदरफोर्ड, *लेटर्स*, १२६–१२७।

क्रूसको सिद्धान्तलाई सुरक्षित राख्नुका साथै अघि बढाउनुहुनेछ । “जब शत्रु बाढीजस्तै प्रवेश गर्छ, तब परमप्रभुको आत्माले उसको विरुद्ध झण्डा उठाउनुहुनेछ” (यशैया ५९:१९) । त्यसैले के हामी पुनर्जागरणको आशा गर्न सक्दैनौं? शत्रुले आफ्नो सम्पूर्ण शक्ति प्रयोग गरोस्; परमेश्वरले अवश्य पनि त्यसपछि आफ्नो उत्तम काम गर्नुहुनेछ । यसैकारण ख्रीष्टले भन्नुभयो: “म मेरो मण्डली निर्माण गर्नेछु; र नरकका ढोकाहरू त्यसको विरुद्ध विजयी हुनेछैनन्” (मत्ती १६:१८) । उहाँले सङ्घर्षको, युगयुगको सङ्घर्षको, पूर्वानुमान गर्नुभयो; तर उहाँले घोषणा गर्नुभयो कि नरकका सबै योजना र शक्तिहरू मण्डलीलाई नष्ट गर्न केन्द्रित भए पनि ती कहिल्यै सफल हुने छैनन् ।

भयानक पराजय भोग्नुको सट्टा, मण्डली दुष्ट दिनमा अडिग रहनेछ । यो आक्रमणलाई सहेर बाँच्नेछ । यसले आफ्ना सबै शत्रुमाथि विजय प्राप्त गर्नेछ । परमेश्वरको ईश्वरीय निर्णय अनुसार ख्रीष्टले “राज्य गर्नुपर्नेछ”—कहिलेसम्म?—“जबसम्म उहाँले आफ्ना सबै शत्रुहरूलाई आफ्ना पाउमुनि राख्नुहुन्न” (१ कोरिन्थी १५:२५)। यसको अर्थ, अन्य कुराहरूका साथै, अन्ततः सत्यले त्रुटिमाथि विजय प्राप्त गर्नेछ । सुसमाचार कमजोर भएर असफल हुनेछैन, बरु यो परमेश्वरको शक्ति प्रमाणित हुनेछ । विजय सत्यकै हुनेछ! त्यो दिनको प्रतीक्षामा, हामी सत्यका लागि अझ बढी साहसी र दृढ हुँदै जाऔं ।